# शासकीय सुधार र सुशासन सम्बन्धी प्रतिवेदन
## (आ.व. २०७१/७२)

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरवार, काठमाडौं
फागुन, २०७२

# आ.व. २०७१/७२ को शासकीय सुधार र सुशासन प्रतिवेदन

**प्रकाशक :**

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरवार, काठमाडौं।

फोन नं: ०१-४२००३८९, ०१-४२००४४०, ०१-४२११०१७

वेबसाइट : www.opmcm.gov.np

**प्रकाशन मिति :** २०७२ चैत्र

**सल्लाहकार :**

सहसचिव श्री नारायणप्रसाद शर्मा दुवाडी

**संयोजनः**

उपसचिव श्री तारानाथ अधिकारी

**सहसंयोजनः**

शाखा अधिकृत श्री राजेश्वरी खत्री सापकोटा

शाखा अधिकृत श्री प्रमेश शिवा

**कम्प्यूटर सेटिङः**

कम्प्यूटार अपरेटर श्री अकलमान शाक्य

# मन्तव्य

मुलुकको सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाइ कानुनको शासन, भ्रष्टाचारमुक्त प्रशासन र सार्वजनिक स्रोतको कुशल व्यवस्थापन मार्फत सर्वसाधारणलाई छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट वस्तु तथा सेवा पाउने अवस्था सिर्जना गर्नु नै सुशासनको गन्तव्य हो। सुशासन पाउने नागरिकको अधिकारलाई व्यवहारमा स्थापित गर्न राज्यले आफूले सम्पन्न गरेका काम कारवाहीहरुलाई आम नागरिक समक्ष पेश गरी सुसुचित गराउने एवं सुशासन भावनामा मात्र नभई आम जनताले अनुभूत गर्ने तहमा स्थापित गर्ने उद्देश्यलाई हासिल गर्न सुशासन (संचालन तथा व्यवस्थापन) ऐन, २०६४ को दफा ४१ मा भएको व्यवस्था अनुसार तयार गरिएको यस प्रतिवेदनमा नेपाल सरकारका विभिन्न निकायहरुबाट आ.व. ०७१/०७२ मा सम्पादन गरिएका गतिविधिहरु र सुशासनको लक्ष्यप्राप्तिमा नेपाल सरकारका विभिन्न निकायहरुबाट पुऱ्याएका योगदानहरुको वारेमा चर्चा गरिएको छ। यो प्रतिवेदन प्रत्येक वर्ष प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तयार गरी व्यवस्थापिका संसदमा पेश गर्ने गरेको छ। प्रस्तुत प्रतिवेदन आगामी दिनमा सरकारका तर्फबाट शासकीय क्षेत्रमा अवलम्बन गरिने सुधारको लागि मार्गदर्शक हुने अपेक्षा राखेको छु।

अन्तमा, प्रतिवेदन तयार गर्ने कार्यमा प्रत्यक्ष, रुपमा संलग्न सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु।

फागुन, २०७२

**के.पी. शर्मा ओली**

# विषय-सूची


| | विषय | पृष्ठ |
|---|---|---|
| परिच्छेद – १ | कार्यकारी सारांश | १ |
| परिच्छेद - २ | प्रारम्भिक | ६ |
| परिच्छेद - ३ | मुख्य उपलब्धिहरु | ८ |
| परिच्छेद - ४ | शासकीय क्षेत्रको निकायगत उपलब्धिहरु | २६ |
| परिच्छेद - ५ | आर्थिक र योजना क्षेत्रको निकायगत उपलब्धिहरु | १०१ |
| परिच्छेद - ६ | भौतिक पूर्वाधार क्षेत्रको निकायगत उपलब्धिहरु | १२४ |
| परिच्छेद - ७ | सामाजिक विकास क्षेत्रको निकायगत उपलब्धिहरु | १४० |
| परिच्छेद - ८ | सार्वजनिक सक्रियताको भावी कार्यदिशा | १५८ |

## ACRONYMS

| | |
|---|---|
| AALCO: | Asian African Legal Consultative Organization |
| AIIB: | Asian Infrastructure Investment Bank |
| ASHA: | Adaptation for Smallholders in Hilly Areas |
| BIPPA: | Bilateral Investment Protection and Promotion Agreement |
| BMIS: | Budget Management Information System |
| CCTV: | Closed Circuit Television |
| CEDAW: | Convention on Elimination of all kinds of Discriminiation Against Women |
| CIMS: | Citizenship Information Management System |
| CPMIS: | Cooperative and Poverty Management Information System |
| DAAS: | District Administration Automation System |
| DLIS: | District Land Information System |
| DRRP: | Disaster Risk Reduction Portal |
| EIA: | Environmental Impact Assessment |
| EVI: | Economic Vulnerability Index |
| FMIS: | Financial Management Information System |
| GIS: | Geographical Information System |
| GMR: | Grandhi Mallikarjuna Rao |
| GNI: | Gross National Income |
| HAI: | Human Assests Index |
| ICCPR: | International Covenant on Civil and Political Rights |
| ICT: | Information Communication Technology |
| IDA: | International Development Association |
| IED: | Improvised Explosive Devices |
| IFAD: | International Fund for Agriculture Development |
| IFC: | International Finance Corporation |
| IRMS: | Image Reference Management System |
| IRT: | Immediate Response Team |
| JSDF: | Japan Social Development Fund |
| LMBIS: | Line Ministry Budget Information System |
| LRIMS: | Land Registration Information Management System |
| Mbps: | Megabits per second |
| MEDEP: | Micro Enterprise Development Programme |
| MRP: | Machine Readable Passport |
| NEOC: | National Emergency Operation |
| NIDC: | Nepal Industrial Development Corporation |
| NITC: | National Information Technology Centre |
| NPPR: | Nepal Portfolio Performance Review |
| PDA: | Power Develoment Agreement |
| PDAS: | Paper Document Archival System |
| PDNA: | Post Disaster Need Assesment |
| PIS: | Personnel Information System |
| PREPARE: | Preparing Public Administration for State Reforms |
| PRMS: | Plot Register Management System |
| RFP: | Request For Proposal |
| SAARC: | South Asian Association for Regional Cooperation |
| UFEIMS: | Upgraded Foreign Employment Information Management System |
| UNCHRPD: | United Nations Convention on the Rights of the People with Disability |
| USAID: | United States Aid |
| VPN: | Virtual Private Network |
| WB: | World Bank |

# परिच्छेद — १

## कार्यकारी सारांश

सुशासन राज्य सञ्चालनको साधन र साध्य दुवै हो। त्यसैले राज्यले सार्वजनिक सेवाका सम्पूर्ण आयामहरुलाई सुशासनको सारभूत लक्ष्य प्राप्ति गर्नमा परिचालन गर्नु पर्दछ। सुशासन भावनामा मात्र नभई आम जनताले अनुभुत गर्ने तहमा स्थापित गर्नु पर्दछ, अन्यथा आम नागरिकसँग राज्यप्रतिको विश्वासमा कमी आउन सक्छ। सरकारले मुलुकमा शुन्य सहनशिलता कायम गर्दै पारदर्शिता, जवाफदेही, कानुनी शासन, सहभागिता तथा समानता जस्ता विषयहरुलाई केन्द्र विन्दुमा राखी आफ्ना कार्यहरु संचालन गरिरहेको छ। सुशासन (संचालन तथा व्यवस्थापन) ऐन, २०६४ को दफा (४१) मा भएको व्यवस्था अनुसार तयार गरिएको यस प्रतिवेदनमा नेपाल सरकारका विभिन्न निकायहरुबाट गत आर्थिक वर्ष २०७१।०७२ मा सम्पादन गरिएका कामहरुको लेखाजोखा गर्दै सुशासनको क्षेत्रमा पुऱ्याएको योगदानको बारेमा चर्चा गरिएको छ। साथै भावि दिनहरुमा गर्नुपर्ने कामको प्राथमिकता पहिल्याउने प्रयत्न गरिएको छ। यो प्रतिवेदन प्रत्येक वर्ष प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तयार गरी व्यवस्थापिका संसदमा पेश गर्ने गरेको छ।

- २०७२ बैशाख १२ गते गोरखा वारपाक केन्द्रबिन्दु भै आएको ७ दशमलव ६ रेक्टर स्केलको विनासकारी भूकम्पमा खोज तथा उद्धार र स्वास्थोपचार तत्काल सुरु गरिएको। भूकम्प गएको दुई घण्टाभित्र माननीय उपप्रधान तथा गृहमन्त्रीको संयोजकत्वमा केन्द्रीय दैवी प्रकोप उद्धार समितिको बैठक बसी खोज तथा उद्धार र स्वास्थोपचारलाई प्रभावकारी रुपमा संचालन गर्न बिभिन्न विषयमा निर्णयहरु गर्नुको साथै भूकम्प गएको चार घण्टाभित्र मन्त्रीपरिषदको बैठकबसी १४ जिल्लालाई संकटग्रस्त क्षेत्र घोषणा गर्ने, अन्तर्राष्ट्रिय सहयोगको आव्हान गर्ने तथा खोज, उद्धार र स्वास्थोपचार लगायत राहत वितरणलाई प्रभावकारी पार्ने निर्णय भएको। भूकम्पबाट मृत्यु भएका ८ हजार ८ सय ५० मृतकका परिवारलाई प्रतिमृतक प्रति परिवार रु. १ लाख ४० हजारका दरले तत्कालै राहत स्वरुप वितरण गरिएको। करिब ६ लाख घर पूर्ण क्षति भएकालाई प्रति परिवार सुरुमा रु. ५ हजार र पछि रु. १५ हजारका दरले घर मर्मत खर्च राहत उपलब्ध गराइएको । अन्तराष्ट्रियस्तरबाट करिब ४ हजार ५ सय खोज तथा उद्धारकर्मीहरु नेपाल आएकामा तिनको व्यवस्थापन गरिएको र अन्तराष्ट्रियस्तरबाट आउने राहत तथा पुनःनिर्माणका सामाग्रीहरु पीडितहरुलाई वितरण गर्न भंसार महशुल छुटका लागि सिफारिश गरी प्राप्त ती सामाग्रीहरु भूकम्पबाट प्रभावित जिल्लाका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा वितरण गरिएको ।
- भूकम्पबाट चिरा परेका जमिनहरुको खानी तथा भूगर्व विभागको संयोजकत्वमा भूगर्व विदहरुको विज्ञ समूह तयार पारी विभिन्न भूकम्प प्रभावित जिल्लाहरुमा पठाइ तिनको प्रतिवेदनको आधारमा जिल्लास्तरमा वस्ती स्थानान्तरणको कार्यहरु भइरहेको । राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा बमोजिम विषय एवं क्षेत्रगत मन्त्रालय [Cluster-Lead Ministry] को अवधारणा अनुरुप सम्बन्धित मन्त्रालयहरुलाई ती विषय/क्षेत्रको क्रियाकलापहरु संचालन गर्न जिम्मा लगाई गृह मन्त्रालय मार्फत ती विषयगत मन्त्रालयहरुको समन्वय तथा सहजीकरण गरिएको ।

- विनाशकारी भूकम्प र पराकम्पनबाट प्रभावित जिल्लाहरुमा परेको विपत्तिको प्रभावको सामना गर्न र राहत पुनर्स्थापना तथा नवनिर्माण कार्यलाई चरणवद्ध रुपमा अघि बढाउन आवश्यक भएकोले सम्माननीय प्रधानमन्त्रीज्यूबाट व्यवस्थापिका संसदको आकस्मिक अधिवेशनको बैठकमा सम्बोधन गरी भूकम्प प्रभावित क्षेत्रमा उद्धार तथा राहतका कार्यहरु शिघ्र, समन्वयात्मक एवं प्रभावकारी रुपमा संचालन गर्ने, भूकम्पबाट पीडित जनतालाई तत्काल पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्वासको व्यवस्था मिलाउने र भूकम्पबाट क्षतिग्रस्त संरचनाहरुको नवनिर्माण गर्ने उदेश्यले व्यवस्थापिका संसदको बैठकबाट ४० वटा कार्ययोजना सहितको संकल्प प्रस्ताव समेतको आधारमा भूकम्पोत्तर प्रतिकार्य तथा पुनर्लाभ एकीकृत कार्ययोजना २०७२ तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको छ ।
- प्रतिवेदन वर्षको अवधिमा रु. ४२२ अर्ब ९० करोड राजस्व संकलन गर्ने लक्ष रहेकोमा रु ४०३ अर्ब ७३ करोड ३८ लाख संकलन भई लक्षको ९५ दशमलव ३० प्रतिशत राजश्व संकलन भएको छ। प्रक्षेपित राजश्वमा कमी हुनुको महत्वपूर्ण कारण विनाशकारी भूकम्प नै हो भन्ने निश्चित भएको छ।
- यस अवधिमा बिभिन्न ३१ वटा परियोजनाहरुको लागि रु ३ खर्व ४१ करोड ८३ लाख वैदेशिक सहायताको प्रतिवद्धता प्राप्त भएको छ । यसमध्ये रू. १३४ अर्व २१ करोड ६२ लाख ऋण र रू. १६६ अर्व २० करोड २० लाख अनुदान सहायता रहेको छ। गत बर्षको यस अवधिमा रु १११ अर्व २० करोड वैंदेशिक सहायताको प्रतिवद्धता प्राप्त भएको थियो, जसमध्ये रू ४२ अर्व ३५ करोड ऋण र रू ६८ अर्व ८५ करोड अनुदान सहायता रहेको थियो।
- यसै आर्थिक वर्षको असार मसान्त सम्ममा चालू खर्च तर्फ रु. ३२४ अर्व ६३ करोड ७३ लाख, पूँजीगत खर्च तर्फ रु ६५ अर्व ३९ करोड १२ लाख र वित्तीय व्यवस्था तर्फ रु. ९१ अर्व ७२ करोड १४ लाख समेत जम्मा रु. ४८१ अर्ब ७४ करोड ९९ लाख खर्च भएको देखियो।
- यसै गरी यसै वर्षका लागि रु. ६१८ अर्ब १० करोडको बजेट व्यवस्थापिका-संसदबाट अनुमोदन भै कार्यान्वयनमा आएकोमा यसै अवधिको असार मसान्तमा साधारण खर्च तर्फ रु. ३२४ अर्व ६३ करोड ७३ लाख, पूंजीगत खर्च रु ६५ अर्व ३९ करोड १२ लाख र बित्तीय व्यवस्था तर्फ रु. ९१ अर्व ७२ करोड १४ लाख समेत जम्मा रु. ४८१ अर्ब ७४ करोड ९९ लाख खर्च भएको देखियो।
- वित्तीय क्षेत्र सुधारका लागि आवश्यक ठानिएका विभिन्न विधेयकहरू व्यवस्थापिका-संसदमा पेश गरिसकिएको छ। बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक २०७१, नेपाल राष्ट्र बैंक ऐन, २०५८ लाई संशोधन गर्न बनेको विधेयक २०७१, लेखापरिक्षण ऐन, २०४८ लाई संशोधन गर्न बनेको विधेयक २०७१, कर्मचारी संचयकोष ऐन, २०१९ लाई संशोधन गर्न बनेको विधेयक २०७१, निक्षेप तथा कर्जा सुरक्षण कोषको स्थापना र संचालन गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७१, बैंक तथा वित्तिय संस्था सम्वन्धी ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक २०७१ तर्जुमा गरी सहमतिको लागि कानुन न्याय संविधानसभा तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको छ।
- कर प्रणाली सुधारका लागि सुझाव पेश गर्न गठित उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग २०७१ ले नेपाल सरकार समक्ष प्रतिवेदन बुझाएको छ ।

- यसै आर्थिक वर्षमा उद्योग विभागमा बिभिन्न मुलुकबाट जम्मा ३५९ परियोजनाहरुको लागि रू. ६७ अर्ब २५ करोडको लगानी प्रस्ताव आएको छ। यसै अवधिको असार मसान्तसम्म आयात रु. ७८४ अर्ब ५८ करोड भएको छ भने निर्यात रु. ८६ अर्ब ६४ करोड मात्र भएको छ। यसरी एक वर्षको अवधिमा व्यापार घाटा ६९७ अर्ब ९४ करोड पुगेको छ ।

- २०७१ असार मसान्तसम्मको रु ६६५ अर्ब ४१ करोड विदेशी मुद्राको संचितिको तुलनामा २०७२ जेष्ठ मसान्तसम्ममा २१ दशमलव ७ प्रतिशतले वृद्धि भई रु. ८०९ अर्ब ४८ करोड पुगेको छ। उक्त विदेशी मुद्राको संचितिले १३ दशमलव १ महिनाको बस्तु आयात र ११ दशमलव ३ महिनाको बस्तु तथा सेवा आयात धान्नसक्ने अबस्था छ ।

- अर्थ मन्त्रालयबाट २०७२ असार मसान्तसम्ममा प्रधानमन्त्री तथा दैवी प्रकोप उद्धार कोषमा रू.९ अर्ब ५० करोड निकासा भएको छ।

- अति कम विकसीत मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नती लागि संयुक्त राष्ट्र संघले तोकेका प्रति ब्यक्ति कुल राष्ट्रिय आय (Gross National Income-GNI per capita), मानव सम्पत्ति सूचक (Human Asset Index-HAI) र आर्थिक जोखिम सूचक (Economic Vulnerability Index-EVI) मध्ये प्रतिब्यक्ति कुल राष्ट्रिय आय बाहेकका अन्य सूचकहरुको अवस्था सकारात्मक रहेको छ। तथापी विनासकारी भूकम्पबाट भएको जन, धन, भौतिक, पुरातात्विक तथा प्राकृतिक स्रोतहरुको क्षतिको कारणबाट पर्न सक्ने जोखिमलाई भने उच्च प्राथमिकताका साथ व्यवस्थापन गर्न जरुरी छ।

- यसै अवधिमा सञ्चालनमा रहेका ३७ वटा सार्वजनिक संस्थानहरुमध्ये १८ वटा सार्वजनिक संस्थानहरु खुद नाफामा तथा १५ वटा खुद नोक्सानीमा सञ्चालित छन् ।

- बागमती नदीलाई सफा र सौन्दर्यपूर्ण बनाउन एकीकृत विकास समितिको बैठक बसी बागमती सभ्यता एकीकृत विकास कार्यमा सम्पर्क व्यक्ति तोक्ने, सर्वोच्च अदालतबाट भएको आदेश बमोजिम समितिसँग सम्बन्धित सबै निकायहरुले प्रगति विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने र नदीलाई पूर्ववत् स्थितीमा पुऱ्याउन कार्ययोजना सहित प्रगती विवरण पेश गर्ने निर्णय भएकोमा बाग्मती सभ्यतासँग सम्बन्धित सम्पूर्ण प्रतिवेदनहरु प्राप्त भएका छन्। वागमती नदिको निरीक्षण गरी प्राकृतिक वहाब घटाउन लगाइएका तारजाली लगायतका तटबन्ध हटाउन निर्देशन दिइएको छ।

- २०७१ मार्ग १० र ११ (तदनुसार सन् २०१४ नोभेम्बर २६ र २७) मा सम्पन्न अठारौं सार्क शिखर सम्मेलन सफलताका साथ सम्पन्न गर्ने प्रयोजनर्थ सम्मेलन तयारी गर्नका लागि गर्नुपर्ने सडक र सम्मेलन स्थलको मर्मत सम्भार, सरसफाई, सजावटका कार्यहरु र सम्मेलनको सुरक्षा चुस्त राख्ने व्यवस्था गर्ने कार्यहरु भएको।

- यस आर्थिक वर्षमा सञ्चालन भएको कार्यक्रमहरुले सहकारी संघ/संस्थाहरुको संख्यामा ब्यापक वृद्धि हुन पुगेको छ । प्रारम्भिक सहकारी संस्था करिब ३३ हजार, जिल्ला सहकारी संघ ६९, विषयगत सहकारी संघ २४९, विषयगत केन्द्रीय संघ २०, राष्ट्रिय सहकारी बैंक १ गरी जम्मा ३३ हजार ३४० सहकारी संघ संस्था पुगेका छन् । उल्लेखित संख्यामा भएको यस वृद्धिले मूलत: यस क्षेत्रले जनतामा रोजगारीका अवसरहरु सिर्जना गरेको छ भने राज्य र जनता बीच संस्थागत

विकासको माध्यमबाट भेदभाव हटाई समानता स्थापना गर्दै आय आर्जन कार्यमा लगाउन प्रेरित गरेको छ।

- हाल विद्यमान गरिबीको दुश्चक्रलाई तोड्नको लागि विकासको मूल प्रवाहमा समेटिन नसकिएका, आर्थिक तथा सामाजिक रुपमा पिछडिएका विभिन्न वर्ग तथा समुदायलाई लक्षित कार्यक्रमहरुको प्रभावकारी सञ्चालन गर्न आर्थिक हैसियत खुल्ने परिचयपत्र प्रणाली लागु गर्ने राज्यले लिएको नीति अनुरुप २५ जिल्लाहरुमा गरिब घरपरिवार पहिचान सर्भेक्षणको कार्यको तथ्याङ्क प्रविष्टिकरणको कार्य सम्पन्न भई डाटावेश तयार गरी १२ लाख ४० हजार ३५० घरपरिवार सर्भेक्षण भएको मध्ये र ३ लाख ५६ हजार ४१८ घरपरिवार प्रारम्भिक गरिबको रुपमा पहिचान भई गुनासो सुनवाईको क्रममा रहेका छन्। सो प्रकृया पश्चात गरिब परिचयपत्र वितरण गरी सरकारबाट जनतामा प्रदान गरिने सामाजिक सुरक्षाका सुविधाहरु प्रभावकारी तवरले प्रवाह गर्न सघाउ पुग्नेछ ।
- परिवार नियोजन, सुरक्षित मातृत्व एवं महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम, क्षयरोग कार्यकम, सरुवारोग, औलो तथा कालाजार नियन्त्रण, प्राकृतिक प्रकोप व्यवस्थापन कार्यक्रम, कुष्ठरोग कार्यक्रम, राष्ट्रिय जनसङ्ख्या कार्यक्रम, राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, सामाजिक सुरक्षा कार्यक्रम, राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण कार्यक्रम, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला कार्यक्रम, आयुर्वेदिक स्वास्थ्य सेवा जस्ता विविध स्वास्थ्य सेवाका कार्यक्रमहरुको सञ्चालन भएका छन्।
- सेवाग्राहीको अत्यधिक चाप हुने सार्वजनिक निकायहरुमा मिति २०७१ साल पौष १ गते देखि नेपाल सरकारले लागु गरेको बिहान ६ बजे देखि अपरान्ह १८ बजे सम्मको १२ घण्टे सेवा संचालन भएको छ।
- आर्थिक वर्ष २०६८।०६९ देखि शुरु गरिएको काठमाण्डौं उपत्यका सडक विस्तार कार्यक्रम अन्तर्गत २४ वटा सडक खण्ड, डिभिजन सडक कार्यालय, काठमाण्डौ अन्तर्गत ५४ वटा सडक खण्ड, डिभिजन सडक कार्यालय, ललितपुर अन्तर्गत २१ वटा र डिभिजन सडक कार्यालय, भक्तपुर अन्तर्गत ११ वटा गरी जम्मा ११७ वटा सडक खण्डको कुल १६५.९७६ किलो मिटर सडक निर्माण र विस्तार गर्ने लक्ष्य रहेकोमा ६९ वटा सडक खण्ड सम्पन्न भई ८२.४५५ कि.मि. मा कालोपत्रे सम्पन्न भएको छ। आर्थिक वर्षमा ३१.८९२ कि.मि. कालोपत्रे गर्ने लक्ष्य रहेकोमा १२.५३० कि.मि. सम्पन्न भएको। भूकम्पको कारणबाट अपेक्षाकृट उपलब्धी प्राप्त हुन सकेन।
- शान्ति सुरक्षा सम्बन्धमा गृह प्रशासन सुधार एवं सुदृढीकरण कार्ययोजना, २०७१ स्वीकृत भई कार्यान्वयनको क्रममा रहेको छ। पाँच विकास क्षेत्रका एक/एक जिल्ला प्रशासन कार्यालयहरु (मोरङ, काठमाडौ, रुपन्देही, बाँके र कैलाली) मा दुई सिफ्ट सेवा सञ्चालन गरी सेवा प्रवाहलाई प्रभावकारी बनाइएको छ।हातहतियार खरखजना नियमावली (नवौ संशोधन), २०७१ मन्त्रिपरिषद् बाट स्वीकृत भई राजपत्रमा सूचना प्रकाशन भएको, यातना दिने तथा निर्मम अमानवीय वा अपमानजनक बिरुद्धको महासन्धि अनुकुल हुने गरी तर्जुमा गरिएको "यातना तथा निर्मम,अमानवीय वा अपमानजनक व्यवहार (नियन्त्रण) विधेयक, २०७१ व्यवस्थापिका - संसदमा पेश गरिएको छ। सशस्त्र प्रहरी नियमावली, २०७२ कार्यान्वयनमा आएको छ।
- स्थानीय स्तरमा शान्ति सन्देश फैलाउने उद्देश्यले रेडियो नेपाल, नेपाल टेलिभिजन र स्थानीय स्तरका एफ.एम. हरुबाट शान्ति प्रवर्धन सम्बन्धी गतिविधि प्रशारण भईरहेको ।सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको पुनःस्थापना एवं पुनःएकीकरणको लागि राष्ट्रिय कार्ययोजना नेपाल सरकार (मन्त्रिपरिषद्)

बाट मिति २०६७ पुस १४ गते स्वीकृत भई सो को कार्यविधि, २०७० समेत मन्त्रालयबाट स्वीकृत भएको छ।

- राष्ट्रिय सतर्कता केन्द्र मार्फत सरकारी तथा सार्वजनिक निकायहरूमा सुशासन कायम गर्ने सन्दर्भमा विगतका वर्षहरूमा जस्तै यसै अवधिमा पनि नागरिक बडापत्र कार्यान्वयन अनुगमनको कार्यलाई वार्षिक कार्यक्रममा समावेश गरी कार्य सम्पादन गरिएको छ। भ्रष्टाचार नियन्त्रण गरी सुशासन अभिवृद्धि गर्न राष्ट्रिय सतर्कता केन्द्रले विभिन्न जिल्लाहरूमा जिल्ला स्थित राजनीतिक दल, कार्यालय प्रमुखहरू, नागरिक समाज, पत्रकार, बुद्धिजीवी वर्गहरूको सहभागितामा भ्रष्टाचार विरुद्ध जनचेतनामूलक गोष्ठी/अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्दै आएको छ।

- यसैगरी राष्ट्रिय सतर्कता केन्द्र मार्फत यस आर्थिक वर्षमा जाजरकोट, नुवाकोट, सिन्धुली, हुम्ला, वर्दिया, धनकुटा, पांचथर, रुपन्देही, मकवानपुर, दाङ, बागलुङ, अर्घाखाची र उदयपुर जिल्लामा उच्च माध्यामिक विद्यालय/विद्यालयहरूमा सामुदायिक शिक्षा/सदाचार कार्यक्रम सम्पन्न गरियो। भ्रष्टाचार विरुद्ध जनचेतना फैलाई भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले विभिन्न सञ्चार माध्यम र पत्रपत्रिकाबाट भ्रष्टाचार विरुद्धका सामग्री प्रचार—प्रसार गर्ने कार्यलाई केन्द्रले निरन्तरता दिएको छ।

- महिलाहरूको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि ऐन, नियम, निर्देशिका कार्ययोजना निर्माण भई सोको ७५ वटै जिल्लामा विभिन्न कार्यक्रमहरू मार्फत सम्बोधन भएको छ। संविधान, आवधिक योजना तथा सरकारको न्यूनतम साझा कार्यक्रमबाट प्रतिबद्धता जनाएअनुरूप राज्यका सबै संरचना र तहहरूमा महिलाहरूको प्रतिनिधित्व बढाउने गरी देशव्यापीरूपमा कार्यक्रमहरू संचालन गरिएको छ।

- मातृत्व संरक्षण, कार्यस्थल दुर्घटना, बिरामी, औषधोपचार सम्बन्धी ४ वटा सामाजिक सुरक्षा योजना कार्यविधिको मस्यौदा तयारी हुनुको साथै सामाजिक सुरक्षा योजनाको रणनीति तयारी भएको छ। यसैगरी साथै एकीकृत सामाजिक सुरक्षा ऐनको मस्यौदा विधेयक व्यवस्थापिका संसदमा प्रस्तुत गरिएको छ। सामाजिक सुरक्षा योजनामा योगदान गर्ने कामदार कर्मचारीहरूको तथ्याङ्क राख्नको लागि सफ्टवेयर निर्माण भएको छ।

# परिच्छेद - २

# प्रारम्भिक

## पृष्ठभूमि

१. आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक रुपान्तरणको माध्यमबाट जनताको सर्वोत्तम हित र समुन्नतिलाई सुनिश्चित गर्न स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शि, भ्रष्टाचारमुक्त, जनउत्तरदायी, सहभागितामूलक र विधिसम्मत शासकीय प्रबन्धको आवश्यकता पर्दछ। त्यस्तो आवश्यकताको परिपूर्तिको माध्यमद्वारा नै जनतालाई सुशासनको प्रत्याभूति दिलाउन सकिन्छ। असल सरकारको स्थापनाको माध्यमबाट मात्र सुशासनका समष्टिगत लक्ष्यहरु हासील हुन सक्दैनन्। यसका लागि समग्र शासकीय प्रबन्धका बहुपात्रहरुका अन्तरसम्बन्धित कृयाकलापहरु समेत असल शासनको दिशामा परिलक्षित हुनुपर्छ। प्रत्येक तहका निर्णय प्रकृया र निर्णय कार्यान्वयनका बहुपक्षिय सरोकारहरुमा असल शासनका आधारभूत सिद्धान्तहरुको पालना भएको हुनुपर्छ। शासन सञ्चालनको साधन र साध्य दुवै सुशासन हो। यो एउटा सामान्य सूत्रबद्ध सुझावहरुको समष्टि मात्र किमार्थ हुन सक्दैन। सुशासनको अभ्यासले राज्य भित्रका सबै प्रकारका सेवा सुविधामा जनताको समान र सहज पहुँचलाई सुनिश्चित गर्दै जनताको जीवनस्तरलाई समृद्ध पार्न सक्नुपर्छ। समाजका अल्पसंख्यक, पिछडिएका र विपन्न वर्गका आवाजहरुलाई शासन प्रकृयाले राम्ररी सुनेर मात्र पुग्दैन त्यस्ता आवाजहरुको वास्तविक सुनुवाई भई आर्थिक एवं सामाजिक रुपान्तरणको प्रकृयालाई जन अपेक्षित गतिमा डोर्‍याउन सक्नुपर्छ। यिनै मान्यताहरुलाई, आत्मसात गर्दै आएको सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ र नियमावली, २०६५ ले प्रशासन संयन्त्रलाई सेवा प्रदायक संयन्त्र तथा सहजकर्ताको रुपमा रुपान्तरण गरी मुलुकमा सुशासनको प्रत्याभूति दिन आवश्यक कानुनी व्यवस्था गरेको छ। नेपाल सरकार सुशासन कार्ययोजना, २०६८ जारी भई सार्वजनिक सेवा प्रवाहमा दक्षता र प्रभावकारिताको स्तरलाई अभिवृद्धि गर्ने प्रयास भइरहेको अवस्था छ। सुशासन ऐनलाई जनअनुभूतिको तहमा पुर्‍याउन सेवा अभियान निवेदशिका २०६५, सेवा केन्द्र सम्बन्धी निर्देशिका २०६५, सरकारी निर्णय सरलीकरण प्रकृया निर्देशिका, २०६५, हेलो सरकार कक्ष सञ्चालन निर्देशिका २०६८, राष्ट्रिय स्वय सेवा अभियान निर्देशिका २०६९, लगायतका प्रत्यायोजित कानुनी व्यवस्थाहरु र अन्य क्षेत्रगत नीति नियमहरु कार्यान्वयनको प्रकृयामा रहेका छन्।

२. सुशासन व्यवस्थापन तथा सञ्चालन ऐनले स्पष्ट रुपमा प्रशासनीक कार्य संचालनका आधारहरु नेपाल सरकारले अख्तियार गर्ने नीतिहरुको निर्धारण गर्दै सुशासन कायम गर्नु प्रत्येक पदाधिकारीको कर्तब्य हुने कुरा उल्लेख गरेको छ। मन्त्री, मुख्यसचिव र सचिव लगायतका कार्यकारीहरुको जिम्मेवारी प्रष्ट ढंगले किटान गर्दै मुलुकको सार्वजनिक प्रशासनलाई सर्वसाधारणको हितमा अधिकतम प्रयास गर्ने दिशा निर्देश गरेको छ। प्रत्येक मन्त्रालयमा शासकीय सुधार इकाइको स्थापना गरी सेवा प्रवाहलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी र जनसहभागितामूलक बनाइ त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन नागरिक वडापत्र, सार्वजनिक सुनुवाइ, गुनासो व्यवस्थापन, सूचना प्रविधिको उपयोग, कार्यसम्पादन करार, निर्णय प्रकृयाको पारदर्शिता, सूचनाको हक सम्बन्धी

व्यवस्थाको कार्यान्वयनमा तदारुकता, अनुगमन मूल्याङ्कन समिति जस्ता शासकीय प्रवन्धका उपकरणहरुको प्रयोगमा जोड दिएको छ।

३. यसै सन्दर्भमा प्रत्येक मन्त्रालय तथा विभाग र अन्य केन्द्रीयस्तरका सरकारी निकायले एक आर्थिक वर्ष भरी संचालन गरेका शासकीय सुधार सम्बन्धी गतिविधिहरुलाई आवश्यकतानुसार सार्वजनिक रुपमा प्रकाशन गर्नुपर्ने तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रतिवेदन गर्नुपर्ने व्यवस्था समेत रहेको छ। जननिर्वाचित संसद प्रतिको जवाफदेहितालाई प्रवर्द्धन गर्न प्रधानमन्त्रीले प्रत्येक वर्ष शासकीय सुधार र सुशासन सम्बन्धमा भए गरेका उल्लेखनीय प्रगति सम्बन्धि प्रतिवेदन व्यवस्थापिका संसद समक्ष पेश गर्नुपर्ने दफा ४१ को प्रावधान बमोजिम यो सातौं प्रतिवेदन तयार गरिएको छ। पहिलो प्रतिवेदन संसदमा मात्र प्रस्तुत गरिएको थियो भने दोश्रो देखि छैटौं प्रतिवेदनहरु प्रकाशित गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेवसाइट (website) मा समेत राखी सार्वजनिक गरिएको थियो।

४. शासकीय सुधारमा महत्वपूर्ण कृयाकलापहरु मार्फत देशको आर्थिक सामाजिक विकास तथा विपद् व्यवस्थापनमा हासील भएका मुख्य गतिविधिहरुलाई प्रमुख उपलब्धिको रुपमा उल्लेख गर्दै क्षेत्रगत तथा निकायगत प्रभाव भएका गतिविधिहरुलाई उपलब्धिको रुपमा उल्लेख गरी यो सातौं प्रतिवेदन तयार गरिएको छ। यो प्रतिवेदन व्यवस्थापिका संसदमा प्रस्तुत भई जनप्रतिनिधिहरुबाट परिक्षण समेत हुन सक्ने भएकोले प्रतिवेदनलाई यथार्थपरक बनाइएको छ। यस प्रतिवेदनको माध्यमद्वारा आ.व. २०७१/०७२ मा हासील भएका शासकीय सुधार र सुशासनका उपलब्धिहरुलाई आम सरोकारवालाहरु समक्ष बस्तुगत तथा व्यवस्थित रुपमा प्रस्तुत गर्ने जमर्को गरिएको छ।

५. शासकीय सुधारको माध्यमद्वारा सुशासन हासील गर्न आ.व. २०७१/०७२ मा राज्य संयन्त्रद्वारा संचालन भएका गतिविधिहरु र सो बाट प्राप्त प्रतिफलहरुको विस्तृतिकरण सहित तयार भएको यस प्रतिवेदनले विगतका कमि कमजोरीहरुलाई न्यूनिकरण गर्दै भविष्यमा शासकीय सुधारको क्षेत्रमा संचालन गर्नुपर्ने कृयाकलपहरुको भावि कार्य दिशा तय गरेको हुँदा यस प्रतिवेदनले राजनीतिज्ञ, कर्मचारीतन्त्र, नागरिक समाज, निजी क्षेत्र, अनुसन्धानकर्ता एवं सुशासन र शासकीय सुधारका क्षेत्रमा चासो राख्ने सबैलाई सुशासनका थप गतिविधिहरु अगाडी बढाउन सहयोग पुग्नेछ भन्ने विश्वास लिइएको छ।

# परिच्छेद - ३

# मुख्य उपलब्धिहरु

यस वर्ष भित्र नेपाल सरकारबाट सम्पादन भएका मुख्य मुख्य उपलब्धिहरु देहाय बमोजिम रहेका छन्।

## विपद् व्यवस्थापन सम्वन्धीः-

- २०७२ बैशाख १२ गते गोरखा वारपाक केन्द्रबिन्दु भै आएको ७ दशमलव ६ रेक्टरस्केलको विनासकारी भूकम्पमा खोज तथा उद्धार र स्वास्थोपचार तत्काल सुरु गरिएको, भूकम्प गएको दुई घण्टाभित्र माननीय उपप्रधानमन्त्री तथा गृहमन्त्रीको संयोजकत्वमा केन्द्रीय दैवी प्रकोप उद्धार समितिको बैठक बसी खोज तथा उद्धार र स्वास्थोपचारलाई प्रभावकारी पार्न बिभिन्न निर्णयहरु गरेको। भूकम्प गएको चार घण्टाभित्र मन्त्रीपरिषदको बैठकबसी १४ जिल्लालाई संकटग्रस्त क्षेत्र घोषणा गर्ने, अन्तर्राष्ट्रिय सहयोगको आव्हान गर्ने तथा खोज, उद्धार र स्वास्थोपचार लगायत राहत वितरणलाई प्रभावकारी पार्ने निर्णय गरेको ।
- भूकम्पबाट मृत्यु भएका मृतक ८ हजार ८ सय ५० का परिवारलाई प्रतिमृतक प्रतिपरिवार रु. १ लाख ४० हजारका दरले राहत वितरण गरिएको। करिब छ लाख घर पूर्ण क्षति भएकालाई प्रति परिवार सुरुमा रु. ५ हजार र पछि रु. १५ हजारका दरले घर मर्मत खर्च राहत उपलब्ध गराइएको। अन्तराष्ट्रियस्तरबाट करिब ४ हजार ५ सय खोज तथा उद्धारकर्मीहरु नेपाल आएकामा तिनको उचित व्यवस्थापन गरिएको र अन्तर्राष्ट्रियस्तरबाट आउने राहत तथा पुनःनिर्माणका सामाग्रीहरु पीडितहरुलाई वितरण गर्न भंसार महशुल छुटका लागि सिफारिश गरी प्राप्त ती सामाग्रीहरु सम्बन्धित  जिल्लाका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा वितरण गरिएको।
- भूकम्पबाट चिरा परेका जमिनहरुको खानी तथा भूगर्भ विभागको संयोजकत्वमा भूगर्व विदहरुको विज्ञ समूह तयार पारी विभिन्न भूकम्प प्रभावित जिल्लाहरुमा पठाइ तिनको प्रतिवेदनको आधारमा जिल्लास्तरमा वस्ती स्थानान्तरणको कार्यहरु भइरहेको।
- राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा बमोजिम विषय क्षेत्रगत मन्त्रालय [Cluster-Lead Ministry] को अवधारणा अनुरुप सम्बन्धित मन्त्रालयहरुलाई ती विषय क्षेत्रको क्रियाकलापहरु संचालन गर्न गृह मन्त्रालयमार्फत विषयगत मन्त्रालयहरुको समन्वय तथा सहजीकरण गरिएको ।
- विपद्बाट हुने धनजनको क्षतिको विवरण जानकारी दिने क्रममा नियमितरुपमा htt://drrportal.gov.np मा अध्यावधिक गरिएको, NEOC लेखि ११३३ मा SMS गरेमा खबर प्राप्त हुने व्यवस्था मिलाइएको तथा जिल्लातहमा हुने विपद् प्रतिकार्यको समन्वय गरिएको।
- विपद् व्यवस्थापन सम्बन्धी कामलाई समन्वयात्मक र प्रभावकारी रुपमा सञ्चालन गर्न खोज तथा उद्धार रणनीतिक कार्ययोजना, २०७१ नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भई कार्यान्वयनमा ल्याइएको छ।
- विपद्को तत्काल जानकारी दिने र उद्धार तथा राहत जस्ता कार्यको समन्वय गर्न जिल्ला/क्षेत्र तथा नगरपालिकामा आपतकालीन कार्यसञ्चालन केन्द्र स्थापना गर्ने कार्यक्रम अन्तर्गत हालसम्म बिभिन्न ४४ जिल्लामा र क्षेत्रीय प्रशासन कार्यालय हेटौडा र सुर्खेतमा समेत गरी जम्मा ४६ आपतकालीन

कार्य संचालन केन्द्र संचालनमा रहेका छन्। सबै क्षेत्रमा क्षेत्रीयस्तरको गोदामघर (warehouse) निर्माण गर्नेकार्यक्रम बमोजिम सुनसरी, हेटौडा, र कैलालीमा निर्माण सम्पन्न भै सकेको र पोखरा तथा सुर्खेतमा निर्माण कार्य जारी रहेको छ ।

## भूकम्पोत्तर प्रतिकार्य तथा पुनर्लाभ एकीकृत कार्ययोजना २०७२

विनाशकारी भूकम्प र पराकम्पनबाट प्रभावित जिल्लाहरुमा परेको विपत्तिको प्रभावको सामना गर्न र राहत पुनर्स्थापना तथा नवनिर्माण कार्यलाई चरणवद्ध रुपमा अघि बढाउन आवश्यक भएकोले सम्माननीय प्रधानमन्त्रीज्यूबाट व्यवस्थापिका संसदको आकस्मिक अधिवेशनको बैठकमा सम्बोधन गरी भूकम्प प्रभावित क्षेत्रमा उद्धार तथा राहतका कार्यहरु शिघ्र, समन्वयात्मक एवं प्रभावकारी रुपमा संचालन गर्ने, भूकम्पबाट पीडित जनतालाई तत्काल पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्वासको व्यवस्था मिलाउने र भूकम्पबाट क्षतिग्रस्त संरचनाहरुको नवनिर्माण गर्ने उदेश्यले व्यवस्थापिका संसदको बैठकबाट ४० बुँदे कार्ययोजना सहितको संकल्प प्रस्तावलाई भूकम्पोत्तर प्रतिकार्य तथा पुनर्लाभ एकीकृत कार्ययोजना २०७२ तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको छ ।

## शान्ति सुरक्षा सम्वन्धीः-

जनताको जीउ, धन र व्यक्तिगत स्वतन्त्रताको संरक्षण गरी सामाजिक आर्थिक एवं राजनैतिक क्षेत्रलगायत राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्न मुलुकमा शान्ति सुरक्षा कायम गरी सर्वसाधारण जनताले आफ्नो हक अधिकारको निर्वाध उपभोग गर्न सक्ने वातावरण तयार भएको छ। सर्वसाधारण जनतालाई शान्ति सुरक्षा प्रदान गर्न एवं मुलुकमा स्वच्छ, पारदर्शी र भ्रष्टाचार रहित सार्वजनिक प्रशासन स्थापित गरी सुशासन बहाली गर्ने सरकारको लक्ष्य हो। सोही अनुरुप सुरक्षा निकायहरुको सहभागितामा मुलुकमा शान्ति सुव्यवस्था बहाल गराउने सन्दर्भमा अपराधिक घटनाहरुको नियन्त्रण, दण्डहिनताको अन्त्य र लैंगिक हिंसाको अन्त्य गर्दै मानव अधिकारको सुनिश्चितताको बातावरण तयार पारिएको छ ।

## उच्चस्तरीय भ्रमण तथा अन्तर्राष्ट्रिय सभा सम्मेलन व्यवस्थापन

सम्माननीय राष्ट्रपतिज्युको बोआओ फोरम फर एशिया -२०१५ मा भाग लिने सन्दर्भमा २०७१ चैत्र १२ देखि १८ गते सम्म जनवादी गणतन्त्र चीनको बोआओ शहर र चीनको स्वशासित क्षेत्र तिब्बतको भ्रमण सम्पन्न भएको छ। यसैगरी सम्माननीय उपराष्ट्रपतिज्यूबाट २०७१ आश्विन ८ देखि ११ गते सम्म जनवादी गणतन्त्र चीनको तिब्बत स्वशासित क्षेत्रको भ्रमण भएको छ। सम्माननीय प्रधानमन्त्रीज्यूको नेतृत्वको नेपाली प्रतिनिधिमण्डलले २०७१ असोजमा सम्पन्न ६९ औं संयुक्त राष्ट्रसंघीय महासभाको नियमित सत्र र सोको दौरान भएका जलवायु सम्मेलन (Climate Summit), शान्ति स्थापना सम्मेलन (Peacekeeping Summit) तथा २०७२ वैशाखमा इन्डोनेशियामा भएको एशियाली-अफ्रिकी शिखर सम्मेलन-२०१५ मा सहभागिताका लागि सारभूत पक्षहरुमा तयारी तथा

भ्रमण व्यवस्थापन गरी संयुक्त राष्ट्रसंघ लगायत बहुपक्षीय मञ्चहरुमा नेपालको प्रभावकारी प्रतिनिधित्वको माध्यमद्वारा नेपालको हित प्रवर्धनमा सहयोग पुऱ्याइएको।

२०७१ साउनमा नेपाल-भारत संयुक्त आयोगको तेश्रो बैठक तथा भारतीय प्रधानमन्त्रीको औपचारिक नेपाल भ्रमण र २०७१ पुसमा चीनिया विदेशमन्त्रीको नेपाल भ्रमणलाई नेपालको राष्ट्रिय हितलाई केन्द्रबिन्दुमा राखी व्यवस्थापन गरेको तथा तिनको सारभूत पक्षमा तयारी तथा वार्ता गरी सफलतापूर्वक सम्पन्न गरिएको। राष्ट्रिय प्रतिष्ठाको रुपमा रहेको १८ औं सार्क शिखर सम्मेलनको व्यवस्थापन कुशलतापूर्वक गरी २०७१ मंसिरमा काठमाण्डौंमा सफलतापूर्वक सम्पन्न गरिएको।

डिसेम्वर २०१४ मा अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रको स्तरमा स्तरोन्नति हुने सम्वन्धी अनुभव तथा राष्ट्रिय रणनीतिहरुको आदान प्रदान गर्ने उद्देश्यका साथ आयोजित एशिया तथा प्रशान्त क्षेत्रका अतिकम विकसित राष्ट्रहरुको मन्त्रीस्तरीय सम्मेलन काठमाण्डौमा सफलतापूर्वक आयोजना गरिएको। प्रतिवेदन अवधिमा नेपालबाट भएका उच्चस्तरीय विदेश भ्रमण तथा मित्रराष्ट्रहरुबाट नेपालमा भएका उच्चस्तरीय भ्रमणहरुको तयारी तथा व्यवस्थापन उल्लेखनीय रहेको।

महाभूकम्प २०७२ पश्चात असार १० गते काठमाण्डौमा आयोजित नेपालको पुनःनिर्माणसम्वन्धी अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गरी भूकम्प पछिको पुनर्निर्माणमा अन्तर्राष्ट्रिय सहभागिता र सहयोग जुटाइएको।

## राजस्व परिचालनः

यस प्रतिवेदन अवधिमा रु. ४२२ अर्व ९० करोड राजस्व संकलन गर्ने लक्ष्य रहेकोमा रु ४०३ अर्ब ७३ करोड ३८ लाख संकलन भई लक्ष्यको ९५.३० प्रतिशत राजश्व संकलन भएको।

## बैदेशिक सहायताको प्रतिवद्धताः

बिभिन्न ३१ वटा परियोजनाहरुको लागि रु. ३ अर्व ४१ करोड ८३ लाख वैदेशिक सहायताको प्रतिवद्धता प्राप्त भएको छ । यसमध्ये रू. १३४ अर्व २१ करोड ६२ लाख ऋण र रू. १६६ अर्व २० करोड २० लाख अनुदान सहायता रहेको छ। गत बर्षको यस अवधिमा रु १११ अर्व २० करोड वैदेशिक सहायताको प्रतिवद्धता प्राप्त भएको थियो, जसमध्ये रू ४२ अर्व ३५ करोड ऋण र रू ६८ अर्व ८५ करोड अनुदान सहायता रहेको थियो। दातृ मुलुकहरू तथा संघ संस्थाहरुमा चीन, भारत, जाइका, युसएआइडी, एशीयाली विकास बैंक, युरोपियन युनियन, विश्वबैंक, स्वीटजरल्याण्ड, नर्वे, फिनल्याण्ड, डिएफआइडी, ओपेक फण्ड लगायतका द्विपक्षीय तथा वहुपक्षीय दाताहरु मुख्य छन् ।

## सार्वजनिक खर्चको अवस्था :-

चालू खर्च तर्फ रु. ३२४ अर्व ६३ करोड ७३ लाख, पूँजीगत खर्च रु ६५ अर्व ३९ करोड १२ लाख र वित्तीय व्यवस्था तर्फ रु. ९१ अर्व ७२ करोड १४ लाख समेत जम्मा रु. ४८१ अर्ब ७४ करोड ९९ लाख खर्च भएको छ । आर्थिक वर्षको अन्त्य सम्ममा संचित कोषमा गत वर्ष यो अवधिमा रु. ४७ अर्ब ९९ करोड २४ लाख रहेकोमा यस वर्षको बचत रु २६ अर्ब १० करोड ७८ लाख बचत

रहेको छ। गत वर्षको फ्रिज रकम रु २३ अर्ब ५० करोड ०८ लाख जोड्दा कुल बचत रु ४९ अर्ब ६० करोड ८६ लाख पुगेको छ ।

## बजेट कार्यान्वय र अनुगमनः

व्यवस्थापिका-संसदबाट रु. ६१८ अर्ब १० करोडको बजेट अनुमोदन भै कार्यान्वयनमा आएकोमा बजेटको मध्यावधी समीक्षा गर्दा चालु आर्थिक वर्षमा कूल ५५८ अर्ब ४३ करोड १३ लाख खर्च हुने संशोधित अनुमान गरिएको थियो। यसको लागि नेपाल सरकारको स्रोतबाट रू ४७७ अर्ब ४३ करोड ५३ लाख, वैदेशिक अनुदान सहायताबाट रू. ५४ अर्ब ९७ करोड ५२ लाख र वैदेशिक ऋण सहायताबाट रू. २६ अर्ब ०२ करोड ०८ लाखको स्रोत परिचालन हुने शंसोधित अनुमान रहेको थियो। साथै साधारण खर्च तर्फ रु. ३२४ अर्ब ६३ करोड ७३ लाख, पूंजीगत खर्च रु ६५ अर्ब ३९ करोड १२ लाख र बित्तीय व्यवस्था तर्फ रु. ९१ अर्ब ७२ करोड १४ लाख समेत जम्मा रु. ४८१ अर्ब ७४ करोड ९९ लाख खर्च भएको छ ।

## वित्तीय क्षेत्र सुधारका लागि कानुन निर्माण तथा परिमार्जन:

वित्तीय क्षेत्र सुधारका लागि अत्यावश्य ठानिएका विधेयकहरू व्यवस्थापिका संसदमा पेश गरिसकिएको छ। यसरी पेश भएका विधेयकहरुमा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक, २०७१, नेपाल राष्ट्र बैंक ऐन, २०५८ लाई संशोधन गर्न बनेको विधेयक, २०७१, लेखापरिक्षण ऐन, २०४८ लाई संशोधन गर्न बनेको विधेयक, २०७१, कर्मचारी संचयकोष ऐन, २०१९ लाई संशोधन गर्न बनेको विधेयक २०७१ र निक्षेप तथा कर्जा सुरक्षण कोषको स्थापना र संचालन गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७१ रहेका छन्। यसको साथै बैंक तथा वत्तिय संस्था सम्वन्धी ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक, २०७१ तर्जुमा सहमतिको लागि कानुन न्याय संविधानसभा तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको छ।

## राजस्व प्रणालीमा सुधार:

कर प्रणाली सुधारका लागि सुझाव पेश गर्न गठित उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग २०७१ ले नेपाल सरकार समक्ष प्रतिवेदन बुझाएको छ। नेपाल सरकारको मिति २०७१।१०।२२ को निर्णयानुसार गठित कर फछ्र्यौट आयोग २०७१ ले आयोगलाई तोकिएको कार्यदिश अनुसार काम गरिरहेको छ। आर्थिक वर्ष २०७२।०७३ को राजस्व नीति तथा कार्यक्रमको घोषणा भई कार्यान्वयनमा आइसकेको छ।

## गुनासो सुनुवाई कक्षको व्यवस्थापन:

अर्थ मन्त्रालय र मातहतका निकायहरुबाट भैरहेका काम तथा गतिविधिका सम्बन्धमा सेवाग्राहीको गुनासो ग्रहण र व्यवस्थापन गर्ने उद्देश्यले अनुगमन तथा मूल्यांकन महाशाखा अन्तर्गत विगुल नामको गुनासो व्यवस्थापन कक्षको स्थापना गरीएको छ। जसमा ११११८ नम्बरको टोल फ्री नम्बर, ०१-४२००४१८ नम्बरको साधारण टेलिफोन, इमेल bigool@mof.gov.np र ०१-४२००४६८ नम्बरको फ्याक्स, कार्यालय बाहेकको समयमा स्वतः अभिलेख गर्न मिल्ने भ्वाइस मेल सिस्टम तथा हुलाक मार्फत पत्राचार गरी २४सै घण्टा र आफै उपस्थित भई व्यहोरा टिपाएर समेत सेवा लिन सकिने व्यवस्था गरीएको छ। साथै गुनासोकर्ताले आफनो परिचय सार्वजनिक गरेमा फरक नपर्ने भनी

उल्लेख भएकोमा बाहेक निजको व्यक्तिगत विवरण गोप्य राखिने व्यवस्था गरिएको छ। यसै अवधिमा गुनासो सुनुवाई कक्षमा एक सय वटा गुनासो वा उजुरी प्राप्त भएकोमा सम्पूर्ण गुनासो वा उजुरी फर्छ्यौट भएको अवस्था छ।

## मूल्य स्थिति:

२०७२ जेष्ठ महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिति ७ दशमलव ४ प्रतिशत रहेको छ । अघिल्लो वर्ष सोही अवधिमा त्यस्तो मुद्रास्फिति ९ दशमलव ५ प्रतिशत थियो। यसै प्रतिवेदन अवधिको बार्षिक औसत मुद्रास्फीति ७ दशमलव ५ प्रतिशत रहेको अनुमान छ ।

## वैदेशिक लगानीः

उद्योग विभागमा बिभिन्न मुलुकबाट जम्मा ३५९ परियोजनाहरुको लागि रू. ६७ अर्ब २५ करोडको लगानी प्रस्ताव आएको छ। उक्त लगानीबाट १२ हजार ७११ जनाले रोजगारीको अवसर पाँउने छन्। अघिल्लो आर्थिक वर्षमा यस्तो लगानी प्रस्ताव करीव २९ अर्व मात्र थियो। यसरी वैदेशिक लगानीको प्रतिबद्धतामा गत वर्षभन्दा २३५ प्रतिशतले बृद्धि भएको छ। भारत, चीन, दक्षिण कोरिया, हंङकङ(चीन), टर्की, संयुक्त अधिराज्य, अमेरिका, जापान, बंगलादेश, मलेसिया आदि प्रमुख लगानी प्रस्तावक देश रहेका छन् ।

## वैदेशिक व्यापार:

चालू आर्थिक वर्षको असार मसान्तसम्म रु. ७८४ अर्ब ५८ करोड बराबरको आयात भएको छ भने निर्यात ८६ अर्ब ६४ करोड मात्र भएको छ। यसरी यसै आर्थिक वर्षमा व्यापार घाटा ६९७ अर्ब ९४ करोड पुगेको छ ।

## विदेशी मुद्रा संचिति:

आर्थिक वर्ष २०७१/०७२ को अन्त्यमा रु. ६६५ अर्ब ४१ करोड विदेशी मुद्राको संचितिको तुलनामा २०७२ जेष्ठ मसान्तसम्ममा २१ दशमलव ७ प्रतिशतले वृद्धि भई ८०९ अर्ब ४८ करोड पुगेको छ। उक्त विदेशी मुद्राको संचितिले १३ दशमलव १ महिनाको बस्तु आयात र ११ दशमलव ३ महिनाको बस्तु तथा सेवा आयात धान्नसक्ने अबस्था छ।

## प्रधानमन्त्री तथा दैवी प्रकोप उद्धार कोषमा रकम निकासाः-

यसै अवधीमा अर्थ मन्त्रालयबाट प्रधानमन्त्री तथा दैवी प्रकोप उद्धार कोषमा रू. ९ अर्ब ५० करोड निकासा भएको छ।

### धितोपत्र बजारः-

२०७२ असारको अन्तमा नेप्से परिसुचक ९६१ दशमलव २३ विन्दूमा रहेको छ ।

### स्तरोन्नति सूचक :-

अति कम विकसीत मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नती लागि संयुक्त राष्ट्र संघले तोकेका प्रति ब्यक्ति कुल राष्ट्रिय आय (GNI per capita), मानव सम्पत्ति सूचक (HAI) र आर्थिक जोखिम सूचक (EVI) मध्ये प्रतिब्यक्ति कुल राष्ट्रिय आय बाहेकका अन्य सूचकहरुको अवस्था सकारात्मक रहेको छ।

तथापी विनासकारी भूकम्पबाट भएको जनधन, भौतिक, पुरातात्विक तथा प्राकृतिक स्रोतहरुको क्षतिको कारणबाट पर्न सक्ने जोखिमलाई भने उच्च प्राथमिकताका साथ व्यवस्थापन गर्न जरुरी छ ।

यस वर्ष सञ्चालनमा रहेका ३७ वटा सार्वजनिक संस्थानहरुमध्ये १८ वटा सार्वजनिक संस्थान खुद नाफामा संचालित भएका छन् भने १५ वटा खुद नोक्सानीमा सञ्चालित छन् ।

आगामी आर्थिक वर्ष २०७२।०७३ का नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न का लागि रु. ८१९ अर्व ४६ करोड ८८ लाख ८४ हजारको बजेट २०७२ असार महिनामा नै व्यवस्थापिका संसदमा प्रस्तुत गरिएको छ ।

## आयोजना सहजीकरण

विभिन्न मन्त्रालय वा निकायहरूले कार्यान्वयन एवं संचालन गरिरहेका तथा अव गर्ने आयोजनाहरू तोकिएको समयमा, निर्धारित लागत र गुणस्तरीय रूपमा सम्पन्न गर्न मद्दत गर्नका अतिरिक्त अन्तर मन्त्रालय र निकायगत समन्वयको अभावमा आयोजनाको कार्यान्वयनमा बाधा अवरोध आउन नदिन मिति २०६९।०८।१४ मा नेपाल सरकारको (मन्त्रिपरिषद्) निर्णयानुसार नेपाल सरकारका मुख्य सचिवको संयोजकत्वमा आयोजना सहजीकरण समिति (Project Facilitation Committee) गठन गरेको थियो। उक्त समितिको यस आर्थिक वर्षमा विभिन्न मितिमा बैठक बसी निर्धारित समयमा आयोजना तथा कार्यक्रम सम्पन्न गर्न गराउन सम्बद्ध निकायहरुलाई निर्देशन गरिएको थियो।

## पूर्व मूख्य सचिव सम्मेलन

मुलुकको समग्र शासकीय प्रणाली तथा प्रशासनिक व्यवस्थापनमा सुधार गरी सुशासनको प्रत्याभूति गर्न निजामती प्रशासनका विविध एवं समसामयिक विषयमा छलफल गर्ने उद्देश्यले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयद्वारा निजामती सेवावाट सेवा निवृत्त पूर्व मुख्यसचिवहरुको तेस्रो सम्मेलन मिति २०७१ फागून १६ मा सम्पन्न भएको छ। उक्त सम्मेलनमा आठ जना पूर्व मुख्यसचिवहरुको सहभागिता रहेको थियो। उक्त कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उच्च अधिकारीहरुको समेत सहभागिता रहेको थियो। नागरिकको आवश्यकता, अपेक्षा र चाहना अनुरुपको सार्वजनिक सेवा प्रवाह गर्न तथा विकास व्यवस्थापन गर्नको लागि सेवा प्रवाहमा संलग्न कर्मचारीको आचरण र व्यवहारमा सुधार गर्न जरुरी रहेको तर्फ सहभागी पूर्व मुख्यसचिवहरुको जोड रहेको थियो। उपर्युक्त सम्मेलनबाट सुझाव संकलन गरी प्रतिवेदन तयार गरिएको छ।

## सूचना प्रविधि विकास आयोजना

सूचना प्रविधि विकास आयोजना मार्फत विद्युतीय सुशासन लागु गर्ने उद्देश्यका साथ सन् २००८ (एसियाली विकास बैंकको अनुदान सहयोगमा) बाट शुरू गरिएको कार्यक्रम हालसम्म लोक सेवा आयोगको अनलाइन दरखास्त लिने र परीक्षा प्रणालीलाई व्यवस्थित गर्न सूचना प्रविधिको प्रयोग लगायतका कार्य, सामान्य प्रशासन मन्त्रालय अन्तर्गत तालिम तथा कम्प्युटर ल्यावको स्थापना, भूमिसुधार विभाग अन्तरगत भूमि पद्धतिलाई डिजिटलाइज्ड गर्न, यातायात व्यवस्था विभाग अन्तर्गत सवारी चालक अनुमतिपत्र लगायतका कार्यलाई विद्युतीकरण गर्ने, राष्ट्रिय परिचयपत्र केन्द्र अन्तर्गत बायोम्याट्रिक स्मार्ट कार्ड वितरण गर्ने र सूचना प्रविधि केन्द्र अन्तरगत एकीकृत पोर्टल र गभर्मेन्ट आर्किटेक्चर निर्माणको कार्य तदारूकताका साथ अगाडि बढेको छ।

सूचना प्रविधि आयोजनाको सरोकारवालाहरु, कार्यान्वयन निकायहरू र एसियाली विकास बैंक समेतको औपचारीक रुपमा छ पटक बैठक बसी आयोजना कार्यान्वयनमा उठेका समस्या, प्रगति र कार्यक्रमका सम्बन्धमा छलफल सम्पन्न भएको छ। अनौपचारीक रुपमा आयोजना कार्यान्वयन इकाईसँग छलफलहरु निरन्तर हुने गरेको छ। साथै, एसियाली विकास बैंकका प्रगति/समिक्षा बैठकमा सहभागी हुने, प्रगति पठाउने र लेखापरीक्षण समयमै सम्पन्न गरिएको छ ।

## बागमती सभ्यता एकीकृत विकास

बागमती नदीलाई सफा र सौन्दर्यपूर्ण बनाउन एकीकृत विकास समितिको बैठक बसी बागमती सभ्यता एकीकृत विकास कार्यमा सम्पर्क व्यक्ति तोक्ने, सर्वोच्च अदालतबाट भएको आदेश बमोजिम समितिसँग सम्बन्धित सबै निकायहरुले प्रगति विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने र नदीलाई पूर्ववत् स्थितीमा पुर्याउन कार्ययोजना सहित प्रगती विवरण पेश गर्ने निर्णय भएकोमा बाग्मती सभ्यतासँग सम्बन्धित सम्पूर्ण प्रतिवेदनहरु प्राप्त भएका थिए। वागमती नदिको निरीक्षण गरी प्राकृतिक वहाब घटाउने गरी लगाइएका तारजाली लगायतका तटबन्ध हटाउन निर्देशन दिनुको साथै नेपाल सरकारले बाग्मती नदी सम्बन्धी निम्न नीति तथा कार्यक्रम तयार गरेको छ।

- बाग्मती नदीको सुन्दरीजलदेखि सुन्दरीघाटसम्मको क्षेत्रमा ढल निर्माण गरिने र विष्णुमती, रुद्रमती, मनोहरा, इच्छुमती, हनुमन्ते जस्ता बाग्मती नदीका प्रमुख सहायक नदीहरुमा एकीकृत तथा व्यवस्थित ढल प्रणाली निर्माणको कार्य यसै बर्ष अगाडि बढाउने।
- नगरपालिका क्षेत्र भित्रका हरेक घरमा सेफ्टी-ट्याङ्क र सोकपिटको निर्माण अनिवार्य गर्ने सो कार्य नगर्नेलाई उच्च दरको कर लगाई कोषमा जम्मा गर्ने र सोही कोषबाट नगरपालिकाहरुमा ढल निर्माण तथा प्रशोधन गर्न आवश्यक कानूनी र संस्थागत व्यवस्था मिलाइने। सबै नगरपालिकाहरुमा व्यवस्थित सहरीकरणका लागि नगर योजना अनुरुप मात्र निर्माण कार्य गर्न पाईने व्यवस्था लागू गरिने।
- काठमाण्डौ उपत्यका लगायतका सहरी क्षेत्रहरुमा फोहरबाट उर्जा उत्पादन गर्ने कार्यक्रम आगामी आर्थिक बर्ष देखि कार्यान्वयमा ल्याइने।

## विदेशी लगानी सम्बन्धी

लगानी बोर्डबाट निम्न अनुसारका कार्यहरु सम्पादन भएका छन्ः

- **पश्चिम सेती जलविद्युत आयोजना**
  - लगानी बोर्डको मिति २०७१।१२।३० को सत्रौ वैठकले China Water and Electric (CWE) Investment Corporation लाई अमेरिकी डलर १ दशमलव ६ विलियनको प्रत्यक्ष वैदेशिक लगानी गर्न स्वीकृती प्रदान गरिएको ।
  - सोही वैठकले विकासकर्ता कम्पनिलाई कार्यस्थल अन्वेषण (Onsite Investigation) गर्न दिने भन्ने निर्णय गरे अनुसार विकासकर्ता कम्पनी र लगानी वोर्डको संयुक्त टोली आयोजना निर्माणस्थल गई विकासकर्ताले प्रारम्भिक काम शुरु गरिसकेको ।
  - सोहि वैठकले नेपाल विद्युत प्राधिकरण र विकासकर्तालाई संयुक्त उपक्रम संझौता (Joint Venture Agreement) गरी special purpose vehicle-SPV खडा गर्न निर्देशन गरी सो वमोजिम गर्न नेपाल विद्युत प्राधिकरणलाई पत्राचार गरिएको ।

- **माथिल्लो कर्णाली जलविद्युत आयोजना**
  - नेपाल सरकार र Grandhi Mallikarjuna Rao (GMR) Consortium का विच माथिल्लो कर्णाली जलविद्युत आयोजनाको मिति २०७१।६।३ मा परियोजना विकास सम्झौता (Project Development Agreement) हस्ताक्षर भई सोही अनुसार कार्य अगाडी वढिरहेको।
  - अन्तर्राष्ट्रिय वित्तीय निगम (International Finance Corporation) ले GMR Upper-Karnali Hydropower सँग सहकार्य गरी माथिल्लो कर्णाली जलविद्युत आयोजना विकासको लागि संयुक्त विकास सम्झौता (Joint development Agreement-JDA) गरेको।
  - परियोजना विकास सम्झौताको प्रावधान अनुसार परियोजनाले तल्लो तटीय क्षेत्रमा पार्न सकिने असर/प्रभाव सम्वन्धमा सिंचाई मन्त्रालयको संलग्नतामा गरिएको अध्ययन कार्य अन्तिम चरणमा पुगेको।
  - आयोजनामा प्रभावित जिल्लाका स्थानीयवासीहरुको पुनर्वास व्यवस्थापनको लागि विकासकर्ताले पुनर्वास तथा पुनस्थापना योजनाको मस्यौदा तयार गरेको ।
  - आयोजनालाई आवश्यक पर्ने जग्गा पहिचानको काम अन्तिम चरणमा पुगेको ।

- **अरुण तेश्रो जलविद्युत आयोजना**
  - नेपाल सरकार र SJVN Arun-3 Power Development Company विच मिति २०७१।८।९ मा अरुण तेश्रो जलविद्युत आयोजनाको परियोजना विकास सम्झौता हस्ताक्षर भई सोही अनुसारको कार्य अगाडि वढिरहेको ।
  - जग्गा अधिग्रहणको लागि जग्गा प्रमाणिकरण कार्य तिव्रताका साथ अगाडि वढिरहेको।
  - सत्रौ वैठकबाट परियोजना विकास सम्झौताको प्रावधान अनुसार आयोजनको लागि आवश्यक पर्ने जग्गा प्राप्तिको लागि कुल रकमको वढीमा ५ प्रतिशत रकम खर्च गर्ने सम्वन्धी "आयोजना विकासकर्ताबाट प्राप्त हुने प्रशासनिक खर्च सञ्चालन कार्यविधि, २०७१" स्वीकृत भई सोही अनुसार जग्गा प्राप्ती सम्वन्धी कार्य भइरहेको ।
  - आयोजनाको लागि आवश्यक पर्ने उर्जा मन्त्रालयको नेपाल विद्युत प्राधिकरण र स्वामित्वमा रहेको जग्गा हस्तान्तरणको लागि कार्य प्रक्रिया अगाडि वढेको ।

- **माथिल्लो मर्स्याङ्दी जलविद्युत आयोजना**
  - माथिल्लो मर्स्याङ्दी जलविद्युत आयोजनाको विकासकर्ता हिमताल हाइड्रोपावर कम्पनी प्रा. लि. संग आयोजना विकास सम्झौता वार्ता जारी रहेको ।

- **तामाकोशी तेश्रो जलविद्युत आयोजना**
  - सत्रौं बैठकबाट तामाकोशी तेश्रो जलविद्युत परियोजनाको Project Negotiation Agreement को समयावधी संशोधन गरी त्यसमा नेपाल सरकारको तर्फबाट हस्ताक्षर गर्ने अख्तियारी बोर्डका कार्यकारी प्रमुखलाई दिने निर्णय भएको ।

- तामाकोशी तेश्रो जलविद्युत आयोजनाको विकासकर्ता Statkraft International Hydropower company सँग आयोजना विकास सम्झौतालाई अन्तिम रुप दिन वार्ता भइरहेको ।

- **रासायनिक मल उत्पादन कारखाना**
  - जनवरी, २०१४ मा कृषि विकास मन्त्रालयबाट लगानी बोर्डको कार्यालयमार्फत सञ्चालन गर्न हस्तान्तरण गरिएको यस परियोजनाको सम्भाव्यता अध्ययन कार्यको लागि आशय-पत्र प्रकाशन गरिएको। दरखास्त परेका इच्छुक परामर्शदाता कम्पनीहरुमध्ये संक्षिप्त सूचीमा सूचिकृत भएका चार वटा कम्पनीहरुबाट प्रस्तावका लागि अनुरोधपत्र (Request for Proposal) माग भएकोमा तीनवटा प्रस्तावकहरुले मात्र प्रस्ताव पेश गरेकोमा प्रस्तावकहरुबाट प्राप्त आर्थिक तथा प्राविधिक प्रस्तावको मूल्याङ्कन कार्य भइरहेको ।

- **दाङ्गगोटे सिमेन्ट प्राइभेट लिमिटेड कम्पनी**
  - लगानी बोर्डको निर्णयले वैदेशिक लगानी स्वीकृत गरी कम्पनी दर्ता गर्न दिइएको निर्देशन अनुसार कम्पनी रजिष्टारको कार्यालयमा कम्पनी दर्ता भइ कार्य अघि वढ्ने क्रममा रहेको ।
  - नयाँ सिमेन्ट खानीको लागि खानी तथा भूगर्भ विभागसँग समन्वय भइरहेको र जग्गा अधिग्रहणको काम शुरु गरेको जानकारी प्राप्त भएको ।

- **काठमाण्डौ उपत्यका फोहोरमैला व्यवस्थापन परियोजना**
  - फोहरमैला व्यवस्थापन सम्वन्धमा प्रस्ताव पेश गर्ने कम्पनीहरुको वारेमा स्थलगत रुपमा यथार्थ जानकारी लिने क्रममा लगानी बोर्डको तेह्रौ बैठकको निर्णयानुसार लगानी वोर्डका सहसचिवको नेतृत्वमा तीन सदस्यीय टोलीले जर्मन, फिनल्याण्ड, स्वीडेन र भारतमा स्थलगत भ्रमण अवलोकन गरी प्रतिवेदन पेश गरिसकेको ।
  - लगानी बोर्डको सोह्रौ वैठकले उक्त प्रतिवेदनको आधारमा कार्य प्रक्रिया अगाडि वढाउन निर्देशन दिएअनुसार सम्वन्धित विकासकर्ताहरुले कम्पनी दर्ता गरी निजहरुलाई कार्यादेश जारी भइसकेको। फोहरमैला व्यवस्थापन सम्वन्धी कार्यलाई सम्बन्धित तरिकाबाट शिघ्र अगाडी वढाउनका लागि सम्वन्धित मन्त्रालय र नगरपालिकाहरु सम्मिलित सञ्चालक समिति समेत गठन भइ नियमित तवरले वैठक वसिरहेको ।
  - सम्वन्धित कम्पनीहरुबाट विस्तृत आयोजना प्रतिवेदन तयारीको कार्य भइरहेको।
  - लगानी वोर्ड वैठकको निर्णयानुसार विस्तृत आयोजना प्रतिवेदन अध्ययनका लागि डिएफआईडी को सहयोगमा परामर्शदाता नियुक्ति गर्ने प्रक्रिया भइरहेको ।

- **त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको स्तर वृद्धि र दोश्रो अन्तराष्ट्रिय विमानस्थल, निजगढ बारा**
  - त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नति कार्यलाई कसरी अगाडी वढाउने भन्ने सम्वन्धमा संस्कृति, पर्यटन तथा नागरिक उडयन मन्त्रालयसँग छलफल भइरहेको।

– लगानी बोर्डको सत्रौ बैठकको निर्णयानुसार त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल र दोश्रो अन्तराष्ट्रिय विमानस्थल निजगढ, बाराको निर्माण र त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको स्तरोन्नति कार्यलाई समन्वयित ढंगले अगाडी वढाउनका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्यान मन्त्रीज्यूको अध्यक्षतामा एक उच्चस्तरीय सहजीकरण तथा समन्वय समिति गठन गरी लगानी बोर्डको कार्यालयले तयार गरेको आधारपत्रको आधारमा कार्य प्रक्रिया अगाडि बढाउने तयारी भइरहेको ।

- **रिलायन्स सिमेन्ट कारखाना स्थापना गर्ने सम्वन्धमा**
  – लगानी बोर्डको निर्णयले वैदेशिक लगानी स्वीकृत गरी कम्पनी दर्ता गर्न दिएको निर्देशन अनुसार कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी दर्ता गर्ने प्रक्रियामा रहको जानकारी प्राप्त भएको।

## गरिवी निवारण सम्बन्धी

गरिब तथा विपन्न वर्गलाई नै विकास प्रयासको नेतृत्वदायी भूमिकामा राखेर वञ्चितिकरणमा परेका समुदायलाई विकासको मूल प्रवाहमा ल्याउन विशेष तथा लक्षित कार्यक्रमका रुपमा गरिबी निवारण कोष २०६० मा अध्यादेश मार्फत स्थापना भई हाल गरिबी निवारण कोष ऐन, २०६३ अन्तर्गत सञ्चालन भईरहेको छ। नेपाल सरकारले लिएको दीर्घकालीन लक्षको सन्दर्भमा २० बर्षमा गरिबीलाई १० प्रतिशतमा झार्ने र सहस्राब्दी विकास लक्ष्य २०१५ अनुसार आधा गरिबी घटाउने उदेश्य हासिल गर्न कोषले सहयोग पुर्याइरहेको छ। आर्थिक वर्ष २०६६।०६७ मा गरिबीको सूचकांङ्कका आधारमा ४० जिल्लामा कार्यक्रम विस्तार पछी आर्थिक वर्ष २०७०।७१ बाट १५ जिल्ला थप गरी ५५ जिल्ला र तीन वटा जिल्लामा नविनतम सोचमा आधारित कार्यक्रम सहित ५८ जिल्लामा कोषको कार्यक्रम सुचारु भएको छ। थप १५ जिल्ला (दोलखा, म्याग्दी, गुल्मी, भोजपुर, सुर्खेत, नवलपरासी, मोरङ्ग,लमजुङ्ग, अर्घाखाची, नुवाकोट, गोरखा, बाँके, सुनसरी, दाङ्ग र कैलाली) मा आयमूलक कार्यक्रम २,७१८ वटा संचालन गर्ने लक्ष्य रहेकोमा २,६७० वटा संचालन भएको र भौतिक पूर्वाधार तर्फ ७८६ वटा संचालन गर्ने लक्ष्य रहेकोमा ४१८ वटा संचालन भएको छ। समुदायमा जाने विनियोजित रकमको सम्बन्धमा ६७ प्रतिशत प्रगती भएको छ। कोषका कार्यक्रमहरु संचालन गर्न नेपाल सरकारको लगानीको अतिरिक्त विश्व बैंक/अन्तराष्ट्रिय विकास संस्थाको कृषि विकासका लागि अन्तराष्ट्रिय कोष र जापान सामाजिक विकास कोष सहितका दाताहरुको सहयोग रहेको छ। भूकम्पको क्षतिग्रस्त जिल्लाहरुको लागि छुट्टै कार्यक्रम तयार गरी कार्यान्वयन गर्न यस कार्यालयबाट निर्देशन गरिए बमोजिम सो कोषले विभिन्न किसिमका थप सहयोगका कार्यक्रमहरु तयार गरी कार्यान्वयन गरिरहेको छ।

## अठारौं सार्क शिखर सम्मेलनः

मिति २०७१ मार्ग १० र ११ मा सम्पन्न अठारौं सार्क शिखर सम्मेलन सफलताका साथ सम्पन्न गर्ने प्रयोजनको लागि सम्मेलन तयारी गर्नका लागि गर्नुपर्ने सडक र सम्मेलन स्थलको मर्मत सम्भार, सरसफाई, सजावटका कार्यहरु र सम्मेलनको सुरक्षा चुस्त राख्ने व्यवस्था गर्ने कार्यहरु गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रभावकारी एवं समन्वयकारी भूमिका निर्वाह गरेको। ती कार्यहरुको निरन्तर अनुगमन, समन्वय तथा निर्देशन र निर्णयहरु तत्काल गर्न २०७१ मंसिर १ गते

मुख्यसचिवको अध्यक्षतामा बसेको बैठकको निर्णयानुसार द्रुत कार्यान्वयन समूह (Rapid Action Team) गठन गरिएको। सम्मेलनका सहभागी तथा भ्रमण दलका सदस्यहरुले ल्याउने सवारी, उपकरण तथा सामानहरु र सार्क सम्मेलनको लागि आवश्यक पर्ने सामानहरु शीघ्र छुटाउने व्यवस्था गर्न Goods and Machines Clearance Team समेतको व्यवस्था गरिएको।

## नेपाल पूर्वाधार सम्मेलन

नेपालमा पूर्वाधार विकासमा बैदेशिक लगानी बढाउने उदेश्यले मुख्यसचिवको अध्यक्षतामा बैठक बसी नेपाल उद्योग परिसंघ ले आयोजना गर्न लागेको नेपाल पूर्वाधार सम्मेलनको लागि सरोकारवालाहरुसँग पटक पटक बैठक बसी उक्त कार्यक्रमलाई बढी वस्तुपरक र प्रभावकारी बनाउन विभिन्न मन्त्रालयहरुलाई सहभागी गराई कार्यक्रम सम्पन्न भएको थियो । यसमा नेपाल सरकारले समेत साझेदारको रुपमा आर्थिक दायित्व समेत वहन गरेको थियो।

## संसदीय समितिका निर्णय कार्यान्वयः

व्यवस्थापिका-संसद, राष्ट्रिय विपद् व्यवस्थापन, अनुगमन तथा निर्देशन विशेष समिति २०७२ का सम्माननीय सभापति एवं सभामुखको सभापतित्वमा भूकम्पबाट प्रभावित जिल्लामा राहत बितरण, उद्धारको कार्य, पुनस्थापना र पुननिर्माणका सम्बन्धमा विभिन्न मितिमा बसेको बैठकले गरेका निणर्यहरु कार्यान्वयन गर्न र प्रगति विवरण समितिमा पठाउन लगाइएको। साथै यस कार्यालयबाट समेत संकलन गरेर प्रगति विवरण पठाइएको। राहत वितरण, उद्धारको कार्य, पुनर्स्थापना र पुनर्निर्माणका सम्बन्धमा नेपाल सरकारको मिति २०७२।०२।०८ को निर्णयबाट स्वीकृत भएको भूकम्पोत्तर प्रतिकार्य तथा पुनर्लाभ एकीकृत कार्ययोजना-२०७२ कार्यान्वयनको लागि सबै मन्त्रालयहरुमा पठाइएको। भूकम्पबाट भएको क्षति र पुनर्निर्माणको आवश्यकताको मूल्याङ्कन सम्बन्धी प्रतिवेदन (PDNA) लाई अन्तिम रुप दिन राष्ट्रिय योजना आयोगलाई निर्देशन गरिएको थियो।

## व्यवस्थापिका संसदका समितिहरुबाट प्राप्त निर्देशन कार्यान्वयन :

व्यवस्थापिका-संसदको अर्थ समिति, विकास समिति, सार्वजनिक लेखा समिति सुशासन तथा अनुगमन समिति, अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समिति, वातावरण संरक्षण समिति, कृषि तथा जलस्रोत समितिको विभन्न मितिमा बसेको बैठकले गरेका निर्णयहरु कार्यान्वयनका लागि प्राप्त हुन आए अनुसार कार्यान्वयन गर्न सम्बन्धित मन्त्रालय तथा निकायहरुमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तयार गरेको कार्यान्वयन कार्य योजना सहित पठाई उपरोक्त निर्णय कार्यान्वयनका प्रगति विवरण सम्बन्धित समितिमा पठाउन लगाउनुका साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सम्बन्धित समितिमा पठाउने कार्य गरिएको छ।

## संघीय प्रशासनिक पुनर्संरचना सम्बन्धी

संघीयताको सन्दर्भमा सार्वजनिक प्रशासनको पुनर्संरचना सम्बन्धी कार्यलाई अघि बढाउने क्रममा दिशानिर्देश गर्ने, सुझाव दिने र सहजकर्ताको भूमिकामा रहने कार्यसम्पादन समूह (Quality Circle) को दुई वटा बैठक बसि सार्वजनिक सेवालाई संघीय र प्रदेशको संरचनामा विस्तार र स्थानान्तरण गर्न विशेषज्ञता, छनोट र अवसर समेतलाई व्यवस्थापन गर्न आवश्यक गृहकार्य अगाडी वढाइएको छ ।

## संयुक्त राष्ट्र संघीय मानव अधिकार सम्बन्धी कानुनको संरक्षण र सम्बर्धन सम्बन्धी

संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरुमा मानव अधिकार संरक्षण र सम्वर्धनको कार्यलाई अझ बढी सशक्त तथा प्रभावकारी तुल्याउन सदस्य राष्ट्रहरुले आफूले मानव अधिकारको सम्बन्धमा स्वीकार गरेको दायित्व साकार पार्न गरेका काम कारवाहीहरुको प्रस्तुति गर्ने माध्यमको रुपमा विकास भएको Universal Periodic Review-UPR को दोस्रो सत्र अन्तर्गत सन् २०१५ मा जेनेभामा हुने नेपालको पुनरावलोकनको प्रयोजनका लागि नेपालको राष्ट्रिय प्रतिवेदन तयार गर्न एक अन्तर मन्त्रालयस्तरीय कार्यसमितिको गठन भई सो कार्यसमितिले तयार गरेको प्रतिवेदनको प्रारम्भिक मस्यौदाउपर क्षेत्रियस्तरमा सरोकारवाला निकायका प्रमुख तथा प्रतिनिधिहरु, संघसंस्था, मानव अधिकारकर्मी, प्राध्यापक, कानुन व्यवसायी, नागरिक समाजका प्रतिनिधि एवं पत्रकारहरु समेतको सक्रिय सहभागितामा नेपालगञ्ज, धनगढी, पोखरा, बिराटनगर तथा राष्ट्रियस्तरमा संकलित राय परामर्शको आधारमा नेपालको राष्ट्रिय प्रतिवेदन तयार गरी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७२।४।८ को बैठकबाट स्वीकृत भई परराष्ट्र मन्त्रालय मार्फत् संयुक्त राष्ट्रसंघको मानव अधिकार परिषद् समक्ष पेश गरिएको छ।

## भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धिको कार्यान्वयन सम्बन्धीः

भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको ब्यवस्था बमोजिम नेपालको पुनरावलोकन (Peer Review) यूएनओडिसी, बेनिन र फिजी बाट २०७१ फागुन १९ देखि २१ (मार्च ३ देखि ५, २०१५) मा सम्पन्न गरिएको। साथै भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको कार्यान्वयनसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना कार्यान्वयन तथा अनुगमन समितिको बैठक समितिका अध्यक्ष एवं मुख्य सचिवको अध्यक्षतामा कार्तिक र माघ महिनामा सम्पन्न भएको थियो ।

## सहकारी क्षेत्रमा हासील भएको मुख्य उपलब्धिहरु:

- यस आर्थिक वर्षमा सञ्चालन भएको कार्यक्रमहरुले सहकारी संघ-संस्थाहरुको संख्यामा ब्यापक वृद्धि हुन पुगेको छ। २०७२ असार मसान्तसम्म प्रारम्भिक सहकारी संस्था करिब ३३ हजार, जिल्ला सहकारी संघ ६९, विषयगत सहकारी संघ २४९, विषयगत केन्द्रीय संघ २०, राष्ट्रिय सहकारी बैंक १ गरी जम्मा ३३ हजार ३४० सहकारी संघ संस्था पुगेका छन् । उल्लेखनीय संख्यामा भएको यस वृद्धिले मूलत: यस क्षेत्रले स्थानीय तहमा रोजगारीका अवसरहरु सिर्जना गरेको छ भने राज्य र जनता बीच संस्थागत विकासको माध्यमबाट भेदभाव हटाई समानता स्थापना गर्दै आय आर्जन कार्यमा लगाउन प्रेरित गरेको छ ।
- सहकारी संघसंस्थाहरुको असल अभ्यास र कमजोर पक्षको बारेमा सर्वसाधारण जनमानसलाई सही सूचना सम्प्रेक्षण गर्ने कार्य प्रभावकारी बनाईएको हुँदा सहकारी प्रति नागरिकलाई सुसुचित गर्ने कार्य भएको छ ।
- हाल विद्यमान गरिबीको दुश्चक्र तोड्नको लागि विकासको मूल प्रवाहमा समेटिन नसकिएका, आर्थिक तथा सामाजिक रुपमा पिछडिएका विभिन्न वर्ग तथा समुदायलाई लक्षित कार्यक्रमहरुको प्रभावकारी सञ्चालन गर्न आर्थिक हैसियत खुल्ने परिचयपत्र प्रणाली लागु गर्ने राज्यले लिएको नीति अनुरुप २५ जिल्लामा गरिब घरपरिवार पहिचान सर्भेक्षणको कार्यको तथ्याङ्क प्रविष्टिको कार्य सम्पन्न भई डाटावेश तयार गरी १२ लाख ४० हजार ३५० घरपरिवार सर्भेक्षण भएको मध्ये र

३ लाख ५६ हजार ४१८ घरपरिवार प्रारम्भिक गरिबको रुपमा पहिचान भई गुनासो सुनवाईको क्रममा रहेका छन्। सो प्रकृया पश्चात गरिब परिचयपत्र वितरण गरी सरकारबाट जनतामा प्रदान गरिने सामाजिक सुरक्षाका सुविधाहरु प्रवाह गर्न सघाउ पुग्नेछ।

- महिला, परम्परागत पेशा गर्ने जनता र दलित आदि वर्गहरुलाई अनुदानको माध्यमबाट सहकारी संस्थाहरुको सुदृढिकरणको कार्यबाट निजहरुको सामाजिकस्तर विकास गर्न सघाउ पुगेको छ भने करिब ४७ प्रतिशत महिलाहरु सहकारी क्षेत्रमा संलग्न रहेकोले यो क्षेत्रका महिलाको आय आर्जन र समाजमा प्रतिष्ठा वृद्धिमा योगदान गरेको छ ।
- २०७२ असार मसान्तसम्म करिब २ लाख ८२ हजार जना सञ्चालक सदस्य, ४७ लाख ८५ हजार जना शेयर सदस्यहरु विभिन्न सहकारी संघ संस्थामा आवद्ध भई सहकारी क्षेत्रमा करिव ५६ हजार व्यक्तिले प्रत्यक्ष रोजगारी प्राप्त गरेका देखिन्छ ।
- मुलुकको अर्थतन्त्रको एक महत्वपूर्ण हिस्सा रहेको सहकारी क्षेत्रको अर्थतन्त्रमा रहेको योगदानलाई हेर्दा शेयरपूँजी लगभग ६१ अर्ब, बचत संकलन र परिचालन १७६ अर्ब र कर्जा लगानी १६१ अर्ब गरी लगभग ३९८ अर्बको वित्तिय कारोवार गरेको देखिन्छ। जुन कूल गार्हस्थ उत्पादनको झन्डै १८ प्रतिशत हुन आउँछ।
- महिला, सीमान्तकृत, अपाङ्ग र पिछडिएका वर्गहरुले संचालन गरेको ७० वटा सहकारी संस्थाहरुलाई रु २ करोड २३ लाख ७५ हजार बीउपूँजीको रुपमा अनुदान वितरण भएको छ।जसबाट समाजमा पछाडी परेका बर्ग र समुदायको आर्थिक कारोवारमा बृद्धि हुन गएको छ । यसबाट सामाजिक न्याय कायम गर्न समेत टेवा पुग्न गएको छ।
- सहकारी संघ संस्थाहरुको कारोवारमा सुशासन कायम गर्न सहकारी ऐन, २०४८ लाई पुनरावलोकन गरी सहकारी ऐन, २०७२ को मस्यौदा तयार गरी अर्थ मन्त्रालय र कानुन, न्याय संविधानसभा तथा संसदीय मामिला मन्त्रालयबाट सैद्धान्तिक सहमति र स्वीकृतिको कार्य भईरहेको छ। कानूनी राज्यको स्थापनामा प्रस्तुत कानुनको कार्यान्वयनले महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गर्न सकिन्छ।
- समस्याग्रस्त सहकारी संस्थाहरुको लागि गठित छानविन आयोगको सिफारिशमा सहकारी ऐनको निर्माण गर्न सघाउ पुगेको र जनमानसमा सहकारी प्रतिको सचेतना विकासको माध्यमबाट राज्यको दायित्व एकीन गर्ने कार्यलाई सघाउ पुग्न गएको देखिन्छ ।

## उद्योग क्षेत्रमा हासील भएका मुख्य उपलब्धीहरु

- औद्योगिक व्यवसाय ऐनलाई संसोधन गर्न बनेको विधेयक व्यवस्थापिका संसदमा पेश भएको छ।
- कम्पनी ऐनलाई संसोधन गर्न बसेको बिधेयकको अन्तिम मस्यौदा तयार भई सरोकारवाला मन्त्रालयमा राय प्रतिक्रियाका लागि पठाइएको र अर्थ मन्त्रालयबाट सहमती प्राप्त भैसकेको छ।
- भैरहवा विशेष आर्थिक क्षेत्र संचालनका लागि सेवा तथा प्रशासनिक भवनहरु माननीय उपप्रधानमन्त्री एव् गृहमन्त्री र माननीय उद्योग मन्त्रीबाट मिति २०७१ मंसीर २ गते संयुक्त रुपमा उद्घाटन गरिएको। उद्योग स्थापनाको लागि ईच्छुक उद्यमीसंग प्रस्ताब माग गरिएको।
- विशेष आर्थिक क्षेत्र सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक व्यवस्थापिका संसदमा पेश भएको।
- पाँचखाल विशेष आर्थिक क्षेत्रको विस्तृत इन्जिनीयरिङ्ग गरिएको र जग्गा प्राप्ति सम्बन्धी कार्य प्रक्रियामा रहेको।
- महिला उद्यमशीलता विकास कोष दश जिल्लामा सञ्चालन गरिएको।

- कम्पनी रजिष्ट्रार कार्यालयमा १२ घण्टे सेवा प्रवाह भईरहेको।
- जनवादी गणतन्त्र चीन सरकारसँगको विप्पा (BIPPA) को परिमार्जित मस्यौदा परराष्ट्र मन्त्रालयमा पठाइएको।
- विदेशी लगानी नीति नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएको ।
- उद्योग दिवस मनाउने सम्बन्धी प्रस्ताव नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएको।
- नेपाल एक्रिडिटेशन परिषद विधेयकको अन्तिम मस्यौदा तयार भई सरोकारवाला मन्त्रालयको राय प्रतिक्रियाको लागि पठाइएको ।

## स्वास्थ्य क्षेत्रमा हासील भएका मुख्य उपलब्धीहरु

- ४० थरीका औषधिबाट ७० थरीका औषधीको निःशुल्क उपलब्ध गराउने गरी मन्त्रिपरिषद्बाट स्वीकृत भएको वितरणको व्यवस्था आगामी वर्ष देखी लागु हुने गरी कार्ययोजना अघि बढाईएको।
- देशभरका स्वास्थ्य संस्था एवं १६,००० खोप केन्द्रवाट नियमितरुपमा १ वर्षमुनिका बालबालिकाहरुलाई क्षयरोग, भ्यागुते रोग,लहरे खोकी, धनुष्टंकार, हेपाटाइटिस बि, हेमोफिलस इन्फ्लुन्जा, पोलियो, दादुरा-रुवेला तथा १२ देखी २३ महिनाका बालबालिकाहरुलाई जे.ई.रोगको विरुद्ध खोप प्रदान गरिएको ।
- आमा सुरक्षा कार्यक्रमबाट देशभरिका करिव तीनलाख जनालाई निःशुल्क प्रसूति सेवा प्रदान गरिएको।
- देशभरका बर्थिङ्ग सेन्टरहरुमा जन्मेका ३९,३५० जना नवजात शिशुलाई स्वास्थ्य र दीर्घायूको लागि न्यानो कपडा सहित शिशु स्याहार समाग्री (न्यानो झोला) वितरण गरिएको।
- वि.सं. २०७०, चैत्र १३ गते नेपालले पोलियो रोगलाई शुन्य अवस्थामा पुऱ्याएको घोषणा भएको। सो विषयमा विश्व स्वास्थ्य संगठनले प्रमाण-पत्र समेत प्रदान गरेको ।
- लुकेर रहेका तथा जटिल खालका संक्रमित विरामीको अवस्था ९० मिनेट भित्रै पत्ता लगाई उपचार गर्न परीक्षण सेवा सहितको दुईवटा घुम्ती मोवाईल भ्यान १५ जिल्लामा सेवा शुरु गरिएको।
- मुलुकभरका विभिन्न विकट गा.वि.स.हरुमा जँहा तुरुन्त स्वास्थ्य सुविधाको लागि लामो दुरीमा रहेका स्वास्थ्य संस्था छन् त्यस्तो ठाँउमा सामुदायिक स्वास्थ्य इकाई स्थापना गर्ने कार्य यस वर्ष ४२ बाट १०० वटा पुऱ्याएको ।

## सेवा प्रवाहको क्षेत्रमा हासील भएका मुख्य उपलब्धीहरु

- सेवाग्राहीहरुको अत्यधिक चाप हुने सार्वजनिक निकायहरुमा मिति २०७१ पौष १ गते देखि नेपाल सरकारले लागु गरेको बिहान ६ बजे देखि अपरान्ह १८ बजे सम्मको १२ घण्टे सेवा संचालन गरेकोमा मिति २०७१ पौष ६ देखि २८ गते सम्मको अवधिमा काठमाण्डौ उपत्यकाका १८ र मोरङ जिल्लाका तीन गरी २१ वटा सरकारी कार्यालयहरुमा कूल १३७ पटक १२ घण्टे सेवाको अनुगमन गरिएको।
- आसन्न चाडपर्वको सन्दर्भमा सर्वसाधारण जनतालाई दैनिक उपभोग्य सामाग्रीहरु सहज र सुलभ तरिकाले उपलब्ध गराउने सम्बन्धमा वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, यातायात

व्यवस्था विभाग, नेपाल गुणस्तर तथा नापतौल विभाग र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट निकायगत कार्ययोजना माग गरी अनुगमनलाई प्रभावकारी रुपमा कार्यान्वयन गराउने निर्णय भएको थियो।

- साथै आसन्न चाडपर्वको अवस्थामा सरकारी सवारी साधनको दुरुपयोग सम्बन्धमा अनुगमन गर्न, यातायात व्यवस्था विभागबाट यातायात व्यवस्था सहज तुल्याउन गरिएको व्यवस्था सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्न, दैनिक उपभोग्य वस्तुहरुको सहज आपूर्ति एवं गुणस्तर कायम गर्नका लागि वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागबाट के कस्तो कार्ययोजना बनाइएको छ भन्ने सम्बन्धमा विवरण संकलन समेत लिई अनुगमन गर्न, साल्ट ट्रेडिङ कर्पोरेशनसंग अद्यावधिक विवरण लिई प्रतिवेदन पेश गर्न, दुग्ध विकास संस्थान र नेपाल खाद्य संस्थानबाट अध्यावधिक विवरण संकलन गर्न कर्मचारी खटाइएको र अनुगमनबाट प्राप्त प्रतिवेदन कार्यान्वयन गरी सरल र सहज रुपमा वस्तु सेवा आपूर्तिको व्यवस्था मिलाई राष्ट्रिय चाडपर्व सहज रुपमा मान्न सक्ने वातावरण तयार गरिएको।
- मिति २०७१ साल मंसिरको १० र ११ मा सम्पन्न भएको १८ औं सार्क शिखर सम्मेलनको पूर्व तयारीका लागि उक्त समयमा निर्माण र स्तरोन्नती हुन लागेका सडक पूर्वाधार लगायतका अन्य पूर्वाधार विकास सम्बन्धी कार्यहरुको केन्द्रबाट निरन्तर निगरानी र अनुगमन गरी समयमै सम्पन्न गराइ सम्मेलन सफल तुल्याउन सम्भव रहयो।

## राष्ट्रिय सतर्कता केन्द्रबाट हासील भएका मुख्य उपलब्धीहरु

### क) सरकारी जग्गा व्यक्तिको नाममा नामसारी गरेको सम्बन्धमा

रुपन्देही जिल्ला भैरहवा घर भइ मित्र राष्ट्र बर्मामा बसोबास गरी बर्माबाट नेपाल फिर्ता भइ राजनितिक पीडितका हैसियतमा रहेका बुद्धि प्रसाद उपाध्यायलाई मिति २०३५।५।३० मा तत्कालीन सरकारले पुनर्वासबाट वितरित जग्गा दर्ता श्रेस्ता कायम भई हकाधिकार कायम रहेको नवलपरासी जिल्ला माकर गा.वि.स. वडा नं. ६ घ कित्ता नं. २५ जग्गा विगाहा २-१७-० निजका नाममा दर्ता श्रेष्ता कायम भएकोमा निजको मिति २०५२।११।२८ मा मृत्यु भए पश्चात निजको हक खाने हकदार समेत कोही नभएकोले सो जग्गा मुलुकी ऐन, अपुतालीको महल १७ नं. मा भएको व्यवस्था बमोजिम नेपाल सरकारको हुनु पर्नेमा सुनसरी जिल्ला खनार गा.वि.स. वडा नं.४ बस्ने लाल बहादुरको छोरा विन बहादुर गौतमले देवीदत्तको छोरा बुद्धि प्रसाद गौतमको एकाघरका सहोदर भाई बनी विन प्रसाद गौतमको नाममा मति २०५२।१२।२७ मा ३३९६० नं. को जिल्ला प्रशासन कार्यालय सुनसरीबाट नागरिकता बनाई उक्त जग्गा मिति २०५३।१।३० मा मालपोत कार्यालय नवलपरासीमा निवेदन दिइ सोही निवेदनका आधारमा मिति २०५३।३।१३ मा निर्णय गराई दाखिल खारेज गरी लिएको भन्ने सम्बन्धमा छानविन टोलीको प्रतिवेदन र राष्ट्रिय सतर्कता केन्द्रका सचिव रमेश कुमार शर्माको अनुगमनबाट निजले किर्ते गरी नक्कली नागरिकता लिई नेपाल सरकारको नाममा आउनु पर्ने जग्गा आफ्नो नाममा गराएको पाइएको सम्बन्धमा केन्द्रबाट जिल्ला प्रशासन कार्यालयलाई निजको किर्ते विवरणका आधारमा लिएको नागरिकता रद्द गर्ने तर्फ कारवाही अगाडि बढाउन निर्देशन दिए बमोजिम सो कार्यालयको सिफारिशमा गृह मन्त्रालयबाट निजले लिएको नागरिकता बदर भई हाल उक्त जग्गा नेपाल सरकारको स्वामित्वमा आएको छ ।

**ख) परराष्ट्र मन्त्रालयको मेसिन रिडेवल पासपोर्ट (MRP) सम्बन्धी छानविन**

परराष्ट्र मन्त्रालयबाट सन् २०१० मा Oberthur Technologies कम्पनीसंग MRP छपाई सम्बन्धी सम्झौता गर्दा तथ्याङ्कको स्वामित्व, तथ्याङ्क स्थानान्तरण (Data Migration) र अन्तरनिकाय आवद्धता (Interoperability) विषयमा भएको व्यवस्थाका सम्बन्धमा अध्ययन गर्न नेपाल सरकार मन्त्रिपरिषद्वाट निर्णय भए अनुरुप छानविन टोली गठन गरी प्रतिवेदन पेश भएको थियो। उक्त टोलीले भविष्यमा MRP खरिदका लागि प्राविधिक प्रस्ताव तयार गर्दा नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा संचालन) निर्देशिका, २०७१ समेतलाई आधार लिनु पर्ने, कार्यालयमा प्राविधिक विज्ञ जनशक्ति नभै बाहिरबाट प्राविधिक विज्ञको सेवा करारमा लिई वा आमन्त्रण गरी प्रस्ताव तयार गर्ने, बोलपत्र तयारी र बोलपत्र मूल्यांकन सम्बन्धी काममा संलग्न गराउदा एकै व्यक्ति बोलपत्रका सबै प्रक्रियामा संलग्न नगराउने, यान्त्रिक उपकरण तथा सफ्टवेयर लगायतका सम्पूर्ण प्रणालीको हस्तान्तरण सम्झौता अवधि समाप्त भएपछि कुनै रकम नलिइ हस्तान्तरण गर्ने भन्ने प्रावधान भएकोले सम्झौता अवधी समाप्ति पश्चात राहदानीका तथ्याङ्क सहित यी सबै यान्त्रिक उपकरण तथा सफ्टवेयर प्रणालीको स्थापना Oberthur Technologies कम्पनीसंग हस्तान्तरण गरि लिनु पर्ने लगायतका सुझावहरु समेटिएको प्रतिवेदन पेश गरेकोमा उक्त प्रतिवेदनमा उल्लिखित सुझावहरु कार्यान्वयनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको।

**ग) शहरी विकास मन्त्रालयबाट खरिद गरिएको पाल तथा त्रिपाल सम्बन्धमा**

मिति २०७२ साल बैशाख १२ गते आएको भूकम्प र त्यसपछि आएका पराकम्पनबाट प्रभावित घर परिवारलाई तत्काल राहत वितरण गर्न शहरी विकास मन्त्रालयबाट पाल तथा त्रिपाल खरिद गरिएकोमा उक्त सामग्रीको खरिद, भण्डारण एवं वितरण प्रक्रियाका सम्बन्धमा छानविन गर्न टोली गठन भएकोमा उक्त टोलीले छानविन गरी प्रतिवेदन पेश गरेको थियो। उक्त प्रतिवेदनमा विशेष परिस्थितिमा यथाशिघ्र पाल त्रिपाल उपलब्ध गराउनु पर्ने परिस्थितिलाई मध्यनजर गरी सार्वजनिक खरिद ऐन तथा नियमको प्रावधान बमोजिम सोझै बजारबाट, वार्ताबाट, सूचना प्रकाशन गरी वार्ताबाट पाल तथा त्रिपाल आपूर्तिको व्यवस्था मिलाइएकोमा पहिलो चरणमा खरिद गरिएका जम्मा २७ हजार ७ सय ९ थान पाल तथा त्रिपालहरु मध्ये ३ हजार १९९ थानको भरपाई प्राप्त नभएको, वितरणको वस्तुनिष्ट आधार एवं मापदण्ड नभएको, खरिदका लागि संझौता गरिएका आपूर्तिकर्ताहरुले संझौतामा तोकिएको समयसीमाभित्र पाल उपलब्ध नगराएको, खरिद गरिएका पालहरुको साइज, स्पेशिफिकेशन एवं दररेट समेत फरक भएको पाइएको लगायतका समस्या पहिचान गरी समाधानका लागि आवश्यक सुझावहरु सहितको प्रतिवेदन प्रस्तुत भएको छ।

## राष्ट्रिय योजना आयोगको क्षेत्रमा हासील भएका मुख्य उपलब्धीहरु

**अ) योजना**

राष्ट्रिय योजना आयोगले आवधिक योजना तर्जुमा अतिरिक्त योजना अनुरुप वार्षिक विकास कार्यक्रम र बजेट सुनिश्चित गरी योजनाले राखेको लक्ष्य हासिल गर्न प्रबल भूमिका खेल्ने गर्दछ। यसका लागि आयोगलाई सहयोग पुऱ्याउन आयोगको सचिवालय प्रयासरत रहने गरेको छ। आयोगबाट सञ्चालित क्रियाकलापहरु र खेल्नुपर्ने भूमिकाका सम्बन्धमा आयोग आफैले

समीक्षा गरी यसको संस्थागत पक्षमा सुधार गर्दै जानुपर्ने हुन्छ। यसै तथ्यलाई मनन गरी सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा मिति २०७१।५।२९ मा बसेको आयोगको बैठकको निर्णयअनुरुप एक कार्यदल गठन भई अयोगको पुनःसंरचना सम्बन्धी कार्य गरिएको थियो । यसैगरी राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकले आयोगले परम्परागत रुपमा तर्जुमा गर्ने गरेको जिल्लास्तरीय कार्यक्रम र चौमासिक विभाजन सहितको वार्षिक कार्यक्रम स्वीकृतिका सम्बन्धमा सुधार गर्ने निर्णय लिएको थियो। साथै वार्षिक कार्यक्रम तर्जुमा र स्वीकृति गर्दा देखिनै प्रारम्भ गरिएको यस सुधारले स्थानियस्तरमा वार्षिक कार्यक्रम तथा बजेट सम्बन्धमा स्वामित्व ग्रहण, मन्त्रालयस्तरमा कार्यक्रम प्रति जिम्मेवारीपना बोध हुनुका साथै विकास कार्यक्रम कार्यान्वयनमा शीघ्रता ल्याउने हिसावले कोशेढुङ्गाको रुप ग्रहण गरेको छ। प्रस्तुत सन्दर्भमा तेह्रौं योजनाको नतिजा खाका तयार गरिएको। यसैगरी राष्ट्रिय विकास स्वयंसेवक सेवाको निरन्तरता एवं प्रभावकारिता बृद्धि गर्ने, सूचना प्रविधिको अधिकतम प्रयोग तथा नेपालका लागि आवश्यक सूचना तथा तथ्याङ्कलाई भरपर्दो, स्तरीय तथा सामयिक बनाउने उद्देश्य समेटिएका कार्यक्रमलाई जोड दिईएको छ। राष्ट्रिय योजना आयोगको सचिवालयले नेपाललाई अतिकम विकसित राष्ट्रको सूचीबाट विकासशील राष्ट्रको सूचीमा स्तरोन्नति गर्ने तेह्रौं योजनामा समावेश दिर्घकालीन सोंच अनुरुप मूलभूत उद्देश्य हासिल गर्न रणनीतिक योजना तर्जुमा, विकाससँग सम्वन्धित विभिन्न क्षेत्रमा विज्ञहरुको परामर्श सेवा तथा आयोजनाहरुको तेस्रो पक्षवाट मूल्यांकन गराउने कार्यहरु गरेको छ। योजना र विकाससँग सम्बन्धित बिषयहरुमा बहस एवम् पैरवी गर्ने साझा मञ्चका रुपमा प्रारम्भ गरी १२ वटा विकास वहस कार्यक्रम प्रसारण भएका छन् ।

**आ) अनुगमन तथा मूल्याङ्कन**

राष्ट्रिय योजना आयोगबाट अनुगमन तथा मूल्याङ्कनलाई नतिजामूलक तथा प्रभावकारी गराउन विभिन्न प्रयासहरु भएका छन्। यसले विकास योजना, कार्यक्रम तथा आयोजनालाई अपेक्षित समयमै लक्षित साधन प्रयोग गरी सम्पन्न गर्न सहयोग पुऱ्याउँछ। आयोगबाट तर्जुमा भै कार्यान्वयनमा ल्याइएको राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७० अनुरुप मन्त्रालय तथा क्षेत्रीयस्तरमा समेत जनशक्तिको क्षमता विकास, तेस्रो पक्षबाट गराइने मूल्याङ्कनलाई स्तरीय तथा संस्थागत गर्ने कार्य र अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त सूचना तथा दिईएका सुझावहरुको कार्यान्वयन गरी निर्णय प्रक्रियालाई सूचनामा आधारित गराउन विभिन्न क्रियाकलापहरु सञ्चालन गरिएका थिए ।

यसैगरी देशभित्रै मूल्याङ्कन सम्बन्धी क्षमता विकास गर्न मूल्याङ्कन संजालीकरण बैठक (Evaluation Networking Meeting) गराउने गरिएको, सचिवालय तथा अन्य सरकारी निकायका कर्मचारीहरु मात्र संलग्न गराई मध्य पहाडी राजमार्ग (पश्चिम खण्ड) को आन्तरिक मूल्याङ्कन गर्राईएको र अन्तर्राष्ट्रिय अनुभव तथा विशेषज्ञताबाट सिक्नका लागि समेत International Initiative for Impact Evaluation (3IE) सँग समझदारी पत्रमा हस्ताक्षर गरी कार्यक्रम अघि बढाइएको छ। यसै गरी लघु उद्यम विकास कार्यक्रम, महिला विकास (महिला जागृती) कार्यक्रम र बबई सिँचाइ आयोजनाको तेस्रो पक्षलाई संलग्न गराई मूल्याङ्कन गरिएको छ।

## विज्ञान प्रविधि एवं वातावरण संरक्षणको क्षेत्रमा प्राप्त भएका मुख्य उपलब्धीहरु

- यस आर्थिक वेषको अन्त्यसम्ममा ४००० किलोवाट लघु जलविद्युत उत्पादनको लक्ष्य रहेकोमा हालसम्म ३३४५ किलोवाट लघुजलविद्युत उत्पादन भएको।
- "विज्ञान प्रविधि र आविष्कार : दिगो विकासको आधार" भन्ने नाराका साथ राष्ट्रिय विज्ञान दिवस २०७१, विज्ञान प्रविधि सम्बन्धी प्रदर्शनी सहित विभिन्न कार्यक्रमका साथ सम्पन्न भएको । सो अवसरमा कीर्तिपुरमा निर्मित वि.पि. कोईराला राष्ट्रिय विज्ञान संग्रहालय भवनको सम्माननीय प्रधानमन्त्री श्री सुशील कोइरालाज्यूबाट समुदघाटन भएको।
- प्लाष्टिक झोला (नियमन तथा नियन्त्रण निर्देशिका), २०६८ मा संशोधन गरी नेपालभर ३० माइक्रोनभन्दा पातला झोलाहरुको उत्पादन, आयात, भण्डारण, विक्री वितरण तथा प्रयोगमा रोक लगाउदै नेपाल सरकारको निर्णयनुसार २०७२ साल बैशाख १ गतेदेखि काठमाडौ उपत्यकालाई प्लास्टिक झोला मुक्त क्षेत्र घोषणा भई नियन्त्रणका बिभिन्न कार्यक्रमहरु संचालन हुदै आएका छन्।यस कार्यक्रम अन्तर्गत बैशाख ८ देखि १२ सम्म १८ वटा अनुगमन टोली खटाई उपत्यकाका सवै नगरपालिकाको क्षेत्रभित्र अनुगमन तथा प्रचारात्मक कार्यक्रम गरी अनुगमनको क्रममा उपत्यकाका बिभिन्न स्थानबाट १४.३ क्विण्टल प्लास्टिक झोला नियन्त्रण गरिएको छ।
- जोखिमपूर्ण (खासगरी अस्पतालजन्य) पदार्थहरुको वातावरण मैत्री तवरले उचित विसर्जन गर्न भष्मिकरण प्रविधि प्रयोग हुने इन्सिनिरेटरको सञ्चालन, सञ्चालनबाट निष्कासन हुने धुँवा र चिम्नीको उचाइ सम्बन्धी मापदण्डको सूचना मिति २०७१/९/७ गते नेपाल राजपत्रमा प्रकाशन गरिएको।
- विद्यमान लोडसेडिङ समस्यालाई कम गर्न र शहरी जनतालाई उज्यालोमा रहन सहज अवस्था समेत हुने गरी शहरी क्षेत्रमा सौर्य उर्जा प्रणालीलाई प्रोत्साहन गर्ने उद्देश्यले "शहरी सौर्यउर्जा प्रणाली अनुदान तथा कर्जा परिचालन निर्देशिका, २०७२" स्वीकृत भएको।
- सूचना प्रविधि पार्क (व्यवस्थापन र संचालन) निर्देशिका, २०७२ मन्त्रिपरिषद्को २०७२/०२/२० को निर्णय अनुसार स्विकृत भई हाल कार्यन्वयनमा रहेको छ।

## वन संरक्षणको क्षेत्रमा हासील भएका मुख्य उपलब्धिहरु

- यस अवधिमा ३१६ वटा सामुदायिक वन उपभोक्त समूह र ९० वटा कवुलियती वन समूह गठन भई वनको दिगो व्यवस्थापनमा नागरिक सहभागिता अभिवृद्धि भएको।
- वन विकास गुरुयोजना, २०४६ को समयावधि सकिए पश्चात वन क्षेत्रमा रहेको नीतिगत अस्पष्टता हटाउँदै समग्र वन क्षेत्रलाई मागदर्शन गर्नको लागि वन, जैविक विविधता र जलाधार क्षेत्रको दिगो व्यवस्थापनद्वारा स्थानीय र राष्ट्रिय समृद्धिमा योगदान पुर्‍याउने दुरदृष्टिकासाथ वन नीति, २०७१ कार्यान्वयनमा ल्याइएको। यसै गरी चुरे क्षेत्रमा विकास निर्माणका लागि "वतावरणीय संरक्षण मापदण्डहरु-२०७१" तयार गरी चुरे क्षेत्रको विकासलाई वातावरणमैत्री बनाउन प्रयास गरिएको।

# परिच्छेद - ४

# शासकीय क्षेत्रको निकायगत उपलव्धिहरु

## १. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएका छन्।

### क. सुशासन प्रवर्द्धनका सम्बन्धमाः

- स्थानीय निकायहरुबाट छनौट भई आएका योजना तथा कार्यक्रमलाई बजेट बिनियोजनमा प्राथमिकता दिन तथा जिल्ला परिषद् सम्पन्न भइसकेपछि वार्षिक योजना तर्जुमा गोष्ठी नगर्न नगराउन सम्बन्धित निकायहरुलाई निर्देशन दिइएको।
- सार्वजनिक निकायको बैठक तथा कार्यक्रम सञ्चालन निर्देशिका, २०६९ मा भएका व्यवस्थाको कार्यान्वयन गरी बैठक वा सेमिनार गर्न लगाई अनावश्यक खर्च कटौती गरिएको ।
- नेपाल सरकारका अति विशिष्ट तथा विशिष्ट श्रेणीका पदाधिकारीले गर्ने विदेश भ्रमण, दिवा वा रात्री भोज एवं उपहार सम्बन्धी निर्देशिका, २०७२ जारी गरी खर्चमा मितव्ययिता र एकरुपता कायम गर्ने कार्य भएको।
- सवारी साधन (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी निर्देशिका, २०७२ जारी गरी सवारी साधनको सम्पूर्ण जिम्मा सवारी सुविधा प्राप्त गर्ने अधिकारीलाई दिई इन्धन र मर्मत खर्चमा एकरुपता कायम गर्ने र सवारी साधनप्रति अपनत्वको भावना जागृत गराउने कार्य भएको।
- महालेखा परीक्षकको कार्यालयबाट कायम भएका बेरुजू फछ्र्यौट गर्ने काम प्राथमिकताका साथ गर्ने कार्य भैरहेको।
- नेपाल सरकारका सचिवहरुलाई सबै सरकारी सवारी साधनहरुको तेस्रो पक्ष वीमा गराउने, तिर्नु वा बुझाउनुपर्ने राजस्व तिर्ने र सवारी चालकहरुलाई ट्राफिक नियम, परिचालन, शिष्टाचार लगायतका विषयमा तालिमको व्यवस्थाका लागि निर्देशन भएको।
- नेपाल बायुसेवा निगमलाई प्रभावकारी व्यवस्थापन गरी सञ्चालन गर्न दिएका निर्देशनप्रति ध्यानाकर्षण गराउँदै तत्काल प्रभावकारी कदम चाल्न निर्देशन भएको।
- औषधीको मूल्यमा अत्याधिक नाफाखोरी बढेको विषय माथि छानविन गर्न निर्देशन दिईएको।
- पेट्रोलियम पदार्थको मूल्य परिवर्तन पछि बैज्ञानिक भाडा दर निर्धारण गरी कार्यान्वयनमा ल्याउनु पर्नेमा सो बमोजिम नभएको समाचारहरु संचार माध्यमबाट आइरहेकोले सार्वजनिक सरोकारका संवेदनशील र महत्वपूर्ण विषयमा भएका निर्णयहरु तदारुकताका साथ कार्यान्वयन गर्न गराउन निर्देशन भएको।
- सामुदायिक विद्यालयको तीव्र गतिमा गिर्दो शैक्षिक स्तरका कारण लाखौ बालबालिकाको भविष्य अन्धकार हुने तर्फ ध्यानाकर्षित गर्दै सामुदायिक विद्यालयको शैक्षिकस्तर सुधार्न मुलुक भित्रका विभिन्न जिल्लामा गरिएका असल अभ्यासहरु हेरेर रचनात्मक तवरले जिम्मेवारी बोध गर्न निर्देशन भएको।

- विद्यमान सञ्चालनमा रहेको ओखरपौवा ल्याण्ड फिल्ड साइट करिव भरिएको र नयाँ ल्याण्ड फिल्ड साइट तयार हुन केही समय लाग्ने अवस्था देखिएको कारण ओखरपौवा ल्याण्ड फिल्ड साइटको क्षमता विस्तार गर्ने काम तीव्र गतिमा बढाउन र यसै आर्थिक वर्ष भित्र ल्याण्डफिल्ड साइट विस्तार गर्ने कार्य सम्पन्न गर्ने व्यवस्था मिलाउन निर्देशन भएकोमा निर्णय कार्यान्वयन सन्तोषजनक नपाइएकोले नयाँ कार्ययोजना यथाशिघ्र बनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाउन दोस्रो पटक निर्देशन भएको।
- नेपाल वायुसेवा निगमको नयाँ विमान नेपाल भित्रिएको सन्दर्भमा लामो समयसम्म उडान गर्न नसकेको र दिल्लीको लागि उडान तयारी भएर पनि रद्द भएको जस्ता विषयमा कारण पहिचान गरी दोषीलाई कारवाही गर्न निर्देश भएको।

## ख. प्रविधिको प्रयोगमा सम्बन्धमाः

- कर्मचारीहरुको दैनिक हाजिरीमा एकरुपता सम्बन्धी नियमन र व्यवस्थापन गर्न एकीकृत Biometric e-attendance लाई स्तरोन्ती गरी सिंहरबारबाट नियमन र एकरुपता गर्ने गरी व्यवस्थित तुल्याउन प्रक्रिया मिलाईएको।
- सचिव बैठकलाई भिडियो कन्फ्रेन्स मार्फत सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाईएको र सबै निकायहरुमा पनि सोही बमोजिम सम्पूर्ण तयारी पूरा भएको।
- सार्वजनिक निकायहरुमा फेसवुक र ट्वीटर मार्फत गुनासो व्यवस्थापनको व्यवस्था मिलाईएको।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा लागु गरिएको स्वचालित कार्यालय प्रणाली (Office Automation) लाई अन्य मन्त्रालयहरुमा समेत विस्तार गराईएको।

## ग. वागमती सफाई अभियान र भग्नावशेष व्यवस्थापनमा निजामती स्वयम् सेवक खडा गरी परिचालन

निजामती प्रशासन स्वार्थी र आत्मकेन्द्रित बन्दै गएको प्रति जनताको विश्वास घटेको र साख नै गिर्दैगएको भन्ने आरोप र केही हदसम्मको वास्तविकतालाई दृष्टिगत गरेर स्वयंसेवी अभियान मार्फत निजामती कर्मचारीहरुको व्यवहारमा शुद्धिकरण गर्न र निजामती सेवा प्रति जनताको विश्वास आर्जन गर्न सञ्चालित स्वयंसेवी अभियानले बागमती सफाई साथै भूकम्पबाट सिर्जित भग्नावशेष सफाईमा अहम् भूमिका निर्वाह गरेको छ। यसको सन्दर्भमा देहायका उपलब्धी हासिल भएका छन्।

- बागमती सफाईका लागि सञ्चालित अभियानको नेतृत्व गरी अधिकतम जनसहभागिता जुटाउन सफल भएको साथै स्थानीय निकायका वडा सचिवहरुमार्फत बडा नागरिक मञ्चहरु एवं टोल सुधार समितिहरुको परिचालन प्रभावकारी बनाईएको।
- वागमती नदीको निश्चित खण्ड छुट्टाएर स्थानीय समुदायसंग संझौता गरी सफाईको दिगो समाधानको व्यवस्थाका लागि सफाईको जिम्मा दिने कार्य अगाडि बढाईएको ।
- बागमती सफाईको एक सय औं हप्ता मनाउने कार्यक्रम २०७१ चैत्र २८ गते सुन्दरीजल देखि चोभारसम्म बागमती नदीको दुबै किनारामा मानवसाङ्लो निर्माण गरी सम्माननीय उप-राष्ट्रपति, प्रधानमन्त्री, मन्त्रीहरु, विभिन्न दलका प्रमुखहरु लगायतका विशिष्ट महानुभावहरु सरकारी निकाय, वागमती अभियन्ता, हिसान, शैक्षिक संस्थाहरु, संचार माध्यमहरु लगायत विविध निकायहरुबाट

करिब १ लाख १० हजारको उल्लेखनीय उपस्थिती, सहयोग र सहभागितामा विशाल मानवसाङ्लो निर्माण गरी सफाईमा ऐक्यवद्धता प्रस्तुत भएको।

- सफाई अभियानमा नौ सय भन्दा बढी संघ-संस्थाहरु र लाखौ व्यक्तिहरु स्वःस्फूर्त रुपमा सहभागी भएका र मानिसहरुमा सफाईप्रतिको जनचेतनामा उल्लेख्य बृद्धि भएको, वागमती सफाई अभियानबाट प्रभावित भएर काठमाडौं उपत्यकाका सबै नदीहरु र देशका अन्य शहरका नदीहरुमा पनि सफाई अभियान शुरु भएको छ। फलस्वरुपः आत्मकेन्द्रित हुदैं गएको नेपाली समाजमा स्वयंसेवी भावनाको बढोत्तरी आएको।
- बागमती नदीको दुबै किनारमा ढल विछ्याउने कार्यलाई तीब्रता दिलाउन पहल भएको। नदीमा जथाभावी फोहर फाल्नेक्रम करिव रोकिएको।
- बागमती नदी किनारामा पार्क निर्माण र वृक्षारोपण गरी शहरी सौन्दर्यलाई बढाउने काम भएको,
- मुख्य सचिवको सक्रिय सहभागितामा भूकम्पबाट सिर्जित काठमाडौं उपत्यकाका विभिन्न स्थानका भग्नावशेष निजामती स्वंयसेवक सहित नेपाल प्रहरी र नेपाली सेनाका साथै वागमती सफाई अभियन्ता समेतको सहभागितामा सफाई गर्ने गराउने काम भएको,
- नख्खु कारागारको सेफ्टिटयाङ्कबाट ग्याँस उत्पादनका लागि पूर्वाधार निर्माणको काम अन्तिमचरणमा पुगेको साथै पशुपति परिसरमा जम्मा भएको फोहोरबाट ग्यास निकाल्ने काम अगाडि बढाउन निर्देशन समेत दिइएको छ ।
- काठमाडौं उपत्यकाभित्र चार सय वटा सार्वजनिक शौचालय निर्माणको कार्य अगाडी बढाईएको।

## घ. आकस्मिक प्रकोप व्यवस्थापन सम्बन्धी कार्यहरुः

- गत २०७१ चैत्र महिनाको मध्यदेखि जाजरकोट जिल्लामा फैलिएको मौसमी रुघाखोकी (Flu) सरुवा रोगको प्रकोप नियन्त्रणका लागि मन्त्रिपरिषदले मुख्य सचिवको संयोजकत्वमा टोली गठन गरे बमोजिम विभिन्न बैठक बसी घटना समिक्षा र रणनीति तय गरेर सम्बद्ध निकायहरुको प्रभावकारी परिचालन एवं मुख्य सचिव, स्वास्थ्य तथा सचिव, सरुवा रोग विशेषज्ञ, आवश्यक औषधी सहित स्थलगत निरीक्षणका लागि स्वयं जाजरकोटको खलङ्गा पुगी खटिएका प्रमुख जिल्ला अधिकारी, नेपाली सेना, नेपाल प्रहरी र चिकित्सक लगायत सम्पूर्ण राष्ट्रसेवक एवं अस्पतालमा भर्ना भएका विरामीलाई भेटी महामारी नियन्त्रणका लागि हर्दै सम्मको प्रयासको कारण जटिल मोड लिने अवस्थामा पुगेको रोगको तत्काल नियन्त्रण गर्न सकिएको।
- विनाशकारी ठूलो भूकम्प पश्चात खोज उद्दार र राहतका लागि मुख्य सचिवको अध्यक्षतामा बसेको सचिवस्तरीय निर्णय बमोजिम संकटग्रस्त क्षेत्र घोषित १४ जिल्लाका लागि नेपाल सरकारका सचिवको नेतृत्व हुनेगरी उक्त जिल्लाका ५५ निर्वाचन क्षेत्रमा सहसचिवस्तरको नेतृत्वमा कर्मचारीको टोली गाउँ विकास समितिसम्म खटाई समन्वय, अनुगमन, तथ्याङ्क संकलन र सहजिकरणको व्यवस्था मिलाईएको।
- भूकम्प पश्चात सिर्जित विपद्को घडीमा विपद व्यवस्थापनलाई प्रभावकारी बनाउन निजामती कर्मचारीलाई आफ्नो कार्यालय र क्षेत्र अन्तर्गतका सरोकारवाला संस्थाहरुका सम्पूर्ण स्रोत साधन परिचालन र उपयोग गर्न जिल्ला प्रशासन कार्यालयको समन्वयमा राजनीतिक संगठनहरु, स्थानीय निकाय, नागरिक समाज, निजी क्षेत्रलाई विपद् व्यवस्थापन कार्यमा अहोरात्र खटाउने व्यवस्था मिलाईएको।

- नेपाल सरकारका सम्पूर्ण सचिवहरुलाई कार्यालय सञ्चालन गरी सेवा प्रवाहलाई निरन्तरता दिने व्यवस्थाका लागि सबै सरकारी कार्यालयहरुले आफ्नो भवन एवं भौतिक संरचना प्रयोग गर्न मिल्ने नमिल्ने सम्बन्धमा शहरी विकास मन्त्रालय मार्फत जाँच गराई बस्न मिल्ने भएमा सोही कार्यालयबाट र नमिल्ने भएमा तत्काल बैकल्पिक व्यवस्था गरी कार्य सञ्चालन गर्ने व्यवस्था मिलाउने, प्रभावित जिल्ला स्थित कार्यालय प्रमुखहरुले कार्यालय सञ्चालन गरी सेवालाई निरन्तरता दिए नदिएको, क्षतिग्रस्त संरचनाहरुको क्षतिको विस्तृत विवरण संकलन गरे नगरेको एवं कर्मचारीलाई विदा, काजमा छाडे नछाडेको कार्यको अनुगमन सम्बन्धित मन्त्रालयका सचिव वा विभागीय प्रमुख स्वयंले गर्ने प्रबन्ध मिलाईएको ।
- वर्षायाममा बाढी पहिरो लगायतका प्रकोप व्यवस्थापनको पूर्वतयारीका लागि बाढीको पूर्व जानकारी (early warning) पद्धतीको व्यवस्था, उच्च जोखिमयुक्त वस्ती पहिचान गरी स्थानान्तरण, एक लाखसम्म पाल मौज्दात राख्ने र हेलिकप्टर तयारी अवस्थामा राख्ने जस्ता कार्यमा उच्च सजगता अपनाउने व्यवस्था मिलाईएको।
- भूकम्पबाट भएको क्षतिको विवरण संकलन गर्न, राहत वितरणमा सघाउन र भू-उपयोग योजना तयार गर्न प्रत्येक गाउँ विकास समितिमा खटाईएका टोलीबाट संकलित विवरणलाई एउटै तहमा जिल्ला र केन्द्र तहमा प्रविष्ट गरी संशोधनको व्यवस्था मलाउने कार्य भएको।

## ङ. विकास निर्माणका क्षेत्रमा प्रगतिः

- सिनामङ्गल देखि रत्नपार्कसम्मको सडकखण्ड निर्माण र खानेपानी पाईप बिछ्याउने काममा भएको गम्भिर लापरवाही गर्ने र संखुवासभा-भोजपुर जोड्ने अरुण नदीमा बन्न लागेको लम्सुवाघाटको पुल निर्माण कार्य अलपत्र अवस्थामा छोड्ने निमाण व्यवसायीलाई कालोसूचीमा राख्ने एवं सो कार्यसँग सम्बन्धित कर्मचारीहरुलाई समेत कारवाही गर्ने व्यवस्थाका लागि निर्देशन गरिएको।
- ऐतिहासिक र पुरातात्विक शैलीका कला संस्कृतिलाई संरक्षण गर्ने व्यवस्था गर्न गराउन निर्देशन भएको।
- उर्जा मन्त्रालयलाई माथिल्लो तामाकोशी जलविद्युत आयोजना निर्माण सुचारु गर्ने व्यवस्था अविलम्ब मिलाउन निर्देशन भएको।
- विश्वसम्पदा सूचीमा परेको जानकी मन्दिर नजिक अग्ला भवन बनाउन स्वीकृत दिइएको सम्बन्धमा छानबीन गरी आवश्यक कारवाहीको प्रक्रियामा जान निर्देशन भएको।
- भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई काठमाडौं तराई द्रुतमार्ग निर्माणको सम्झौता सम्बन्धमा निर्देश भएको।

## च. भूकम्प पश्चातको कार्यालय व्यवस्थापनः

- भूकम्पबाट क्षतिग्रस्त भई प्रयोग गर्न नमिल्ने भवनहरुमा रहेका मन्त्रालयलाई सिंहदरबार भित्रकै क्षति नभएका मन्त्रालय वा निकायका भवनहरुमा स्थानान्तरण गर्ने व्यवस्था मिलाइएको।
- भूकम्पबाट ध्वस्त भएका जिल्लास्थित सरकारी कार्यालयहरुलाई आवश्यक पालहरु उपलव्ध गराई कार्यालय सञ्चालन गर्ने व्यवस्था मिलाउने निर्देशन भएको।
- भूकम्पबाट घरवार एवं परिवारजन गुमाएका कर्मचारीहरुलाई मनोपरार्श दिई पूर्ववत रुपमा कार्यालयको काममा सक्रिय बनाइएको।

- भूकम्पको भग्नावशेष तथा पहिरोमा पुरिएका पशुपन्छी तथा मानिसको लास कुहिएर फैलिनसक्ने महामारी रोकथामको पूर्व तयारी गरी परिचालन गरेको,
- ध्वस्त सरकारी संरचनाहरुको निर्माण छिटो सम्पन्न गर्नका लागि सहरी विकास मन्त्रालय र अन्तर्गतका निकायमा कर्मचारीहरुलाई अहोरात्र काममा लगाउने व्यवस्था मिलाइएको,
- सरकारी कार्यालयहरु भत्केर त्यसको भग्नावशेषमा पुरिएर रहेका महत्वपूर्ण कागजातहरु सुरक्षित निकाल्ने र निकालिएका कागजातहरु सुरक्षित रहेको जुनसुकै कार्यालयमा राखी संरक्षण गरेको।
- भूकम्पबाट प्रभावित जिल्लाहरुका हरेक निर्वाचन क्षेत्रमा कम्तिमा १०० देखि १५० व्यक्तिहरु अटाउने टहराहरु निर्माण गर्ने र त्यस्ता टहराहरुमा आवश्यकता अनुसार विद्यालय सञ्चालन गर्न तथा आवश्यकता अनुसार अस्थायी आवासमा प्रयोग गर्ने ।
- सिंहदरबार भित्रका विभिन्न सरकारी निकायहरुमा कार्यालय राखी सञ्चालन हुदै आएका सबै आयोजना/परियोजना/परामर्शदाताहरुको कार्यालयलाई सिंहरवारबाट बाहिर स्थानान्तरण गरी कार्यसञ्चालनको व्यवस्था मिलाइएको।

विभिन्न जिल्लाहरुको अनुगमनः डडेलधुरा, जाजरकोट, बाग्लुङ, गुल्मी, संखुवासभा, धनुषा, पाल्पा, अर्घाखाँची, धादिङ, नुवाकोट, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, धादिङ, चितवन, नवलपरासी, रुपन्देही, कपिलबस्तु, महोत्तरी, बाँके, कास्की, स्याङजा, महोत्तरी, सुनसरी, झापा लगायतका जिल्लास्थित कार्यालय प्रमुखहरुसँग अन्तरक्रिया गर्ने र राष्ट्रिय महत्वका आयोजनाहरु वा सरकारी निकायबाट सम्पादन भएका कार्यहरुको अनुगमन, निरीक्षण र अवलोकन मार्फत राम्रो काम गर्ने कर्मचारीहरुलाई हौसला प्रदान गरी जिम्मेवार बनाउने प्रयास गरिएको।

## छ. विविध उपलब्धीहरु :

- निजामती कर्मचारी कल्याणकारी कोष स्थापनाका लागि नियमावली तयार गरी मन्त्रिपरिषदबाट स्वीकृत गरिएको।
- स्वदेशी उत्पादनको प्रवर्द्धन गर्न राष्ट्रसेवक कर्मचारीहरुलाई नेपालमा उत्पादन भएका कपडा खरिद गर्न आव्हान भएको।
- नेपाल सरकारका केन्द्रियस्तरका पुस्तकालयहरुलाई एकिकृत पुस्तकालयको रुपमा सञ्चालनको प्रबन्ध मिलाउने कार्य अगाडि बढाईएको।
- निजामती कर्मचारीहरुको तर्फबाट प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा करिव रु ३७ करोड जम्मा भएको। साथै, भूकम्पमा परी मृत्यु भएका, एकाघरका परिवारको सदस्य गुमाएका र पूर्ण रुपमा घर क्षति भएका निजामती कर्मचारीहरुलाई राहत उपलब्ध गराउन सम्पूर्ण निजामती कर्मचारीहरुको एक दिनको तलव निजामती कल्याणकारी कोषमा जम्मा गरी वितरणको कार्य प्रकृया अगाडि बढाइएको।
- मन्त्रिपरिषद्मा पेश हुने प्रस्तावमा प्रचलित कानुनको रीत पुऱ्याई सम्बन्धित सन्दर्भ सामाग्री संलग्न गरी कुन कानुनको कुन व्यवस्था अनुसार मन्त्रिपरिषद्ले निर्णय गर्नुपर्ने हो स्पष्ट खोली नीतिगत निर्णय गर्ने भए नीति मस्यौदा र नीति निर्माणका लागि भएका अध्ययन/अनुसन्धान/प्रतिवेदन, विश्लेषण सम्बद्ध पक्षको राय र मन्त्रालयको किटिएको सिफारिस सहित प्रस्ताव पेश गर्न निर्देशन भएको।

- निजामती सेवा पुरस्कारका लागि असल अभ्यासहरु संकलन गरी त्यसमा संलग्न कर्मचारीहरुलाई मात्र निजामती सेवा पुरस्कारमा सिफारिस गर्न मन्त्रालयको website मा सार्वजनिक गर्ने व्यवस्था मिलाई राम्रो कार्यसम्पादन गर्ने कर्मचारी पुरस्कृत गर्ने नयाँ आयामको शुरुवात गरिएको।
- जानकी मेडिकल कलेज तथा शिक्षण अस्पताल, जनकपुरमा पठनपाठन बन्द रहेको विषयमा बैकल्पिक व्यवस्था गरी अध्ययन सुचारू गराउने सम्बन्धमा गरिएको प्रतिवद्धता तोड्ने र विद्यार्थीको भविष्यमाथि खेलवाड गर्ने कलेज संचालकलाई कानुन बमोजिम कारवाही गर्न निर्देशन भएको।
- स्थानीय निकायमा कार्यरत  कर्मचारीहरुलाई अनावश्यक दवाव दिएर आर्थिक बर्षको अन्त्यमा निर्माण कार्यमा प्रक्रिया मिच्न र नाजायज फाईदा उठाउन खोज्नेलाई कारवाही गर्न निर्देशन भएको।
- वैदेशिक रोजगारसम्बन्धीत कागजातहरु प्रमाणिकरण गर्दा श्रम सहचारीको नेतृत्व र अग्रसरतामा कुटनीतिक नियोगबाट  तोकिएको कार्यदिन भित्र प्रमाणित गर्ने गरी कार्यविधि बनाई तत्काल लागु गर्न निर्देशन भएको।
- मुलुकका हरेक निकायहरुको ध्यान विपद् व्यवस्थापनमा भएको वेला बालबालिकाको ओसारपसारलाई नियन्त्रण गर्ने र संलग्नलाई कडा कारवाही गर्न निर्देशन भएको।

## ज. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तरगत सम्पादन भएका काम कारबाहीहरुः

### १. मन्त्रिपरिषद् बैठक तथा संवैधानिक निकाय व्यवस्थापन

- २०७१ श्रावण देखि २०७२ असार मसान्तसम्म मन्त्रिपरिषद्का विभिन्न समितिहरु ५९ वटा बैठक बसी १११ वटा निर्णयहरु भएका छन्। सो को विवरण देहाय बमोजिम भएको छ।

| क्र.सं. | मन्त्रिपरषद् समितीको नाम | बैठक बसेको संख्या | बैठकबाट भएको निर्णय संख्या |
|---|---|---|---|
| १. | राजनैतिक समिति | - | - |
| २. | आर्थिक तथा पूर्वाधार समिति | २० | ४५ |
| ३. | विधेयक समिति | २४ | ३८ |
| ४. | प्रशासन समिति | ४ | ८ |
| ५. | सामाजिक समिति | ११ | २० |
| | जम्मा | ५९ | १११ |

- लोकसेवा आयोग एवं राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तथा सदस्यहरू र अख्तियार दुरूपयोग अनुसन्धान आयोगका आयुक्तहरूको रिक्त पदमा नियुक्तका लागि संवैधानिक परिषद्द्वारा सफारिस भई सम्माननीय राष्ट्रपतिज्यूबाट नियुक्ति भएको।
- सर्वोच्च अदालतका प्रधानन्यायाधीशको रिक्त पदमा नियुक्तिका लागि संवैधानिक परिषद्द्वारा सफारिस भई सम्माननीय राष्ट्रपतिज्यूबाट नियुक्ति भएको।

## २. शासकीय सुधार

- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आर्थिक वर्ष २०७०/०७१ को वार्षिक प्रतिवेदन एवं सुशासन ऐन, २०६४ को दफा ४१ (३) अनुसार प्रधानमन्त्रीले व्यवस्थापिका संसदमा प्रस्तुत गर्नुपर्ने शासकीय सुधार तथा सुशासन सम्बन्धी प्रतिवेदन तयार गरी सार्वजनिक गरिएको।
- निजामती सेवावाट सेवा निवृत्त मुख्यसचिवहरुको सम्मेलन सम्पन्न भै प्रतिवेदनसमेत सार्वजनिक भईसकेको।
- यसै अवधिका विभिन्न मितिमा यस कार्यालयको उच्च व्यवस्थापन समूह (Senior Management Team) को पाँच वटा बैठकहरुबाट भएको निर्णय कार्यान्वयन गरेको।
- पूर्व विशिष्ट श्रेणीका पदाधिकारीहरुको अभिलेख (Roster) अद्यावधिक गर्ने कार्य गरिएको।
- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कृयाकलाप विस्तार हुँदै गएको सन्दर्भमा नयाँ ढंगले थप विस्तार गरी काठमाडौं उपत्यका बाहिर जमिन प्राप्त गरी भौतिक पूर्वाधार निर्माण गर्ने सम्बन्धमा दोलखा जिल्लाको सुष्मा क्षमावतीको देउराली भन्ने ठाउँको जग्गा पहिचान गरी सिफारिश सहितको प्रतिवेदन सामान्य प्रशासन मन्त्रालयमा पठाइएको।
- शासकीय सुधारसँग सम्बन्धित गुनासो, उजूरी, सुझाव, मागपत्र, ज्ञापनपत्र तथा निवेदन आवश्यक कारवाहीको लागि सम्बन्धित निकायमा प्रेषित गर्ने तथा शाखासंग सम्बन्धित अन्य गुनासोहरुको व्यवस्थापन गरिएको।
- शासकीय सुधार तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धमा अनुगमन गर्ने कार्य भइरहेको।
- भूकम्प प्रभावित क्षेत्रहरुमा भग्नावशेष हटाउने कार्यको विवरण संकलन तथा सहजीकरणको कार्य गरिएको।
- स्वचालित कार्यालय प्रणाली (Office Automation System) लाई सबै मन्त्रालय तथा केन्द्रीय निकायहरुमा विस्तार गर्दै लैजानको लागि सबै मन्त्रालय तथा केन्द्रीय निकायका पदाधिकारीहरुसँग अभिमुखीकरण कार्यक्रम संचालन गरिएको।
- कानुनद्वारा स्वायत्तता प्राप्त गरेका निकाय र राजनीतिक नियुक्तिबाट समग्रमा सुशासनमा परेको प्रभावको वस्तुगत मूल्याङ्कन गरी सुधारका लागि सुझाव दिन कार्यदल गठन गरी प्रतिवेदन दिइएको।
- जाजरकोट जिल्लामा मौसमी रुघाखोकीका कारण फैलिएको माहामारी नियन्त्रणका लागि विभिन्न बैठकहरुको आयोजना गरी भएका निर्णय कार्यान्वयनको अनुगमन गरिएको।

## ३. प्रशासन पुनर्संरचना

- सामान्य प्रशासन मन्त्रालय अन्तर्गत रहेको सार्वजनिक सेवा व्यवस्थापनमा सरकारको विद्यमान प्रणाली एवं प्रक्रिया सुदृढिकरण गर्ने, राज्य पुनर्संरचनाको सन्दर्भमा प्रशासन सुधारको लागी सम्वन्धित सरकारी निकायहरुलाई तयार गर्ने उद्देश्यले संयुक्त राष्ट्रसंघिय विकास कार्यक्रमको प्राविधिक सहायतामा शासकिय सुधारका लागी सार्वजनिक प्रशासनको तयारी आयोजना (PREPARE Project) ले विकेन्द्रीकरण, सामाजिक समावेशीकरण, कृषि, खानेपानी, स्वास्थ्य, शिक्षा र यातायात सहित ७ क्षेत्रका विषयमा कार्यगत विश्लेषण (Functional Analysis) को कार्य भई सुझावका लागी कार्यसम्पादन समूह (Quality Circle) मा पठाइएको।

- संघीयताको सन्दर्भमा सार्वजनिक प्रशासनको पुनर्संरचना सम्बन्धी कार्यलाई अघि बढाउने क्रममा दिशानिर्देश गर्ने, सुझाव दिने र सहजकर्ताको भूमिकामा रहने गरी कार्य जिम्मेवारी तोकिएको साथै कार्यसम्पादन समूहको दुई वटा बैठक बसेको।
- विनाशकारी भूकम्पपछि क्षति भएका सरकारी कार्यालयहरुको नाममा रहेको घर जग्गाको प्राप्त विवरणहरुको अभिलेख राखिएको।

## ४. गुनासो व्यवस्थापन तथा हेलो सरकार कक्ष

- हेलो सरकार कक्षबाट तत्काल सम्बोधन गर्नुपर्ने प्रकृतिका गुनासोहरु औसत प्रति महिना ६० वटा रहेका छन् ।
- मासिक रुपमा सरदर पाँच सय वटा गुनासाहरु आउने गरेका छन् । तिनलाई तत्काल गुनासो पोर्टलबाट सम्बन्धित निकायमा पठाउने गरिएको छ ।
- प्रत्येक महिना हेलो सरकारको प्रगति प्रतिवेदन सार्विजनिक भैरहेको छ। हेलो सरकार कार्यक्रम शुरु भएदेखि अहिलेसम्म ३६ हजार २५ गुनासा आएको मध्ये ३५ हजार ५७५ अर्थात ९६ प्रतिशत गुनासोको सुनुवाई सम्पन्न भएको छ ।
- हेलो सरकारले फेसबुकबाट पनि जेष्ठ २५ देखि गुनासा ग्रहण गर्न थालेको छ र असार मसान्तसम्मको छोटो अवधिमा गुनासोहरु टिपेर मन्त्रालयहरुमा पठाउनै पर्ने प्रकतिका ३०५ वटा गुनासाहरु अनलाइन पोर्टलबाट पठाइएको छ। यसका अतिरिक्त काउन्सेलिङ गर्नुपर्ने प्रकृतिका सयौं गुनासाहरु च्याट तथा तत्काल टिप्पणी गरेर सम्बोधन गरिएका छन्। फेसबुक पेजमा गुनासा सम्बोधन दर ९६ प्रतिशत रहेको र समय एक घण्टा रहेको छ। प्राप्त गुनासाहरुमध्ये एक घण्टाको अवधिमा नै ९६ प्रतिशतसम्म सम्बोधन भएको पाईएको छ। यस्तै हेलो सरकारको फेसबुक पेजमा हालसम्म १३ हजार ४०० भन्दा बढी लाइक आइसकेका छन्। गुनासो संयन्त्रलाई प्रभावकारी बनाउनमा यसले एकदमै लागत प्रभावी रुपमा कार्य गरिरहेको र उपलब्ध साधन र स्रोतलाई नै उपयोग गरि चलाइएको छ ।
- हेलो सरकारको १११११ फोनमा रात्रिमा धेरै गुनासा नआएकोले लागत प्रभावी नदेखिएको हुँदा भूकम्पपश्चात् २४ घण्टे टेलिफोन सेवालाई घटाएर १४ घण्टे बनाइएको छ। रात्रिकालीन समयमा फोन नउठाउँदा पनि गुनासा आउने औसत संख्यामा कुनै कमी नभएको अवस्था छ ।
- असार महिनाको मात्र गुनासो विश्लेषण गर्दा अनलाइनबाट सम्बन्धित निकायमा पोष्ट गरेका कुल ६७३ गुनासामध्ये ४९२ वटामा मन्त्रालय वा अन्य सम्बद्ध निकायले कार्यान्वयन गरेर जानकारी दिएका छन्। अर्थात् ७३ प्रतिशत फछ्र्यौट दर देखिएको छ ।
- त्यस्तै, गत आर्थिक वर्ष मात्र कुल ५ हजार ७९० गुनासाहरु अनलाइनमा दर्ता भएर कारवाहीमा गएका देखिन्छन् ।
- गुनासो फछ्र्यौट दर कम भएका निकायहरुका सम्बद्ध अधिकृतहरुसंग बैठक वसी समाधानका लागी प्रयत्नरत रहन निर्देशन दिइएको छ।

## ५. सदाचार प्रवर्धन तथा भष्टाचार निगरानी

- सम्माननीय प्रधानमन्त्रीज्यू, मुख्यसचिव र यस कार्यालयलाई सम्वोधन गरी कारवाहीका लागि प्राप्त भ्रष्ट्राचारजन्य एंव अनियमित कृयाकलापको व्यहोरा उल्लेखित प्राप्त निवेदन/ सिकायतहरु कार्यक्षेत्रानुसारका नियामक निकायहरुमा आदेश एवं निर्देशन भएनुसार कार्यान्वयनका लागि लेखि आवश्यकतानुसार कार्यप्रगतिको अनुगमन गर्ने गरिएको।

- अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्ट्राचार एंव अनियमितता सम्वन्धी उजुरीमाथि यस कार्यालय मार्फत कारवाही गर्न भनि निर्देशन सहित लेखि पठाएका उजुरीहरुको उपयुक्त कार्यविधि अपनाई आफै छानविन गर्ने वा संवन्धित नियामक निकायहरुलाई कारवाहीका लागि लेखि त्यसको कार्यान्वयनको कार्यप्रगति नियमित रुपमा अनुगमन गर्ने गरिएको।
- दैनिक पत्रपत्रिकाहरुमा प्रकाशित अनियमितता तथा भ्रष्ट्राचारजन्य सवालका समाचार एवं लेखलाई नै सूचनाको एउटा माध्यम वनाई सोही आधारमा सम्वन्धित निकायहरुमा पत्राचार गरी कार्य सम्पादनको नियमित निगरानी गर्ने गरिएको।
- पाल्पा जिल्लाको तत्कालिन रामपुर गाविसका विभिन्न वडाका सार्वजनिक जग्गाहरु तथा तत्कालिन श्री ५ को सरकारको नाममा दर्ता रहेका ऐलानी जग्गाहरु समेत गाउँ विकास समितिका तत्कालिन अध्यक्ष समेतको मिलोमतोमा गैरकानुनी समिति गठन गरी विभिन्न व्यक्तिलाई विक्रि वितरण गरेको भन्ने उजुरीको सवन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०५८।१२।१ र मिति २०६७।९।२६ को निर्णय कार्यान्वयनका लागि लेखि आएकोमा कार्यान्वयनमा आएको जटिलता एंव कार्यान्वयन हुन नसकेको अवस्थावारेमा पछिल्लो पटक पेश हुँदा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७२।२।८ को निर्णय अनुसार जग्गा दर्ता समिति गठन आदेश, २०७२ स्वीकृत भई आयोगको निर्णय कार्यान्वयनलाई अघि वढाइएको।
- गोंगबु नयाँ बसपार्क हाताभित्र सरकारी जग्गामा भवन निर्माण गरी निजी क्षेत्र (ल्होत्से वहुउद्धेश्यिय प्रा. लि.) ले प्रयोग गरेको भन्ने समेतको उजुरी सम्वन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेको निर्णय अनुसार नेपाल सरकारको नाममा दर्ता भएको उक्त जग्गामा व्यापारिक भवन निर्माण भई व्यापार व्यवसाय संचालन समेत भइरहेको पाइएकोले उक्त भवनहरु निर्माण भएको मितिदेखि हालसम्मको घरभाडा हिसाव गरी नेपाल सरकारले ल्होत्से वहुउद्धेश्यीय प्रा. लि. वाट असुल उपर गर्ने र सुझावमा उक्त जग्गामा निर्मित भवनहरु समेत नेपाल सरकारले नै उपभोग गर्ने वा अन्य व्यवस्थापन गर्ने हो सो समेत गर्न र घर एंव जग्गाको संरक्षण गर्ने र अन्य कारवाहीका सम्वन्धमा मिति २०५६।१२।२९ मा महानगरपालिका र उक्त निजी क्षेत्र वीच भएको सम्झौताका शर्तहरु करार ऐन, २०५६ बमोजिम सम्वन्धित मन्त्रालय समेतवाट परामर्श एवं स्वीकृति प्राप्त गरि करार भंग गर्नेतर्फ आवश्यक कारवाही गर्ने भन्ने आयोगको काठमाडौं महानगरपालिकालाई निर्देशन भएकोमा उक्त निर्देशन कार्यान्वयनका लागि महानगरपालिका कार्यालयलाई वारम्वार ताकेता गर्दा कार्यालयको तर्फवाट अधिकतम प्रयास गर्दा समेत कार्यान्वयन हुन नसकेको। साथै सम्झौताका दुवैपक्ष सहमत नभई सम्झौता पुनरावलोकन हुन नसक्ने भएकाले आयोगको निर्देशन वमोजिम यस कार्यालयद्वारा प्रस्तावित शर्त वन्देज तथा दायित्वहरुमा सम्झौता गर्न दोश्रो पक्ष ल्होत्से वहुउद्धेश्यीय प्रा. लि. असहमत हुने गरेको र पटक पटकको आपसी वार्ता तथा छलफल निष्कर्षमा पुग्न नसकेको कारण आयोगको निर्णय कार्यान्वयनमा सहजता ल्याउने तर्फवाट उपरोक्त समझौता पुनरावलोकन गर्न वस्तुगत अवस्था तथा वित्तीय अवस्थाको यथार्थ चित्रण गर्न आवश्यक भएको ठहर गरि कार्यालयको निर्णय अनुसार कार्यदल गठन गरि कार्यदलले विज्ञवाट परामर्श सेवा खरिद गरि प्राविधिक तथा वित्तीय विश्लेषण गराई प्रतिवेदन प्राप्त हुन आएकोले उक्त विश्लेषण सहितको प्रतिवेदनले औल्याएका आधारमा सम्झौताका पक्षहरु वीच सम्झौता पुनरावलोकन गर्ने बारे लेखि आएको व्यहोरा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई लेखि गएको ।

- सरकारी तथा सार्वजनिक जग्गा संरक्षण सम्वन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगवाट विभिन्न मितिमा भएका निर्णय निर्देशन मध्ये हालसम्म पनि कार्यान्वयन हुन नसकेका विषयहरुको शिघ्र फछ्यौंटका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका मिति २०७१।७।२८ गते सम्वन्धित मन्त्रालयका सचिवहरु सहितको बैठकले निर्णयसंग सम्वन्धित निकायहरुले १५ दिनभित्र निर्णय कार्यान्वयनको कार्ययोजना वनाई आयोगले तोकेको समयसीमा भित्र कार्यान्वयन गरि आयोगलाई जानकारी गराउने निर्णय भई सोही व्यहोरा लेखि गएको र केहि निकायवाट आफ्नो जिम्मेवारी भित्रका विषय कार्यान्वयन भैसकेको भनि जानकारी समेत प्राप्त भएको।
- विशालवजार कम्पनीका ११ संचालकमध्ये आठ संचालक उपर आयोगवाट विशेष अदालतमा भ्रष्ट्राचार मुद्धा दर्ता भए पश्चात कम्पनीलाई पूर्ववत रुपमा संचालन एंव व्यवस्थापन गर्न शेयरधनी संचालक सदस्य नेपाल खाद्य संस्थान, नेशनल ट्रेडिङ्ग लिमिटेड र कृषि सामाग्री कम्पनीका महाप्रवन्धकलाई संचालक तोकी कम्पनीलाई पूर्ववत रुपमा संचालनमा ल्याइएको जानकारी प्राप्त भएको।
- आयोगको निर्देशन वमोजिम विद्यमान सामाजिक व्यवहार सुधार ऐन, २०३४ मा समसामयिक सुधारका लागि व्यवस्थापिका संसदमा विधेयक प्रस्तुत भई विचाराधिन रहेको छ । उपरोक्त विधेयक संसदवाट स्वीकृत भएमा विद्यमान सामाजिक सुधार ऐनलाई विस्थापित गरी सामाजिक व्यवहारमा समसामयिक सुधार र समय सापेक्ष हुने विश्वास लिइएको छ।
- प्रचलित कानुन वमोजिम आफुले निर्णय गर्नुपर्नेमा निर्णय नगरी मन्त्रिपरिषद्बाट निर्णय गराउने परिपाटी अन्त्यका लागि सवै मन्त्रालय सचिवालय आयोगलाई निदृष्ट कार्यविभाजन अनुसारको कार्य सम्पादन आआफ्नै निकायहरुवाट गर्न गराउन गम्भीर ध्यानाकर्षण गरी परिपत्र गरिएको छ। प्रचलित कानुन वमोजिम अधिकार प्राप्त अधिकारीले निर्णय गर्नुपर्ने विषयमा अधिकार प्रास अधिकारीहरु सजग रहेको।
- सरकारी निकायहरुमा रहेका पुराना सवारी साधनहरु लिलाम गर्ने वारेको निर्देशन कार्यान्वयनका लागि सवै केन्द्रीय तहका निकायहरुलाई निर्देश गरिएको र यसको नियमनकारी निकायलाई नियमित अनुगमन गर्न निर्देशन गरिएको।
- नेपाल सरकार मातहतका सवै सरकारी निकायहरुमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुको आवधिक सम्पत्ति विवरण कानुन वमोजिम तोकिएको निकायमा अभिलेखिकृत गर्ने कार्य हुदै आएको छ। सम्पत्ति विवरण नवुझाउने राष्ट्रसेवक उपर अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्देशन कारवाहीका लागि लेखि आए वमोजिम कारवाहीको अनुगमन समेत गर्ने गरिएको।
- नेपाल सरकारको स्वामित्वमा रहेका सरकारी सवारी साधनहरु आवश्यकीय कार्यका लागि वाहेक सार्वजनिक विदाका दिनहरुमा निजी प्रयोजनका लागि प्रयोग नगर्ने नगराउने व्यवस्था कडाईका साथ पालना गराउन सवै केन्द्रीय निकायहरुलाई सचेत गराइएको। साथै प्रयोग नगरि नहुने अवस्थामा मात्र मिति/ स्थान तोकी केन्द्रीय तहमा सचिवस्तरको स्वीकृति गराई अनुमति (पास) दिइने र सोहि वमोजिम अनुगमन गर्न नियामक निकायलाई निर्देशन गरिएको छ।
- कास्की जिल्लाका फेवा ताल लगायत अन्य ताल तलैयाहरुको प्रभावकारी संरक्षण र सम्वर्द्धन गर्न सम्वद्ध निकायबाट कार्ययोजना बनाई कार्यान्वयन गर्नु सान्दर्भिक एंव व्यवहारिक हुने

देखिएकाले कार्यान्वयनका लागि लेखि आएकोमा प्रारम्भिक कारवाही शुरु भई कार्यान्वयन कार्ययोजना सहरी विकास मन्त्रालयवाट प्राप्त भएको छ ।

- सुधीर वस्नेतद्धारा संचालित कोअपरेटिभ तथा हाउजिङ्गको ऋण व्यवस्थापन गर्ने सम्वन्धी निर्देशन सम्वन्धमा कोअपरेटिभ लगायत वचत तथा ऋणको कारोवार गर्ने समस्याग्रस्त सहकारीको छानविन गर्न गठित आयोग, २०७० ले पेश गरेको प्रतिवेदनलाई प्राथमिकताको आधारमा कार्यान्वयन गर्दै लाने नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७१।२।८ को निर्णयानुसार प्रतिवेदनले दिएको सुझाव अनुरुप समस्याग्रस्त सहकारीहरुको सम्पत्ति व्यवस्थापनका लागि आयोग गठन गर्ने कार्यको प्रकृया थालनि भएको भनि सहकारी तथा गरिवी निवारण मन्त्रालयवाट लेखि आएको छ । साथै सहरी विकास मन्त्रालय अन्तर्गत अधिकार सम्पन्न आवास छानविन आयोग गठन भई कार्य थालनी भैसकेको जानकारी प्राप्त भएको छ ।
- यूनाइटेड मिसन टु नेपाल (United Mission to Nepal) नेपालबाट बहिर्गमन भएपछि उक्त संस्थाको सम्पत्ति हस्तान्तरण नेपाल सरकारलाई हुनुपर्ने सवन्धमा थप कारवाहिका लागि लेखि आएकोमा उक्त संस्थाको वुटवल पावर लिमिटेड र हिमाल हाइड्रो एण्ड जनरल कन्स्ट्क्शन लि. मा रहेको शेयर तथा हिमाल हाइड्रोको नाममा रहेको संस्थाले आफ्नो प्रयोगको लागि खरिद गरेको घर जग्गा लगायत उक्त मिशनको स्वामीत्वमा रहेको सम्पूर्ण चल अचल सम्पत्ति नेपाल सरकारले निशुल्क प्राप्त गर्ने गरी नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७०।१०।२३ को बैठकवाट निर्णय भएको छ ।
- सामाजिक सुरक्षा भत्ताको वितरण प्रणालीमा दुरुपयोग एंव अनियमितता हुने गरेको कार्य रोक्ने भन्ने विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट निर्देशन भएकोमा सम्वद्ध मन्त्रालयले मातहतका सवै निकायलाई यस्तो वितरणमा कुनै अनियमितता र दुरुपयोग हुन नदिन र गुनासा सम्वोधन हुने गरि अपेक्षित उद्देश्य बमोजिम लक्षित व्यक्तिको हातमा सहज ढंगवाट भत्ता रकम वितरण गर्ने व्यवस्था गर्न गराउन निर्देशन गरेको जानकारी प्राप्त भएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयवाट समेत आवधिक रुपमा वितरण कार्यको अनुगमन गर्ने व्यवस्था मिलाइएको छ ।
- कम गुणस्तरको विटुमिनको प्रयोगवाट सृजित समस्याहरुको दीर्घकालिन समाधानका लागि समन्वयात्मक रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०७०।०९।१९ को निर्णयले औंल्याएका विटुमिनको गुणस्तर सुधार, परीक्षण तथा स्तरीय प्रयोगशाला निर्माण र संचालनका साथै नेपालको वातावरणमा सडक निर्माणमा उपयुक्त हुनसक्ने Crumb Rubber Modified Bitumen (CRMB) Bitumen Emulsion जस्ता सामाग्रीको प्रयोग गर्न अनुसन्धान गरी मापदण्डको व्यवस्था यथासिघ्र मिलाउने साथै निदृष्ट गरे वमोजिमको उपाय अवलम्वन गरी शिघ्र कार्यान्वयनमा ल्याउन भौतिक पूर्वाधार तथा यातायात, संघीय मामिला तथा स्थानीय विकास मंत्रालय र गुणस्तर तथा नापतौल विभागलाई निर्देशन दिइएको।
- जिल्ला नवलपरासी माकर गाउँ विकास समिति वडा नं १ वस्ने खिमा रिजालले ऐ वडा नं ६ (घ) को कि. नं. २५ ज. वि. २-१७-० जग्गा नक्कली कागजात तयार गरी हक हस्तान्तरण गरिएकोले छानविन गरीपाउँ भनि दिएको निवेदन उपर राष्ट्रिय सतर्कता केन्द्र मार्फत छानविन गराउदा उपरोक्त कित्ताको जग्गा नेपाल सरकारको हुने देखिदा सरकारी मुद्धा सवन्धी ऐन, २०४९ को दफा २२ अनुसार मुद्धा चलाउने प्रयोजनका लागि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३८ (छ) अनुसार सुझाव दिइएको व्यहोरा मिति २०७१।०९।२० को निर्णयानुसार

अनुरोध छ भनि राष्ट्रिय सतर्कता केन्द्रवाट लेखि आएकाले अख्तियार दुरुपयोग अनुसन्धान आयोग समक्ष आवश्यक कारवाहीका लागि छानविन प्रतिवेदन लगायतका कागजातहरु मिति २०७१।०९।२७ को निर्णयानुसार पठाइएको छ ।

- सार्वजनिक तथा सरकारी जग्गा सरोकार समिति काठमाडौले काठमाण्डौं महानगरपालिका वडा नं ४ र ५ मा धोविखोला भत्केको पुल छेउको साविक २०२१ सालको नक्शामा धोविखोला जनिइ हाल नेपाल  सरकारको नाममा श्रेस्तापूर्जा कायम रहेका जग्गाहरु विभिन्न भू माफिया तथा आफुलाई ठुलावडा भनाउदा व्यक्तिहरुले अनधिकृत रुपमा अतिक्रमण गरी भोगचलन गरी रहेको हुदाँ उक्त सार्वजनिक जग्गा संरक्षण गरी पाउन दिएको उजुरीको वास्तविकता छानविनका लागि राष्ट्रिय सतर्कता केन्द्रमा पठाई प्राप्त प्रतिवेदन समेतका आधारमा विवादित कित्ताका जग्गा तत्काल रोक्का राखि पूर्व त्रुटिपूर्ण निर्णय सच्याउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखि पठाइएकोमा उक्त जग्गा रोक्का भएको जानकारी प्राप्त भएको।
- प्रचलित कानुन वमोजिम रीत नपुऱ्याई कारोवार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा वेमुनासिव तरिकाले आर्थिक कारोवार गरेको रकम कलमलाई वेरुजु मानिने हुदाँ आर्थिक प्रशासन संग सम्वन्धित ऐन, नियम, निर्देशिका र लेखाका सर्वमान्य सिद्धान्त अनुसार आर्थिक र प्रशासनिक कारोवार गर्न र सोहि मुताविक वेरुजुलाई शुन्य मापनमा कायम गराउन व्यवस्थापिका संसद, सार्वजनिक लेखा समिति र अख्तियार दुरुपयोग अनुसन्धान आयोगवाट मुख्यसचिवलाई निर्देशन दिइएकोमा वेरुजुको मात्रा शून्य स्थिति तथा वेरुजु फछ्यौटको स्थिति झल्किने गरी आर्थिक कारोवार गरी स्वच्छताको स्तरलाई प्रतिविम्वित गर्न गराउन नेपाल सरकार मातहतका सवै केन्द्रीय निकायहरुलाई परिपत्र गरिएको।
- सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगवाट भएका निर्णयहरु कार्यान्वयनमा सरोकारवाला निकायहरु उदासिन रहेको देखिएकाले सरकारी तथा सार्वजनिक जग्गा संरक्षण कार्यमा सम्वन्धित सरोकारवाला निकायहरुले सकृयतापूर्वक आ-आफनो जिम्मेवारी निर्वाह गर्न कार्ययोजना बनाई एक वर्षभित्र सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण कार्य गर्ने गराउने व्यवस्थाका लागि मुख्यसचिवलाई ध्यानाकर्षण गराउने भनि लेखि आए वमोजिम सोको पूर्ण कार्यान्वयनका लागि सम्वद्ध निकायहरुका पदाधिकारी सहितको वैठक वसी आयोगले तोकेको समयसीमा भित्र कार्यान्वयन गर्न गराउन र सोको कार्यप्रगति नियमित रुपमा आयोग र यस कार्यालयलाई गराउन लेखि पठाइएको।
- विनासकारी भूकम्पका कारणले पिडित भएका व्यक्तिहरुका लागि शहरी विकास मन्त्रालयले खरिद गरेका त्रिपाल लगायतका राहत सामाग्रीहरुको खरिद प्रक्रिया, खरिद परिमाण र वितरणको अभिलेख समेतको अध्ययन गरी राष्ट्रिय सतर्कता केन्द्रको छानविन टोलीले पेश गरेको प्रतिवेदनमा उल्लेखित निष्कर्ष र सुझाव अविलम्व कानुन वमोजिम कार्यन्वयन गर्न व्यवस्थापिका संसदको समितिबाट भएको निर्देशन कार्यान्वयनका लागि मिति २०७२।३।२ मा सहरी विकास मन्त्रालयलाई लेखि पठाइएको ।

## ६. सामान्य प्रशासन

- संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M Survey) सम्पन्न भएको ।
- जिन्सी निरक्षणबाट औंल्याइएका काम नलाग्ने वा पुनः प्रयोग हुन नसक्ने सामग्रीहरुको नियमानुसार लिलामी गर्ने कार्य सम्पन्न भएको।

- साविकको संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा कार्यालय स्थानान्तरण गरी व्यवस्थापन गरिएको ।
- आन्तरिक कार्य सञ्चालन निर्देशिका तयार गरी लागू गरिएको ।
- भग्नावशेष हटाउने तथा बागमती सरसफाइमा परिचालित स्वयंसेवकहरुको समन्वय गरिएको।

## ७. आर्थिक प्रशासन सम्वन्धी नियमित कार्यहरु

- यस कार्यालयबाट आर्थिक व्यवस्थापनको लागि दुई किसिमका खाता संचालन हुँदै आएको छ । पहिलो किसिमको खाता प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लागि विनियोजित बजेटसँग सम्बन्धित छ भने दोस्रो किसिमको खाता यस कार्यालयमा रहेका कोषहरुको संचालनसँग सम्बन्धित छ। पहिलो किसिमको खातामा दुई वटा शीर्षक र दास्रोमा तीन वटा कोषहरु रहका छन्। साथै राजश्व र धरौटी तर्फ पनि कारोवार हुने गरेको छ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लागि प्राप्त हुने बजेटको पनि दुई वटा बजेट उपशिर्षकमा प्राप्त हुन्छ। पहिलो बजेट उपशिर्षक ३०१०१३३/४ मा कार्यालयका कर्मचारीहरुको तलव भत्ता लगायत कार्यालयको दैनिक प्रशासनिक काममा खर्च हुने गरेको छ भने दोस्रो बजेट उपशिर्षक ३०१०११३ (मन्त्रिपरिषद्)मा मन्त्रिपरिषदका सदस्यहरुको तलव भत्ता लगायत अनुगमन तथा भ्रमण खर्च, स्टेशनरी, ईन्धन, संचार, मर्मत र बैठकहरुमा हुने जलपान, खाना, खाजाका खर्चहरु हुने गरेको छ।
- यस कार्यालयमा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष, प्रधानमन्त्री राहत कोष, प्रधानमन्त्री सहायता कोष संचालनमा रहेका छन्।
- यस आर्थिक वर्ष २०७१/७२ मा यस कार्यालय र मातहत निकायहरुलाई रु. १६ अर्व ९९ करोड ७७ लाख ५८ हजार बरावरको अख्तियारी प्रदान गरिएकोमा यस कार्यालयलाई मात्र प्राप्त बजेट अख्तियारी रु.११ अर्व ८३ करोड ३३ लाख ४५ हजार र बजेट निकासा एवं भुक्तानी आदेश रु.११ अर्व ७६ करोड ४९ लाख ४५ हजार खर्च भएको।
- राजश्व तर्फ लीलाम, ठेक्का पट्टा र बेरुजु दाखिला गरी रु. २ लाख ७ हजार ८ सय भएको र धरौटी तर्फ रु. १८ लाख ९५ हजार ५ सय ३२ दाखिला भएको।
- भुक्तानीका लागि प्राप्त भएका विलहरुको खर्च सार्वजनिक भएको तेस्रो दिन भुक्तानी गर्ने व्यवस्था गरिएको। प्रक्रिया एवं रीत नपुगी प्राप्त हुन आएका खर्चका विलहरु खर्च सार्वजनिक हुनु अगावै फिर्ता गर्ने गरिएको।
- सबै बजेट उपशीर्षकहरुको खर्चको हिसाब रितपूर्वक राखी यथा समयमै वित्तीय प्रतिवेदनहरु तयार गरी सम्बन्धित निकायहरुमा पठाइएको।
- महालेखा परिक्षकको कार्यालयबाट आर्थिक बर्ष २०७०।७१ को अन्तिम लेखापरिक्षण सम्पन्न भई प्रारम्भिक प्रतिवेदन प्राप्त भएको छ। प्रतिवेदन अनुसार सुधारका प्रयासहरु सफल भएको संकेत देखिएको छ। बिनियोजन तर्फ रु २४ करोड ४३ लाख २५ हजार , राजश्व तर्फ रु. ३ लाख ५३ हजार, धरौटी तर्फ रु ३९ लाख १७ हजार र विभिन्न कोषहरुतर्फ रु. ४५ करोड ३७ लाख ५८ हजारको लेखापरिक्षण हुँदा केहि जिन्सी मालसामानको बरवुझारथ नभएको रु ३ लाख २१ हजार ५१६, घटी अग्रिम आयकर दाखिला भएको रु ६० हजार ८८५, पेश्की वाकी रु ४ लाख ४८ हजार ३५४ वाहेक प्रधानमन्त्री एवं मन्त्रीहरुको थप सुविधा ऐन नियममा समावेश गरी खर्च लेख्नु पर्ने, व्यक्ति करारमा नियुक्त गरेको, कोषहरुको रकम व्याज आर्जन हुने

बैंकमा राख्नु पर्ने र कम प्रगती भएको भन्ने जस्ता सैध्दान्तिक बेरुजुहरु रहेका छन्। उल्लेखित सबै बेरुजुहरुको ३५ दिन भित्रै जवाफ र प्रमाणहरु पेश गरिएको। बेरुजु फछर्यौट गर्न विशेष प्राथमिकता दिइ कार्य गरिएकोले ८८ दशमलव ६७ प्रतिशत प्रगति हासिल भएको।

- वार्षिक स्वीकृत कार्यक्रम अनुसार पाँच क्षेत्रीय प्रशासन कार्यालयहरुको स्थलगत अनुगमन र बेरुजुको लगत अद्यावधिक गराउने कार्यक्रम भए अनुसार यस अवधिमा धनकुटा, हेटौंडा र सुर्खेतको बेरुजुको लगत अद्यावधिक गराउन लगाई बेरुजु फछर्यौट समेत गरिएको।

## ८. कानुन तथा फैसला कार्यान्वयन

- जिल्लाहरुको अनुगमन, अदालतको आदेश कार्यावयन एवं मानव अधिकारको संरक्षण सम्वन्धी आठ जिल्लामा अनुशिक्षण गोष्ठी संचालन गरिएको।
- सम्माननीय प्रधानमन्त्री, मन्त्रिपरिषद् एवं यस कार्यालय समेतलाई विपक्षी बनाई दायर गरेका २८५ मुद्दाको सम्वन्धमा लिखित जवाफ तयार गरी सम्वन्धित अदालतमा पठाइएको ।
- नेपाल नागरिकता ऐन अन्तर्गत परेको दोहोर्‍याई पाउँ भन्ने निवेदनको सम्वन्धमा समितिले प्रतिवेदन तयार गरी राय सहितको प्रतिवेदन नेपाल सरकार समक्ष पेश गरी नेपाल सरकारबाट निर्णय भई कार्यान्वयनको लागि गृह मन्त्रालय समक्ष पेश गरेको।
- सार्वजनिक खरिद ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक, २०७२ संसदमा पेश गरिसकेको।
- भूकम्पबाट प्रभावित संरचनाको पुनर्निमाण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७२ विधेयक संसदमा दर्ता गरिसकेको ।
- यस कार्यायलयमा प्राप्त भएका तीन वटा पुनरावेदन (नेपाल प्रहरीका अधिकृत कर्मचारीहरु उपर भएको विभागीय कारवाहीको) मध्ये सिफारिस प्रतिवेदन नेपाल सरकार समक्ष भएकोमा एक मात्र निर्णय भएको र बाकी प्रकृयामा रहेको ।
- फैसला कार्यान्वयन सम्बन्धी मन्त्रालय स्तरीय अनुगमन समितिको बैठक सम्पन्न भएको।

## ९. प्रेस तथा वैदेशिक सम्बन्ध

- यसै अवधीको थाइल्याण्ड, फिनलैण्ड र संयुक्त राज्य अमेरिकाबाट नेपालका लागि प्रस्तावित आवासीय राजदूत पदमा नियुक्तिका लागि सम्माननीय राष्ट्रपतिसमक्ष सहमति तथा सिफारिस गरिएको तथा बुल्गेरिया, क्यानाडा, लाओ पिपुल्स डेमोक्रेटीक रिपब्लिक, ओमान, जोर्डन, बेल्जियम, इटाली, आइसल्याण्ड, जर्जिया, क्रोयसीया, चिली, इक्वेडर, बहराइन, मेक्सिको, हंगेरी, अल्जेरिया, भियतनाम, किर्गिज, इथियोपिया, फिलिपिन्स र साइप्रसबाट नेपालका लागि प्रस्तावित गैरआवासीय राजदूतहरुको नियुक्तिका लागि सम्माननीय राष्ट्रपतिसमक्ष सहमति तथा सिफारिस गरिएको।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको को स्वीकृत वार्षिक कार्यक्रम अनुसार पर्सा, चितवन, रामेछाप र दोलखा जिल्लास्थित सरकारी कार्यालयका सूचना अधिकारीहरुका लागि सूचनाको हक सम्वन्धी एक दिने अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको।
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम कार्यालयबाट सम्पन्न भएका प्रमुख कार्यको विवरण अद्यावधिक गरी कार्यालयको वेवसाइटमा राखिएको। उक्त विवरण राष्ट्रिय सूचना आयोगमा समेत पठाइएको। साथै **"प्रधानमन्त्री तथा मन्त्रिपिषद्को कार्यालयको गतिविधि"** बुलेटीन प्रकाशन गरी कार्यालयको

वेवसाइटमा राखिएको र कार्यालयका महत्वपूर्ण सूचना प्रवाहका लागि १६१८०७०७०१११११ नम्बरको अडियो नोटिस वोर्डको संचालन गरिएको।

## १०. आर्थिक तथा पूर्वाधार विकास शाखा

### क. सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा बैठक

बैशाख १२ गते र त्यसपछी विभिन्न मिति र समयमा गएका विनाशकारी भूकम्प एवं पराकम्पनबाट प्रभावित जिल्लाहरुमा पुर्नस्थापना, पुर्ननिर्माण तथा नवनिर्माण सम्बन्धी परामर्श कार्यको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७२।०२।०७ को निर्णयबाट सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा गठित राष्ट्रिय पुर्ननिर्माण परामर्श समितिको बैठक सम्माननीय प्रधानमन्त्री सुशील कोईरालाज्यूको अध्यक्षतामा मिति २०७२ जेठ १२ र १३ गते बसेको थियो। यस बैठकबाट राहत वितरणको कार्यलाई थप प्रभावकारी बनाउने, भूकम्प पश्चातको आवश्यकताको पहिचान (PDNA), दक्षता मूल्याङ्कन गर्दै प्रभावकारी कार्ययोजना तयार गर्ने साथै एक महिना भित्र दातृ समूह सम्मेलन आयोजना गर्ने, विपद व्यवस्थापनको लागि दक्ष जनशक्ति एवं साधनको समुचित परिचालन, विपद् व्यवस्थापन संरचना निर्माण गर्ने प्रकृया जस्ता महत्वपूर्ण कार्य तत्काल अगाडी बढाउने निर्णय भयो । साथै राष्ट्रिय योजना आयोगले भूकम्पविद्, भूगर्भविद, इन्जिनियर, समाजशास्त्री एवम् अर्थविद् लगायतका विज्ञ समूहसँगको परामर्शमा आवास, बस्ती र पूर्वाधार विकास गर्न निरन्तर परामर्श गर्ने र विपद् व्यवस्थापन गर्नका लागि दक्ष जनशक्ति र साधन,स्रोत सहितको प्रभावकारी राष्ट्रिय विपद् व्यवस्थापन संरचना निर्माण गर्ने प्रकृया तत्काल अगाडि बढाउने निर्णय भएको।

### ख. भूकम्पोत्तर प्रतिकार्य तथा पुनर्लाभ एकीकृत कार्ययोजना २०७२

विनाशकारी भूकम्प तथा पराकम्पनबाट प्रभावित जिल्लाहरुमा परेको विपत्तिको प्रभावको सामना गर्न र राहत पुनर्स्थापना तथा नवनिर्माण कार्यलाई चरणवद्ध रुपमा अघि बढाउन आवश्यक भएकोले प्रधानमन्त्रीज्यूबाट व्यवस्थापिका संसदको आकस्मिक अधिवेशनको बैठकमा सम्बोधन गर्दै भूकम्प प्रभावित क्षेत्रमा उद्धार तथा राहतका कार्यहरु शिघ्र, समन्वयात्मक एवं प्रभावकारी रुपमा संचालन गर्ने, भूकम्पबाट पीडित जनतालाई तत्काल पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्वासको व्यवस्था मिलाउने र भूकम्पबाट क्षतिग्रस्त संरचनाहरुको नवनिर्माण गर्ने उद्देश्यले व्यवस्थापिका-संसदको बैठकबाट चालिस बुँदे कार्ययोजना सहितको संकल्प प्रस्तावको आधारमा भूकम्पोत्तर प्रतिकार्य तथा पुनर्लाभ एकीकृत कार्ययोजना, २०७२ तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको।

### ग. जाँचबुझ आयोग गठन

नेपाल भुकम्पीय जोखीमयुक्त मुलुक भएको र कानुनको यथोचित पालना गराउन नसकिएमा भविष्यमा पर्ने जोखीमबाट ठूलो नोक्सानी व्यहोर्नुपर्ने अवस्था आउने भएकोले कानूनी शासनको प्रत्याभूति गर्न र दण्डहिनता अन्त्य गर्न नेपाल सरकारबाट भएको भूकम्पोत्तर प्रतिकार्य तथा पुनर्लाभ एकिकृत कार्ययोजना, २०७२ मा राष्ट्रिय भवन सहिता, २०६० लागु भए पश्चात नक्शा, मापदण्ड, गुणस्तर र प्रकिया पुरा गरी बनेका सरकारी भवनहरु, व्यापारीक महलहरु, सिनेमा घर, अपार्टमेन्ट जस्ता भवनहरु भत्किएको भएमा को-कसको

कमी-कमजोरीबाट भएको हो सो को छानविन गरी प्रतिवेदन पेश गर्न प्राविधिक समेत रहेको अधिकार सम्पन्न उच्चस्तरीय आयोग गठन गर्ने समयमा जाँचबुझ आयोग गठन गर्न प्रस्ताव पेश गरिएको ।

## घ. आयोजना सहजीकरण

विभिन्न मन्त्रालय/निकायहरूले कार्यान्वयन/संचालन गरिरहेका तथा संचालन गर्ने आयोजनाहरू तोकिएको समयमा, निर्धारित लागत र गुणस्तरीय रूपमा सम्पन्न गर्न एवं सहयोग गर्नका अतिरिक्त अन्तर मन्त्रालय/निकायगत समन्वयको अभावमा आयोजनाको कार्यान्वयनमा बाधा/अवरोध आउन नदिन मिति २०६९।०८।१४ मा नेपाल सरकारको (मन्त्रिपरिषद्) निर्णयानुसार मुख्यसचिवको संयोजकत्वमा आयोजना सहजीकरण समिति (Project Facilitation Committee) गठन गरेको थियो। उक्त समितिको विभिन्न मितिमा बैठक बसी निम्नानुसारको निर्णय भै कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालयहरुमा पत्राचार गरेको।

- हुलाकी राजमार्ग निर्माणमा आएको समस्या समाधान गर्ने सम्बन्धमा भएका निर्णयहरु
  - पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म र काठमाण्डौ उपत्यकाको लागि ढुंगा, गिट्टी, बालुवाको माइनिङ्ग गर्न उपयुक्त ठाउँ खोजी नेपाल सरकारलाई प्रतिवेदन दिन उद्योग मन्त्रालयलाई निर्देशन दिइएको ।
  - राष्ट्रिय निकुञ्ज खण्डित नहुने गरी नीति समेत पुनरावलोकन गर्नपर्ने भएमा पुनरावलोकनका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले पेश गर्ने,
  - राजमार्गमा पर्ने जग्गाको अभिलेख लालपुर्जा लागत कट्टा र नाप नक्शा लगायतका भूमी प्रशासन सम्बन्धी कार्यलाई समयमै सम्पन्न गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई थप कर्मचारी खटाउन निर्देशन दिईएको।
  - राजमार्गमा पर्ने नेपाल विद्युत प्राधिकरण र नेपाल टेलिकम्यूनिकेशन कम्पनीका पोलहरु तत्काल सार्नका लागि उर्जा र सूचना तथा संचार मन्त्रालय अन्तर्गतका निकायहरुलाई निर्देशन दिईएको ।
  - वन मन्त्रालयले नयाँरोड-बरथहवा-मधुवनी सडकखण्ड र नेपालगंज-बघौडा सडक खण्डमा पर्ने रुख कटान तथा छपान गर्ने अनुमति शीघ्र उपलब्ध गराउने।
  - अन्य बिषयहरु भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले सम्बद्ध निकायहरुसँग छलफल गरी यथाशीघ्र कार्य सम्पन्न गर्ने।
- तनहुँ-सिंगटी र माथिल्लो मादी जलविद्युत आयोजनाको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत गर्ने प्रस्ताव पेश भएकोमा वातावरण संरक्षण ऐन, २०५३ र नियमावली, २०५४ मा उक्त मूल्याङ्कनको स्वीकृत गर्ने व्यवस्था नभएकोले विकास आयोजना एंव उद्योगहरुको वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने सम्बन्धमा विज्ञान प्रविधि तथा वातावरण मन्त्रालयको सहसचिवको संयोजकत्वमा कार्यदल गठन गर्ने।
- उद्योग मन्त्रालय अन्तर्गत संचालित लघु उद्यम विकास कार्यक्रम (MEDPA) को कार्यक्रम सञ्चालन गर्न खाता संचालन गर्ने विषयमा आएको समस्या सम्बन्धमा सरोकारवालाहरुसँग बैठक बसी जिल्लामा घरेलु तथा साना उद्योग कार्यालय वा समितिको कार्यालयका प्रमुख र सोही कार्यालय वा समितिका लेखा प्रमुखले सञ्चालन गर्नेगरी छुट्टै

"ग" समूहको लघु उद्यम विकास कोष समितिको खाता खोल्ने व्यवस्था महालेखा नियन्त्रणको कार्यालयले मिलाउने।

- जलविद्युत आयोजनालाई नेपाल सरकारले जग्गा भोगाधिकारमा उपलब्ध गराउँदा तोकिएको शर्तहरु मध्ये "आयोजनालाई यस सम्झौता बमोजिम उपलब्ध गराइएको जग्गा जुन प्रयोजनका लागि उपलब्ध गराइएको हो,सोही प्रयोजनका लागि मात्र प्रयोग गर्नुपर्ने छ। सो जग्गा दर्ता गर्न वा हक हस्तान्तरण गर्न समेत पाइने छैन" भन्ने शर्तहरुका कारण बैंक तथा वित्तिय संस्थाहरुले ऋण लगानी गर्न इन्कार गरेको भन्ने सन्दर्भ उल्लेख गरी घलेम्दी जलविद्युत आयोजना र चाके खोला जल विद्युत आयोजनाबाट शर्तमा पुनरावलोकन गर्न वन मन्त्रालयमा अनुरोध,
- उर्जा मन्त्रालयको अनुरोधमा विभिन्न जलविद्युत आयोजनाको रुख कटान गर्न स्वीकृती पाउन छुट भएका रुख हटाई सफा गर्न उर्जा मन्त्रालयको अनुरोधमा वन मन्त्रालयले प्राथमिकता दिई समाधान गर्ने।

## ङ. काठमाण्डौ उपत्यका सडक विस्तार

आर्थिक वर्ष २०६८/०६९ देखि शुरु गरिएको काठमाण्डौं उपत्यका सडक विस्तार कार्यक्रम अन्तर्गत काठमाडौ उपत्यका सडक विस्तार आयोजना अन्तर्गत २४ वटा, सडक खण्ड डिभिजन सडक कार्यालय, काठमाण्डौ अन्तर्गत ५४ वटा सडक खण्ड, डिभिजन सडक कार्यालय, ललितपुर अन्तर्गत २८ वटा सडक खण्ड, डिभिजन सडक कार्यालय, भक्तपुर अन्तर्गत ११ वटा सडक खण्ड गरी जम्मा ११७ वटा सडक खण्डको कुल १६५.९७६ किलो मिटर सम्पन्न गर्ने लक्ष्य रहेकोमा ६९ वटा सडक खण्ड निर्माण सम्पन्न भई ८२.४५५ कि.मि. मा कालोपत्रे सम्पन्न भएको छ । आर्थिक वर्ष २०७१।७२ मा मात्र ३१.८९२ किलो मिटर कालोपत्रे गर्ने लक्ष्य रहेकोमा १२.५३० कि.मि. सम्पन्न भएको । तलको तालिकाबाट अझै स्पष्ट हुने नै छः

### हालसम्मको लक्ष्य प्रगति

| सडक विस्तारमा संलगन निकाय | प्रस्तावित लक्ष्य (कि.मि.) | हालसम्म सम्पन्न कालोपत्रे (कि.मि.) | २०७१।७२ को कालोपत्रे लक्ष्य (कि.मि.) | २०७१।७२ मा कालोपत्रे सम्पन्न (कि.मि.) |
|---|---|---|---|---|
| १. काठमाण्डौ उपत्यका सडक विस्तार आयोजना | ४२.७६ | २९.८२ | ५.३९० | ३.५२ |
| २. डिभिजन सडक कार्यालय काठमाण्डौ १/२ | ४८.८३५ | २६.९०५ | १०.४५० | ३.१० |
| ३. डिभिजन सडक कार्यालय ललितपुर | २८.८९० | १८.६२ | १३.१९० | ३.४२० |
| ४. डिभिजन सडक कार्यालय भक्तपुर | १४.५९१ | ७.११० | २.८६२ | २.४९० |
| **जम्मा** | **१३५.०७६** | **८२.४५५** | **३१.८९२** | **१२.५३०** |

सडक विस्तार कार्य अन्तर्गत सडक विभाग मातहत रहेका आयोजनाहरुमा काठमाण्डौ उपत्यका सडक विस्तार तर्फ जडिबुटी-पेप्सीकोला-मनोहरा सडक खण्ड ५५ प्रतिशत, सिनामंगल-पुरानो बानेश्वर-मैतिदेवी-सेतोपुल सडक ४५ प्रतिशत, पुतलीसडक-बागबजार सडक ४५ प्रतिशत र गौशाला-एयरपोर्ट सडक खण्डको २० प्रतिशत कार्य सम्पन्न भएका छन् भने डिभिजन सडक कार्यालय काठमाण्डौ तर्फ छिन्नलता मार्ग ५० प्रतिशत र ज्ञानेश्वर पिपलबोट मार्ग २० प्रतिशत, मात्र सम्पन्न भएको छ। डिभिजन सडक ललितपुर तर्फ रिङरोडमा ग्वार्खो-इमाडोल ६० प्रतिशत, खुमलटार देखी धापाखेल जाने बाटो जेम्स स्कुल २० प्रतिशत सम्पन्न भएको छ भने धापाखेल-इसिमोड-सुनाकोठी १५ प्रतिशत सम्पन्न भएको छ। डिभिजन सडक कार्यालय भक्तपुर तर्फ हनुमन्ते खोला अरनिको राजमार्ग बहाखा बजार सडक खण्ड ३९ प्रतिशत र पाण्डिबजार चोक अरामा देखि पाण्डिबजार हाईट गणेशमान सिंह बाटो हुँदै गुण्डु र दधिकोट १६ प्रतिशत काम सम्पन्न भएको छ।

## च. नेपाल पूर्वाधार सम्मेलन

नेपालमा पूर्वाधार विकासमा बैदेशिक लगानी बढाउने उद्देश्यले नेपाल सरकारका मुख्य सचिवको अध्यक्षतामा बैठक बसी नेपाल उद्योग परीसंघले आयोजना गर्न लागेको नेपाल पूर्वाधार शिखर सम्मेलन-२०१४ को लागि सरोकारवालाहरुसँग पटक पटक बैठक बसी उक्त कार्यक्रमलाई बढी वस्तुपरक र प्रभावकारी बनाउन विभिन्न मन्त्रालयहरुलाई सहभागी गराई कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुऱ्याएको। यसमा नेपाल सरकारले समेत साझेदारको रुपमा आर्थिक दायित्व वहन गरेको।

## छ. सूचना प्रबिधि आयोजना

सन् २००८ मा सूचना प्रविधि विकास आयोजना मार्फत विद्युतीय सुशासन लागु गर्ने उद्देश्यका साथ (एसियाली विकास बैंकको अनुदान सहयोगमा) शुरू गरिएको कार्यक्रम हालसम्म लोक सेवा आयोगको अनलाइन दस्तखत दिने, परीक्षा प्रणालीलाई व्यवस्थित गर्न सूचना प्रविधिको प्रयोग लगायतका कार्य गर्न, सामान्य प्रशासन मन्त्रालय अन्तर्गत तालिम तथा कम्प्युटर ल्यावको स्थापना, भूमिसुधार विभाग अन्तरगत भूमि पद्वतिलाई डिजिटलाइज्ड गर्न, यातायात विभाग अन्तर्गत चालक अनुमतिपत्रको कार्यलाई विद्युतीकरण गर्ने, राष्ट्रिय परिचयपत्र केन्द्र अन्तर्गत बायोम्याट्रिक स्मार्ट कार्ड वितरण गर्ने र सूचना प्रविधि केन्द्र अन्तरगत एकीकृत पोर्टल र गभर्मेन्ट आर्किटेक्चर निर्माणको कार्य तदारूकताका साथ अगाडि बढेको छ। यसै बर्षमा सूचना प्रविधि आयोजना अन्तर्गत निम्न कार्यहरु सम्पन्न भएको छ।

- सामान्य प्रशासन मन्त्रालयबाट सूचना प्रविधि सम्बन्धी मानव संसाधन विकास गर्नको लागि करिव ४०० कर्मचारीहरुलाई सूचना तथा संचार प्रविधिको विविध विषयमा तालिम प्रदान गरी सकिएको छ र अन्य तालिमहरु २०७२ को आश्विन महिनासम्म तालिम कार्यक्रम जारी रहने छ।
- गृह मन्त्रालय अन्तर्गत नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्र वितरण गर्न अन्तराष्ट्रिय वोलपत्र आव्हान गरिसकिएको र कार्यतालिका अनुसार मार्ग महिना भित्र ठेक्का सम्झौता भई कार्य शुरु हुने।

- भूमिसुधार तथा व्यवस्थापन विभाग अन्तर्गत भूमि पद्दतीको डिजिटलाईजेसन, डाटावेस पद्दतीको विकास, सूचना प्रविधिको प्रयोग गरी जग्गा खरिद विक्रि गर्ने कार्यको लागि १४ वटा विभिन्न मालपोत कार्यालयहरुमा डाटा डिजिटलाइजेसन, प्रमाणिकरण र सफ्टवेयर जडानको काम भईरहेको। भूकम्पले आयोजनाको काममा केही क्षति पुगेको हुँदा दातृ निकाय एसीयाली विकास बैंकबाट सन् २०१६, मार्च सम्म आयोगमा सम्पन्न गर्न म्याद थप भएको छ।
- यातायात व्यवस्था विभाग अन्तर्गत Smart Card चालक अनुमतिपत्र वितरण गर्ने कार्य अन्तिम चरणमा पुगेको छ। आगामी आर्थिक वर्षको प्रथम चौमासिक भित्र अनुमतिपत्र वितरण शुरु हुने।
- राष्ट्रिय सूचना प्रविधि केन्द्रलाई डाटा सेफ्टी र विभिन्न आधुनिक उपकरण खरीद गरिनुका साथै सफ्टवेयर जडान गरिएको। सूचना प्रविधि केन्द्र अन्तर्गत नेशनल पोर्टल, राष्ट्रिय डाटासेन्टर लगायतको विकासको काम करिब ९० प्रतिशत सम्पन्न भई सकेको।
- लोकसेवा आयोग अन्तर्गत अनलाइन निवेदन लिने र परीक्षा प्रणालीमा सूचना प्रविधिको प्रयोग गर्ने कामको लागि यस आयोजनाबाट सहयोग भएको र अनलाईन आवेदन लिने काम शुरु भई सकेको छ। यसका साथै स्थानीय लोकसेवा आयोगका कार्यालयहरुलाई केन्द्रसँग सम्बन्ध कायम गर्ने कार्य अन्तिम चरणमा रहेको ।

## ज. अठारौं सार्क शीखर सम्मेलन

२०७१ मार्ग १० र ११ मा सम्पन्न अठारौं सार्क शिखर सम्मेलन सफलताका साथ सम्पन्न गर्ने प्रयोजनको लागि सम्मेलन तयारी गर्नका लागि गर्नुपर्ने सडक र सम्मेलन स्थलको मर्मत सम्भार, सरसफाई, सजावटका कार्यहरु एवं सम्मेलनको सुरक्षा चुस्त राख्ने व्यवस्था गर्ने कार्यहरु गर्न प्रभावकारी समन्वयकारी भूमिका निर्वाह गरेको। ती कार्यहरुको निरन्तर अनुगमन, समन्वय तथा निर्देशन र निर्णयहरु तत्काल गर्न २०७१ मंसिर १ गते मुख्यसचिवको अध्यक्षतामा बसेका बैठकको निर्णयानुसार द्रुत कार्य सम्पादन समूह (Rapid Action Team) गठन गरिएको। सम्मेलनका सहभागी तथा भ्रमण दलका सदस्यहरुले ल्याउने सवारी, उपकरण तथा सामानहरु र सार्क सम्मेलनको लागि आवश्यक पर्ने सामानहरु शीघ्र छुटाउने व्यवस्था गर्न सामान तथा उपकरण छुटाउने समूह (Goods and Machines Clearance Team) समेतको व्यवस्था गरिएको ।

## झ. गरिबी निवारण कोष

गरिब तथा विपन्न वर्गलाई नै विकास प्रयासको नेतृत्वदायी भूमिकामा राखेर वञ्चित समुदायलाई विकासको मूल प्रवाहमा ल्याउन विशेष तथा लक्षित कार्यक्रमका रुपमा गरिबी निवारण कोष विक्रम सम्बत २०६० मा अध्यादेश मार्फत स्थापना भई हाल गरिबी निवारण कोष ऐन, २०६३ अन्तर्गत सञ्चालन भईरहेको छ । नेपाल सरकारले लिएको दीर्घकालीन लक्षको सन्दर्भमा २० बर्षमा गरिबीलाई १० प्रतिशत मा झार्ने र सहस्राब्दी विकास लक्ष्य २०१५ अनुसार आधा गरिबी घटाउने उदेश्य हासिल गर्न कोषले सहयोग पुर्याइरहेको छ। आर्थिक वर्ष २०६६।६७ मा गरिबीको सूचकांङ्कका आधारमा २६ देखी ४० जिल्लामा कार्यक्रम विस्तार पछी आर्थिक वर्ष २०७०।७१ बाट १५ जिल्ला थप गरी ५५ जिल्ला र तीन जिल्लामा नविनतम सोचमा आधारीत कार्यक्रम सहित ५८ जिल्लामा कोषको कार्यक्रम

सुचारु भएको छ। थप १५ जिल्ला (दोलखा, म्याग्दी, गुल्मी, भोजपुर, सुर्खेत, नवलपरासी, मोरङ्ग,लमजुङ्ग, अर्घाखाची, नुवाकोट, गोरखा, बाँके,सुनसरी, दाङ्ग र कैलाली) मा आयमूलक कार्यक्रम २,७१८ वटा संचालन गर्ने लक्ष्य रहेकोमा २,६७० वटा संचालन भएको र भौतिक पूर्वाधार तर्फ ७८६ वटा संचालन गर्ने लक्ष्य रहेकोमा ४१८ वटा संचालन भएको छ। समुदायमा जाने विनियोजित रकमको सम्बन्धमा ६७ प्रतिशत प्रगती भएको छ। कोषका कार्यक्रमहरु संचालन गर्न नेपाल सरकारको लगानीको अतिरिक्त विश्व बैंक र अन्तराष्ट्रिय विकास संस्था (WB/IDA), कृषि विकासका लागि अन्तराष्ट्रिय कोष (IFAD) र जापान सामाजिक विकास कोष (JSDF) सहितका दाताहरुको सहयोग रहेकोछ। भूकम्पबाट क्षतिग्रस्त जिल्लाहरुको लागि छुट्टै कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने सन्दर्भमा कोषले विभिन्न किसिमका थप सहयोगका कार्यक्रमहरु तयार गरी कार्यान्वयन गर्न लागेको छ।

## ञ. संसदीय समितिका निर्णय कार्यान्वय

- व्यवस्थापिका-संसद, राष्ट्रिय विपद् व्यवस्थापन, अनुगमन तथा निर्देशन विशेष समिति, २०७२ का सम्माननीय सभापति सुवास चन्द्र नेम्वाङ्गज्यूको सभापतित्वमा भूकम्पबाट प्रभावित जिल्लामा राहत बितरण, उद्धारको कार्य, पुनस्थापना र पुननिर्माणका सम्बन्धमा विभिन्न मितिमा बसेको बैठकले गरेका निणर्यहरु कार्यान्वयन गर्न र प्रगति विवरण समितिमा पठाउन लगाइएको। राहत वितरण, उद्धारको कार्य, पुनर्स्थापना र पुनर्निर्माणका सम्बन्धमा नेपाल सरकारको मिति २०७२।०२।०८ को निर्णयबाट स्वीकृत भएको भूकम्पोत्तर प्रतिकार्य तथा पुनर्लाभ एकीकृत कार्ययोजना, २०७२ कार्यान्वयनको लागि सम्बद्ध मन्त्रालयहरुमा पठाइएको।
- व्यवस्थापिका-संसदका अरु विभिन्न समितिहरुबाट प्राप्त निर्देशन कार्यान्वयन भएको छ। व्यवस्थापिका संसदको अर्थ समिति, विकास समिति, सार्वजनिक लेखा समिति, सुशासन तथा अनुगमन समिति, अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समिति, वातावरण संरक्षण समिति, कृषि तथा जलस्रोत समितिको विभिन्न मितिमा बसेको बैठकले गरेका निर्णयहरु कार्यान्वयनका लागि प्राप्त हुन आएअनुसार कार्यान्वयन गर्न सम्बन्धित मन्त्रालय निकायहरुमा यस कार्यालयले तयार गरेको कार्यान्वयन कार्ययोजना सहित पठाई उपरोक्त निर्णय कार्यान्वयनका प्रगति विवरण समितिहरुमा पठाउने कार्य गरिएको।

## ट. उखुको मूल्य निर्धारण

कृषकहरुको हक हितलाई ध्यान दिने र कृषि क्षेत्रलाई अति महत्वका साथ वढावा दिनका लागि आइपरेका समस्या तथा विवादित विषयहरुमा प्राथमिकताको आधारमा चासो दिंदै आइरहेको छ। सोहि सन्दर्भमा उखु उत्पादन गर्ने किसानहरुले उखुको वास्तविक मूल्य पाउन नसकेको र समयमा भूक्तानी समेत नपाउने कुरा सार्वजनिक संचारका क्षेत्रमा आए पश्चात समन्वयात्मक तरिकाले सहजीकरण गर्ने गरेको। सोही अनुसार मुख्यसचिवको उपस्थितिमा विभिन्न मितिमा यस सम्बन्धी बैठक बसी मिति २०७१।०९।२७ मा भएको निर्णय कार्यान्वयनको लागि सम्बन्धित निकायहरुमा पठाइएको। मन्त्रिपरिषद्को मिति २०७१।११।१४ को निर्णयले उखुको मूल्य निर्धारण "सम्बन्धमा उद्योग मन्त्रालयलाई कृषि विकास मन्त्रालयसँग समन्वय गरी आवश्यक निर्णय गर्न निर्देशन दिने" निर्णय भए अनुरुप शिघ्र मूल्य निर्धारणको लागि पत्राचार गरिए अनुरुप  नेपाल सरकारको मिति

२०७१।१२।१२ को निर्णयले चालु सिजनका लागि प्रवर्धन मूल्य सहित रु.४६१।— प्रति क्वीन्टल मूल्य तोक्ने र अगामी सिजनमा उखुको प्रवर्धन खर्च उपलब्ध नगराइने गरी निर्णय भएको। सो पश्चात पनि उखु किसानहरुले तोकिएको मूल्य प्राप्त नगरेको गुनासो आए लगत्तै सम्बन्धित निकायहरुको पटक पटक ध्यानाकर्षण गराईएको ।

## ठ. बाग्मती सभ्यता एकीकृत विकास समिति

- बागमती नदीलाई सफा र सौन्दर्यपूर्ण बनाउन एकीकृत विकास समितिको बैठकले बागमती सभ्यता एकीकृत विकास कार्यमा सम्पर्क अधिकृत तोक्ने, सर्वोच्च अदालतबाट भएको आदेश बमोजिम समितिसँग सम्बद्ध निकायहरुका प्रगति विवरण लिई सर्वोच्च अदालतमा पठाउने कार्य भईरहेको। वागमती नदिको निरीक्षण गरी प्राकृतिक वहाब घटाउने गरी लगाइएका तारजाली लगायतका तटबन्ध हटाउन निर्देशन दिईएको।
- बाग्मती नदीको सुन्दरीजलदेखि सुन्दरीघाटसम्मको क्षेत्रमा ढल निर्माण गरिने। विष्णुमती, रुद्रमती, मनोहरा, इच्छुमती, हनुमन्ते जस्ता बाग्मती नदीका प्रमुख सहायक नदीहरुमा एकीकृत तथा व्यवस्थित ढल प्रणाली निर्माणको कार्य अगाडि बढाउन निर्देशन गरिएको ।
- नगरपालिका क्षेत्र भित्रका हरेक घरमा सेफ्टी ट्याङ्क र सोकफिट निर्माण अनिवार्य गरी सो नगर्नेलाई उच्च दरको कर लगाई कोषमा जम्मा गर्ने र सोही कोषबाट नगरपालिकाहरुमा ढल निर्माण तथा प्रशोधन गर्न आवश्यक कानूनी र संस्थागत व्यवस्था मिलाइने। सबै नगरपालिकाहरुमा व्यवस्थित सहरीकरणका लागि नगर योजना अनुरुप मात्र निर्माण कार्य गर्न पाईने व्यवस्था लागू गर्न निर्देशन गरिएको ।

## ड. पुरातात्विक क्षेत्रको व्यवस्थापन

- पाल्पा जिल्लाबाट आएको शान्ति समिति तथा सर्वदलिय राजनैतिक दलका प्रतिनिधिहरुको प्रतिनिधि मण्डलहरुसँगको छलफलको आधारमा पाल्पा जिल्ला तानसेन नगरपालिकामा अवस्थित दरवार क्षेत्रको व्यवस्थापन तथा संरक्षण गरी संग्रहालयको रुपमा विकास गर्न कार्यटोली गठन गरिएको।

## ढ. रंगहरुमा सिसाको मात्रा बालबालीकाको खेलौनामा भएको विषादी सम्बन्धमा

वातावरण संरक्षण ऐन, २०५४ को नियम १५ ले प्रदान गरेको अधिकार प्रयोग गरी नेपालमा आयात एवं उत्पादन हुने रङ्गहरुमा सिसा (Paint Lead) को अधिकतम मात्रा Ninety Part Per Million (ppm) वा Ninety milligram Per Liter (mg/L) हुनुपर्ने बट्टामा सिसाको मात्रा र व्यवसायजन्य सुरक्षा सम्बन्धी सावधानी मूलक सन्देश समेत उल्लेख गर्नुपर्ने गरी मापदण्ड तोकी मिति २०७१।०९।०७ को नेपाल राजपत्र भाग ५ मा प्रकाशन गरिएको।

## ण. भूकम्पबाट प्रभावित संरचनाको पुननिर्माण गर्ने अध्यादेश

विनासकारी भूकम्प तथा पराकम्पनको प्रभावबाट क्षतिग्रस्त संरचनाको दीगो, दरिलो र योजनाबद्ध रुपमा यथाशीघ्र निर्माण गर्न तथा भूकम्पबाट विस्थापित भएका व्यक्ति र परिवारको पुनर्वास तथा स्थानान्तरण गरी राष्ट्रय हित प्रवर्द्धन तथा सामाजिक न्याय प्रदान गर्न अधिकार सम्पन्न पुननिर्माण प्राधिकरणको स्थापना गर्न आवश्यक भएकोले नेपालको अन्तरिम

संविधान, २०६३ को धारा ८८ को उपधारा (१) बमोजिम मन्त्रपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट भूकम्पबाट प्रभावित संरचना पुननिर्माण गर्ने अध्यादेश जारी भएको ।

## त. सार्वजनिक खरीद सम्बन्धी अध्यादेश

सार्वजनिक निकायले खरिद सम्बन्धी कारवाही वा निर्णय गर्दा कुनै त्रुटी गरेको वा कर्तव्य पालना नगरेकोले आफुलाई क्षति पुग्ने वा पुग्न सक्ने कारण खुलाई कुनै बोलपत्रदाता वा प्रस्तावदाताले त्यस्तो त्रुटी वा निर्णयको पुनरावलोकनका लागि सम्बन्धित सार्वजनिक निकायका प्रमुख समक्ष निवेदन दिएमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिमको समयावधी भित्र निर्णय नदिएमा वा निजले दिएको निर्णयमा निवेदनकर्ताको चित्त नबुझेमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४८ बमोजिम गठित पुनरावलोकन समिति समक्ष निवेदन दिन सक्ने  व्यबस्था रहेको छ । सोही अनुसार सार्वजनिक खरिद प्रकृयामा समयानुकुल सुधारको लागि ऐनमा संशोधन गर्ने उदेश्यले अध्यादेश मन्त्रिपरिषदबाट स्वीकृत भएको।

त्यसैगरी, सार्वजनिक खरिद कानुनमा समसामयीक सुधार गर्ने उद्देश्यले सार्वजनिक खरिद अनुगमन कार्यालयका सचिवको संयोजकत्वमा निजी क्षेत्रको समेत सहभागिता रहेको सार्वजनिक खरिद कानुनमा समसामयिक सुधार गर्न एक कार्यदल गठन गरिएकोमा सो कार्यदलले नेपाल सरकार समक्ष सुझाव प्रतिबेदन पेश गरिसकेको छ ।

## थ. दैवी प्रकोप सम्बन्धी

- विनासकारी भूकम्प पश्चात मन्त्रिपरिषद्को मिति २०७२।०२।०१ को निर्णयानुसार भूकम्प प्रभावित क्षेत्रमा अनुगमन तथा संयोजन गर्न खटिनुभएका माननीय उपप्रधानमन्त्री, मन्त्री र राज्यमन्त्रीहरुबाट प्राप्त सुझावहरुका साथै सोही निर्णयानुसार भूकम्प प्रभावित क्षेत्रमा संयोजन गर्न खटाईएको नेपाल सरकारका सचिवहरु र अनुगमन गर्न खटाइएका सह-सचिवहरुबाट प्राप्त प्रगती विवरणको आधारमा समस्या समाधानार्थ सम्बन्धित मन्त्रालयमा पठाईएको ।
- मुख्यसचिवको संयोजकत्वमा मिति २०७२।०३।०८ को निर्णय अनुसार भूकम्प पश्चात क्षतिग्रस्त संरचनाहरु भत्काउन र हटाउन आवश्यक पर्ने उपकरणहरु अर्थ मन्त्रालयसँग समन्वय गरी परराष्ट्र मन्त्रालय मार्फत चीन सरकारलाई अनुरोध गर्ने निर्णय भए अनुसार सरोकारवाला निकायहरु भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय, रक्षा मन्त्रालय, गृह मन्त्रालय, विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय र विपद् व्यवस्थापन लगायतका निकायहरुको बरिष्ठ अधिकारीहरुको उपस्थितिमा तयार गरिएको सामाग्रीहरुको सूची अनुसारको उपकरणहरु चीन सरकारसँग बस्तुगत सहायता अन्तर्गत उपलब्ध गराउने व्यवस्थाको लागि अनुरोध गरेको ।

## द. सवारी दुर्घटना न्यूनीकरण सम्बन्धी

विश्वमा सडक दुर्घटनाका कारण बार्षिक करीव १३ लाख अर्थात दैनिक तीन हजार मानिसको ज्यान जाने गरेको संयुक्त राष्ट्रसंघको प्रतिवेदनले देखाएको छ। यसैक्रममा दुई करोड देखी पाँच करोडसम्म घाईते हुने गरेका छन्। नेपालमा पनि प्रत्येक बर्ष करीव १८ सय व्यक्तिको ज्यान सडक दुर्घटनाका कारण जाने गर्दछ। नेपाल सरकारको मिति २०६९।०८।२८ को निर्णयले नेपाल सडक सुरक्षा कार्ययोजनालाई स्विकृत गरी लागू

गरेको भएपनि नेपालमा सडक ट्राफिक दुर्घटना अपेक्षित रुपमा न्यूनिकरण हुन सकेको छैन्। यसै सन्दर्भमा नेपाल सरकारको मिति २०७१।०८।२५ गतेको निर्णयबाट भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सचिवको संयोजकत्वमा सवारी दुर्घटना न्यूनिकरण गर्ने सन्दर्भमा उच्चस्तरीय कार्यदल गठन भएको र सो कार्यदलले मिति २०७१ पौषमा सवारी दुर्घटना न्यूनिकरण सम्बन्धी प्रतिवेदन पेश गरेकोमा सो प्रतिवेदन कार्यान्वयन गर्न सम्बन्धित निकायहरुमा पठाइएको र विभिन्न मितिमा सवारी दुर्घटना कम गराउन निर्देशन गरिएको ।

### ध. अनुगमन तथा स्थलगत अध्ययन भ्रमण

समयमै सडक विस्तारको कार्य सम्पन्न हुन नसकेको भन्ने जनगुनासोलाई दृष्टिगत गर्दै काठमाडौ उपत्यका सडक विस्तार सम्वन्धी कार्यको समय समयमा स्थलगत निरीक्षण गरिनुको साथै विभिन्न जिल्लाहरुमा सञ्चालित आयोजनाहरुको अनुगमन गर्ने क्रममा मेलम्ची खानेपानी आयोजना र थानकोट देखी नौविसे सडक खण्डको स्थलगत निरिक्षण लगायत राष्ट्रिय गौरवका आयोजना अन्तर्गत लुम्बिनी क्षेत्र विकास कोष, भेरी बबई डाईभर्सन, बबई सिंचाई आयोजना र सेवा प्रवाह अन्तर्गत पाल्पा कृषि विकास कार्यालय, यातायात व्यवस्था कार्यालय इटहरी, गरीवि निवारण कोष, बर्दिया लगायतका केही जिल्लाहरूमा सेवा प्रवाहको स्थितिको सर्वेक्षण गरी अनुगमन कार्यलाई निरन्तरता दिइएको।

### न. विविध कार्यहरू

- रौतहटको झाँज नदिमा श्रीराम सुगर मिल, बाबा डिस्टिलरी र ज्योती डिस्टिलरीले बाढी आएको मौकामा तत् उद्योगबाट निस्कासित दुषित पदार्थ पठाउदा बाग्मतीमा जाने निकास बन्द भई किसानहरुको खेतमा पुगी करौडौको बालीनालीको क्षती, जलचर र जीवहरुको विनाश, माटोको उर्वराशक्तिमा ह्रास र मानव स्वास्थ्यमा गंभिर असर पर्न गएको सम्बन्धमा गृह मन्त्रालय, कृषि विकास मन्त्रालय, उद्योग मन्त्रालय र विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयलाई ती उद्योगहरु माथि कारवाही गर्न निर्देशन दिईएको।
- ट्राफिक व्यवस्थापनको लागि यातायात व्यवस्था विभाग र यातायात व्यवसायीहरु बीच भएको सहमती अनुरुप लामो दूरीमा चल्ने सवारी साधनमा अनिवार्य रुपमा दुई जना चालकको व्यवस्था गर्ने र सिट क्षमता भन्दा बढी टिकट नकाट्ने निर्णय गरी ट्राफिक लगायत यातायात व्यवसायीका प्रतिनिधी समेत समावेश भएको समूहले छड्के अनुगमन गर्ने एवं सवारी र यात्रुको सुरक्षा अपनाउन उच्च सतर्कता अपनाउने कार्य गर्न निर्देशन दिइएको।
- मित्र राष्ट्र दक्षिण कोरीयामा कामदार पठाउन EPS परीक्षालाई व्यवस्थित रुपमा संचालन गर्ने सम्बन्धमा नेपाल राज्यका विभिन्न स्थानहरुमा परीक्षा सञ्चालन गर्ने तथा सो कार्यको श्रम तथा रोजगार मन्त्रालयले व्यवस्थापन गर्ने निर्णय गरिएको ।

## ११. आर्थिक नीति बिश्लेषण शाखा

### क. नीति विश्लेषण सम्बन्धी कार्य

- वैदेशिक रोजगार नीति, २०६८ मा भएको नीतिगत व्यवस्था, उक्त नीति कार्यान्वयन अवस्था, नीति कार्यान्वयनमा देखिएका समस्या, समस्या समाधानमा गरिएका प्रयासहरु र समाधानको उपायहरु सम्बन्धमा श्रम तथा रोजगार मन्त्रालयबाट जानकारी माग गरी प्राप्त

जानकारीको विश्लेषण गरी प्रतिवेदन पेश गरियो। जसमा वैदेशिक रोजगार नीति, २०६८ मा भएका नीतिगत व्यवस्था मध्ये मुख्य सात वटा नीतिगत व्यवस्थाहरु, ती नीति कार्यान्वयन अवस्था वारेका १७ वटा बुँदाहरु, नीति कार्यान्वयनमा देखिएका १४ समस्याहरु र उक्त समस्या समाधानको लागि १० वटा सुझावहरु र सुझाव कार्यान्वयनको लागि अवलम्वन गर्नुपर्ने सात वटा कार्यनीतिहरु समावेश गरी प्रतिवेदन पेश गरिएको।

- औद्योगिक नीति अन्तर्गत विशेष आर्थिक क्षेत्र सम्बन्धी नेपाल सरकारको नीति, कार्यनीति तथा नीति कार्यान्वयन अवस्था वारे सूचना संकलन गरी विशेष आर्थिक क्षेत्र गठन आदेश, २०६९ वमोजिम विशेष आर्थिक क्षेत्र विकास समितिको स्थापना भई उक्त नीति सम्बन्धी अवधारणा, नेपाल सरकारको प्रतिवद्धता, घोषित १४ वटा विशेष आर्थिक क्षेत्रको वर्तमान स्थिति, नीति कार्यान्वयन सम्बन्धी प्रयास र प्रगतिको स्थिति, भैरहवा विशेष आर्थिक क्षेत्र संचालन मापदण्ड तथा कार्यविधि, २०७१ मा गरिएका व्यवस्थाहरु, ती व्यवस्था प्रति नीजि क्षेत्र लगायत सरोकारवाला अन्य पक्षहरुको धारणा सहितको विश्लेषणात्मक प्रतिवेदन तयार गरी पेश गरिएको ।

## ख. स्थलगत अनुगमन तथा प्रतिवेदन सम्बन्धी कार्य

- आर्थिक विकाससँग सम्बन्धित तीन वटा मन्त्रालयहरु अन्तर्गतका पाँच आयोजनाहरुको स्थलगत अनुगमन गरी आयोजनाको भौतिक तथा वित्तीय प्रगति अवस्था, आयोजना कार्यान्वयनबाट परेको आर्थिक प्रभाव (रोजगारी सिर्जना सहित), आयोजना कार्यान्वयनमा देखिएका समस्याहरु, समस्या समाधानका लागि सरोकारवाला पक्षहरुसँगको अन्तरक्रियाबाट प्राप्त सुझाव तथा जानकारीहरु, समस्या समाधानका प्रयास तथा उपायहरु सहितको विश्लेषणात्मक प्रतिवेदन पेश गरिएको ।
- नेपालको पूर्वी व्यापारिक नाका काकडभित्तामा निर्मित सुख्खा बन्दरगाह निर्माण सम्बन्धी अवधारणा, लागत, संचालन अवस्था, यसको संचालनबाट परेको र पर्ने आर्थिक तथा अन्तर्राष्ट्रिय व्यापार सहजीकरणमा परेको प्रभाव, वन्दरगाह संचालनमा देखिएका समस्याहरु, अन्तरनिकाय समन्वयको अवस्था, समस्या समाधानका लागि जिम्मेवार निकायहरु, समस्या समाधानमा भएका प्रयासहरु, हालसम्म विद्यमान समस्याहरु निर्माण सम्पन्न भएर पनि संचालन ठेक्का सम्बन्धी समस्याको कारण उद्देश्य अनुरुप उपलव्धि हासिल हुन नसकेको हुँदा उल्लेखित समस्याहरु समाधानका लागि आवश्यक सुझाव सहितको प्रतिवेदन तयार गरी पेश गरियो ।
- सिंचाई मन्त्रालय अन्तर्गतको राष्ट्रिय गौरवको रानी-जमरा-कुलरिया सिंचाई आयोजनाको संचालन विश्व वैङ्कको वैदेशिक सहायता, नेपाल सरकार र उपभोक्ता समितिको लागत सहभागितामा संचालन रहेको, अनुगमन अवधिसम्मको वित्तीय प्रगति २९ प्रतिशत र भौतिक प्रगति ३० प्रतिशत भएको। पहिलो र दोस्रो चरणमा गरी ४० हजार ३०० हेक्टरमा सिँचाई सुविधा पुग्ने अनुमान रहेको राष्ट्रिय गौरवको यस आयोजनाबाट पर्ने आर्थिक एवं समाजिक प्रभाव, आर्थिक उपलव्धी, रोजगार सृजना सहितको आर्थिक पक्षको विश्लेषणात्मक स्थिति, आयोजनाको संचालन अवस्था, प्रगति स्थिति, समस्याहरु र समस्या समाधानका उपाय सहितको प्रतिवेदन तयार गरी पेश गरिएको छ ।

- सिँचाई मन्त्रालय अन्तर्गतकै अर्को पूर्ण रुपमा नेपाल सरकारको आन्तरिक श्रोतबाट बाँके जिल्लामा निर्माणधीन सिक्टा सिँचाई आयोजनाको अनुगमन अवधिसम्मको वित्तीय प्रगति ३७ प्रतिशत र भौतिक प्रगित ३७.२३ प्रतिशत रहेको । यस आयोजनको कार्यतालिका अनुसार भौतिक ६२.५५ प्रतिशत र वित्तीय ६२.१६ प्रतिशत प्रगति रहेको यो आयोजना सम्पन्न भएपछि ४२ हजार ७६६ हेक्टर जमिनमा सिँचाई सुविधा पुगी त्यसबाट आर्थिक समाजिक प्रभाव, उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सृजना जस्ता आर्थिक पक्षको विश्लेषणात्मक प्रतिवेदन प्रस्तुत गरिएको छ । उक्त प्रतिवेदनमा यस आयोजनाको प्रगति स्थिति, आयोजना संचालनमा देखिएका समस्याहरु, समस्या समाधानका प्रयासहरु, सरोकारवाला पक्षहरुसँगको अन्तरक्रियाबाट प्राप्त जानकारी समेत संलग्न प्रतिवेदन तयार गरी पेश गरिएको छ ।
- नेपाल सरकारको विशेष आर्थिक क्षेत्र स्थापना तथा संचालनको माध्यमद्वारा प्रतिस्पर्धात्मक विश्व वजारमा नेपाली उत्पादनलाई प्रतिस्पर्धी उत्पादनको रुपमा प्रस्तुत गरी निर्यात व्यापार अभिवृद्धि गर्ने उद्देश्यका साथ घोषित १४ वटा विशेष आर्थिक क्षेत्रमध्ये भौतिक निर्माण कार्य ९० प्रतिशत भन्दा वढी सम्पन्न गरी उद्घाटन समेत भइसकेको एक मात्र भैरहवा विशेष आर्थिक क्षेत्रको निर्माण लागत करीव रु. ५४ करोड रहेको, कूल ५२ विघा क्षेत्रफलमा जम्मा ६८ वटा प्लटहरुको लागि उद्योग स्थापनार्थ मनसायपत्र माग गरिएकोमा पाँच वटामा शर्त सहित १२ वटा प्लटको मात्र आवेदन पर्न आएको जानकारीबाट संचालन सम्बन्धी समस्या रहेको देखियो। उक्त विशेष आर्थिक क्षेत्र संचालनमा के कस्ता समस्याको कारण लगानी आकर्षित नभएको हो ? भन्ने विषयमा सरोकारवाला पक्षसँग अन्तरक्रिया समेत गरी विद्यमान समस्याहरु, समाधानका लागि सुझावहरु र यसैसँग अन्तर सम्बन्धित भैरहवा सुख्खा वन्दरगाह समेतको स्थलगत अनुगमन गरी प्रतिवेदन तयार गरी पेश गरिएको।
- कछुवा गतिमा निर्माणाधीन अवस्थामा रहेको वारा जिल्लास्थित सिमरा विशेष आर्थिक क्षेत्रको स्थलगत अनुगमन गर्दा उक्त विशेष आर्थिक क्षेत्रको निर्माण गति सुस्त रहेको र अधिकांश जमीन अतिक्रमण भएको जस्ता मुख्य समस्याहरु देखिएकोले उक्त समस्याहरु समाधानका लागि सुझाव सहितको प्रतिवेदन पेश गरिएको।

## ग. नीति परीक्षण सम्बन्धी

नेपाल सरकारका केन्द्रीयस्तरका निकाय (मन्त्रालय) हरुबाट गत आर्थिक वर्षमा भएको खर्च सम्बन्धमा महालेखा परिक्षकको लेखापरीक्षण प्रतिवेदन तथा चालु वर्षमा मन्त्रालयहरुबाट हुने पूँजीगत खर्च तथा प्रगति सन्तोषजनक नदेखिएकोले मन्त्रालयहरुले आफ्ना मातहत निकायहरु समयमै वजेट तथा कार्यक्रम स्वीकृत गरी अख्तियारी पठाए नपठाएको सम्बन्धमा नीति परीक्षण गर्ने कार्य सम्पन्न गरियो।

सबै मन्त्रालयहरुसँग वार्षिक वजेट स्वीकृति तथा अख्तियारी सम्बन्धमा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३(२) मा भएको कानूनी व्यवस्था अनुसार कार्य भए नभएको सम्बन्धमा जानकारी पठाउन लेखी पठाइएकोमा २०७१ आश्विन मसान्तसम्ममा मातहत निकायमा पूर्णरुपमा अख्तियारी पठाउने मन्त्रालयको संख्या १३ वटा, आंशिक रुपमा अख्तियारी दिने मन्त्रालयको संख्या पाँच वटा देखियो भने आठवटा मन्त्रालयबाट जानकारी प्राप्त हुन आएन। बढी मात्रामा पूँजीगत खर्च परिचालन गर्ने र विकास आयोजना तथा कार्यक्रम संचालन गर्ने संघीय मामिला तथा स्थानीय विकास, उर्जा, सिंचाई, श्रम तथा रोजगार,

सूचना तथा संचार, शहरी विकास, कृषि विकास, वाणिज्य तथा आपूर्ति, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, शिक्षा, युवा तथा खेलकुद, वन तथा भू–संरक्षण, शान्ति तथा पुनर्निर्माण, स्वास्थ्य तथा जनसंख्या र अर्थ मन्त्रालयसँग कार्यक्रम स्वीकृति तथा अख्तियारी सम्बन्धी विवरण माग गरी स्थलगत रुपमा समेत सूचना संकलन गरी सो सम्बन्धी यथार्थ स्थिति सहितको प्रतिवेदन पेश गरिएको।

महालेखा परीक्षकको ५१ औं वार्षिक प्रतिवेदन २०७० मा औंल्याइएका नीतिगत वेरुजुहरु आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ (२) बमोजिम आर्थिक वर्ष शुरु भएको १५ दिनभित्र मन्त्रालयले कार्यालयमा अख्तियारी दिनुपर्ने, नियम २६ बमोजिम तालुक कार्यालयबाट कारवाही नभएको, आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १० को उपदफा (४) ले प्राविधिक सहायता सम्बन्धी विवरण केन्द्रीय आर्थिक विवरणमा समावेश गर्नुपर्ने र वजेटमा नभएका जुनसुकै प्रकारका सहायता वा स्रोतबाट भएका खर्चको लेखा सम्बन्धित कार्यालयले तयार गर्नुपर्ने व्यवस्था अनुरुप कार्य नभएको, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५(१) बमोजिम मन्त्रालय वा विभागबाट आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन नभएको, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२), दफा ५६ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ र १०(७) को पालना नभएको जस्ता विषयहरु आवश्यक कारवाहीको लागि प्रतिवेदन साथ पेश गरिएको ।

पूँजीगत खर्च परिचालनको अंश वार्षिक लक्ष्यको तुलनामा न्यून हुँदै गएको र यसरी प्रगति न्यून हुनाको कारणमा समयमै कार्यक्रम स्वीकृत नहुने, समयमै पूर्ण रुपमा अख्तियारी नदिइने, अन्तरनिकाय समन्वयको अभाव रहने, खरीद सम्बन्धी प्रक्रिया समयमा प्रारम्भ नहुने, स्थानीय समस्या समाधान तर्फ व्यवस्थापकीय कमजोरी देखिने, सोधभर्ना लगायतका विविध समस्याहरु रहने गरेको अनुगमनको क्रममा देखिन आएको हुँदा यसरी पूँजीगत खर्च अपेक्षित मात्रामा हुन नसक्नुमा कहाँ–कहाँ, कुन–कुन तहमा? के–कसको कमजोरीले भएको हो? भन्ने एकीन गर्न आन्तरिक मूल्यांकन प्रयोजनको लागि नौ वटा मुख्य क्रियाकलाप र २० वटा सहायक क्रियाकलापहरुको एक सय अंक भार कायम गरी मूल्यांकन गर्ने प्रयोजनको लागि पूँजीगत खर्च अनुगमन चेकलिष्ट तयार गरी प्रस्तावित गरिएको ।

## घ. सामाजिक विकास

- इवोला भाइरसको विश्यव्यापी संक्रमणबाट नेपाल पनि प्रभावित हुनसक्ने संभावनालाई दृष्टिगत गरी पूर्व सावधानी एवं आवश्यक तैयारीका लागि मिति २०७१।४।२७ मा सम्वन्धित सरोकारवालाहरुको वैठकबाट स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिने निर्णय भएको।
- मिति २०७१।७।१७ मा सम्वन्धित सरोकारवालाहरुको वैठकबाट कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको शिक्षण अस्पताल निर्माणको तीनवर्षे गुरुयोजना वमोजिमको कार्य यथाशीघ्र अगाडि वढाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई र कोषको सुनिश्चितताको सहमतिका लागि अर्थ मन्त्रालयलाई निर्देशन दिइएको ।
- मिति २०७१।१०।२३ मा सम्वन्धित सरोकारवालाहरुको वैठकबाट नेपाल सरकारको छात्रवृतिवाट परम्परागत उपचार (Traditional Medicine) विषयमा स्नातकोत्तर उत्तिर्ण गरी

आएका विद्यार्थीहरुको नेपाल आयुर्वेद चिकित्सा परिषदमा दर्ता तथा वृत्तिविकास सम्वन्धी समस्या समाधान गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिइएको ।

- जातिय भेदभाव तथा छुवाछुत अन्त्य तथा दलितहरुको अधिकार प्रर्वद्धन संयन्त्र, २०६८ र अपाङ्गता भएका व्यक्तिहरुविरुद्ध हुने भेदभाव अन्त्य र उनीहरुको उत्थान, विकास र अधिकारको प्रर्वद्धन संयन्त्र, २०६८ को सल्लाहकार एवं केन्द्रिय निर्देशक समितिको मिति २०७१।९।२५ मा संयुक्त वैठकबाट भएका निर्णयहरु प्रभावकारी कार्यान्वयनका लागि सम्वन्धित पदाधिकारी र सम्वन्धित निकायमा पठाईएको ।
- जातीय भेदभाव तथा छुवाछुत अन्त्य र दलितहरुको अधिकार प्रवर्द्धन संयन्त्र, २०६८ र अपाङ्गता भएका व्यक्तिहरुविरुद्ध हुने भेदभाव अन्त्य र निजहरुको उत्थान, विकास र अधिकारको प्रबर्द्धन संयन्त्र, २०६८ को कार्ययोजना निर्माणका लागि क्रमशः संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र महिला वालवालिका तथा समाजकल्याण मन्त्रालयलाई निर्देशन दिइएको ।
- नेपाल ट्रष्टको कार्यालयको अनुरोध एवं नेपाल सरकारको निर्णय अनुसार पूर्व राजा रानी र निजहरुको परिवारहरुको देहावसान हुदाँका वखत निजहरुको नाममा काठमाडौं, ललितपुर, सिन्धुपाल्चोक र कास्की जिल्लामा कायम रहेको ४४-५-०-१ रोपनी क्षेत्रफल जग्गा र युएस डलर १ लाख ३६ हजार ९१० नेपाल ट्रष्टको नाममा कायम गरिएको ।
- २०७१।५।२९ मा वन संरक्षण सम्वन्धी वैठकबाट दुई महिना भित्र विस्तृत कार्ययोजना वनाउन निर्णय गरिएको ।
- नख्खु खोला अतिक्रमण नियन्त्रण र वाग्मती करिडोरको सीमा र वाटो सम्वन्धमा वैठक मिति २०७१।६।२४ मा सम्पन्न भई सो विषयमा भएको प्रगती बारे जानकारी गराउन पत्राचार भए अनुरुप मिति २०७१।१०।५ मा सोही विषयमा भएको पूर्व निर्णय कार्यान्वयन सम्वन्धमा समीक्षा गरिएको ।
- २०७१।१२।४ चिन सरकारवाट MBBS र BDS मा उपाधी हासिल गरेका विद्यार्थीको इन्ट्रनसीप (Internship) सम्वन्धी समस्या समाधान गर्ने विषयमा छलफल भई शिक्षा मन्त्रालयलाई कार्यान्वयन गर्न लेखि पठाई निरन्तर अनुगमन गर्ने गरिएको। साथै MD/MS/MCH को अध्ययन निःशुल्क गर्ने निर्णय कार्यान्वयन सम्वन्धमा मिति २०७२।२।७ मा छलफल भएको।
- २०७२।३।१ मा चिन सरकारले मेडिकल विषयमा उपलव्ध गराउने छात्रवृत्ती व्यवस्थित गर्न शिक्षा मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र परराष्ट्र मन्त्रालय एवं नेपाल मेडिकल काउन्सील समेतको उपस्थितमा बसेको वैठकले चार बुँदे निर्णय कार्यान्वयन गर्न गराउन सम्बन्धित निकायहरुमा पत्राचार गरिएको र निरन्तर अनुगमन गरिएको।
- २०७२।३।११ गते कल्पसनद चिकत्सा पद्धति वारेमा गठित कार्यदलको प्रतिवेदन सम्वन्धमा वैठक वसी चार वुँदे निर्णय भई निर्णय कार्यान्यनको निरन्तर अनुगमन भैरहेको।
- २०७२।३।१७ गते औषाधि उपचार र थप आर्थिक सहायता सम्वन्धी विषयमा अर्थ मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र गृह मन्त्रालयको प्रतिनिधि सहितको वैठकले निर्णय कार्यान्वयन गर्न पठाएको।

- नेपाल सरकार र नेपाल चिकित्सकहरु वीच भएको सम्झौता सहमतिको अनुगमन गर्न गठित कार्यदलमा चारवटा बुँदाहरुमा विभिन्न निर्णय गरि कार्यान्वयन गर्न शिक्षा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पठाइ निरन्तर सो को अनुगमन गरि आएको।
- राष्ट्रिय स्तरका पत्रपत्रिका सार्वजनिक सेवाप्रवाह अनियमितता तथा अन्य सवालका विषयमा प्रकाशित समाचारहरुको ४५ वटा विषयमा सम्वन्धित निकायहरुमा ध्यानाकर्षण गरी पत्राचार गरिएको।

## ङ. सूचना प्रविधि

- VISA/Master Card/SCTCard जस्ता विद्युतीय कार्ड मार्फत् प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोषमा रकम जम्मा गर्न सकिने वेभ पोर्टल (pmrelief.opmcm.gov.np) संचालनमा ल्याएको।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलयले आयोजना गर्ने विभिन्न वैठकहरुको सूचना सम्प्रेषण गर्ने SMS प्रणालीमा विद्यमान समस्याहरु समाधान गरी चुस्त वनाएको।
- विनासकारी भूकम्प पश्चात् करीव एक महिना गृह मन्त्रालय स्थित राष्ट्रिय विपद् सञ्चालन केन्द्र (NEOC) बाट सूचना प्रविधि सेवा प्रदान गरेको। यस केन्द्रको औपचारिक टुइटर ह्याण्डल (@NEOCOfficial) संचालनमा ल्याई नेपाल सरकारले गरेका कार्यहरुलाई तुरुन्तै जनमानसमा सम्प्रेषण गर्न योगदान पुऱ्याएको ।
- नेपाल सरकारका मन्त्रालय, केन्द्रीय निकाय र विभागहरुले प्रयोग गर्न मिल्ने गरी रु २५ हजार भन्दा माथिको विल भुक्तानी सार्वजनिक गर्ने एकीकृत अनलाइन पोर्टल (Online Portal) संचालनमा ल्याएको।
- स्वचालित कार्यालय प्रणालीलाई गृह, परराष्ट्र र उर्जा मन्त्रालयमा विस्तार गरेको।

## च. मानव अधिकार प्रवर्द्धन

- संयुक्त राष्ट्रसंघको भियना घोषणा, १९९३ अनुसार नेपालले मानव अधिकार संरक्षणका लागि गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धता एवं संवैधानिक, कानूनी र नीतिगत व्यवस्थाहरुलाई व्यावहारिक रुपमा सुनिश्चित गर्न २०६१ सालबाट शुरु गरेको मानव अधिकार राष्ट्रिय कार्ययोजनाको चौथो कार्ययोजना नेपाल सरकारबाट मिति २०७१।४।३२ मा स्वीकृत भई २०७१ साउन १ गतेबाट लागू भएको ।
- नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको ऐच्छिक अभिसन्धिमा रहेको प्रावधानअन्तर्गत नेपाल राज्यका विरुद्ध विभिन्न व्यक्तिहरुका तर्फबाट संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिमा दायर गरिएका उजुरीहरु तथा आर्थिक, सामाजिक एवं साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (ICESCR), १९६६ अन्तर्गत संयुक्त राष्ट्रसंघको आर्थिक, सामाजिक एवं साँस्कृतिक अधिकारसम्बन्धी समितिमा सन् २०१२ मा नेपालले पेश गरेको तेस्रो आवधिक प्रतिवेदन उपर जेनेभामा मिति १९ र २० नोभेम्बर २०१४ मा आयोजना भएको आर्थिक, सामाजिक र सांस्कृति अधिकार सम्बन्धी समितिको ५३ औं अधिवेशनमा भएको छलफलमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको नेतृत्वमा राष्ट्रिय योजना आयोगको सचिवालयका आर्थिक तथा सामाजिक विकास विषय हेर्ने सहसचिव, अर्थ मन्त्रालयका सहसचिव र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को

कार्यालय, कानुन तथा मानव अधिकार महाशाखा प्रमुख सम्मिलित पाँच सदस्यीय प्रतिनिधिमण्डल सहभागी भएको। उक्त छलफलपछि सो आवधिक प्रतिवेदनउपर समितिले गरेका सिफारिसहरु (Concluding Observation) यस कार्यालयको वेबसाइटमा राखिएको।

- संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरुमा मानव अधिकार संरक्षण र सम्वर्द्धनको कार्यलाई अझ बढी सशक्त तथा प्रभावकारी तुल्याउन सदस्य राष्ट्रहरुले आफूले मानव अधिकारको सम्बन्धमा स्वीकार गरेको दायित्व साकार पार्न गरेका काम कारवाहीहरुको प्रस्तुति गर्ने माध्यमको रुपमा विकास भएको Universal Periodic Review-UPR को दोस्रो साइकल अन्तर्गत सन् २०१५ मा जेनेभामा हुने नेपालको पुनरावलोकनको प्रयोजनका लागि नेपालको राष्ट्रिय प्रतिवेदन तयार गर्न एक अन्तरमन्त्रालयस्तरीय कार्यसमितिको गठन भई सो कार्यसमितिले तयार गरेको प्रतिवेदनको प्रारम्भिक मस्यौदाउपर क्षेत्रियस्तरमा सरोकारवाला निकायका प्रमुख तथा प्रतिनिधिहरु, संघसंस्था, मानव अधिकारकर्मी, प्राध्यापक, कानुन व्यवसायी, नागरिक समाजका प्रतिनिधि एवं पत्रकारहरु समेतको सक्रिय सहभागितामा नेपालगञ्ज, धनगढी, पोखरा, बिराटनगर तथा राष्ट्रियस्तरमा समेत राय परामर्श लिई नेपालको राष्ट्रिय प्रतिवेदन तयार गरी नेपाल सरकारको मिति २०७२।४।८ मा स्वीकृत भई परराष्ट्र मन्त्रालय मार्फत् संयुक्त राष्ट्रसंघको मानव अधिकार परिषद् समक्ष पेश गरिएको ।
- नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको ऐच्छिक अभिसन्धिमा रहेको प्रावधानअन्तर्गत नेपाल राज्यका विरुद्ध विभिन्न व्यक्तिहरुका तर्फबाट संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिमा दायर गरिएका मुद्दाहरुको सम्बन्धमा नेपालको स्थायी नियोग, जेनेभाबाट माग भएको जवाफ तयार गरी परराष्ट्र मन्त्रालयमार्फत जेनेभा पठाइएको।
- आर्थिक, समाजिक एबं साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध,१९६६ अन्तर्गत संयुक्त राष्ट्रसंघको आर्थिक, समाजिक एबं साँस्कृतिक अधिकारसम्बन्धी समितिमा सन् २०१२ मा नेपालले पेश गरेको तेस्रो आवधिक प्रतिवेदनका सम्बन्धमा सो समितिबाट विभिन्न विषयहरु (List of Issues) उपर माग गरेको जवाफ तयार गरी परराष्ट्र मन्त्रालयमार्फत् जेनेभा पठाइएको।
- भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको कार्यान्वयनसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना कार्यान्वयन तथा अनुगमन समितिको बैठक समितिका अध्यक्ष मुख्यसचिवको अध्यक्षतामा कार्तिक र माघ महिनामा सम्पन्न गरिएको ।
- भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको ब्यवस्था बमोजिम नेपालको पुनरावलोकन (Peer Review) युएन ओडिसी (UNODC), वेनिन (BENIN) र फिजी (FIJI) बाट मिति २०७१।११।१९ देखि २१ (मार्च ३-५, २०१५) मा सम्पन्न गरिएको ।
- नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको ऐच्छिक अभिसन्धिमा रहेको प्रावधानअर्न्तगत नेपाल राज्यका विरुद्ध ज्ञानेन्द्र त्रिपाठी, तेजबहादुर भण्डारी, टोप बहादुर बस्नेत, शुभद्रा चौलागाँई, चक्र बहादुर कटवाल समेतको तर्फबाट संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिसमक्ष परेको उजुरीका सम्बन्धमा सो समितिद्वारा पारित विचारलाई

कार्यान्वयन गर्ने सम्बन्धमा मन्त्रिपरिषद्‌बाट विभिन्न मितिमा निर्णय भई कार्यान्वयनको लागि परराष्ट्र मन्त्रालय मार्फत सम्बन्धित निकायमा पठाइएको ।

- मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन तथा अनुगमन समितिको बैठक समितिका अध्यक्ष मुख्य सचिवको अध्यक्षतामा चैत्र महिनामा सम्पन्न गरिएको ।
- नेपालको तर्फबाट संयुक्त राष्ट्रसंघका सन्धिजनित निकायहरु (United Nations treaty based bodies) मा खासगरी महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, संघीय मामिला तथा स्थानिय बिकास मन्त्रालय र गृह मन्त्रालयबाट प्रस्तुत गरिनुपर्ने प्रारम्भिक तथा आवधिक प्रतिवेदनहरु समन्वयात्मक रुपमा र समयमा नै तयार गर्ने प्रयोजनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव (कानुन) को संयोजकत्वमा गठित समन्वय समितिबाट Replies to the List of Issues for the Consideration of the Combined Third to Fifth Periodic Reports of Nepal on the Convention on the Rights of the Child, 1989 र Replies to the List of Issues to the Initial Report of Nepal on the Optional Protocal to the Convention on the Rights of the Child on the Involvement of Children in Armed Conflict, 2000 को प्रतिवेदनको मस्यौदालाई अन्तिम रुप प्रदान गरी आवश्यक कारबाहीको लागि महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयमा पठाइएको ।
- मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्ने राज्यको प्राथमिक दायित्व भएअनुरूप मानव अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरू र सरकारका विभिन्न निकायहरूको समन्वयमा मानव अधिकारसम्बन्धी विविध गतिविधिहरू सञ्चालन गरिएको।
- नेपाल सरकारका मानव अधिकार संरक्षण र लैङ्गिक सशक्तीकरण एवं लैङ्गिक हिंसा विरुद्धका नीति, कार्ययोजना, रणनीति र कार्यक्रमहरुबारे सरकारी कार्यालयका प्रमुखहरु, नागरिक समाजका अगुवाहरु, सञ्चारकर्मी तथा अधिकारवादीहरुलाई जानकारी दिन कपिलवस्तु, नवलपरासी र चितवन जिल्लामा शिक्षण/अनुशिक्षण कार्यक्रम आयोजना गरिएको ।
- चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजनाको प्रचार प्रसार तथा अन्तरक्रिया कार्यक्रम सरोकारवाला निकायका प्रमुख तथा प्रतिनिधिहरु, संघसंस्था, मानव अधिकारकर्मी, प्राध्यापक, कानुन व्यवसायी, नागरिक समाजका प्रतिनिधि एवं पत्रकारहरु समेतको सक्रिय सहभागितामा नवलपरासी, चितवन, कपिलवस्तु, सप्तरी र उदयपुरको गाईघाटमा सम्पन्न गरिएको ।

## छ. लैङ्गिक सशक्तीकरण

- लैङ्गिक हिंसा निवारण कोषको परिचालन सम्बन्धमा कुनै अस्पष्टता भए सोलाई स्पष्ट गरी महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले मातहतका निकाय/कार्यालयलाई मार्गनिर्देश दिने र नियमित अनुगमन गर्ने भनी लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरण केन्द्रीय समन्वय समितिबाट निर्देशन दिइएको।
- मुख्यसचिवको अध्यक्षतामा मिति २०७१ चैत्र १ गते लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरण केन्द्रीय समन्वय समिति र सल्लाहकार समूहको संयुक्त बैठकको निर्णय अनुसार "हालैका दिनहरुमा महिला तथा बालबालिका माथि भएका बलात्कार लगायतका

घटनाको अध्ययन गरी त्यसको कारण पहिचान गर्न, पीडितलाई न्याय दिलाउन र भविष्यमा यस्तो प्रकृतिको घटना दोहोरिन नदिन अबलम्बन गरिनुपर्ने सुधारका उपाय" सहित ३० दिनभित्र प्रतिवेदन बुझाउन यस कार्यालयका सचिव (कानुन) लाई निर्देशन दिने भन्ने निर्णय बमोजिम समिति गठन भएको सो समितिले गंभिर प्रकृतिका जबरजस्ती करणीका दश, घरेलु हिंसाका पाँच र मानवबेचबिखन एवं बोक्सीको आरोपबाट भएका घटनाको पाँच वटा नमूनाहरुको विवरण सम्बन्धित निकायबाट माग गरी सो को अध्ययन गरी प्रतिवेदन तयार गर्न मनोविदहरु समेत संलग्न उपसमितिहरु गठन गरिएको, उपसमितिले उक्त नमूना घटनाहरु घटित स्थलको भ्रमण र पीडित तथा पीडकसंग अन्तरवार्ता लिई मनोसामाजिक पक्षको समेत विश्लेषण गरिएको प्रतिवेदन तयार गरिएको ।

- प्रकरण २ बमोजिम उपसमितिले तयार गरेको प्रतिवेदनहरु समेतका आधारमा तयार गरिएको प्रतिवेदन मिति २०७२।४।१३ गते मुख्यसचिव समक्ष प्रस्तुत गरिएको। उक्त प्रतिवेदनको सिफारिश कार्यालयको वेवसाइट मा राखिएको ।
- मिति २०७१ फागुन ८ गते शुक्रबार बारा जिल्लाको सदरमुकाम कलैयामा साझ ५ बजे वेपत्ता पारिएकी छ वर्षीया बालिका पुजा शाह र फागुन १० गते आईतबार बसन्तपुरस्थित ए-प्लस माइनस ट्यूसन सेन्टरमा बिहान ६.३० बजे क्लास लिन गएको बेला कान्ति इश्वरी स्कुलकी  छात्रा सीमा बस्नेत र शान्ति निकुञ्ज स्कूलकी छात्रा संगिता पुलामी मगरलाई एसिड प्रहार भएको र निज छात्राहरुलाई उपचारको लागि वीर अस्पताल र काठमाडौ मेडिकल कलेज सिनामंगलमा राखिएको सन्दर्भमा निजहरुको स्वास्थ्य अवस्था बुझ्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव (कानुन) को निर्देशन अनुसार लैङ्गिक सशक्तीकरण समन्वय एकाईबाट वीर अस्पताल र काठमाडौ मेडिकल कलेजमा पुगी स्थलगत अनुगमन गरी पीडित, पीडितको अभिभावक, अस्पतालका निर्देशक तथा पीडितसंग समेत स्वास्थ्य अवस्था बारे जानकारी लिई सुझाव सहितको प्रतिवेदन पेश गरेको र उक्त घटनाका पीडितलाई न्याय दिलाउने सम्बन्धमा सम्बन्धित निकायलाई निर्देशन, समन्वय र सहजीकरण गरेको।
- पति फरिद ढपाली समेतले जलाएर मार्ने उद्धेश्यले शरिरमा आगो लगाई पीडित बनेकी १९ वर्षीया रिहाना सेख ढपालीको स्वास्थ्य अवस्थाबारे जानकारी लिन मिति २०७१।१।२८ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट स्थलगत अनुगमन गरी सुझाव सहितको प्रतिवेदन पेश गरेको र उक्त घटनाका पीडितलाई न्याय दिलाउने सम्बन्धमा सम्बन्धित निकायलाई निर्देशन, समन्वय र सहजीकरण गरेको ।
- लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरण राष्ट्रिय रणनीति तथा कार्ययोजना २०६९, सम्बन्धमा प्रचार प्रसार अनुगमन तथा शिक्षण अनुशिक्षण सम्बन्धी जिल्लास्तरीय अनुगमन/कार्यशाला/कार्यक्रम मुस्ताङ्ग, बारा, पर्सा, मकवानपुर, इलाम, झापा, कंचनपुर, रुपन्देही र लमजुङ्ग जिल्लामा संचालन गरिएको ।
- लैङ्गिक हिंसाको उजुरी सुन्नुपर्ने जिम्मेवार निकायले लैङ्गिक हिंसा विरुद्धको उजुरी दर्ता गर्न इन्कार गरेको, दर्ता गरेर पनि कारवाही प्रक्रिया शुरु नगरेको, कारवाही प्रक्रिया प्रभावकारी नभएको वा कारवाही प्रक्रियामा सुस्तता भएको भनी लैङ्गिक सशक्तिकरण एकाईमा प्राप्त हुने निवेदन, टिप्पणी, उजुरी वा गुनासाहरु, हेलो सरकार मार्फत प्राप्त लैङ्गिक हिंसासम्बन्धी गुनासाहरु र विभिन्न पत्रपत्रिकामा प्रकाशित लैङ्गिक हिंसासम्बन्धी घटनाहरुका सम्बन्धमा

समेत जानकारीमा लिई कारवाहीका लागि सम्बन्धित निकायहरुसँग संयोजन, समन्वय र सहयोगको कार्य भएको छ ।

- लैङ्गिक हिंसा सम्बन्धी ४२ वटा लिखित उजुरी एकाईमा दर्ता भएकोमा उक्त उजुरीहरु कारवाहीका लागि सम्बन्धित निकायमा पठाइएको र कारवाही भए नभएको सम्बन्धमा ताकेता र अनुगमन गर्ने गरिएको ।

## ज. योजना तथा अनुगमन

- प्रधाननमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव (योजना तथा अनुगमन महाशाखा हेर्ने) को संयोजकत्वमा कार्यदल गठन गरी नेपाल सरकारका मन्त्रालय/केन्द्रीय निकायहरुको मुख्य-मुख्य कामको कार्यसम्पादन सूचक तयार गरिएको।
- नेपाल सरकारको नीति तथा कार्यक्रमको कार्ययोजना तयार गरिएको। राष्ट्रिय गौरवका २१ वटा आयोजनाहरुको प्रगति ढाँचा कार्यालयको ईपोर्टलमा अपलोड अनलाईन मार्फत प्रगति अनुगमन गरिएको। हरेक महिना बस्ने सचिव बैठकमा अनलाईन प्रतिवेदन उपर छलफल भई सम्बन्धित निकायलाई निर्देशन दिइएको ।
- सम्माननीय राष्ट्रपतिज्यूबाट व्वस्थापिका संसद समक्ष प्रस्तुत आ.व. २०७२/७३ को नीति तथा कार्यक्रम तयार गरिएको। उक्त नीति तथा कार्यक्रमलाई कार्यालयको वेबसाइट मार्फत् सार्वजनिक समेत गरिएको ।
- केन्द्रीय अनुगमन तथा मूल्याङकन समितिको ३ वटा बैठकहरुबाट ३५ वटा निर्णयहरु गरी कार्यन्वयनका लागि सम्बन्धित निकायमा पठाई सो को अनुगमन गरिएको। यस अवधिमा सम्पन्न ३ वटा बैठकहरुले दैवी प्रकोप व्यवस्थापन, आसन्न चाडपर्वको लागि वस्तु तथा सेवाहरुको आपूर्ति व्यवस्थापन, विषादीको प्रयोग न्यूनिकरणको अवस्था तथा भावी कार्यक्रम, अस्पतालहरुको फोहर व्यवस्थापन, मौसम पूर्वानुमान, जेष्ठ नागरिकका मागहरु सम्बोधन, १८ औं सार्क शिखर सम्मेलन तयारी सम्बन्धमा तथा सामुदायिक विद्यालयमा पाठ्यपुस्तक वितरण विषयमा केन्द्रित रहेका थिए।

## २. गृह मन्त्रालय

यस आर्थिक वर्षमा यस मन्त्रालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएको थियो ।

- लागू औषधको मौखिक प्रतिस्थापन उपचार पद्धति निर्देशिका, २०७० जारी गरिएको छ ।
- पोखरामा लागू औषध उपचार तथा पुनर्स्थापना केन्द्र निर्माण कार्य प्रारम्भ भएको छ ।धरानमा जग्गा खरीदको कार्य सम्पन्न भै सकेको छ ।
- ५१ जना पूर्व लागु औषध प्रयोगकर्तालाई तीनवटा पुनर्स्थापना केन्द्रमा राखी उपचार गर्ने कार्य सम्पन्न भएको छ। १६४ जना पूर्व लागू औषध प्रयोगकर्तालाई सीपमूलक तालीम प्रदान गरिएको छ। ११ जिल्लाका ६५० जना सरोकारवालाहरुका लागि अभिमूखीकरण कार्यक्रम सम्पन्न गरिएको छ। उपत्यकाका मा.वि. तथा उच्च मा.वि.का ७०० विद्यार्थीहरुलाई लागू औषध दुरुपयोग विरुद्ध जागरण कार्यक्रम सन्चालन गरिएको छ ।

- गैरसरकारी संस्थाहरुमार्फत विद्यालय, युवा, महिला, सडक बालबालिका तथा समुदाय केन्द्रीत लागु औषध दुरुपयोग विरुद्धको जागरण कार्यक्रम सम्पन्न भएको छ। यस कार्यक्रमले ८,४२३ व्यक्तिलाई प्रत्यक्षरुपमा लाभान्वित बनाएको छ।
- लागु औषध दूर्व्यसन विरुद्ध चेतना अभिबृद्धि गर्ने उद्धेश्यले टेलीश्रृखला निर्माण गर्ने कार्य सुरु गरिएको छ ।
- झापा, मोरङ, सुनसरी जिल्ला तथा उपत्यकाका विभिन्न ११, उपचार तथा पुनर्स्थापना केन्द्र, ११ मौखिक प्रतिस्थापन उपचार केन्द्र को केन्द्रीय अनुगमन टोलीद्धारा अनुगमन तथा निरीक्षण गरिएको छ।
- केन्द्रीय कारागारलाई स्थानान्तरण गर्ने गरी नुवाकोट जिल्ला विदुर नगरपालिका वडा नं. ६ चण्डी पोखरीमा ५ हजार भन्दा बढी बन्दी क्षमताको कारागार निर्माण गर्नका लागि ७८४ रोपनी १ आना जग्गा कारागार कार्यालय नुवाकोटको नाममा दर्ता गर्ने गरी नेपाल सरकारबाट स्वीकृति भैसकेको छ। सो कारागारको विस्तृत गुरुयोजना तयार भैसकेको छ। केन्द्रीय कारागार निर्माणको लागि परामर्शदाताबाट डिटेल डिजाइन तथा लागत अनुमान तयार गर्ने कार्य सम्पन्न भै आवश्यक परिमार्जन, संसोधन र राय सुझावको लागि सहरी विकास तथा भवन निर्माण विभागमा पठाइएको छ।
- कारागार सम्बन्धी कानुनमा रहेको खुल्ला कारागारको अवधारणा कार्यान्वयन गर्न बाँके जिल्लाको गनापुर गा.वि.स. वडा नं. ६ मा खुला कारागार निर्माण गर्न बोलपत्र आव्हान भई प्रक्रिया अगाडि बढाइएको छ। कारागारलाई सुधारगृहको रुपमा विकसित गर्ने क्रममा परामर्शदाताबाट डिटेल्ड डिजाइन तथा लागत अनुमान तयार गर्ने कार्य सम्पन्न भई आवश्यक परिमार्जन संशोधनका लागि सहरी विकास मन्त्रालयसँग समन्वय गरिएको छ ।
- शहरी सुरक्षा प्रणालीलाई भरपर्दो र विश्वासनीय तुल्याउन काठमाडौ उपत्यका र अन्य सहरहरुका सम्वेदनशील ८ क्षेत्रमा सि.सि.टि.भि. (CCTV) जडान गरिसकिएको छ। अन्य स्थानमा जडान कार्य भइरहेको छ। काठमाडौं उपत्यका मुख्य प्रवेश मार्ग नागढुंगामा अत्याधुनिक सि.सि.टि.भी. जडान गरी चेकजाँचको व्यवस्था मिलाइएको छ। अन्य नाकाहरु जस्तै फर्पिङ, छैमलेबाट मकवानपुर जाने बाटो, वाँडभञ्ज्याङ नाङ्लेभारेबाट सिन्धुपाल्चोक जाने बाटो, डाँडाकटेरीबाट मानचुली लेक जाने बाटो, बुढानिलकण्ठबाट फेदीखोला हुँदै नुवाकोट जाने बाटो, सुन्दरीजलबाट नुवाकोट जाने बाटोहरुमा नाका सुरक्षा योजना बनाई कुनै पनि अपराधिक क्रियाकलाप हुन/ गर्न नदिने व्यवस्था मिलाइएको छ ।
- राजमार्ग सुरक्षा तथा उद्धारको लागि ७६ स्थानहरुमा तत्काल प्रतिकार्य टोली (IRT) खटाइएको छ ।
- बिना ईजाजत सार्वजनिक सवारीमा राखिएका छत/हुटलाई ट्राफिक प्रहरीबाट हटाउने कार्य भईरहेको छ।
- नियमावलीको अभावमा लामो समयदेखि नेपाल प्रहरीमा बढुवा लगायतका बृत्ति विकासका अवसरहरु रोकिएकोमा प्रहरी नियमावली, २०७१ जारी भई बढुवा तथा पदपूर्तिको काम अघि बढाइएको छ ।
- नेपाल प्रहरीको पनौतीमा निर्माण हुने प्रहरी एकेडेमीको लागि भारत सरकारसँग समझदारीपत्र भएको छ ।

- राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठानको निर्माण कार्य मातातीर्थमा सुरु भएको छ। चीन सरकारको सहयोगमा करिव रु. ३ अर्ब ६० करोडको लागतमा निर्माण हुने राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठानको निर्माण कार्यको थालनी गरिएको छ ।
- नेपाल भारत सीमा क्षेत्रमा आवतजावत गर्ने नेपाली तथा भारतीय जनताले कुनै पनि समस्या व्यहोर्न नपरोस तथा महत्वपूर्ण खबरहरु तुरुन्तै उपलब्ध गराउन सकोस भन्ने उद्धेश्यले सीमा ईलाकामा सशस्त्र प्रहरी बलले नेपाल तथा भारतीय सुरक्षाकर्मीहरुलाई जानकारी गराउनको लागि दुवै पक्षको शुल्क नलाग्ने टोल फ्रि नम्वरहरु देखिने गरि साइनवोर्ड बनाई करिव ७६ वटा स्थानमा राखिएको छ। सीमा सुरक्षाको लागि नियमित गस्ती गर्ने गरिएको छ। सीमास्तम्भहरुको अवस्थाको अभिलेख राख्ने गरिएको छ ।
- अर्धसैनिक बलको मूल्य एवं मान्यता अनुसार व्यवसायिक तथा वृत्ति विकासको लागि त्रिभुवन विश्व विद्यालयको मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तरगत सुरक्षा, विकास तथा शान्ति अध्ययन विषयमा स्नात्तकोत्तर तहको सम्वन्धन प्राप्त भई नेपाल सरकार माननीय उपप्रधान तथा गृह मन्त्री स्तरबाट कमाण्ड तथा स्टाफ कलेज स्थापना तथा तालिम संचालनको लागि स्वीकृती प्राप्त भएको छ।
- संयुक्त राष्ट्रसंघीय मिशनहरुमा शान्ति स्थापनार्थ परिचालन हुने क्रममा दक्षिणी सुडानमा एक वटा १४० जनाको नयाँ मिशन थप भएको र दक्षिणी सुडानमा नै ६० जनाको महिला सवलिकरण तत्व (Female Robust Element) थप भई हाल ५८० जना सशस्त्र प्रहरी कर्मचारीहरु युएन मिशनमा परिचालन गरिएको छ।
- नेपाल प्रहरीमा ३ वर्षे अपराध नियन्त्रण कार्ययोजना स्वीकृत भई कार्यान्वयनको क्रममा रहेको छ।
- मन्त्रालय र मातहत निकायहरुको दरबन्दी तथा कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षणको कार्यको थालनी गरिएको छ। यसले संगठनमा सुधार हुन जानेछ। अवका दिनमा हाल भै रहेको व्यवस्थामा परिवर्तन हुने भएबाट नागरिकले नजिकबाट सेवा पाउने अपेक्षा गरिएको छ। २० जिल्ला प्रशासन कार्यालयहरुको भवन निर्माणको थालनी गरिएको छ। आगामी दिनमा चरणबद्धरुपमा जिल्ला प्रशासन कार्यालयहरुको भवन निर्माणको कार्यलाई निरन्तरता दिइने छ।
- गृह प्रशासन सुधार एवं सुदृढीकरण कार्ययोजना, २०७१ स्वीकृत भई कार्यान्वयनको क्रममा रहेको छ। पाँच विकास क्षेत्रका एक/एक जिल्ला प्रशासन कार्यालयहरु (मोरङ, काठमाडौ, रुपन्देही, बाँके र कैलाली) मा दुई सिफ्ट सेवा सञ्चालन गरी सेवा प्रवाहलाई प्रभावकारी बनाइएको छ।
- हातहतियार खरखजना नियमावली (नवौ संशोधन), २०७१ मन्त्रिपरिषद्बाट स्वीकृत भई राजपत्रमा सूचना प्रकाशन भएको।
- यातना दिने तथा निर्मम अमानवीय वा अपमानजनक बिरुद्धको महासन्धी अनुकुल हुने गरी तर्जुमा गरिएको "यातना तथा निर्मम,अमानवीय वा अपमानजनक व्यवहार (नियन्त्रण) विधेयक, २०७१ व्यवस्थापिका - संसदमा पेश गरिएको छ ।
- निजी सुरक्षा सेवा व्यवसायलाई नियमित र व्यवस्थित गर्ने सम्बन्धमा बनेको विधेयक, २०७१ व्यवस्थापिका -संसदमा पेश भएको छ ।
- विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्न विपद् व्यवस्थापनसँग सम्वन्धित प्रचलित नेपाल कानुनलाई समयानुकूल संशोधन र एकीकरण आवश्यक भएकोले विपद्

व्यवस्थापन सम्वन्धमा बनेको विपद् व्यवस्थापन विधेयक, २०७१ व्यवस्थापिका-संसद समक्ष पेश भएकोमा सो विधेयक पुनर्विचार एवं परिमार्जनका लागि फिर्ता लिइएको छ ।

- सशस्त्र प्रहरी नियमावली, २०७२ कार्यान्वयनमा आएको ।
- ब्रोडव्याण्ड नीति, २०७१ को मस्यौदा राय परामर्शको लागि पठाइएको ।
- मुद्धा फिर्ता सम्बन्धी कार्यविधि, २०७१ मा संशोधन सहमतिको लागि कानुन, न्याय संविधान सभा तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको ।
- बिशिष्ठ व्यक्ति तथा पूर्व पदाधिकारीको सुरक्षा र सुविधा सम्बन्धी विधेयक, २०७१ व्यवस्थापिका संसदमा दर्ता भएकोमा सो विधेयक पुनःविचार एवं परिमार्जनको लागि फिर्ता लिइएको।
- दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (SAARC) को मालेमा भएको १७ औं शिखर सम्मेलन (नोभेम्बर ११–१२, २०११) मा हस्ताक्षरित SAARC AGREEMENT ON RAPID RESPONSE TO NATURAL DISASTER व्यवस्थापिका संसदबाट २०७१।७।१८ मा अनुमोदन भएको छ ।
- गैर आवासीय नेपाली ऐन, २०६४ गैर आवासीय नेपाली नियमावली, २०६६ लाई समायानुकूल बनाउने कार्यको लागि आवश्यक छलफल भइरहेको छ।
- नागरिकता सूचना व्यवस्थापन प्रणाली (CIMS) सफ्टवेयर निर्माण गरी ७५ जिल्ला प्रशासन कार्यालय तथा ८ वटा इलाका प्रशासन कार्यालयबाट नागरिकता वितरण तथा अभिलेखिकरण कार्य भै रहेको। हाल सम्म १ करोड ३२ लाख नागरिकता CIMS मा अभिलेखीकरण भै सकेको र उक्त प्रणालीको प्रयोग गरी राहदानी विभागबाट नागरिकता अभिलेख भिडाउने कार्य भैरहेको ।
- जिल्ला प्रशासन स्वाचालित प्रणाली (DAAS) सफ्टवेयर निर्माण गरी जिल्ला तथा इलाका प्रशासन कार्यालयहरूको संघ/संस्था, हातहतियार, नाबालक परिचयपत्र, विवाह दर्ता र प्रमाणिकरण सम्बन्धी काम कम्प्युटराइज्ड प्रणालीबाट हुने र उक्त अभिलेख जिल्ला तथा केन्द्रमा सुरक्षित रहने गरी व्यवस्था मिलाइएको।
- विद्युतिय हाजिरी प्रणाली (E-Attendance System):- मन्त्रालय र ४५ वटा जिल्लामा विद्युतीय हाजिरीको व्यवस्था मिलाइएको र उक्त हाजिरी केन्द्रबाट अनुगमन गर्न सकिने व्यवस्था मिलाइएको ।
- Intranet Web Portal (District Website) ७५ जिल्ला र १० वटा इलाका प्रशासन कार्यालयहरूको Website निर्माण गरिएको।
- SMS Based System Software निर्माण गरी राहदानीमा SMS बाट जानकारी पाउन तथा लिन सक्ने व्यवस्था मिलाइएको तथा विभिन्न SMS समूह बनाइ जानकारी दिने एवं परिपत्रहरू Web मार्फत पठाइ SMS Alert को व्यवस्था गरिएको ।
- कागजात अभिलेखिकरण प्रणाली (PDAS) सफ्टवेयर निर्माण गरी कागजात सुरक्षित राख्ने काम शुरू भएको।
- विपद् व्यवस्थापनको लागि विपद् जोखिम न्यूनिकरण पोर्टल (drrportal.gov.np) निर्माण गरि सञ्चालनमा ल्याइएको ।
- मन्त्रालय, ७५ जिल्ला प्रशासन कार्यालय तथा ९ वटा इलाका प्रशासन कार्यालयहरू बीच आन्तरिक सञ्जाल (VPN) निर्माण भएको। जसको माध्यमबाट प्रत्येक घण्टामा जिल्ला प्रशासन कार्यालयहरूबाट नागरिकताको रेकर्ड केन्द्रको सर्भरमा आउने व्यवस्था मिलाइएको छ ।
- आवश्यक Hardware वितरण गरिएको ।

- ➢ ७५ जिल्ला तथा १५ वटा इलाका प्रशासन कार्यालयहरूमा Power Backup System जडान गरिएको। साथै १५ वटा जिल्ला प्रशासन कार्यालयमा सौर्य प्रणाली जडान गरिएको।
- ➢ हालसम्म ४५ वटा जिल्ला प्रशासन कार्यालयहरूमा सर्भर कम्प्युटर वितरण भै सकेको ।
- ➢ कर्मचारीहरूको क्षमता अभिबृद्धि गर्ने उद्देश्यले ७५ वटै जिल्ला प्रशासन कार्यालय तथा ८ वटा इलाका प्रशासन कार्यालयका कर्मचारीहरूका लागि सूचना प्रविधि अभिमुखीकरण तालिम सञ्चालन गरिएको।

- भूकम्प उद्धार तथा राहत व्यवस्थापन कार्यमा प्रयोग गर्नको लागि अनुदान स्वरुप Motorola Solutions Singapore pvt, Singapore ले उपलब्ध गराएको १०० थान वाकीटकी र Technics Communication and Electronics pvt. Ltd, Singapore ले उपलब्ध गराएको ५० थान वाकीटकी सूचना तथा सञ्चार मन्त्रालयबाट बुझी त्यसको उचित प्रयोग गरिएको ।
- संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को Resolution सम्बन्धमा विशेष गरी Islamic State of Iraq and the Levant (ISIL) तथा AL Nusra Front (ANF) एवं अल कायदा सम्बन्धमा नेपाल सरकारद्वारा सम्पादितकार्यहरु समेटी प्रतिवेदन तयार पारिएको ।
- नेपाल सरकार वैदेशिक रोजगार ऐन, २०६४ को दफा ८१ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी उपत्यकावाहिर वैदेशिक रोजगार व्यवसाय सञ्चाल नगर्ने इजाजतपत्रवालाका शाखा कार्यालय तथा एजेन्टका सम्बन्धमा २०७१।१२।२३ मा राजपत्रमा प्रकाशित सूचना अनुसार सूचनाको वूँदा नं. ६ को "अनुगमन तथा निरीक्षण सम्बन्धी कार्य सम्बन्धित प्रमुख–जिल्लाअधिकारीको समन्वयमा सञ्चालन गर्ने र त्यस कार्यको लागि जिल्ला प्रहरी कार्यालयको सहयोग लिने" भन्ने प्रावधान भएको हुँदा सो कार्यान्वयनको लागि मातहत जिल्ला प्रशासन कार्यालयहरुलाई लगाइएको ।
- कार्यस्थलमा हुने विभिन्न यौनजन्य दुर्व्यवहार, गुनासो सनुवाई, उजुरी गर्ने प्रक्रिया तथा कारवाही लगायतका क्षेत्रहरुमा प्रमुख जिल्ला अधिकारीले उजुरी सुन्ने व्यवस्था रहेकाले उक्त ऐनको प्रावधान बमोजिम गर्नु गराउनु हुन मातहतका जिल्ला प्रशासन कार्यालयहरुलाई लगाइएको।
- जनवादी गणतन्त्र चीनले नेपालको सशस्त्र प्रहरी बलको Digital Radio Trunking System का लागि ६ मिलियन यूआन (आरएमवी) प्रदानगर्ने भन्ने दुइ देश बीच सम्पन्न सम्झौता कार्यान्वयन सम्बन्धमा समझदारीपत्रमा हस्ताक्षर भएको ।
- बैशाख १२ मा आएको महाभूकम्पबाट भएको क्षतिमा सहयोग पुर्याउन मित्रराष्ट्र कोरिया सरकारबाट प्राप्त हुन आएको २७ ठूला उपकरण हस्तान्तरण भई उक्त ठूला उपकरण नेपाल प्रहरी र राष्ट्रिय सशस्त्र प्रहरी बलले बुझेको।
- व्यवसायिक मुनाफा आर्जन गर्ने उद्देश्यबाट प्रेरित यातायात सम्बद्ध संस्थाहरु संस्था दर्ता ऐन, २०३४ अनुसार दर्ता नगर्न, नगराउनका लागि जिल्ला प्रशासन कार्यालयहरुमा निर्देशन दिइएको।
- २५ नोभेम्वर, २०१४ मा नेपाल र भारतवीच सम्पन्न नेपाल भारत सवारी साधन सम्झौता (Nepal India Motor Vehicle Agreement) अनुसार सम्झौताको Article ३ को बुँदा नं. ११ मा भएको व्यवस्था कार्यान्वयन गर्न अञ्चल यातायात कार्यालय रहेको जिल्लामा अञ्चल यातायात व्यवस्था कार्यालयले तथा अञ्चल यातायात व्यवस्था कार्यालय नरहेको जिल्लामा जिल्ला प्रशासन कार्यालयबाट अनुमतिपत्र जारी गर्ने भनी नेपाल सरकार (सचिवस्तर) बाट मिति २०७१।१०।१८ मा निर्णय भएकोले सो कार्यान्वयनको लागि व्यवस्था मिलाइएको ।

- भुटानी शरणार्थीहरुलाई तेश्रो मुलुकमा पुनर्वास गराउने कार्य जारी रहेको । हालसम्म ९६ हजार भन्दाबढी शरणार्थीहरु तेश्रो मुलुकमा पुनर्स्थापना भैसकेको ।
- तिब्बती शरणार्थी २५ जना लाई नेपाल बाहिर जान यात्रा अनुमति पत्रका लागि परराष्ट्र मन्त्रालयमा सिफारिश गरी पठाइएको ।
- सशस्त्र प्रहरी बलको लागि तालिम प्रतिष्ठान निर्माणको लागि विद्युतकार्य र डिपबोरिङ निर्माण कार्य सम्पन्न भएको छ ।
- अध्यागमन सेवालाई विद्युतिय प्रविधिमा आधारित बनाउने र अध्यागमन आधुनिकिरण योजना २०७० को प्रभावकारी कार्यान्वयन गर्ने कार्यको थालनी भएको छ ।
- M.R.P. मा रहेको विवरण सफ्ट्वेयरको माध्यमवाट क्याप्चर गरेर भण्डारण गर्ने प्रविधिको कार्य सम्पन्न भएको छ ।
- आगमन र प्रस्थान कार्डमा भरिएका विवरण प्रविष्ट गरेर भण्डारण गर्ने कार्य सम्पन्न भएको छ।
- सबै किसिमको भिसाको लागि अनलाईन दरखास्त प्रणाली लागू गर्ने कार्य सम्पन्न भएको छ।
- अनलाईनबाट प्राप्त विवरण र प्रदान गरिएको भिसाको विवरण भएको तथ्याङ्क भण्डारण प्रणाली गर्ने कार्य सम्पन्न ।
- ट्रेकिङ परमिटको लागि अनलाइन दरखास्त प्रणाली र विवरण भण्डारण प्रणाली लागू गर्ने कार्य सम्पन्न भएको छ।
- विमान मार्फत नेपाल आउने र नेपालबाट बाहिरिने यात्रुको विवरण संकलनको लागि पूर्व हवाइ यात्रु सूचना प्रणालीको सफ्टवेयर निर्माण भईरहेको छ ।
- अध्यागमन कानुन उलङ्घन गरी नेपालबाट निष्कासन गरिएका, प्रस्थान गराइएका र अन्य निकायका अनुरोधमा आवागमन नियन्त्रणको लागि प्राप्त विवरण अद्यावधिक गर्ने, ट्रायाकिङ गर्ने कालो सूचि प्रणाली सम्वन्धी कार्य सम्पन्न भएको छ ।
- विदेशी पर्यटक बस्ने होटलको अध्यागमनसंग सम्बन्ध हुने गरी होटेलमा बस्ने विदेशीको विवरणको लागि सूचना प्रणालीको सफ्टवेयर बनाउने कार्य सम्पन्न भएको छ ।
- अध्यागमन कार्यालय त्रि.अ.बि. को अनुगमनको लागि CCTV प्रणाली जडान गर्ने कार्य सम्पन्न भएको छ ।
- रसुवाको रसुवागढीमा  अध्यागमन कार्यालय स्थापना भई कार्य संचालन भईरहेको छ ।
- शहरी सुरक्षा प्रणालीलाई भरपर्दो र बिश्वसनिय तुल्याउन काठमाण्डौ उपत्यका र अन्य शहरहरुको संवेदनशील क्षेत्रहरुमा CCTV जडान गर्ने र जि.प्र.का सिन्धुपाल्चोक, जि.प्र.का कास्की, जि.प्र.का रसुवामा CCTV  खरिद भइ जडान भइसकेको। जि.प्र.का गोरखामा समेत CCTV  जडान कार्यको थालनी गरिएको ।
- नेपाल प्रहरीमा मुस्कान सहितको प्रहरी सेवा सुरु गर्ने कार्यको लागि ५५ हजार ३ सय ४६ प्रहरी कर्मचारीलाई तालिम प्रदान गरिएको छ ।
- "प्रहरी कर्मचारीहरुका लागि लैंगिक हिंसा सम्बन्धी आचारसंहिता, २०७१" जारी गरी लागु गरिएको छ।

## ३. रक्षा मन्त्रालय

यस आर्थिक वर्षमा यस मन्त्रालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएको थियो ।

- नेपाली सेनाको संगठनात्मक स्वरुप लामो समय देखि पुनरावलोकन हुन सकिरहेको थिएन । यथास्थितिमा रहेको संगठनात्मक स्वरुपबाट निरन्तर बृद्धि हुँदै गएको सेनालाई नियन्त्रण र निर्देशन गर्न अप्ठ्यारो भईरहेको अवस्थामा नयाँ संगठनात्मक स्वरुप कायम भई लागू गरिएको छ। जस्ले गर्दा सेनाको चेन अफ कमाण्ड पहिले भन्दा प्रभावकारी भएको छ।
- नेपाली सेनाको देशभर रहेका कार्यालय तथा वासस्थानहरुमा समयानुसारको सुधार ल्याई संगठनलाई चुस्त र दुरुस्त बनाउने सरकारको नीति अनुसार केही वर्ष पहिलेबाट सुरु गरिएको बंकर टु व्यारेक कार्यक्रमलाई छिटो भन्दा छिटो सम्पन्न गर्ने गरी वार्षिक बजेटमा हरेक वर्षबृद्धि गर्दै अझ प्रभावकारी रुपमा सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिईएको ।
- सैनिक तालिमः- सिपाही भन्या तिषारी राख्रु' भन्ने मर्मलाई आत्मासाथ गर्दै सकलदर्जाहरुको पेशागत क्षमता अभिवृद्धि गर्नको लागि स्वदेश तथा विदेशमा संचालन गरिएका तालिमहरुमा क्रमशः ३२५६९ र ४४६ जना शिक्षार्थीहरुलाई सहभागी गराईएको ।
- विकास कार्यः- आ.व. ०७१/७२ मा जाजरकोट-डोल्पा (दुनै) सडक आयोजना, कर्णाली करिडोर सडक आयोजना, मैलुङ्ग-स्याफ्रुबेसी-रसुवागढी सडक आयोजना र कालीगण्डकी करिडोर सडक आयोजना मार्फत सडक निर्माण कार्य गरेको। उक्त आ.व.को कार्यक्रम अनुसार भौतिक र वित्तीयतर्फ शत प्रतिशत प्रगति भएको।
- बिपद् व्यवस्थापनमा योगदानः- विपद् व्यवस्थापनमा खट्टिदै आईरहेको नेपाली सेनाले सिन्धुपाल्चोकको जुरे ईलाकामा गएको पहिरो, देशका विभिन्न स्थानमा आएको बाढी, पहिरो तथा डुवान, मुस्ताङ्ग र मनाङ्गमा गएको हिमपहिरो र भूकम्प प्रभावित क्षेत्रहरुमा खोज, उद्धार तथा राहत वितरणको साथै सर्पदंश, स्वास्थ्य शिविर, रक्तदान, आगलागी नियन्त्रण आदी जस्ता जनहितका कार्य गरेको । २०७२ साल बैशाख १२ गतेको विनाशकारी भूकम्प पश्चात नेपाली सेनाले भग्नावशेषबाट १३३६ जना जीवित र सैनिक हवाई साधनबाट २९२८ जनाको उद्धार, १७२९ वटा शव निकालेको, २१० टन राहत ढुवानी, ४९०१ टन खाद्यान्न वितरण, स्वास्थ्य उपचार ८५९५४ जना, वीरेन्द्र अस्पतालमा उपचार १२४२ जना र अप्रेशन ९८७ जना, ३९२ कि.मि. बाटो मरामत, ९४८३ वटा जोखिमयुक्त भवन भत्काउने, १५१७६ गोटा टेण्ट लगाउने, ९४३० वटा घर टहर निर्माण र २४४१२ वटा भत्किएका घरबाट सामान निकालेको। नेपाली सेनाको संयोजकत्वमा १८ देशका ४३१६ जना बहुराष्ट्रिय सेनाहरुद्धारा भूकम्प प्रभावित क्षेत्रमा खोज तथा उद्धार गरेको।
- राष्ट्रिय सेवा दलको सङ्गठन, तालिम र प्रशासनः- राष्ट्रिय सेवा दलले आ.व. ०७१/७२ मा देशका विभिन्न जिल्लाहरुमा तालिम सञ्चालन गरी ६०० जना स्कूलका छात्र/छात्राहरुलाई NCC तालिम प्रदान गरेको।

- राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र महत्वपूर्ण राष्ट्रिय सम्पदा तथा स्मारकको सुरक्षाः- प्राकृतिक सम्पदा तथा पर्यावरण संरक्षणमा नेपाली सेना प्रत्यक्षरुपमा सहभागी भई तेश्रो "शुन्य चोरी शिकार बर्ष (Zero PoachingYear)" मनाउन सफल भएको ।
- सैनिक अस्पतालः- वीरेन्द्र अस्पताल, छाउनीमा नेपाली सेनाका बहालवाला अवकाश प्राप्त सैनिक तिनका आश्रीत परिवारहरु तथा गैर सैनिक गरी ३,७४,५९६ जनालाई स्वास्थ्य उपचार प्रदान गरिएको ।

## ४. परराष्ट्र मन्त्रालय

यस आर्थिक वर्षमा यस मन्त्रालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएको थियो ।

- मन्त्रालय र अन्तर्गतका निकायहरुको संगठन र व्यवस्थापन सर्भे (O&M Survey) २०७२ सम्पन्न गरी यी निकायहरुको कार्यपद्धति, सेवा प्रवाह, जनशक्ति व्यवस्थापनजस्ता विषयहरुलाई समयसापेक्ष बनाउदै समग्र सेवाप्रवाह तथा कार्य सम्पादनमा प्रभावकारिता ल्याएको तथा विदेशस्थित नेपाली नियोगमा कार्यरत राजदूतहरुको कार्यविवरण बनाई लागू गरिएको छ ।
- मन्त्रालयमा स्वचालित कार्यप्रणाली मिति २०७१।१०।०१ बाट शुरु गरिएको तथा मन्त्रालयको वेभसाईटलाई थप सुदृढ र परिमार्जन गरिएको छ।
- मन्त्रालयका कर्मचारीहरुको क्षमता अभिवृद्धि, व्यावसायीकरणका लागि भाषा तालिम अन्तरक्रिया, अभिमुखीकरण लगायतका कार्य गरिएको छ। बेरुजु फछ्र्यौटतर्फ मन्त्रालयको ६२% फछ्र्यौट भएको छ। बेरुजुमा शून्य सहनशीलताको नीति लिईएको छ।
- नेपाली राजदूतहरुका लागि कार्यविवरण तयार गरी राजदूतलाई बढि जिम्मेवार तथा उत्तरदायी बनाउने प्रणालीको विकास गरिएको।
- राहत तथा पुनर्निमाण कार्यका लागि विदेशस्थित नेपाली नियोगहरुवाट प्रत्यक्ष रुपमा संकलन गरी प्रधानमन्त्री राहतकोषमा हालसम्म जम्मा रु. १ अर्ब ६६ करोड २१ लाख १९ हजार ८ सय पचहत्तर जम्मा गरेको। त्यसै गरी प्रधानमन्त्री राहतकोषमा प्रत्यक्ष रुपमा सहयोग जम्मा गर्न अनुरोध गरिए बमोजिम सहयोग रकम प्राप्त भईरहेको।सोही अनुसार विभिन्न मित्रराष्ट्र र अन्तर्राष्ट्रिय संघसंस्थाहरुबाट रु. १ अर्ब ४५ करोड ४२ लाख ८ सय ६४ रुपैया र विभिन्न व्यक्ति र संघसंस्थाहरुबाट रु. ८२ करोड २९ लाख ६७ हजार ९९ रकम गरी हालसम्म जम्मा रु. ३ अर्ब ९३ करोड ९२ लाख ८७ हजार ८ सय ३९ प्रधानमन्त्री राहत कोषमा विदेशबाट जम्मा भएको छ। त्यसै गरि नियोगहरु राहत सामाग्रीहरु पठाउने, उपचार टोली पठाउने, उद्दार सामाग्री पठाउने कार्यमा समेत सक्रियताका साथ संलग्न रहेको ।
- नेपालको संविधान-२०७२ को प्रारम्भिक मस्यौदामा विदेशमा रहेका नेपाली नागरिकहरुको राय सुझावलाई समेत समेट्नका लागि संविधानसभाबाट निर्देशन भएबमोजिम राय सुझाव संकलन गर्ने कार्यमा विदेशस्थित सबै नेपाली नियोगहरुलाई परिचालन गरी प्राप्त सुझावहरुलाई संविधान सभासमक्ष पेश गरिएको।
- नेपालको संबिधान-२०७२ को प्रारम्भिक मस्यौदामा व्यवस्था भएको अन्तर्राष्ट्रिय सम्बन्ध र परराष्ट्र नीतिका बिषयमा परराष्ट्र मन्त्रालयको सुझाव संविधान सभामा पेश गरिएको।

- यस आ.व.मा नेपालको कूटनीतिक सम्बन्ध विस्तार गर्ने क्रममा १३९ औ राष्ट्रका रुपमा काजकस्तानसँग दौत्य सम्बन्ध कायम भएको छ। त्यसैगरी अफ्रिकी मुलुक गणतन्त्र गिनी र मध्य एशियाली मुलुक उज्वेकिस्तानसँग दौत्य सम्बन्ध स्थापनाको कार्य प्रारम्भ गरिएको।
- यस वर्षमा नेपालका लागि नियुक्त विभिन्न १५ मित्र राष्ट्रका राजदूतहरुबाट ओहोदाको प्रमाणपत्र पेश गर्ने कार्य सम्पन्न भएका छन्।
- आर्थिक वर्ष २०७१।७२ मा १३ लाख ५१ हजार ९ सय तीन यन्त्रवाचक राहदानी (MRP) उत्पादन भएको। MRP शुरु भए देखि हालसम्म ३५ लाख ४७ हजार १ सय ७३ उत्पादन भएको।
- नेपाल सरकारको निर्णयबमोजिम १० वटा नेपाली नियोगहरु र राहदानी विभागमा समेत गरी जम्मा ५० वटा प्रत्यक्ष दर्ता केन्द्र (Live Enrolment Stations) स्थापना गरी कार्य गर्न ओवर्थर टेक्नोलोजीजसँग सम्झौता भएको ।
- राहदानी विभागको सेवामा द्विसत्रीय (Two Shift System) मा सेवा प्रवाह अबलम्बन गरिएको। जिल्लाहरुमा १५ दिन र विदेशस्थित नियोगहरुमा १० दिनमा राहदानी पठाउने व्यवस्था मिलाईएको।
- राहदानीको फाराम वा विवरण नमिलेमा SMS मार्फत जानकारी गराउने कार्य आरम्भ गरिएको, विदेशस्थित नियोगहरुको हकमा अस्वीकृत सूची (Rejected List) विभागको वेभसाइटमा उपलव्ध गराईएको।
- चालु आर्थिक वर्ष २०७२।७२ को असार २८ गते सम्ममा बिभागबाट ४ अर्व ४६ करोड ६० लाख २७ हजार तीनसय राजश्व संकलन भएको।
- हालसम्म करिब १ लाख २० हजार हराएका राहदानीको विवरण नेपाल प्रहरीको इन्टरपोल शाखामार्फत इन्टरपोल वेभसाइटमा राख्ने व्यवस्था मिलाइएको ।
- वैदेशिक रोजगारीको सिलसिलामा विभिन्न देशमा गएका नेपाली नागरिकहरुको खोज, तलास, उद्धारको निमित्त ९१२ निवेदनहरुमा कारवाही गरिएको ।
- २,८७१ वटा कुटनीतिक भिषा जारी गरिएको, २८३ वटा कूटनीतिक औपचारिक परिचयपत्र जारी गरिएको तथा ३,८०५ वटा कुटनीतिक उन्मुक्ति सिफारिश गरिएको ।
- मालपोत कार्यालयबाट सोधी आएबमोजिम ५६७ वटा अधिकृत वारेशनामाको आधिकारिकता बुझी जवाफ पठाएको।
- विदेशमा मृत्यु भएका नेपालीहरुको शव झिकाउन निवेदन परकोमा सो सम्बन्धमा ३२३ वटा पत्राचार गरिएको , विदेशमा रहेका नेपाली नागरिकहरुबाट नागरिकता परित्यागको लागि प्राप्त पत्र उपर कारवाहीका लागि ९५ वटा पत्राचार गरिएको।
- प्रमाणीकरण गरिएका कुल कागजातको संख्या १ लाख ४३ हजार ४ सय ९६ र प्रमाणीकरण दस्तुर बापत उठेको राजश्व रु २ करोड ८५ लाख रहेको।

## विदेशस्थित नेपाली नियोगहरुः

नेपालले पारस्पारिकता र सार्वभौमिक समानताका आधारमा मित्र राष्ट्रहरुसँग सम्बन्ध सुदृढ गर्दै नेपालको राष्ट्रिय हितको संरक्षण र प्रवर्द्धन गर्ने कार्यमा सम्पूर्ण विदेशस्थित नेपाली नियोगहरु क्रियाशील रहेका छन्।

विदेशमा नेपालको प्रतिनिधित्व गर्दै नेपालीहरुको हक, हितको संरक्षण र प्रवर्द्धन गर्ने। नेपालको पक्षबाट वार्तामा प्रतिनिधित्व गर्ने । नेपालको र नेपालीको हित, भलाइ र कल्याणको निमित्त अन्तराष्ट्रिय कानुनको दायरामा रहि आवश्यक सम्पूर्ण कार्य गर्ने ।

व्यापार, पर्यटन, प्रत्यक्ष वैदेशिक लगानी प्रवर्धन, विदेशी सहायताहरु र गैर आवासीय नेपालीहरुको हक हित तथा उनीहरुको सीप, क्षमता र पूँजीको परिचालन गर्न सहयोग पुर्याउने । नेपालको पर्यटन, व्यापार, जलविद्युत्त आदिको संभावनाको उजागर गरी प्रत्यक्ष लगानी भित्र्याउन आवश्यक भूमिका बहन गर्ने ।

**यस अवधिमा सम्पादित नियमित कन्सुलर कार्यहरुः**

- राहदानी जारी गर्ने ।
- नेपालीहरुका कागजातहरु प्रमाणीकरण गर्ने
- जेलपरेका नेपालीहरुको उद्धार गर्ने
- जन्मदर्ता, मृत्युदर्ता तथा विवाहदर्ता लगायत वैयक्तिक घटनाका कागजातको प्रमाणीकरण गर्ने
- नेपालको नीति तथा कार्यक्रमको प्रचार, प्रसार तथा परिआए प्रतिरक्षा समेत गर्ने ।
- विभिन्न नियोगहरुबाट नेपाली नागरिकहरुको उद्दार गरिएको संख्या ९१२ रहेको।
- विदेशमा कामको सिलसिलामा विभिन्न देशमा मृत्यु भई क्षतिपूर्ति माग गरिएको कुल संख्या ६१७ रहेको।
- बिभिन्न नियोगहरुमार्फत नेपाली नागरिकता परित्याग गर्नेहरुको कुल संख्या ९५ रहेको।
- नेपाली राजदूतावासहरुबाट सम्वन्धित जिल्ला कार्यालयहरु तथा सम्वन्धित बिभिन्न मन्त्रालयहरुमा आधिकारिकताको जानकारी दिन गरिएको पत्राचारको कुल संख्या २५८ रहेको।
- मलेसियामा लागुपदार्थ ओसारपसारको मुद्दामा मृत्युदण्ड पाएका नेपाली हरिबहादुर घलेलाई नेपालका राष्ट्रपतिबाट पत्र पठाई निजलाई मृत्युदण्ड मुक्त गराई निजको जीवन रक्षा गर्ने काम भएको।
- थाईल्याण्डमा अध्ययन गरिरहेका ३ जना नेपालीहरु अपहरणमा परेको र ती नेपालीहरुको सकुशल अपहरणयुक्त गरिएको। यस क्रममा नेपाली राजदूतावास र थाईल्याण्डका सुरक्षा निकायहरुको भूमिका प्रशंसनीय रहेकोले थाईलण्डका परराष्ट्र मन्त्रीलाई धन्यवाद तथा प्रशंसासमेत प्रदान गरिएको।
- इराकमा रहेका नेपालीहरुको उद्दार गर्नको निमित्त मन्त्रालयका सहसचिवलाई विशेष दूत तोकी नेपालीहरुको असामान्य परिस्थितिमा विदेशस्थित विभिन्न नेपाली नियोगहरुको सहयोगमा उद्दार गरिएको।
- भूकम्प २०७२ मा परी आफन्तजनको असामयिक निधन भएका नेपालीहरुको घर फिर्तीको निमित्त आवश्यक सिफारिश तथा समन्वय गरिएको।

## ५. सामान्य प्रशासन मन्त्रालय

यस आर्थिक वर्षमा यस मन्त्रालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएको थियो ।

- निजामती कर्मचारीका सन्ततिलाई छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम कार्यान्वयन भएको ।

- निजामती कर्मचारी राष्ट्रिय तालिम निति, २०७१ र सबैका लागि तालिम निर्देशिका तर्जुमा भई कार्यान्वयनको क्रममा रहेको ।
- निजामती कर्मचारीहरुको कल्याणकारी कोषको स्थापना भएको ।
- निजामती सेवा ऐन, २०४९ को चौथो संशोधन गरि निजामती कर्मचारीहरुले डि.भि., पि.आर. लिन नपाउने व्यवस्था गरिएको। साथै निजामती सेवालाई विशिष्ट श्रेणी सम्म नै विशिष्टीकृत गरिएको ।
- निजामती किताबखानाबाट कर्मचारीहरुको विवरण अद्यावधिक गर्ने कार्य सुदृढ गरिएको ।
- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानबाट ४६८ जना राजपत्रांकित कर्मचारीलाई तथा कर्मचारी प्रशिक्षण प्रतिष्ठानबाट १२९३ जना राजपत्र अनंकित कर्मचारीलाई तालिम प्रदान गरिएको ।
- प्रशासन पुन:संरचना सम्बन्धमा विभिन्न अध्ययन तथा अनुसन्धान गरी प्रतिवेदनहरु तयार गरिएको र संक्रमणकालिन व्यवस्थापनको लागि विभिन्न मन्त्रालयहरुमा प्राविधिक टोली गठन गरी कार्य अगाडि बढाइएको।
- निजामती कर्मचारी अस्पतालबाट सर्जिकल र मेडिकल सेवाहरु सुधार गरी सेवाप्रवाह गरिएको ।
- निजामती कर्मचारी सन्तति छात्रवृत्ति (केन्द्रीय स्तर र जिल्ला स्तर) को मिति २०७१/१२/२१ मा गोरखापत्र र कान्तिपुर दैनिकमा सूचना प्रकाशन पश्चात आ.व. २०६९/७०, २०७०/७१ र २०७१/७२ को दरखास्त आह्वान गरी छनौटको कार्य समेत गरी छात्रवृत्ति रकम वितरण समेत गरेको ।
- निजामती कर्मचारी स्वास्थ्य तथा दुर्घटना बीमा सम्बन्धमा मिति २०७१/१२/३० गते सामान्य प्रशासन मन्त्रालय सभा हलमा बीमा समिति, राष्ट्रिय बीमा समिति, बीमा विज्ञहरु, सञ्चयकोषका प्रशासक, अर्थ, स्वास्थ्य, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका प्रतिनिधि लगायत सामान्य प्रशासन मन्त्रालयका सचिव, महाशाखा प्रमुख, शाखा प्रमुखहरुको सहभागितामा वृहत अन्तरक्रिया कार्यक्रम सफलताका साथ सम्पन्न गरेको ।
- निजामती सेवा ऐन, २०४९ बमोजिम थप आर्थिक सहायताका लागि प्रकृया पुगेका २८ जना निजामती कर्मचारीहरुका लागि थप आर्थिक सहायता उपलब्ध गराएको र प्राप्त थप फाईलहरु अगाडि बढ्ने क्रममा रहेको ।
- एकिकृत परिवहन सेवा अन्तरगत सञ्चालनमा रहेको गाडिहरु निरन्तर संचालनमा रहेको।
- व्यवस्थापन परीक्षण तथा सेवाग्राही सन्तुष्टी सर्वेक्षण सम्बन्धी अभिमुखीकरण, सेवाग्राही सन्तुष्टी सर्वेक्षण सम्बन्धी वार्षिक प्रतिवेदन प्रकाशन गरिएको।
- विभिन्न १० मन्त्रालय, सचिवालय र आयोगको व्यवस्थापन तथा सर्वेक्षण गरिएको।
- स्वचालित कार्यालय व्यवस्थापन सम्बन्धि सफ्टवेयर प्रयोग सम्बन्धमा मन्त्रालयका कर्मचारीहरुलाई तालिम प्रदान गरी सो सफ्टवेयर को प्रयोग सुरुवात गरिएको।

## निजामती किताबखाना

- निजामती किताबखाना देखि सिंहदरवारसम्म अप्टिकल फाइबर कनेक्टीभिटी ७ Mbps को सेवा सञ्चालनमा रहेको ।
- गत आ.व. मा खरिद गरिएको पिजनहोल दराजमा विभिन्न गत वर्षमा दर्ता हुन आएका सम्पत्ति विवरणहरु राखुका साथै विगत वर्षहरुमा दर्ता हुन आएका सम्पत्ति विवरणहरुलाई लोकेशन नम्बर दिने कार्य गरिएको ।

- निजामती किताबखानाको कार्य सञ्चालन दिग्दर्शन स्वीकृत भई प्रचलनमा ल्याईएको तथा २ हजार ५ सय थान छपाई गरी विभिन्न निकायहरुमा पठाईएको ।
- कर्मचारीहरुको सम्पत्ति विवरण दर्ता, बढुवा सम्बन्धी नयाँ सिटरोल दर्ता सम्बन्धी जानकारी दिन Short Message Service (SMS) सेवा सञ्चालनमा रहेको।
- PIS software को वार्षिक मर्मत संभार करार सेवा सञ्चालनमा रहेको।
- जनकपुर, राप्ती, सगरमाथा र कोशी अञ्चलका जिल्ला को.ले.नि.का. हरुलाई दुई दिने प्रशिक्षण एवं प्रयोगात्मक तालिम प्रदान गर्नुका साथै दोलखा, रामेछाप, सिन्धुली, दाङ्ग, प्युठान, रोल्पा, भोजपुर, सोलुखुम्बु, खोटाङ्ग र ओखलढुङ्गा जिल्लाका कार्यालय प्रमुखहरुसँग निजामती किताबखाना सम्बन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको।
- केन्द्रीय फाइलिङ्ग कक्षमा रहेका फाईलहरु मध्ये ३६ हजार फाइलमा बारकोड टाँस गर्न आवश्यक स्टिकर तथा सो को रिबन खरिद गरिएको।

## ६. कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय

यस आर्थिक वर्षमा यस मन्त्रालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएको थियो ।

### १. कानुन तर्जुमा सम्बन्धी

**(क) देवानी संहिता र देवानी कार्यविधि संहिता सम्बन्धी विधेयक व्यवस्थापिका-संसदमा पेश**

२०२० सालमा बनेको मुलुकी ऐनलाई समसामयिक रुपमा परिमार्जन गरी संहिताको रुपमा नयाँ कानुनको तर्जुमा गरिएको छ। देवानी संहिताको विधेयकमा ६ भाग, ५३ परिच्छेद र ७४३ वटा दफा रहेका छन्।प्रस्तुत विधेयक पारित भएपछि बन्ने ऐन मुलुकको हालसम्मको सबैभन्दा लामो ऐन हुनेछ। यस संहितालाई सामान्य कानुनको रुपमा व्यवस्था गरिएको छ र कुनै विषयमा बेग्लै विशेष कानुनको व्यवस्था भएमा सोही ऐनको व्यवस्था लागू हुनेछ। विश्वव्यापी रुपमा स्वीकार गरिएका र हाम्रो सन्दर्भमा पनि सर्वोच्च अदालतले निर्धारण गरेका कानुन र न्यायका मान्य सिद्धान्तहरुको आधारमा न्याय सम्पादन गर्नु पर्ने भएपनि त्यस्ता सिद्धान्तहरुलाई हालसम्म ऐनमा नै स्पष्ट रुपमा उल्लेख नगरिएको हुँदा ती सिद्धान्तहरुलाई ऐनमा नै स्पष्ट रुपमा उल्लेख गर्न संहितामा कानुनको अनभिज्ञता क्षम्य नहुने, गल्ती गर्नेले क्षति व्यहोर्नु पर्ने, गल्तीको फाइदा गल्ती गर्नेले लिन नपाउने, देवानी दायित्वबाट छुटकारा नपाउने तथा कानुन विपरीतका काम अमान्य हुने जस्ता देवानी कानुनका सामान्य सिद्धान्तहरु समावेश गर्न प्रस्ताव गरिएको छ ।

विभिन्न रुपमा छरिएर रहेका नागरिक अधिकार सम्बन्धी व्यवस्था, व्यक्तिको मृत्यु भएको अनुमान गर्नु पर्ने नयाँ व्यवस्था, कानूनी व्यक्तिको वैधानिक स्थिति, छोरा वा छोरी हुने व्यक्तिलाई पनि धर्मपुत्र वा धर्मपुत्री राख्न दिने, जिल्ला अदालतबाट प्रमाणिकरण गराएर मात्र धर्मपुत्र धर्मपुत्री राख्न सकिने, अन्तरदेशीय धर्मपुत्र वा धर्मपुत्री सम्बन्धी व्यवस्था तथा दर्ता गरेर विवाह गर्दा जिल्ला अदालतमा दर्ता गराउनु पर्ने नयाँ व्यवस्था लगायतका देवानी कानुन सम्बन्धी व्यवस्थालाई यस संहितामा एकीकृत तथा अद्यावधिक गरी समावेश गरिएको छ।

एक्काइसौं शताब्दीका खुला, उदार, प्रजातान्त्रिक व्यवस्था, आर्थिक उदारीकरण, सूचना प्रविधिको विकास र औद्योगिकीकरणमा भएको उल्लेखनीय उपलब्धि र परिवर्तनलाई

उपयुक्तता अनुसार आत्मसात गर्न कानूनी र प्राकृतिक व्यक्ति सम्बन्धी व्यवस्था, मातृक तथा पैत्रिक अधिकार सम्बन्धी व्यवस्था, संरक्षकत्व सम्बन्धी नयाँ अवधारणा, इच्छापत्र, सामुदायिक सम्पत्ति सम्बन्धी व्यवस्था, लिज करार, इच्छापत्र, फलोपभोग, सुविधाभार, घर वहाल, दुष्कृति सम्बन्धी, निजी अन्तर्राष्ट्रिय कानुन सम्बन्धी व्यवस्था लगायतका कानूनी मान्यतालाई समावेश गरी तयार गरिएको विधेयक हाल व्यवस्थापिका-संसदमा छलफलको क्रममा रहेको छ ।

देवानी कार्यविधि संहिताको विधेयकमा देवानी प्रकृतिका विवादको कारवाही र किनारा गर्ने न्यायिक र अर्धन्यायिक दुवै प्रकृतिका अधिकारीले अवलम्बन गर्नुपर्ने कार्यविधिको व्यवस्था छ।

**(ख) अपराध संहिता, फौजदारी कार्यविधि संहिता र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) सम्बन्धी विधेयक व्यवस्थापिका-संसदमा पेश**

अपराध संहिताको विधेयकमा कसूर कायम गरेका अपराध नेपाल बाहिर गरे पनि नेपालमा सजाय हुने, एउटै कसूरमा दोहोरो सजाय नहुने, स्वच्छ सुनुवाईको हक हुने, आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने, कसूर प्रमाणित नभएसम्म कसूरदार नमानिने जस्ता फौजदारी न्यायका सामान्य सिद्वान्तहरुको उल्लेख गरिएको छ। यस अगाडि अपराधिकरण नगरेका अपराधहरु (व्यक्ति वेपत्ता पार्ने, आपराधिक लाभ, आपराधिक विश्वासघात, आपराधिक प्रवेश र आपराधिक उपद्रव जस्ता कार्य) लाई अपराध कायम गरी सजाय गर्ने विद्यमान सजाय प्रणालीमा सुधार गरी कसूरको गम्भीरता तथा कसूरमा कसूरदारको सहभागिताको अनुपातमा कसूरको गंभीरता घटाउने तथा बढाउने अवस्थाहरुको आधारमा सजाय हुने, जन्म कैद, निश्चित अवधिको कैद, कैद वा जरिबाना वा दुवै सजाय हुने, क्षतिपूर्तिलाई फौजदारी न्याय प्रणालीको अभिन्न अङ्गको रुपमा आत्मसात् गरी पीडितलाई पीडकबाट क्षतिपूर्ति भराई दिनु पर्ने तथा अन्तरिम क्षतिपूर्ति उपलब्ध गराउने, ज्यादै गम्भीर प्रकृतिका कसूरहरुमा जन्मकैदको सजाय भएमा जीवनभर कैद तथा खण्डे सजायको प्रयोजनको लागि जन्मकैदलाई ३० वर्ष कैद हुने जस्ता व्यवस्थाहरु प्रस्तावित छन्। प्रस्तुत विधेयकबाट मूलतः मुलुकमा छरिएर रहेका विद्यमान फौजदारी कानुनहरुलाई एकीकरण र संहिताबद्ध गर्दै मुलुकलाई संहिताबद्ध कानूनी प्रणालीमा रुपान्तरण गरी फौजदारी न्याय प्रशासनमा सारभूत रुपमा सुधार हुने तथा मुलुकको न्याय, शान्ति र विकासमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा लिइएको छ।

सारभूत फौजदारी कानुनको व्यवस्था मार्फत अवाञ्छित कृयाकलापहरुलाई कसूरको रुपमा परिभाषित गरी सजायको व्यवस्था गर्दैमा कानुनको उद्देश्य पूरा हुन नसक्ने भएकोले फौजदारी कसूरको अनुसन्धान, अभियोजन, दायरी, पुर्पक्ष, सुनुवाई र अन्य कार्यविधि सम्बन्धी कानुनलाई सरल, परिणाममुखी तथा मानव अधिकारमैत्री बनाई मुलुकमा विद्यमान फौजदारी कार्यविधि कानुनलाई संशोधन र एकीकरण गरी समयानुकूल बनाउँदै संहिताबद्ध व्यवस्था गर्न फौजदारी कार्यविधि संहिता सम्बन्धी विधेयक प्रस्तुत गरिएको छ ।

सजायको प्रयोजन र प्रकृतिमा सारभूत रुपमा परिवर्तन आइसकेको सन्दर्भ तथा मुलुकको फौजदारी न्याय प्रणालीको आमूल सुधारको लागि अपराध संहिता तथा फौजदारी कार्यविधि संहिता सम्बन्धी विधेयकहरुको साथै फौजदारी कसूरमा कसूरदार ठहर भएको व्यक्तिलाई उचित सजाय तोक्ने तथा सो सजायको कार्यान्वयन गर्ने सम्बन्धमा सामान्य कार्यविधि

कानुनको रुपमा रहने गरी फौजदारी कसूरको सजाय निर्धारण तथा कार्यान्वयन सम्बन्धी विधेयक प्रस्तुत गरिएको छ।

**(ग) न्याय परिषद् ऐन, २०४७ मा संशोधन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक व्यवस्थापिका-संसदमा पेश**

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०९ को उपधारा (३) मा कानुनमा स्नातक अधिवक्ताको रुपमा कम्तीमा आठ वर्ष वकालत गरेको नेपाली नागरिक जिल्ला न्यायाधीशको पदमा नियुक्तिको लागि योग्य मानिने भन्ने संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्ने, न्यायाधीशको नियुक्ति, सरुवा र काजलाई अझ बढी पारदर्शी र जवाफदेही बनाउने र भ्रष्टाचारको अभियोगमा पुनरावेदन र जिल्ला अदालतका न्यायाधीशलाई कारवाही गर्न सक्ने व्यवस्था समेत यस विधेयकमा प्रस्ताव गरिएको छ।

**(घ) लैङ्गिक समानता कायम गर्न तथा लैगिंक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक व्यवस्थापिका- संसदमा छलफलको क्रममा**

नेपाल सरकारले स्वीकृत गरेको लैगिंक हिंसा विरुद्धको राष्ट्रिय रणनीति तथा कार्य योजना, २०६९ मा रहेका मन्त्रालयसँग सम्बन्धित कानूनी सुधारका विषय, महिला विरुद्धका हिंसा नियन्त्रण गर्न विद्यमान नीति, कानुन तथा प्रणालीमा सुधारको लागि अध्ययन गर्न गठित समिति लगायतका समितिको सुझाव तथा सर्वोच्च अदालतबाट भएका आदेश समेतलाई दृष्टिगत गरी लैङ्गगिक समानता कायम गर्न समेतका लागि हाल लागू रहेका विभिन्न ३१ वटा ऐनहरुलाई संशोधनको लागि मस्यौदा तयार गरी व्यवस्थापिका-संसदमा पेश गरिएको छ। यस विधेयकमा रहेका मुख्य मुख्य व्यवस्थाहरु देहाय बमोजिम छन् :

- मुलुकी ऐनमा संशोधन गरी महिला हिंसाको मुद्दालाई पनि अदालतमा सुनुवाईको क्रममा प्राथमिकता दिइने, पति पत्नी बीचमा सम्बन्ध विच्छेदको लागि समान आधार निर्धारण गर्ने, जबरजस्ती करणीको कसूरमा मुद्दा गर्ने हदम्याद बढाउने तथा त्यस्तो कसूरबाट पीडितले पीडकबाट क्षतिपूर्ति नपाउने अवस्थामा नेपाल सरकाबाट क्षतिपूर्ति पाउने गरी अदालतले आदेश दिनसक्ने, सम्पत्तिको विषयमा महिला र पुरुष बीचमा समान हक हुने, लैङ्गिक रुपमा समानता कायम गर्ने गरी अपुतालीको प्राथमिकताक्रम निर्धारण गर्ने तथा लैङ्गिक आधारमा भेदभाव गर्ने कार्य सामाजिक अपराध हुने गरी संशोधन प्रस्ताव गरिएको छ।
- सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ मा नेपाल सरकारवादी हुने महिला, बालबालिका भएका मुद्दामा अपराधको सूचना दर्ता भएदेखि मुद्दाको फैसला कार्यान्वयन नभएसम्म मुद्दाका पक्ष, पीडितको समेत व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नु पर्ने समेतको व्यवस्था गर्न संशोधन प्रस्ताव गरिएको छ ।
- कानूनी सहायता सम्बन्धी ऐन, २०५४ मा लैङ्गिक हिंसा वा सशस्त्र द्वन्द्वबाट पीडित व्यक्तिलाई निःशुल्क कानूनी सहायता उपलब्ध हुने व्यवस्था, वैदेशिक रोजगार ऐन, २०६४ मा लैङ्गिक हिंसा हुने अवस्था र त्यसको समाधानका उपाय सम्बन्धी विषयहरु अभिमुखीकरणको पाठ्यक्रममा राखेर जानकारी दिनु पर्ने तथा लैङ्गिक हिंसाबाट पीडितलाई

उद्धारको लागि आवश्यक पहल गर्ने समेतका व्यवस्था समावेश गर्न प्रस्ताव गरिएको छ।

- चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६, छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८, राष्ट्रिय प्रसारण ऐन, २०४९ मा लैंगिक हिंसालाई बढावा दिने प्रकृतिका सामग्री प्रकाशन तथा प्रसारण गर्न नपाइने व्यवस्था समावेश गर्न प्रस्ताव गरिएको छ।
- विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ मा कम्प्युटर, इन्टरनेट लगायतका विद्युतीय सञ्चार माध्यमहरुमा महिलालाई जिस्काउने, हैरानी गर्ने, अपमान गर्ने वा यस्तै अन्य कुनै किसिमको अमर्यादित कार्य गर्ने गरी सामग्री प्रकाशन गर्न नपाउने व्यवस्था गर्न प्रस्ताव गरिएको छ।
- मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ मा पीडितले चाहेमा निजको तर्फबाट समेत कानुन व्यवसायी राख्न पाउने, पीडितले भाषा नबुझ्ने भएमा सम्बन्धित अड्डा अदालतको अनुमति लिई निजले दोभाषे, सांकेतिक भाषा विज्ञ वा अनुवादक राख्न सक्ने, पीडितको उद्धार गर्दा वा विदेशी मुलुकमा रहेको यस ऐन अन्तर्गत सजाय हुने कसूर सम्बन्धी मुद्दाको न्यायिक कारबाहीमा पारस्परिक कानूनी सहायता आदान प्रदान गर्न सकिने, कसूरदारको न्यून आर्थिक हैसियत भएको वा अन्य कुनै कारणले कसूरदारबाट पीडितले क्षतिपूर्ति पाउन नसक्ने अवस्था देखिएमा अदालतले पुनर्स्थापना कोषबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिने सक्ने तथा मुद्दामा सरकारी पक्षबाट अदालतमा उपस्थित भएका साक्षीलाई दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराउनु पर्ने व्यवस्था समावेश गर्न प्रस्ताव गरिएको छ ।
- घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ मा घरेलु हिंसामा पर्ने शारीरिक यातना र मानसिक यातनाको परिभाषालाई समसामयिक बनाउने र शारिरीक यातनामा तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ छर्किई वा सो पदार्थले पोली, डामी, दली, घसी जीउमा पीडा गराउने वा अनुहार वा शरीरको कुनै अंग कुरुप पारिदिने कार्यलाई समेत समेटिएको र त्यस्ता शारीरिक यातना वा यौनजन्य यातना सम्बन्धी घरेलु हिंसाको कसूरलाई सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिने व्यवस्था गरी सरकारी र व्यक्तिगत अभियोजन प्रणालीलाई मान्यता दिने व्यवस्था प्रस्ताव गरिएको छ। साथै, पीडितले आफ्नो तर्फबाट समेत कानुन व्यवसायी राख्न सक्ने, पीडितलाई तत्काल उपचार गराउँदा लागेको खर्च पीडकले व्यहोर्नु पर्ने, संरक्षण अधिकृत नियुक्ति गर्न वा तोक्न सक्ने, निःशुल्क कानूनी सहायता उपलब्ध गराउने व्यवस्था गर्दै सजायको हद बढाउन पनि प्रस्ताव गरिएको छ ।

**(ङ) केही नेपाल कानुनलाई संशोधन तथा खारेज गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक व्यवस्थापिका-संसदमा पारित हुने क्रममा**

प्रचलित कानुनमा रहेको राजतन्त्रको सन्दर्भ अन्त्य गरी गणतान्त्रिक व्यवस्थाको सन्दर्भ कायम गर्न, सर्वोच्च अदालतबाट अमान्य र बदर घोषित भएका कानूनी व्यवस्थालाई संशोधन तथा खारेज गर्न तथा हाल प्रचलनमा नरहेका र भविष्यमा पनि कार्यान्वयनमा नआउने विभिन्न कानुनहरु खारेज गर्नको लागि केही नेपाल कानुनलाई संशोधन तथा खारेज गर्न

प्रस्तुत विधेयकको मस्यौदा तयार गरी व्यवस्थापिका-संसदमा पेश गरिएकोमा सो उपर छलफल भई व्यवस्थापिका-संसदबाट पारित हुने क्रममा रहेको छ।
यस विधेयकबाट अदालतले बदर गरेका मुलुकी ऐनका प्रावधानहरु, राहदानी ऐन, २०२४, गुठी संस्थान ऐन, २०३३, अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९, बालबालिका सम्बन्धी ऐन, २०४८, निजीकरण ऐन, २०५०, मानव अधिकार आयोग ऐन, २०६८ लगायत १६ वटा ऐनमा संशोधन गर्न र हाल प्रयोगमा नरहेका र भविष्यमा पनि प्रयोगमा नआउने ४५ भन्दा बढी नियमावलीलाई खारेज गर्न प्रस्ताव गरिएको छ।
नयाँ ऐन बनाउन सिद्धान्त स्वीकृति लिने सम्बन्धमा सैद्धान्तिक सहमति माग गर्ने अवधारणा पत्रको ढाँचा तयार गरी नेपाल सरकार मन्त्रिपरिषद् बाट स्वीकृत भई सबै मन्त्रालयहरुमा परिपत्र गरी सोको प्रयोग प्रचलनमा आएको।

## २. अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा मानव अधिकार सम्बन्धी

**(क)** देहायका बिषयहरु समेतका बिषयमा वार्ता भई प्रारम्भिक हस्ताक्षर भएका मस्यौदामा राय दिनुका साथै सम्पन्न सम्झौताहरुलाई प्रभावकारी बनाउन कानूनी राय समेत दिइएको:

- **एशियाली विकास बैंकसँग भएका सम्झौताहरु**
  तनहुँ हाइड्रो पावर परियोजना, दक्षिण एशियाली पर्यटन पूर्वधार विकास आयोजनाका लागि थप वित्तिय सहयोग, महिला तथा बालबालिका सेवा केन्द्र स्थापना सम्बन्धी परियोजनाका लागि थप वित्तिय सहयोग, दक्षिण एशियाली उपक्षेत्रिय आर्थिक सहयोग सम्बन्धमा, तेस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना सम्बन्धी ।
- **विश्व बैकसँग भएका सम्झौताहरु**
  उच्च शिक्षा सुधार आयोजना, ग्रामिण खानेपानी तथा सरसफाई सुधार आयोजना सम्बन्धी
- **अन्य**
  USAID अन्तर्राष्ट्रिय सहायता सम्झौता, GMR माथिल्लो कर्णाली जलविद्युत आयोजना, अरुण तेस्रो जलविद्युत आयोजना, भारतीय Exim Bank सँग सम्पन्न डलर क्रेडिट लाइन सम्झौता, नेपालको पूर्व तथा मध्य क्षेत्रमा सिंचाई प्रणाली सुधार आयोजना (कुवेत कोष), नेपाल ऊर्जा प्रणाली विस्तार आयोजना (EIB), दुन्दुवा सिचाई प्रणाली विकास आयोजना (Saudi Fund), बुढी गंगा जलविद्युत आयोजना (कुवेत कोष) सम्बन्धी ।

**(ख)** विभिन्न सन्धि सम्झौताहरुको मस्यौदामध्ये ९७ वटा द्विपक्षीय तथा बहुपक्षीय सन्धिको मस्यौदामा राय सहमति व्यक्त गरिएको।

**(ग)** देहाय बमोजिमका प्रतिवेदनको मस्यौदा परिमार्जन गरी सहमति व्यक्त गरिएको:
सार्क विकास लक्ष्य (SAARC Development Goals (2005-2012)) सम्बन्धी प्रतिवेदन, CEDAW Committee को चौथो तथा पाँचौ आवधिक प्रतिवेदनका सम्बन्धमा Concluding Observation को कार्यान्वयन स्थितिसम्बन्धी प्रतिवेदन, Arms Trade Treaty को नेपाल पक्ष राष्ट्र बन्ने सम्बन्धमा नेपालको धारणा बनाउन गठित पूर्व तयारी समितिले तयार पारेको प्रतिवेदन, राष्ट्रिय मानव अधिकार आयोगका सिफारिशहरुको कार्यान्वयन सम्बन्धी, संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद्को विश्वव्यापी आवधिक समीक्षा अन्तर्गत दोस्रो चक्रको

राष्ट्रिय प्रतिवेदन, एशियाली विकास बैंकले तयार गरेको Country Performance Assessment (CPA) सम्बन्धी ।

(घ) मन्त्रालयको कायम भएको बेरुजु मध्ये ५० प्रतिशत बेरुजु फछ्र्यौट गर्ने वार्षिक लक्ष्य रहेकोमा कुल बेरुजु मध्ये ९५ प्रतिशत बेरुजु फछ्र्यौट भई लक्ष्य भन्दा ४५ प्रतिशत बढी प्रगति हासिल गरिएको।

(ङ) मन्त्रालयको कार्यक्षेत्र सम्बन्धी जम्मा ४९ वटा गुनासो प्राप्त भएकोमा सबै गुनासो फछ्र्यौट भई १०० प्रतिशत प्रगति हासिल भएको।

(च) सूचनाको हक सम्बन्धी ऐन, २०६४ अनुसार सूचना माग गरी २ वटा निवेदन प्राप्त भएकोमा २ वटै निवेदन फछ्र्यौट गरिएको।

## ३. मानव अधिकार तथा कानूनी सहायता सम्बन्धी कार्यक्रमहरु

- मानव अधिकार तथा कानुन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरु, सिद्धान्त तथा मूल्य र मान्यताहरुको बारेमा कानुन कार्यान्वयन गर्ने निकाय एवम् न्याय प्रशासनसँग सम्बन्धित सरकारी अधिकारीहरुको क्षमता अभिवृद्धि सम्बन्धी तीन वटा कार्यक्रमहरु पाल्पा, कैलाली र खोटाङ जिल्लामा संचालन गरिएको थियो। जिल्लास्थित माननीय न्यायाधीश, विभिन्न सरकारी निकायका प्रमुख, कर्मचारी, नेपाल बार एसोशिएसनका प्रतिनिधि, गैर सरकारी निकायका प्रतिनिधि र संचारकर्मीको उपस्थितिमा मानव अधिकारका विभिन्न आयाम, वर्तमान परिस्थिति र चुनौतीहरु सम्बन्धमा अन्तरक्रिया गरिएका यी कार्यक्रमहरुमा कूल २१४ जनाको सहभागिता रहेको थियो।
- दार्चुला, बैतडी, बझाङ, स्याङ्जा, बारा, रौतहट, कालीकोट, कैलाली, कंचनपुर, गुल्मी, अर्घाखाँची, संखुवासभा, प्यूठान, सप्तरी, सिन्धुपाल्चोक, दोलखा,  सिन्धुली, नुवाकोट, चितवन, नवलपरासी, कास्की, धादिङ, सर्लाही, धनुषा, दैलेख, डडेलधुरा, रुपन्देही, तेऱ्हथुम, भोजपुर, रोल्पा, खोटाङ, उदयपुर, सिराहा र काभ्रे जिल्लाका ४६ वटा उच्च माध्यमिक विद्यालयमा मानव अधिकार र मानवीय कानुनका सम्बन्धमा शैक्षिक संस्थाहरुमा सचेतना अभिवृद्धि कार्यक्रमहरु संचालन गरिएको थियो। यी कार्यक्रमहरुमा कक्षा ८ देखि स्नातक तह सम्मका विद्यार्थीहरु, शिक्षक र विद्यालय व्यवस्थापन समितिका सदस्यहरुको समेत उपस्थिति रहेको थियो। विभिन्न जिल्लामा गरिएका यस्ता कार्यक्रमहरुबाट ६,८८१ सहभागी लाभान्वित भएका थिए।
- स्थलगत अनुगमन, अन्तरक्रिया, सेमिनार तथा जनचेतनाको माध्यमबाट कानूनी सहायता कार्यक्रमको प्रभावकारीता अभिवृद्धि गर्ने उद्देश्यले स्याङ्जा, धादिङ, महोत्तरी, कालीकोट, रुपन्देही, सुनसरी, सिराहा, काभ्रे, झापा, मोरङ र पर्वत जिल्लामा कानूनी सहायताको प्रभावकारिता सम्बन्धमा अन्तरक्रिया सम्पन्न गरिएको थियो। जिल्लास्थित अदालत, सरकारी वकिल कार्यालय, कानुन व्यवसायी, गैर सरकारी निकाय, संचारकर्मी र कानूनी सहायतासँग सम्बन्धित अन्य सरकारी तथा गैरसरकारी सरोकारवालाहरुसँग कानूनी सहायताको प्रभावकारिता सम्बन्धमा गरिएको अन्तरक्रियामा ८६५ जनाको सहभागिता रहेको थियो।
- लैङ्गिक हिंसा विरुद्धको राष्ट्रिय कार्ययोजना अन्तर्गत कानूनी सुधार, सचेतना कार्यक्रम अन्तर्गत दार्चुला, पाल्पा, पर्सा, जुम्ला, कपिलवस्तु, सल्यान र रामेछाप जिल्लामा सचेतना कार्यक्रम संचालन गरिएको थियो। मानव अधिकार, महिला अधिकार, लैङ्गिक हिंसा, घरेलु हिंसा विरुद्धका कानूनी उपचार आदिका बारेमा स्थानीय व्यक्तिहरुको सचेतना अभिवृद्धि गर्ने उक्त कार्यक्रमहरुमा ९२६ जनाको सहभागिता रहेको थियो।

- मन्त्रालयमा सचिवालय रहेको माननीय कानुन मन्त्रीज्यूको अध्यक्षता गठित अन्तर्राष्ट्रिय मानवीय कानुन सम्बन्धी राष्ट्रिय समितिबाट अन्तिम रुप दिइएको माननीय सभासद्हरुको लागि तयार पारिएको अन्तर्राष्ट्रिय मानवीय कानुन सम्बन्धी नेपाली र अंग्रेजी दुवै भाषामा रहेको हाते पुस्तिकाको माननीय कानुन मन्त्रीज्यूबाट बिमोचन भई वितरण गरिएको।
- कानूनी सहायता सम्बन्धी क्रियाकलापहरुलाई एकद्वार प्रणालीबाट संचालन गर्नको लागि एकीकृत नीतिको प्रारम्भिक मस्यौदा तयार भई क्षेत्रीय तहमा अन्तरक्रिया गर्ने तयारी भईरहेको।
- मानव अधिकार सम्बन्धी विश्वव्यापी आवधिक पुनरावलोकन सिफारीश कार्यान्वयन सम्बन्धी कार्यक्रम नुवाकोट र रुकुम जिल्लामा सम्पन्न गरिएकोमा ३१२ जनाको सहभागिता रहेको थियो।
- विवाद समाधानका वैकल्पिक उपाय खासगरी मेलमिलाप सम्बन्धी कानूनी व्यवस्थाको प्रचारप्रसार सम्बन्धमा कास्की, उदयपुर र सप्तरी जिल्लामा संचालन गरिएको कार्यक्रममा २६० जनाको सहभागिता रहेको थियो।
- काभ्रे र धनकुटा जिल्लामा संचालन गरिएको अन्तर्राष्ट्रिय मानवीय कानुनको कार्यान्वयन सम्बन्धी अन्तरक्रियामा १०२ जनाको सहभागिता रहेको थियो।
- भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि अन्तर्गतको कार्ययोजना कार्यान्वयन सम्बन्धी अन्तरक्रिया दाङ जिल्लामा संचालन गरिएकोमा ४६ जनाको सहभागिता रहेको थियो।
- ५ वटा जिल्लाहरु (ताप्लेजुङ, खोटाङ, सप्तरी, रुपन्देही र रुकुम) मा जिल्ला कानूनी सहायता समिति अन्तर्गत सामाजिक-कानूनी सहायता केन्द्रको स्थापना गरिएको।यसबाट सामाजिक-कानूनी सहायता केन्द्रहरु स्थापित भएको जिल्लाको संख्या १० पुगेको छ।
- मन्त्रालयको संस्थागत सुधार र कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिइएको।
- मन्त्रालयको कानुन तर्जुमाको कार्य अन्तर्गत सिद्धान्त स्वीकृति २५ वटा, नयाँ विधेयक, अध्यादेश तर्जुमा १६ वटा, संशोधन विधेयक तर्जुमा १४ वटा, नयाँ नियमको तर्जुमा ६ वटा, नियम संशोधनको तर्जुमा १७ वटा तथा गठन आदेशको तर्जुमा ६ वटा गरी जम्मा ८४ वटा विषयहरुमा तर्जुमाको काम सम्पादन गरिएको।
- नेपाल सरकारका केन्द्रीय निकाय/विभागलाई कानूनी राय उपलब्ध गराउने सिलसिलामा १८ वटा विभिन्न कानूनी प्रश्नहरुमा राय परामर्श उपलब्ध गराइएको।
- अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र कानुन सम्बन्धी विभिन्न ९७ वटा विषयहरुमा राय, सहमति र प्रतिक्रिया सम्बन्धित निकायहरुमा पठाइएको।
- मन्त्रालय विरुद्ध परेका रिट निवेदन उपर अदालतबाट भएका आदेश बमोजिम विभिन्न ६१ वटा रिट निवेदनमा म्यादभित्रै लिखित जवाफ प्रेषित गरिएको।
- आम नागरिक एवं सरोकारवाला सबैको जानकारीको लागि २८६ वटा सूचनाको सम्पादन गरी राजपत्रमा सूचना प्रकाशन गरिएको।
- मन्त्रालयको नाममा कायम भएको बेरुजु मध्ये ५० प्रतिशत बेरुजु फछ्र्यौट गर्ने वार्षिक लक्ष्य रहेकोमा कुल बेरुजु मध्ये ९५ प्रतिशत बेरुजु फछ्र्यौट भई लक्ष्य भन्दा ४५ प्रतिशत बढी प्रगति हासिल गरिएको।
- मन्त्रालयको कार्यक्षेत्र सम्बन्धी जम्मा ४९ वटा गुनासो प्राप्त भएकोमा सबै गुनासो फछ्र्यौट भई १०० प्रतिशत प्रगति हासिल भएको। साथै, सूचनाको हक सम्बन्धी ऐन, २०६४ अनुसार सूचना

माग गरी २ वटा निवेदन प्राप्त भएकोमा २ वटै निवेदन बमोजिमको सूचना उपलब्ध गराई कार्य फछ्र्यौट गरिएको।

- ५ वटा जिल्लाहरु (ताप्लेजुङ, खोटाङ, सप्तरी, रुपन्देही र रुकुम,) मा जिल्ला कानूनी सहायता समिति अन्तर्गत सामाजिक-कानूनी सहायता केन्द्रको स्थापना गरिएको।यसबाट सामाजिक-कानूनी सहायता केन्द्रहरु स्थापित भएको जिल्लाको संख्या १० पुगेको छ।
- मानव अधिकार, मानवीय कानुन, लैंगिक हिंसा, मानव अधिकार सम्बन्धी विश्वव्यापी आवधिक पुनरावलोक लगायतका विषयहरुमा विभिन्न ५१ जिल्लाका गा.वि.स. र शैक्षिक संस्थामा गरी ५४ वटा सचेतना कार्यक्रम आयोजना गरी जनचेतना अभिवृद्धि गर्न सघाउ पुऱ्याएको।यी कार्यक्रमहरुबाट ७,७८२ जना लाभान्वित भएका।
- मानव अधिकार, मानवीय कानुन, विवाद समाधानका वैकल्पिक उपाय कानूनी सहायता, भ्रष्टाचार विरुद्धको कानुन, संयुक्त राष्ट्र संघ सुरक्षा परिषद् बाट पारित प्रस्ताव नं १३२५ र १८२० लगायतका विषयहरुमा सम्बद्ध निकायहरुका प्रतिनिधिहरुको सहभागितामा ३१ वटा अन्तरक्रिया/गोष्ठी/तालीम आयोजना गरिएको। यस्ता कार्यक्रमहरुबाट १,४०२ जना लाभान्वित भएका।
- अपराधको वेसलाइन सर्भेक्षण सम्बन्धी तथ्याङ्क विश्लेषण र प्रारम्भिक प्रतिवेदन लेखन सम्बन्धी कार्य सम्पन्न गरिएको।
- विभिन्न मन्त्रालयहरुबाट प्राप्त ३७ वटा विधेयकहरु व्यवस्थापिका-संसद् सचिवालयमा पठाइएको।
- मन्त्रालय पारस्परिक कानूनी सहायता सम्बन्धी केन्द्रिय अधिकारीको रुपमा रहेकोमा पारस्परिक कानूनी सहायताको लागि ६ वटा अनुरोध प्राप्त भएकोमा तत् सम्बन्धमा आवश्यक कारवाही भएको।
- ३० वटा जिल्लाका जिल्ला कानूनी सहायता समितिका कार्यालयहरुका लागि विभिन्न मेसिनरी, फर्निचर र ऐन, नियम संग्रहहरु हस्तान्तरण गर्ने कार्य सम्पन्न भएको।
- माननीय कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्री नरहरि आचार्यज्यूको नेतृत्वमा ४ सदस्यीय टोली चीनको बेईजिङमा आयोजित AALCO को ५४ औं अधिवेशनमा सहभागी भई अन्तर्राष्ट्रिय कानुन सम्बन्धी समसामायिक विषयहरुमा नेपालको धारणा प्रस्तुत गरिएको थियो।
- भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको अँग्रेजी र नेपाली अनुवाद प्रति प्रकाशन र वितरण गरिएको।
- ICCPR को स्वेच्छिक अभिसन्धि अन्तर्गतको मानव अधिकार समितिमा नेपाल सरकार विरुद्ध दायर भएका Individual Complaints मा सो समितिका अभिमतलाई नेपाली भाषामा अनुवाद गर्ने जिम्मेवारी नेपाल सरकार मन्त्रिपरिषद्ले मन्त्रालयलाई दिएकोमा विभिन्न ९ वटा अभिमतहरुमध्ये एउटा अभिमतको अनुवाद सकिएको र अन्य ८ वटा अनुवादको क्रममा रहेको।
- नेपाल पक्ष भएका बहुपक्षीय सन्धिहरुको नामावली सूची प्रकाशन गरिएको।
- २०७२ साल वैशाख १२ गतेको भूकम्प पछि मन्त्रालयका अधिकृतहरु विभिन्न ठाउँमा खटिई विभिन्न व्यवस्थापन लगायतका काममा संलग्न हुनुका साथै भग्नावशेष हटाउने काममा निरन्तर सहभागी भएका।

### न्याय सेवा तालीम केन्द्र

- नेपाल न्याय सेवाका न्याय, सरकारी वकिल तथा कानुन समूह रा.प.तृतीय श्रेणी शाखा अधिकृत वा सो सरहको पदमा नयाँ नियुक्ति भई आएका कर्मचारीहरुका लागि एउटा सेवा प्रवेश तालीम सम्पन्न गरिएको।
- नेपाल न्याय सेवाका ३ वटै समूहमा कार्यरत राजपत्रांकित तथा राजपत्र अनंकित कर्मचारीहरुका लागि ६ वटा सेवाकालीन तालीम सम्पन्न गरिएको।
- अधिकृत कर्मचारीका लागि सूचना संचार प्रविधि सम्बन्धी १ वटा तालीम सम्पन्न गरिएको।
- सूचनाको हक सम्बन्धी प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको।

### कानुन किताब व्यवस्था समिति

नेपाल ऐन संग्रह तथा नेपाल नियम संग्रहका विभिन्न खण्डहरु, नेपालको अन्तरिम संविधान र कानुनसंग सम्बन्धित अन्य फुटकर पुस्तकहरु समयमै प्रकाशन गरी सर्वसाधारण एवं सरोकारवाला निकायलाई न्यूनतम मूल्यमा विक्री वितरण गरिएको ।

## ७. उपराष्ट्रपतिको कार्यालय

यस आर्थिक वर्षमा यस कार्यालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएको थियो ।

- देशका विभिन्न संघसंस्था एवम् कार्यालयहरुबाट सम्माननीय उपराष्ट्रपतिज्यूलाई प्रमुख अतिथिको रुपमा सहभागी हुन आमन्त्रण गरिएको कार्यक्रमहरुमा औचित्यताको आधारमा सहभागी हुने व्यवस्था मिलाइएको जसबाट देशको धर्म, कला, संस्कृति, साहित्य लगायतको क्षेत्रमा क्रियाशील व्यक्तिहरुलाई अझ बढी प्रोत्साहन र हौसला मिलेको ।
- विभिन्न मित्र राष्ट्रहरुका नेपालस्थित राजदूताबासहरुमा आयोजना हुने राष्ट्रिय दिवसका कार्यक्रमहरुमा सम्माननीय उपराष्ट्रपतिज्यूले देशको तर्फबाट प्रमुख अतिथिको रुपमा सहभागिता जनाउने व्यवस्था भएको । यसबाट नेपालको मित्र राष्ट्रहरुसँगको सम्बन्ध अझ बढी दरिलो भएको।
- सम्माननीय उपराष्ट्रपतिज्यूबाट विभिन्न स्थानको भ्रमणको क्रममा देशका विभिन्न विकास आयोजनाहरुको अवलोकन भएको छ ।यसबाट आयोजना कार्यान्वयनमा तदारुक देखिनुका साथै सकारात्मक निर्देशनहरु समेत भएका छन् ।
- विभिन्न जात जातिका प्रमुख पर्वहरुमा सम्माननीय उपराष्ट्रपतिज्यूबाट शुभकामना सन्देश प्रवाह गरिएको जसबाट सम्पूर्ण जनतालाई एकताको सूत्रमा आवद्ध हुन बल पुगेको ।
- यस कार्यालयबाट बर्षभरिमा सम्पादित कार्यहरुलाई समेटी 'नवदर्पण ' नामक पुस्तिकाको अंक ४ प्रकाशन गरिएको ।
- कार्यालयको वेभसाइट अद्यावधिक गरिएको र विद्युतिय हाजिरीलाई निरन्तरता दिइएको।
- आ.व ०७०/०७१ सम्म शून्य बेरुजु रहेको ।साथै, सुशासन, पारदर्शीता, चुस्त वित्तीय अनुशासन र भ्रष्टाचारमुक्त शासन व्यवस्थालाई प्रवर्द्धन गर्न "आन्तरिक नियन्त्रण कार्य प्रणाली निर्देशिका" बनाई लागु गरिएको ।

- बागमति सफाई र विनाशकारी भूकम्पको भग्नावशेष हटाउने कार्यमा केही कर्मचारीहरु स्वयंसेवकको रुपमा खटिएको ।

## ८. भूमिसुधार तथा व्यवस्था मन्त्रालय

यस आर्थिक वर्षमा यस मन्त्रालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएको थियो ।

- नेपालको भूमि प्रशासन तथा व्यवस्थापनका क्षेत्रमा गरिने दोस्रो पुस्ता सुधार सम्बन्धी मार्गचित्र, २०७१ तर्जुमा गरी कार्यान्वयन आरम्भ गरिएको।
- भू-सूचना प्रणाली सञ्चालन निर्देशिका, २०७१ जारी भएको।
- राष्ट्रिय भू-उपयोग नीति, २०६९ पुनरावलोकन गरिएको।
- राष्ट्रिय भूमि नीतिको मस्यौदा तयार गरिएको।
- रजिष्ट्रेशन दस्तुर वापत १० अर्ब ६८ करोड सहित आ.व. ०७१/७२ मा जम्मा रु. ११ अर्ब ९९ करोड ८८ लाख राजश्व संकलन गरिएको।
- विभिन्न २१ स्थानमा मालपोत र नापी कार्यालय विस्तार गर्ने निर्णयानुसार १७ स्थानमा कार्यालय स्थापना गरी कार्य सञ्चालनमा ल्याइएको।
- भूमि बजार विकास सम्बन्धी अध्ययन गरी भूमि वजार व्यवस्थापन नीति, २०७१ र भूमि बजार व्यवस्थापन ऐन, २०७१ को मस्यौदा तयार गरिएको।
- मालपोत नियमावली, २०३६ मा पाचौं संशोधन गरी जग्गाको न्यूनतम मूल्य निर्धारण प्रणालीलाई थप व्यवस्थित वनाइएको।
- कूल २७५७० मुक्त कमैया परिवार मध्ये २६०९० परिवारलाई जग्गा उपलब्ध गराई पुनःस्थापना गरिएको र १९५३१ मुक्त कमैया परिवारलाई सीपमूलक व्यवसायिक तालिम प्रदान गरिएको। यसवाट मुक्त कमैया परिवारमा रोजगारीको अवसर बढेको।
- कूल १६९५३ मुक्त हलिया परिवार मध्ये १०६२२ लाई प्रमाणीकरण गरी ७८९८ लाई परिचयपत्र वितरण गरिएको, २३६ परिवारलाई जग्गा खरिद अनुदान, १६२ परिवारलाई घर निर्माण अनुदान, २५९ परिवारलाई घर मर्मत अनुदान र ११४२ जनालाई सीप विकास तालिम उपलब्ध गराइएको।
- मुलुक भरी रहेका सार्वजनिक र सरकारी जग्गाको लगत तयार गरिएको।
- भूमि सुधार ऐनमा तोकिएको हदवन्दी भन्दा बढी राखिएको जग्गाको विवरण संकलन गरिएको।
- मुलुक भरी रहेका गुठी जग्गाहरुको विवरण संकलन कार्य सम्पन्न गरिएको।
- मालपोत कार्यालयतर्फ मोठ, रोक्का, राजश्व दस्तुर तथा जग्गाधनीको फोटो र औंठाछाप सहितको विवरण कम्प्युटर प्रविष्ट हुन सक्ने गरी DLIS प्रणालीको विकास गरिएको ।
- थप १३ सहित ४८ वटा मालपोत कार्यालयहरुमा क्षतिपूर्ति सहितको नागरिक वडापत्र लागू गरिएको।
- कार्यालय प्रमुख तथा सहायक स्तरका २१४७ जना कर्मचारीहरुलाई कम्प्युटर प्रणाली र जग्गा प्रशासनमा प्रयोग हुने विभिन्न सफ्टवेयर संचालन सम्बन्धी तालिम दिइएको ।
- सेवाग्राहीलाई मालपोतसँग सम्वन्धित सेवा प्रवाह बारे सु-सूचित गराउने उद्देश्यले एफ.एम. रेडियोवाट जनचेतनामूलक सूचना सामग्री प्रशारण गरिएको।

- जग्गा प्रशासन सम्वन्धी सेवालाई सरलीकरण गरी चुस्त दुरुस्त र पारदर्शी बनाउन LRIMS प्रणालीवाट १४ वटा मालपोत कार्यालयहरुमा अनलाइन सेवा प्रदान गर्ने तयारी कार्य अन्तिम चरणमा पुगेको।
- २१ वटै भूमिसुधार कार्यालयहरुमा इन्टरनेट सेवाको व्यवस्था गरिएको।
- काभ्रे जिल्लामा ६१८.५४ हेक्टर डिजीटल नापी गर्ने कार्य सम्पन्न गरिएको।
- २४४८.५९ हेक्टर गाउँब्लक नापी र ११६२.९ हेक्टर पुनः नापी गरिएको।
- अछाम र अर्घाखाँची जिल्लाको २५ गा.वि.स. को नापी कार्य सम्पन्न भएको र २० गा.वि.स. मा पूर्जा वितरण गरिएको।
- १० वटा नापी कार्यालयहरुमा डिजिटल डाटा रुजु तथा अध्यावधिक कार्य सम्पन्न गरिएको।
- प्रथम दर्जाका ५ नियन्त्रण विन्दुको जियोडेटिक नेटवर्क सुदृढिकरण गरिएको।
- वर्दिबास-सिन्धुली सडक खण्डको २० कि.मी. समतलन नापी सर्भेक्षण कार्य सम्पन्न गरिएको।
- २५ बिन्दु भू-आकर्षण नापीको लागि विराटनगर-धनकुटा सडक खण्डमा मनुमेन्टेसन कार्य सम्पन्न गरिएको।
- सुदुरपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत कञ्चनपुर जिल्लाको सीमा निर्धारण कार्य सम्पन्न गरिएको।
- महाभूकम्प पछि ग्लोबल पोजिसनिङ सिस्टम प्रयोग गरी अनुसन्धान गरेर उपत्यका आसपासको जमीन सरेको र उचाई बढेको निष्कर्ष निकालिएको ।
- प्लट रजिष्टरमा रहेको विवरण प्रविष्ट गर्न PRMS सञ्चालनमा ल्याइएको ।
- कित्तानापी नक्साको फिल्डबुक इमेजलाई व्यवस्थित गरी Reference Database तयार गर्न IRMS संचालनमा ल्याइएको।
- कित्तानापी नक्सा Digitize गरी Geo-database तयार गर्न र तयार भएको Geo-Database अद्यावधिक गर्न Spatial Application Extension (SAEx) सञ्चालनमा आएको ।
- विभिन्न नापी कार्यालयहरुमा नयाँ नापीबाट थप भएका ६ लाख कित्तानापी नक्शाहरुको डिजिटाइजेशन कार्य सम्पन्न गरिएको।
- ८२ मालपोत कार्यालयमा रहेको मोठ तथा रोक्काको बिवरण कम्प्युटरमा प्रविष्ट गर्ने कार्य सम्पन्न गरिएको।
- ८१ नापी कार्यालयमा रहेको कित्ता नापी नक्साको Geo-database तयार गरी कित्ता नापी नक्साको डिजिटल अभिलेख तयार गरिएको।
- ७२ जिल्लामा रहेको नापी क्षेत्रीय किताब (Field Book) को डिजिटल अभिलेख तयार गरिएको।
- १६ कार्यालयमा रहेको प्लट रजिष्टरको इमेज तयार गरि अभिलेखिकृत गरिएको।
- मालपोत तथा नापी कार्यालयलाई प्रविधिमैत्री बनाउन आवश्यक जनशक्ति तथा यन्त्र उपकरण सहितको पूर्वाधार तयार गरिएको।
- नापनक्शा, भौगोलिक सूचना, भूमि प्रशासन र यस सम्बन्धी अध्ययन अनुसन्धानको क्षेत्रमा दक्ष जनशक्तिको उत्पादन गरिएको।
- सूचना प्रविधिको क्षेत्रमा भैरहेको द्रुत विकास एवं दोश्रो पुस्ता सुधारको मार्ग चित्र अनुरुप केन्द्रवाट प्रदान हुँदै आएका तालिमहरुलाई शैक्षिक उपाधिमा रुपान्तरण गर्ने कार्यको सुरुवात

गरिएको। उदाहरणका लागि जुनियर नापी तालिमको सट्टा डिप्लोमा इन जियोम्याटिक्स इन्जिनियरिङ्ग कोर्ष संचालन गरिएको।

- आ.व. ०७०/७१ को बाँकी अध्ययन तालिम अन्तर्गत सिनियर नापी तालिम विभागीय कर्मचारीहरु पहिलो समूह २० जना र दोस्रो समूह २० जनालाई तालिम दिइएको।
- जुनियर नापी तालिम विभागीय कर्मचारीहरु पहिलो २१ जना र दोस्रो समूह २२ जना लाई तालिम दिइएको। BE Geomatics Engineering सर्भे कोर्ष (छात्रवृत्ति) २० जनालाई दिइएको।
- M.Sc. Land Administration कोर्ष (छात्रवृत्ति) १० जनालाई प्रदान गरिएको।
- आ.व. ०७१/७२ को तालिम तथा शैक्षिक कार्यक्रम अन्तर्गत नापी तालिम विभागीय कर्मचारीहरु पहिलो समूह २० जना र दोस्रो समूह १६ जनालाई तालिम दिइएको।
- नगरोन्मुख १४३ गा.वि.स. हरूको भू-उपयोग नक्सा/डाटा तयार गरिएको।
- जिल्ला/गा.वि.स. स्तरमा भू-उपयोग सम्बन्धी १० वटा जनचेतना अभिवृद्दि सम्बन्धी गोष्ठिहरू सम्पन्न गरिएको।
- नवलपरासी, झापा, बाँके, बारा र कैलाली जिल्लाका ७९ वटा गा.वि.स. हरूको भू-उपयोग क्षेत्र नक्सालाई फिल्ड भेरिफिकेशन गरी कित्तामा आधारित बर्गिकरण सूची तयार गर्ने कार्य सम्पन्न गरिएको।

## ९. शान्ति तथा पुनर्निर्माण मन्त्रालय

यस आर्थिक वर्षमा यस मन्त्रालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएको थियो ।

- भ्रष्टाचार विरुद्धको रणनीति तथा कार्ययोजना कार्यान्वयनमा ल्याइएको।
- स्थानीय स्तरमा शान्ति सन्देश फैलाउने उद्देश्यले रेडियो नेपाल, नेपाल टेलिभिजन र स्थानीय स्तरका एफ.एम. हरुबाट शान्ति प्रवर्धन सम्बन्धी गतिविधि प्रशारण भईरहेको ।
- सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको पुनःस्थापन एवं पुनःएकीकरणको लागि राष्ट्रिय कार्ययोजना नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०६७ पुष १४ गते स्वीकृत भई सो को कार्यविधि, २०७० समेत मन्त्रालयबाट स्वीकृत भएको।
- सरकारी वार्ता टोली र मधेशी जनअधिकार फोरम नेपाल, आदिवासी जनजाती महासंघ लगायत हालसम्म ५७ वटा समूहहरुसँग वार्ता भई सहमति कायम भएको जसमध्ये २१ वटा विभिन्न सशस्त्र समूहहरुले हालसम्म ३३८ थान हातहतियार नेपाल सरकारलाई बुझाएका ।
- निर्वाचन आयोगबाट फोटोसहितको मतदाता नामावली संकलन तथा दोस्रो संविधानसभाको निर्वाचन कार्यको लागि ७ अर्ब ७५ करोड ६४ लाख ९३ हजार रकम उपलब्ध गराइएको।
- गृह मन्त्रालय अन्तर्गत नागरिकता वितरण घुम्ति टोली कार्यक्रमका लागि रु. ९ करोड ३५ लाख १५ हजार रकम उपलब्ध गराइएकोमा सो घुम्ति टोलीले १,८१,७१३ नेपाली नागरिकताको प्रमाण पत्र वितरण गरेको ।
- द्वन्दकालमा विच्छ्याइएका सम्पूर्ण ५३ स्थानका बारुदी सुरुङ्ग र ३४१ स्थानका IED Field हरु नष्ट गर्ने कार्य सम्पन्न भएको।हालसम्म ५० जिल्लाका समुदाय र २९ जिल्लाका विद्यालयमा बारुदी सुरुङ जोखिम शिक्षा कार्यक्रम संचालन गरिएको।

- पुनर्निर्माण, पुनःस्थापन एवं राहत वितरण कार्यको प्रभावकारी अनुगमनको लागि पाँचै विकास क्षेत्रमा मन्त्रालयका पाँच जना सहसचिवहरुको संयोजकत्वमा छुट्टा छुट्टै अनुगमन टोली गठन गरी अनुगमनको कार्यलाई प्रभावकारी बनाइएको।
- सहमति सम्झौता कार्यान्वयन सिफारिस आयोग, २०७१ सम्वन्धी :-
  शान्ति तथा पुनर्निर्माण मन्त्रालय स्थापना पश्चात् नेपाल सरकार र विभिन्न ५७ समूह/पक्षहरुसँग भएका सहमति सम्झौताहरुको अध्ययन, विश्लेषण गरी कार्यान्वयन अवस्थाको पहिचान गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७१।३।२ को निर्णय वमोजिम पुनरावेदन अदालतका पूर्व मुख्य न्यायाधीश श्री केशव प्रसाद मैनालीको अध्यक्षतामा "शान्ति तथा पुनर्निर्माण मन्त्रालय स्थापना पश्चात् भएका सहमति/सम्झौता कार्यान्वयन सिफारिस आयोग, २०७१" गठन गरिएको। उक्त आयोगले मिति २०७१।५।१९ मा कार्यान्वयन सिफारिस प्रतिवेदन सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष पेश गरिसकेको र सो प्रतिवेदन कार्यान्वयन गर्ने नेपाल सरकारले निर्णय गरिसकेको छ।

## १०. ऊर्जा मन्त्रालय

यस आर्थिक वर्षमा यस आयोगमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएको थियो ।

- भारतसँग विद्युत व्यापार सम्झौता सम्पन्न भएको। नेपाल भारत व्यापार (आयात निर्यात) का संयुक्त प्रसारण गुरुयोजना निर्माण गर्ने सम्बन्धमा आवश्यक अध्ययन अघि बढाइएको ।
- विदेशी लगानी भित्र्याउने लगानीको सुनिश्चितताको लागि आयोजना विकास सम्झौता (PDA) सम्पन्न गर्ने सिलसिलामा ९०० मे.वा. क्षमताको माथिल्लो कर्णाली जल विद्युत आयोजना र ९०० मे.वा. क्षमताको अरुण तेस्रो जलविद्युत आयोजनाको आयोजना विकास सम्झौता (PDA) सम्पन्न भई निर्माणको वातावरण बनेको ।
- महाकाली सन्धि अन्तरगत पञ्चेश्वर वहुउदेश्यीय आयोजना निर्माण गर्ने प्रयोजनका लागि पञ्चेश्वर विकास प्राधिकरण गठन गर्ने काम १८ बर्षदेखि थाँती रहेकोमा हाल सो कार्यका लागि कार्यदेश तथा प्राधिकरणको विधान द्विपक्षीय सहमतिमा तयार भई आयोजनाको विस्तृत प्रतिवेदन सम्बन्धी अध्ययन अगाडि बढाएको ।
- देशमा विद्यमान चिनी मिलहरुवाट निस्कने खोस्टावाट करिव १०० मे.वा. सम्म विद्युत निकाल्न सकिने देखिएकाले चिनि मिलहरुलाई समेत विद्युत उत्पादनमा संलग्न गराउने व्यवस्था (Co-generation Plant) का लागि नीतिगत स्पष्टता तयार गरी कार्यान्वयनको चरणमा रहेको ।
- छिटो छरितो रुपमा विद्युत उत्पादन गरी लोडसेडिङ न्युनीकरण गर्न सौर्य ऊर्जामा लगानी गर्न सौर्य ऊर्जाको नीतिको लागि आवश्यक पहल भइरहेको। २५ मेगावाटको सौर्य ऊर्जा उत्पादनको लागि बोलपत्र आव्हान भई मूल्याङ्कनको प्रकृयामा रहेको।
- नेपाल विद्युत प्राधिकरणलाई खण्डिकरण गर्ने क्रममा राष्ट्रिय प्रशारण ग्रिड कम्पनी स्थापनाको लागि कम्पनी दर्ता सम्पन्न भई संचालक समितिको गठन प्रक्रिया सम्पन्न भई कम्पनीको क्रियाशिलताका लागि आवश्यक आधारभूत अध्ययन प्रक्रिया अगाडि बढाइएको।
- विद्युत व्यापार कम्पनीको स्थापनाका लागि आवश्यक अध्ययन कार्य सम्पन्न भई कार्यान्वयन चरणका लागि कारवाही अगाडि बढाइएको।

- SAARC Framework agreement On energy (Electricity) नेपालमा सम्पन्न सार्क शिखर सम्मेलनबाट अनुमोदित समेत भई कार्यान्वयनका लागि तयारी कार्य अघि बढाइएको ।
- जलाशययुक्त जलविद्युत आयोजनाको संरक्षणका लागि GIS Mapping गरी पूर्वाधार निर्माणमा लगानी तथा विकास गर्ने प्रक्रियालाई नियन्त्रित र व्यवस्थित गर्ने तर्फ आवश्यक व्यवस्थापन प्रारम्भ गरिएको।

## ११. निर्वाचन आयोग

यस आर्थिक वर्षमा यस आयोग मार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएको थियो ।

- २०७१ श्रावण ९ देखि १३ गतेसम्म ७५ जिल्लाका जिल्ला निर्वाचन अधिकारी, आयोगका अधिकृतस्तरका सम्पूर्ण कर्मचारी, आयोगका पदाधिकारी र विशेषज्ञको सहभागितामा आयोगको दोश्रो पञ्चेवर्षीय रणनीतिक योजना (२०७१/०७२–२०७५/०७६) तर्जुमा गरिएको। सोको कार्यान्वयनको लागि कार्ययोजना समेत तयार गरिएको।
- बाग्लुङ जिल्ला निर्वाचन क्षेत्र नं. १ बाट निर्वाचित सभासद श्री हरिबहादुर खड्काको मिति २०७१ मंसिर २१ गते सवारी दुर्घटनामा मृत्यु भएकाले मिति २०७१/१२/२८ गते उपनिर्वाचन सम्पन्न भएको। सो उपनिर्वाचनमा विद्युतीय मतदान उपकरणको प्रयोग गरिएको। बदर मत शून्य रहेको।
- आर्थिक वर्ष २०७१।०७२ मा मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम अन्तर्गत निरन्तर दर्ता कार्यक्रम (जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय तथा इलाका प्रशासन कार्यालय) बाट २,४८,१७९ एवं घुम्ती शिविरबाट ११,६६८ गरी २,५९,८४७ जना तथा २०७२ माघ १५ देखि चैत्र मसान्तसम्म सञ्चालित विशेष कार्यक्रमबाट ४,०१,४६५ गरी जम्मा ६,६१,३१२ को नाम दर्ता भएको। फोटोसहितको मतदाता नामावलीमा आ.व. ०७१/७२ सम्ममा दर्ता भएका कूल मतदाताको संख्या १,३२,५१,१९५ रहेको।
- विदेशमा रहेका नेपाली नागरिकहरूको मतदाता नामावलीमा नाम दर्ता गर्ने सम्बन्धमा साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स, कुवेत, कतार, बहराइन र अमेरिकाको भ्रमण गरी सम्भाव्यता अध्ययन प्रतिवेदन पेश भएको।
- स्वच्छ, स्वतन्त्र र विश्वसनीय निर्वाचनका लागि राजनीतिक दलहरूले गर्ने खर्चलाई पारदर्शी बनाई नियमन गर्ने सम्बन्धमा आयोगका अधिकृतस्तरका २५ जना कर्मचारीको सहभागितामा मिति २०७१/११/११ देखि १३ गतेसम्म Political Finance विषयक ब्रिज प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको।
- १०५ औं अन्तर्राष्ट्रिय नारी दिवसको उपलक्ष्यमा 'निर्वाचन र महिला सहभागिता' विषयमा संवैधानिक निकाय तथा मन्त्रालयहरूका लैङ्गिक सम्पर्क विन्दु/व्यक्तिको सहभागितामा मिति २०७१ फागुन १८ गते अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको। उक्त कार्यक्रममा निर्वाचन र महिलासँग सम्बन्धित विषयमा तीन वटा कार्यपत्र प्रस्तुत गरिएको।
- आयोगको संगठन संरचनालाई समयानुकूल चुस्त, दुरुस्त बनाई प्रभावकारी सेवा उपलब्ध गराउन विद्यमान संगठन संरचनालाई पुनरावलोकन गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार गरी अर्थ मन्त्रालयमा स्वीकृतिका लागि पेश गरिएको।

- वि.सं. २०७० श्रावणमा स्वीकृत लैङ्गिक तथा समावेशीकरण नीतिको प्रभावकारी कार्यान्वयनको लागि पाँच वर्षे लैङ्गिक तथा समावेशी रणनीति (वि.सं. २०७१/०७२–२०७५/०७६) तथा एक वर्षीय कार्ययोजना आयोगबाट मिति २०७२/३/२७ मा स्वीकृत भई कार्यन्वयन भइरहेको।
- अर्को संविधानसभा सदस्य निर्वाचन, २०७० तथा उपनिर्वाचनमा गरिएका निर्वाचनसम्बन्धी विभिन्न कार्यहरूलाई समेटेर अर्को संविधानसभा सदस्य निर्वाचन प्रतिवेदन, २०७२ तयार गरी आयोगबाट स्वीकृत भएको।
- वि.सं. २००४ सालदेखि हालसम्म भएका निर्वाचनहरूको तथ्याङ्कको खोजी गरी Election Statistical Pocket Book तयार गरिएको।
- अर्को संविधानसभा सदस्य निर्वाचन, २०७० र उपनिर्वाचनका विभिन्न विवरणहरू समावेश गरी अर्को संविधानसभा सदस्य निर्वाचन, २०७० तथ्याङ्कीय झलक (नेपाली र अंग्रेजी भाषामा) प्रकाशन गरिएको।
- आयोगको परिसरमा रहेको निर्वाचन शिक्षा तथा सूचना केन्द्रमा १,७९६ जना महिला र १,८७८ जना पुरुष गरी जम्मा ३,६७४ जनाले अवलोकन भ्रमण गरेका।
- विभिन्न तहका निर्वाचनका लागि लागु गर्न सकिने निर्वाचन आचार संहिता सरोकारवालासँग अन्तरक्रिया गरी तयार भएको र आयोगबाट स्वीकृत भई मिति २०७२/०४/११ मा राजपत्रमा प्रकाशन भएको।
- निर्वाचन जोखिम व्यवस्थापन र भू-सूचना सम्बन्धी तालिममा २५ जना कर्मचारी सहभागी भएको र निर्वाचन जोखिमको विश्लेषण गरी सहज रूपमा व्यवस्थापन गर्न तथा निर्वाचन प्रक्रियामा भू-सूचनाको उपयोग गर्न सहयोग पुगेको।
- निर्वाचन प्रक्रियामा सरोकारवालहरूको पहुँच विषयक ब्रिज कार्यशालामा महिला, दलित, अपाङ्गता भएका तथा पिछडिएका क्षेत्रका २५ जनालाई प्रशिक्षण दिइएको। मतदान, मताधिकार, निर्वाचन प्रक्रियाका सम्बन्धमा क्षमता अभिवृद्धि भएको।
- निर्वाचन सञ्चालन तथा व्यवस्थापन विषयक ब्रिज कार्यशालामा निर्वाचन आयोगमा नव नियुक्त शाखा अधिकृत र आयोगका अन्य गरी २२ जना कर्मचारीहरूको आयोगले गर्ने कार्य तथा निर्वाचन सम्बन्धमा क्षमता अभिवृद्धि भएको।
- लैङ्गिकता, समावेशीकरण र निर्वाचन विषयक ब्रिज तालिममा निर्वाचन प्रक्रिया, मतदान, निर्वाचनमा समावेशीकरण आदि विषयमा महिला, दलित, अपाङ्गता भएका व्यक्ति गरी जम्मा १०० जना सहभागीको क्षमता अभिवृद्धि भएको।
- बाग्लुङ जिल्ला निर्वाचन क्षेत्र नं. १ को उपनिर्वाचन सम्पन्नमा विद्युतीय मतदान यन्त्रको प्रयोग गरी २०७१।१२।२८ गते निर्वाचन सम्पन्न भएको। मतदान प्रतिशत ७२.८९ र बदर मत शुन्य रहेको।
- क्षेत्रीय निर्वाचन शिक्षा तथा सूचना केन्द्रको सञ्चालनमा जिल्ला निर्वाचन कार्यालय कैलाली र कास्कीमा क्षेत्रीय निर्वाचन शिक्षा तथा सूचना केन्द्रको सञ्चालन प्रारम्भ गरिएको।
- सामाजिक अध्ययन शिक्षकका लागि प्रशिक्षण कैलाली, सुर्खेत, झापा, कास्की र सप्तरी जिल्लामा सामुदायिक तथा निजी विद्यालयमा कार्यरत सामाजिक अध्ययन शिक्षकलाई संविधान, लोकतन्त्र तथा निर्वाचनका सम्बन्धमा प्रशिक्षण दिइएको।
- बहिरा नागरिकका लागि निर्वाचन शिक्षा कार्यक्रममा बहिरा नागिरकहरूलाई निर्वाचन प्रकृयामा सहभागी गराउने उद्देश्यले धुलिखेल, सिन्धुली, काठमाण्डौं लगायतका ५ स्थानमा बहिरा

नागरिकका लागि निर्वाचन शिक्षा प्रशिक्षण सञ्चालन गरिएको। यसबाट १०० जना बहिरा नागरिकहरू लाभान्वित भएका।

| क्र.सं | कार्यक्रम | उपलब्धि |
| --- | --- | --- |
| १. | निर्वाचन जोखिम व्यवस्थापन र भू-सूचना सम्बन्धी तालिम। | २५ जना कर्मचारी सहभागी भएको र निर्वाचन जोखिमको विश्लेषण गरी सहज रूपमा व्यवस्थापन गर्न तथा निर्वाचन प्रक्रियामा भू-सूचनाको उपयोग गर्न सहयोग पुगेको। |
| २. | निर्वाचन प्रक्रियामा सरोकारवालहरूको पहुँच विषयक ब्रिज कार्यशाला | महिला, दलित, अपाङ्गता भएका तथा पिछडिएका क्षेत्रका २५ जनालाई प्रशिक्षण दिइएको। मतदान, मताधिकार, निर्वाचन प्रक्रियाका सम्बन्धमा क्षमता अभिवृद्धि भएको। |
| ३. | निर्वाचन सञ्चालन तथा व्यवस्थापन विषयक ब्रिज कार्यशाला | निर्वाचन आयोगमा नव नियुक्त शाखा अधिकृत र आयोगका अन्य गरी २२ जना कर्मचारीहरूको आयोगले गर्ने कार्य तथा निर्वाचन सम्बन्धमा क्षमता अभिवृद्धि भएको। |
| | लैङ्गिकता, समावेशीकरण र निर्वाचन विषयक ब्रिज तालिम | निर्वाचन प्रक्रिया, मतदान, निर्वाचनमा समावेशीकरण आदि विषयमा महिला, दलित, अपाङ्गता भएका व्यक्ति गरी जम्मा १०० जना सहभागीको क्षमता अभिवृद्धि भएको। |
| १. | बाग्लुङ जिल्ला निर्वाचन क्षेत्र नं. १ को उपनिर्वाचन सम्पन्न | विद्युतीय मतदान यन्त्रको प्रयोग गरी २०७१।१२।२८ गते निर्वाचन सम्पन्न भएको। मतदान प्रतिशत ७२.८९ र बदर मत शुन्य रहेको। |
| २. | क्षेत्रीय निर्वाचन शिक्षा तथा सूचना केन्द्रको सञ्चालन | जिल्ला निर्वाचन कार्यालय कैलाली र कास्कीमा क्षेत्रीय निर्वाचन शिक्षा तथा सूचना केन्द्रको सञ्चालन प्रारम्भ गरिएको। |
| ३. | सामाजिक अध्ययन शिक्षकका लागि प्रशिक्षण | कैलाली, सुर्खेत, झापा, कास्की र सप्तरी जिल्लामा सामुदायिक तथा निजी विद्यालयमा कार्यरत सामाजिक अध्ययन शिक्षकलाई संविधान, लोकतन्त्र तथा निर्वाचनका सम्बन्धमा प्रशिक्षण दिइएको। |
| ४. | बहिरा नागरिकका लागि निर्वाचन शिक्षा कार्यक्रम | बहिरा नागिरकहरूलाई निर्वाचन प्रकृयामा सहभागी गराउने उद्देश्यले धुलिखेल, सिन्धुली, काठमाण्डौं लगायतका ५ स्थानमा बहिरा नागरिकका लागि निर्वाचन शिक्षा प्रशिक्षण सञ्चालन गरिएको। यसबाट १०० जना बहिरा नागरिकहरू लाभान्वित भएका। |
| ५. | बाग्लुङ उपनिर्वाचनसँग सम्बन्धित निर्देशिका र आचार संहिता तर्जुमा | उपनिर्वाचनको लागि देहाय बमोजिमका निर्देशिका तथा आचार संहिता तर्जुमा गरिएको:<br>• निर्वाचन आचार संहिता, २०७१<br>• संविधानसभा सदस्य उपनिर्वाचन निर्देशिका, २०७१<br>• विद्युतीय मतदान उपकरण प्रयोग निर्देशिका, २०७१<br>• संविधानसभा सदस्य उपनिर्वाचन (आर्थिक) निर्देशिका, |

| क्र.सं | कार्यक्रम | उपलब्धि |
|---|---|---|
| | | २०७१<br>• संविधानसभा सदस्य उपनिर्वाचन मतदान अधिकृत निर्देशिका, २०७१<br>• संविधानसभा सदस्य उपनिर्वाचन (विद्युतीय) मतगणना निर्देशिका, २०७१<br>• संविधानसभा सदस्य उपनिर्वाचन विवाद निरूपण निर्देशिका, २०७१<br>• राष्ट्रिय पर्यवेक्षकका लागि संविधानसभा सदस्य उपनिर्वाचन पर्यवेक्षण आचार संहिता, २०७१ |
| ६. | बहस पैरवी गरेको | अर्को संविधानसभा सदस्य निर्वाचन २०७० को सम्बन्धमा संविधानसभा अदालतमा परेका निर्वाचन बदर सम्बन्धी २२ वटा मुद्दामा बहस पैरवी गरेको। |
| ७. | आय व्ययको वार्षिक प्रतिवेदन नबुझाउने राजनीतिक दलको विवरण तयार गरी कारवाही गरिएको | • आयोगमा दर्ता भएका १८० राजनीतिक दलमध्ये ४२ दलले नियमितरूपमा आयव्ययको वार्षिक प्रतिवेदन बुझाएको,<br>• ४२ राजनीतिक दलमध्ये १२ दलले आ.व. २०७०/७१ को आयव्ययको वार्षिक प्रतिवेदन समयभन्दा पछि बुझाएको,<br>• १८० राजनीतिक दलमध्ये ६८ दलले एक वर्षको आयव्ययको वार्षिक प्रतिवेदन बुझाउन बाँकी रहेको,<br>• १८० राजनीतिक दलमध्ये ४९ दलले दुई वर्षको आयव्ययको वार्षिक प्रतिवेदन बुझाउन बाँकी रहेको,<br>• १८० राजनीतिक दलमध्ये २१ दलले लगातार तीनवर्ष देखि आयव्ययको वार्षिक प्रतिवेदन नबुझाएको,<br>• आयव्ययको वार्षिक प्रतिवेदन नबुझाउने दलहरूलाई विवरण बुझाउन पत्राचार गरिनुका साथै कारवाहीको लागि दलहरूको विवरण तयार गरिएको। |
| ८. | निर्वाचनमा भाग लिने राजनीतिक दलको खर्चको विवरण सम्बन्धमा | • संविधानसभा सदस्य निर्वाचन, २०७० मा समानुपातिकतर्फ १२२ राजनीतिक दलले निर्वाचनमा भाग लिएका,<br>• तीमध्ये १०४ दलले मात्र निर्वाचन खर्चको विवरण बुझाएका,<br>• १२२ राजनीतिक दलमध्ये १८ दललाई रू. १,०००/- जरिवाना गरिएको,<br>• १८ राजनीतिक दलमध्ये ५ दलले जरिवाना बुझाएको,<br>• अर्को संविधानसभा सदस्य निर्वाचन, २०७० मा पहिलो |

| क्र.सं | कार्यक्रम | उपलब्धि |
|---|---|---|
| | | हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ निर्वाचनमा भाग लिएका ६,१२५ उम्मेदवार मध्ये १,४९७ जनाले खर्चको विवरण नबुझाएका,<br>• खर्चको विवरण नबुझाउने उम्मेदवारलाई रू. ५००/- जरिवाना गरिएको,<br>• १,४९७ उम्मेदवारमध्ये २१० जनाले जरिवाना रकम बुझाएका,<br>• संविधानसभा सदस्य २०७० को निर्वाचन खर्चको विवरण पेश नगर्ने राजनीतिक दल तथा उम्मेदवारलाई बाग्लुङको उपनिर्वाचनमा भाग लिन रोक लगाइएको। |
| ९. | निरन्तर मतदाता दर्ता Software को विकास | Central Voters List Application, Districts Voters List Application and Data Collection Application भएको र Online प्रणालीमा आधारित Free and Open Source Database को प्रयोग गर्न सकिने Software तयार गरी परीक्षण कार्य सम्पन्न गरिएको। |
| १०. | Training Information Management System को कार्यान्वयन | आयोगबाट प्रदान गरिएको विभिन्न प्रकारका तालिमहरू प्राप्त ६,००० जना सहभागीहरूको विद्युतीय Roster तयार गरिएको। |
| ११. | Election Event Tracking को कार्यन्वयन | विगतमा १४ Election Events लाई समावेश गरिएकोमा बाग्लुङ उपनिर्वाचनमा ६ वटा Events लाई मात्र Reporting गर्ने व्यवस्था गरिएको। |
| १२. | Geographic Information System (GIS) र Election Risk management (ERM) Tool को प्रयोग सम्बन्धी अभिमुखीकरण | पचहत्तरै जिल्लाका जिल्ला निर्वाचन अधिकारी एवं अन्य कर्मचारीहरू समेत ८१ जनाको सहभागितामा ३ दिने प्रशिक्षण सम्पन्न भएको। |
| १३. | निर्वाचन सम्बन्धी कागजात धुल्याइएको | अर्को संविधानसभा सदस्य निर्वाचन, २०७० मा प्रयोग भएका मतपत्र सहित अन्य कागजात, २०७० भाद्र मसान्तसम्मका मतदाता दर्तासम्बन्धी फारम सहितका कागजात लगायत अन्य पुराना कागजात ७५ जिल्ला निर्वाचन कार्यालयबाट धुल्याउने कार्य सम्पन्न भएको। यसबाट कार्यालयको जिन्सी व्यवस्थापनमा सहजता आएको। |
| १४. | निर्वाचन पत्रिका र बुलेटिन तयारी तथा प्रकाशन | वार्षिक रूपमा दुई पटक निर्वाचन पत्रिका र चार पटक निर्वाचन बुलेटिन तयार गरी प्रकाशन तथा वितरण गरिएको। यसबाट सरोकारवालालाई आयोगले गरेका कार्यहरू तथा निर्वाचन सम्बन्धी गतिविधिहरूको सहज रूपमा जानकारी प्राप्त भएको। |

| क्र.सं | कार्यक्रम | उपलब्धि |
|---|---|---|
| १५. | लिलाम, बिक्री | जिन्सी निरीक्षण प्रतिवेदनका आधारमा आयोगमा रहेका पुराना फर्निचर तथा अन्य मेशिनरी उपकरणहरू बिक्री गरिएको। |
| १६. | बेरुजु फछ्र्यौट | आ.व. २०६९/०७० सम्मको कूल बेरुजुमध्ये ५५.७० प्रतिशत फछ्र्यौट भएको र आ.व. २०७०/०७१ को फछ्र्यौट प्रतिशत ४७.५७ रहेको। |
| १७. | उपनिर्वाचन पर्यवेक्षण | बाग्लुङ जिल्ला निर्वाचन क्षेत्र नं.१ को राष्ट्रिय निर्वाचन समिति (नियोक) र नागरिक अनुगमन समाजका ५९ जना पर्यवेक्षकबाट पर्यवेक्षण भई उक्त उपनिर्वाचन स्वच्छ र स्वतन्त्र भएको प्रतिवेदन प्राप्त भएको। |
| १८. | निर्वाचन अनुगमन | • आयोगका सह सचिवको संयोजकत्वमा उपसचिव सदस्य रहने गरी उपनिर्वाचन अवधिभर दुई वटा टोलीले अनुगमन गरेको।<br>• मतदानको दिन आयोगका १० जना अधिकृत कर्मचारीहरूबाट सूक्ष्म अनुगमन भएको। |
| १९. | कार्यालयहरूको नियमित अनुगमन | आयोगबाट खटिएका २१ अनुगमन टोलीबाट २३ वटा जिल्लाको अनुगमन भएको। |
| २०. | वार्षिक समीक्षा तथा दोश्रो रणनीतिक योजना तर्जुमा सम्बन्धी कार्यशाला सम्पन्न | मिति २०७१/४/९ देखि १३ सम्म काठमाण्डौंमा आयोगका पदाधिकारीहरू, सबै अधिकृत स्तरका कर्मचारी तथा ७५ जिल्लाका जिल्ला निर्वाचन अधिकारीहरूको सहभागितामा केन्द्रीय वार्षिक समीक्षा गरिएको तथा दोस्रो रणनीतिक योजना तर्जुमा गरिएको र उक्त रणनीतिक योजना आयोगबाट स्वीकृत भई कार्यन्वयनमा आएको। |
| २१. | आयोजना सम्पन्न प्रतिवेदन पेश गरिएको | अर्को संविधानसभा सदस्य निर्वाचनको लागि नेपाल शान्तिकोष सचिवालयबाट स्वीकृत Next Constituent Assembly Election (NCAE), Operating Next Constituent Assembly Election (ONCAE) र Support To Election Project (STEP:II) को परियोजना सम्पन्न प्रतिवेदन तयार गरी शान्तिकोष सचिवालयमा पठाइएको। |
| २२. | निर्वाचन आचार संहिता तर्जुमा | विभिन्न तहका निर्वाचनका लागि लागु गर्न सकिने निर्वाचन आचार संहिता सरोकारवालासँग अन्तरक्रिया गरी तयार गरिएको र सो आचार संहिता आयोगबाट स्वीकृत भएको। यसबाट निर्वाचनको समयमा पुनः आचार संहिता निर्माण गर्न आवश्यक नपर्ने भएको र सामान्य संशोधन तथा परिमार्जन गरी तुरुन्त लागु गर्न सकिने। |
| २३. | कार्यालय भवन निर्माण | • जिल्ला निर्वाचन कार्यालय झापा र मोरङको कार्यालय भवन निर्माण कार्य सम्पन्न भएको।<br>• ओखलढुङ्गा, दैलेख, सुर्खेत र मकवानपुरको कार्यालय |

| क्र.सं | कार्यक्रम | उपलब्धि |
|---|---|---|
| | | भवन निर्माणाधीन अवस्थामा रहेको।<br>• रसुवा, धादिङ, रामेछाप, सोलुखुम्बु, बर्दिया, तनहुँ, म्याग्दी, पर्वत, सर्लाही, उदयपुर, प्यूठान र ताप्लेजुङ जिल्लामा कार्यालयको नाममा जग्गा प्राप्त भएको। |
| २४. | सामाजिक शिक्षा अध्ययन शिक्षकलाई तालिम | यस आ.व.मा केन्द्र तथा जिल्लाहरूमा सञ्चालित तालिमबाट ९०४ जना शिक्षक लाभान्वित भएका। सोबाट कक्षा ९ र १० को सामाजिक अध्ययन शिक्षण गर्न सहज भएको। |
| २५. | नयाँ बन्ने संविधानमा सुझाव उपलब्ध गराइएको | आयोगलाई स्वतन्त्र एवं स्वायत्त निर्वाचन व्यवस्थापन निकायको रूपमा नयाँ संविधानमा स्थापित गर्न आवश्यक पर्ने आयोगको संगठन संरचना, कार्य जिम्मेवारी र अधिकार सम्बन्धमा मिति २०७१/०५/०५ मा संविधान सभा सचिवालयमा सुझाव पेश गरिएको, मिति २०७१/०६/१४ मा सम्बन्धित समितिको बैठकमा सुझाव दिइएको तथा प्रस्तावित संविधानको मस्यौदामा मिति २०७२/०४/०३ मा २० बुँदे सुझाव संविधान सभा सचिवालयमा दिइएको र चार दलको शीर्ष नेता सम्मिलित समितिमा मिति २०७२/०४/१३ मा माननीय प्रमुख निर्वाचन आयुक्त स्वयं उपस्थित हुनुभई सुझाव दिनुभएको। |
| २६. | स्थानीय निकाय निर्वाचनको तयारी | स्थानीय निकायको निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष एवम् विश्वसनीय रूपमा सम्पन्न गर्न फोटोसहितको मतदाता नामावली संकलन तथा अद्यावधिक गरिएको र आगामी निर्वाचनलाई लक्षित गरी नयाँ निर्वाचन आचार संहिता तयार गरिएको। निर्वाचन सम्बन्धी केही ऐन (स्थानीय निकाय निर्वाचन (कार्याविधि) ऐन, २०४८) को संशोधनको मस्यौदा तयार गरी मिति २०७१/०५/२५ मा आवश्यक कारवाहीको लागि गृह मन्त्रालय पठाइएको। |
| २७. | इन्टरनेट इमेल सम्बन्धी कार्य | • अघिल्लो आ.व.मा शुरू गरिएको नयाँ LAN Networking कार्य सम्पन्न गरी सुचारु गरिएको।<br>• आयोगको लागि World Link communication मार्फत लिइएको इन्टरनेट सेवालाई 3 Mbps मा स्तरोन्नति गरिएको। |
| २८. | निर्वाचन व्यवस्थापन निकायहरूको अन्तर्राष्ट्रिय कार्यशालाको तयारी गरिएको | ६५ देशका निर्वाचन व्यवस्थापन निकायका प्रतिनिधि र निर्वाचन विशेषज्ञहरूको सहभागितामा Inclusive Electoral Processes: The role of Electoral Stakeholders in Ensuring Enhance Participation नामक अन्तर्राष्ट्रिय कार्यशाला मिति २०७२ वैशाख २१ देखि २५ सम्म (4–8 May, 2015) आयोजना गर्ने गरी अन्तिम तयारी गरिरहेको |

| क्र.सं | कार्यक्रम | उपलब्धि |
|---|---|---|
| | | अवस्थामा वैशाख १२ गतेको भूकम्पको कारणले स्थगन गरिएको। |
| २९. | ज्यान गुमाएका राष्ट्र सेवकका हकवालालाई बीमा रकम हस्तान्तरण | अर्को संविधानसभा सदस्य निर्वाचन, २०७० को सञ्चालनमा खटिएको अवस्थामा ज्यान गुमाएका ८ जना राष्ट्रसेवकका हकवालालाई जनही रू. १५,००,०००।- (पन्ध्र लाख मात्र) का दरले बीमा रकम हस्तान्तरण गरिएको। |
| ३०. | सवारी साधन र प्रेस सम्बन्धी उपकरणहरू हस्तान्तरण | आयोगमा रहेका विभिन्न १७ सवारी साधन सरकारी तथा अर्धसरकारी निकाय र प्रेससम्बन्धी उपकरणहरू जनक शिक्षा सामग्री केन्द्रलाई हस्तान्तरण गरिएको। |

## १२. राष्ट्रिय सतर्कता केन्द्र

यस आर्थिक वर्षमा यस केन्द्रमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएको थियो ।

आ.व.२०७१।०७२ मा दर्ता भएका र गत बर्षबाट जिम्मेवारी सरी आएका गरी कूल १५८८ रहेकोमा सो मध्ये १०९८ वटा फछ्र्यौट भएका छन् ।

**आ.व. २०७१/७२ मा भएको निकायगत उजुरी दर्ता र फछ्र्यौट सम्बन्धी विवरण**

| निकाय | उजुरी संख्या | | | | | फछ्र्यौट उजुरी संख्या | | | फछ्र्यौट हुन बाँकी संख्या | जम्मा फछ्र्यौट मध्ये | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०७१ असार मसान्त सम्मको (अ.ल्या.) | यस आ.व. २०७१।७२ को अघिल्लो महिनासम्मको | यस महिनाको | चालु आ.व. को जम्मा | जम्मा उजुरी संख्या | यस आ.व.को अघिल्लो महिनासम्मको | यस आ.व.को यस महिनाको | जम्मा फर्छ्यौट संख्या | | ध्यानाकर्षण / सतर्क | सुझाव | निर्देशन | अ.दु.अ.आ.मा पठाई तामेली | अन्य तामेली |
| संघीय मामिला तथा स्था.वि.म. | ४१ | ११२ | ९ | १२१ | १६२ | ८४ | ९ | ९३ | ६९ | ० | ० | ७ | ७ | ७९ |
| युवा तथा खेलकुद | ३ | ११ | ० | ११ | १४ | १० | १ | ११ | ३ | ० | ० | ० | ० | ११ |
| संवैधानिक निकाय | ० | ७ | १ | ८ | ८ | ६ | १ | ७ | १ | ० | ० | ० | ० | ७ |
| शहरी विकास | २१ | ३० | ५ | ३५ | ५६ | ४४ | २ | ४६ | १० | ० | ० | ४ | ५ | ३७ |
| भूमिसुधार तथा व्यवस्था | २४ | ६८ | ८ | ७६ | १०० | ६६ | ६ | ७२ | २८ | ० | २ | ५ | २१ | ४४ |
| परराष्ट्र | १ | १ | २ | ३ | ४ | २ | ० | २ | २ | ० | ० | ० | २ | ० |
| श्रम तथा रोजगार | ६ | १२ | १ | १३ | १९ | १२ | ४ | १६ | ३ | ० | ० | १ | ० | १५ |
| गृह | ४६ | ११२ | ६ | ११८ | १६४ | १२० | १६ | १३६ | २८ | ० | १ | ५ | १२ | ११८ |
| संस्कृति, पर्यटन तथा ना.उ. | १५ | १६ | ४ | २० | ३५ | १७ | २ | १९ | १६ | ० | १ | ३ | ५ | १० |
| म.वा.तथा समाज कल्याण | ५ | २० | १ | २१ | २६ | १९ | ३ | २२ | ४ | ० | ० | १ | १ | २० |
| शहकारी तथा गरिबी निवारण | ७ | ५ | १ | ६ | १३ | ९ | २ | ११ | २ | ० | ० | २ | ० | ९ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अर्थ | ९४ | ३८ | ६ | ४४ | १३८ | ७४ | ४ | ७८ | ६० | ० | ० | १ | ३ | ७४ |
| कृषि विकास | ७ | ४० | ७ | ४७ | ५४ | ३९ | ७ | ४६ | ८ | ० | १ | २ | ८ | ३५ |
| कानून न्याय तथा संसदीय व्यवस्था | १ | ५ | ० | ५ | ६ | ४ | १ | ५ | १ | ० | ० | ० | ० | ५ |
| संसद सचिवालय | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| प्र.म. तथा म.प. कार्यालय | २ | ७ | ० | ७ | ९ | ६ | ० | ६ | ३ | ० | ० | ० | ० | ६ |
| शिक्षा | १५५ | १८२ | १५ | १९७ | ३५२ | २०३ | १८ | २२१ | १३१ | १ | ० | १७ | ३६ | १६७ |
| सूचना तथा संचार | ११ | २७ | १ | २८ | ३९ | १९ | ० | १९ | २० | ० | ० | १ | ० | १८ |
| वातावरण विज्ञान तथा प्रविधि | १२ | २ | १ | ३ | १५ | ४ | ० | ४ | ११ | ० | ० | ० | ० | ४ |
| उर्जा | ३ | २० | ० | २० | २३ | १२ | ० | १२ | ११ | ० | ० | १ | ० | ११ |
| भौतिक यो.नि.तथा यातायात | २७ | ३० | ३ | ३३ | ६० | ४५ | ० | ४५ | १५ | ० | ० | १ | १३ | ३१ |
| रक्षा | २ | ९ | १ | १० | १२ | १२ | ० | १२ | ० | ० | ० | ० | ० | १२ |
| शान्ति तथा पुनः ननिर्माण | ३ | १ | ० | १ | ४ | ३ | ० | ३ | १ | ० | ० | ० | ० | ३ |
| सिंचाइ | ४ | ८ | १ | ९ | १३ | ११ | ० | ११ | २ | ० | ० | ० | २ | ९ |
| वन तथा भू संरक्षरण | २० | १९ | ४ | २३ | ४३ | ३५ | १ | ३६ | ७ | ० | १ | २ | ७ | २६ |
| उद्योग | ३ | २५ | १ | २६ | २९ | २३ | ० | २३ | ६ | ० | ० | १ | ९ | १३ |
| राष्ट्रीय योजना आयोग | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| स्वास्थ्य तथा जनसंख्या | ८३ | ७५ | १९ | ९४ | १७७ | ८२ | १४ | ९६ | ८१ | ० | ६ | ३७ | २१ | ३२ |
| वाणिज्य तथा आपूर्ति | १४ | ३१ | २ | ३३ | ४७ | ३१ | ४ | ३५ | १२ | ० | ० | २ | ६ | २७ |
| सामान्य प्रशासन | ५ | ८ | १ | ९ | १४ | ९ | २ | ११ | ३ | ० | ० | ४ | ० | ७ |
| जम्माः | **६१५** | **८७३** | **१००** | **९७३** | **१५८८** | **१००१** | **९७** | **१०९८** | **४९०** | **१** | **१२** | **९७** | **१५८** | **८३०** |

**सेवाप्रवाहको अनुगमन स्थितिः**

**क) स्थलगत अनुगमन, निगरानी तथा छड्के जाँच**

**(१)<u>मन्त्रालय, विभागहरु, कार्यालयहरु तथा अन्य निकायहरुमा गरिएको अनुगमन/छड्केबाट प्राप्त विवरण</u>**

| क. सं. | अनुगमन मिति | मन्त्रालयको नाम |
|---|---|---|
| १ | २०७१।५।५ | गृह मन्त्रालय |
| २ | " " | अर्थ मन्त्रालय |
| ३ | " " | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| ४ | " " | सामान्य प्रशासन मन्त्रालय |
| ५ | " " | वन तथा भूसंरक्षण मन्त्रालय |
| ६ | " " | शिक्षा मन्त्रालय |
| ७ | " " | कानुन, न्याय तथा संसदिय मामिला मन्त्रालय |
| ८ | " " | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| ९ | " " | बाणिज्य तथा आपूर्ति मन्त्रालय |
| १० | " " | उर्जा मन्त्रालय |
| ११ | " " | कृषि विकास मन्त्रालय |
| १२ | " " | भूमिसुधार तथा व्यवस्था मन्त्रालय |
| १३ | " " | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| १४ | " " | महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय |
| १५ | " " | सिंचाई मन्त्रालय |
| १६ | " " | श्रम तथा रोजगार मन्त्रालय |
| १७ | " " | रक्षा मन्त्रालय |
| १८ | " " | सूचना तथा संचार मन्त्रालय |
| १९ | " " | उद्योग मन्त्रालय |
| २० | " " | विज्ञान प्रविधि तथा वातारण मन्त्रालय |
| २१ | " " | शान्ति तथा पुनर्निर्माण मन्त्रालय |
| २२ | " " | सहकारी तथा गरिवी निवारण मन्त्रालय |
| २३ | " " | शहरी विकास मन्त्रालय |
| २४ | " " | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |
| २५ | " " | परराष्ट्र मन्त्रालय |
| **जम्माः** | | |
| १ | २०७१।८।२५ | गृह मन्त्रालय |
| २ | " " | सिंचाई मन्त्रालय |
| ३ | " " | उर्जा मन्त्रालय |
| ४ | " " | शहरी विकास मन्त्रालय |

| | | |
|---|---|---|
| ५ | " " | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| ६ | " " | शिक्षा मन्त्रालय |
| ७ | " " | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |
| ८ | " " | अर्थ मन्त्रालय |
| ९ | " " | महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय |
| १० | " " | श्रम तथा रोजगार मन्त्रालय |
| ११ | " " | सामान्य प्रशासन मन्त्रालय |
| १२ | " " | उद्योग मन्त्रालय |
| १३ | " " | सूचना तथा संचार मन्त्रालय |
| १४ | " " | शान्ति तथा पुनर्निर्माण मन्त्रालय |
| १५ | " " | परराष्ट्र मन्त्रालय |
| १६ | " " | विज्ञान प्रविधि तथा वातारण मन्त्रालय |
| १७ | " " | सहकारी तथा गरिवी निवारण मन्त्रालय |
| १८ | " " | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| १९ | " " | युवा तथा खेलकूद मन्त्रालय |
| २० | " " | वन तथा भूसंरक्षण मन्त्रालय |
| २१ | " " | भूमिसुधार तथा व्यवस्था मन्त्रालय |

| **विभागहरु** | | |
|---|---|---|
| **क्र. सं.** | **अनुगमन मिति** | **विभागको नाम** |
| १ | २०७१।५।६ | हुलाक सेवा विभाग |
| २ | " " | गुणस्तर तथा नापतौल विभाग |
| ३ | " " | शिक्षा विभाग |
| ४ | " " | औषधि व्यवस्था विभाग |
| ५ | " " | बन विभाग |
| ६ | " " | विद्युत विकास विभाग |
| ७ | " " | पशु सेवा विभाग |
| ८ | " " | खानेपानी तथा ढल निकास विभाग |
| ९ | " " | पुरातत्व विभाग |
| १० | " " | सूचना विभाग |
| ११ | " " | भू सुचना तथा अभिलेख विभाग |
| १२ | " " | स्वास्थ्य सेवा विभाग |
| १३ | " " | खानी तथा भूगर्भ विभाग |
| १४ | " " | बन अनुसन्धान तथा सर्वेक्षण विभाग |
| १५ | " " | भन्सार विभाग |

| | | |
|---|---|---|
| १६ | " " | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग |
| १७ | " " | घरेलु तथा साना उद्योग विभाग |
| १८ | " " | नेपाल नागरिक उड्डयन प्राधिकरण |
| १९ | " " | कृषि विभाग |
| २० | " " | आन्तरिक राजश्व विभाग |
| २१ | " " | वाणिज्य तथा आपूर्ति विभाग |
| २२ | " " | वनस्पति विभाग |
| २३ | " " | श्रम विभाग |
| २४ | " " | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग |
| २५ | " " | राजश्व अनुसन्धान विभाग |
| २६ | " " | सहकारी विभाग |
| २७ | " " | मुद्रण विभाग |
| २८ | " " | भू तथा जलाधार संरक्षण विभाग |
| २९ | " " | जल-उत्पन्न प्रकोप नियन्त्रण विभाग |
| ३० | " " | यातायात व्यवस्था विभाग |
| ३१ | " " | शहरी विकास तथा भवन निर्माण विभाग |
| ३२ | " " | महिला तथा बालवालिका विभाग |
| ३३ | " " | कारागार व्यवस्थापन विभाग |
| ३४ | " " | राहदानी विभाग |
| ३५ | " " | जल तथा मौसम विज्ञान विभाग |
| ३६ | " " | अध्यागमन विभाग |
| ३७ | " " | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग |
| ३८ | " " | उद्योग विभाग |
| ३९ | " " | राजश्व प्रशासन तालिम केन्द्र |
| ४० | " " | प्रहरी किताबखाना |
| ४१ | " " | नापी विभाग |
| ४२ | " " | बैदेशिक रोजगार विभाग |
| ४३ | " " | आयुर्वेद विभाग |
| **जम्माः** | | |

**संस्थानहरु**

| **क्र. सं.** | **अनुगमन मिति** | **संस्थानको नाम** |
|---|---|---|
| १ | २०७१।५।८ | नेपाल टेलिकम केन्द्रीय कार्यालय |
| २ | " " | नेपाल आयलन निगमन लिमिटेड |
| ३ | " " | नागरीक लगानी कोष |
| ४ | " " | राष्ट्रिय बाणिज्य बैंक, केन्द्रीय कार्यालय |
| ५ | " " | नेपाल वायुसेवा निगम, |

| | | |
|---|---|---|
| ६ | " " | कर्मचारी संचयकोष, पुल्चोक |
| ७ | | नेपाल बैंक लिमिटेड, केन्द्रीय कार्यालय |
| ८ | " " | नेपाल बैंक लिमिटेड, बैकिंङ कार्यालय |
| ९ | " " | नेपाल राष्ट्र बैंक |
| १० | " " | कृषि विकास बैंक |
| ११ | " " | नेपाल विद्युत प्राधिकरण |
| | | **जम्माः** |

| **कार्यालयहरु** | | |
|---|---|---|
| **क्र. सं.** | **अनुगमन मिति** | **कार्यालयको नाम** |
| १ | २०७१।८।२५ भक्तपुर | जिल्ला शिक्षा कार्यालय |
| २ | " | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय |
| ३ | " | कोष तथा लेखा नियन्त्रक कार्यालय |
| ४ | " | डिभिजन सडक कार्यालय |
| ५ | " | जिल्ला आयुर्वेद कार्यालय |
| ६ | " | भूमिसुधार कार्यालय |
| ७ | " | नापी कार्यालय |
| ८ | " | मालपोत कार्यालय |
| १ | २०७१।८।२५ ललितपुर | ललितपुर उप-महानगरपालिका |
| २ | " | जिल्ला शिक्षा कार्यालय |
| ३ | " | काठमाण्डौ उपत्यका विकास प्राधिकरण |
| ४ | " | जिल्ला विकास समितिको कार्यालय |
| ५ | " | जनस्वास्थ्य कार्यालय |
| ६ | " | जिल्ला प्राविधिक कार्यालय |
| ७ | " | कृषि विकास कार्यालय |
| ८ | " | पशुसेवा कार्यालय |
| ९ | " | मालपोत कार्यालय |
| १० | " | नापी कार्यालय |

**(२)विभिन्न जिल्लाहरूस्थित सरकारी कार्यालयहरूमा गरिएको स्थलगत अनुगमन/निगरानी प्राप्त विवरण**

| क्र. सं. | अनुगमन गरिएको जिल्ला | अनुगमन गरिएको कार्यालयको संख्या |
|---|---|---|
| १. | हुम्ला | २३ |
| २. | बर्दिया | २९ |

| | | |
|---|---|---|
| ३. | धनकुटा | १६ |
| ४. | पाँचथर | १७ |
| ५. | रुपन्देही | १९ |
| ६. | मकवानपुर | २६ |
| ७. | पर्वत | १६ |
| ८. | बाग्लुङ | १९ |
| ९. | म्याग्दी | १३ |
| १०. | अर्घाखाँची | १७ |
| ११. | दाङ | २३ |
| १२. | सिन्धुली | १५ |
| १३. | जाजरकोट | १५ |
| १४. | नुवाकोट | ३१ |
| १५. | उदयपुर | १८ |
| १६. | इलाम | ९ |
| १७. | मोरङ | ९ |
| १८. | संखुवासभा | ४ |
| १९. | मकवानपुर | ८ |
| २०. | पाल्पा | ४ |

कार्यालय अनुगमनको क्रममा केन्द्रबाट खटिएका टोलीले सम्बन्धित कार्यालय प्रमुख र प्रमुख जिल्ला अधिकारीलाई निम्नानुसार सुझावहरु प्रदान गरिएको थियो ।

१. दरवन्दी बमोजिम कर्मचारी नहुदा सेवा प्रवाहमा कठिनाई देखिएकोले समयमा पदपूर्तिका लागि पहल गर्नु पर्ने ।
२. बिदा स्वीकृत नगराई कुनै पनि कर्मचारी कार्यालयमा अनुपस्थित हुन नपाउने प्रावधान कडाइका साथ लागू गर्ने ।
३. कर्मचारीहरु काम विशेषले बाहिर जाँदा लगबुक भरी वैकल्पिक व्यवस्था मिलाएर मात्र जाने र फिल्ड खटिने कर्मचारीहरुको समेत लगबुक अनिवार्य रुपमा भर्ने व्यवस्था मिलाउने ।
४. कर्मचारीहरुलाई तोकिएको पोशाक र परिचय पत्र अनिवार्य गर्ने ।
५. सेवाग्राही/नागरिकहरुलाई सहज किसिमले सेवा प्रवाह गर्न कार्यालयको ढाँचा मिलाउने ।

**नागरिक बडापत्रः कार्यान्वयन, अनुगमन**

यस केन्द्रले सरकारी तथा सार्वजनिक निकायहरूमा सुशासन कायम गर्ने सन्दर्भमा विगतका वर्षहरूमा जस्तै आर्थिक वर्ष ०७१/७२ मा पनि नागरिक बडापत्र कार्यान्वयन अनुगमनको कार्यलाई वार्षिक कार्यक्रममा समावेश गरी कार्य सम्पादन गरेको थियो । चालु आ.व.मा नागरिक बडापत्र कार्यान्वयनको अनुगमन काठमाण्डौ उपत्याका लगायत ३० वटा जिल्लाका सरकारी निकायहरुमा अनुगमन गरिएको थियो।

## भ्रष्टाचार विरुद्धमा जनचेतना अभिवृद्धि गर्ने कार्य

### गोष्ठी/अन्तरक्रिया कार्यक्रम

भ्रष्टाचार नियन्त्रण गरी सुशासन अभिवृद्धि गर्न केन्द्रले विभिन्न जिल्लाहरूमा जिल्ला स्थित राजनीतिक दल, कार्यालय प्रमुखहरू, नागरिक समाज, पत्रकार, बुद्धिजीवी वर्गहरूको सहभागितामा भ्रष्टाचार विरुद्ध जनचेतनामूलक गोष्ठी/अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्दै आएको छ । केन्द्रले स्थापना कालदेखि आ.व. २०७१/७२ मसान्तसम्म जम्मा २५८ गोष्ठी/अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ भने आ.व. २०७१/७२ मा मात्रै जाजरकोट, नुवाकोट, सिन्धुली, हुम्ला, वर्दिया, धनकुटा, पांचथर, रुपन्देही, मकवानपुर, दाङ, अर्घाखाची र उदयपुर गरी १२ वटा जिल्लाहरूमा गोष्ठी/अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

### सामुदायिक शिक्षा/सदाचार कार्यक्रम

केन्द्रको आ. व. २०७१/७२ मा जाजरकोट, नुवाकोट, सिन्धुली, हुम्ला, वर्दिया, धनकुटा, पांचथर, रुपन्देही, मकवानपुर, दाङ, बागलुङ, अर्घाखाची र उदयपुर जिल्लामा उच्च माध्यामिक विद्यालय/विद्यालयहरूमा यस प्रकारको कार्यक्रम सम्पन्न गरियो ।

### प्रचार प्रसार

भ्रष्टाचार विरुद्ध जनचेतना फैलाई भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले विभिन्न सञ्चार माध्यम र पत्रपत्रिकाबाट भ्रष्टाचार विरुद्धका सामग्री प्रचार-प्रसार गर्ने कार्यलाई केन्द्रले आ.व.०७१।०७२ मा निरन्तरता दिएको छ।

### जनचेतना

भ्रष्टाचार विरुद्ध जनमत निर्माण गर्ने उद्देश्यले स्थानीयस्तरमा भ्रष्टाचार नियन्त्रण र सुशासन प्रर्वद्धन सम्बन्धी देहाय अनुसारका कार्यक्रमहरू संचालन भएका छन् ।

### (क) सिस्नुपानी राष्ट्रिय सतर्कता हास्यव्यङ्ग्य यात्रा

यस केन्द्र र सिस्नुपानी नेपालको सहकार्यमा मिति २०७१।११।२५ देखी २०७१।११।३० सम्म भ्रष्टाचार विरूद्धको ब्यङ्ग्यात्मक प्रस्तुति सहितको सिस्नुपानी राष्ट्रिय सतर्कता हास्यव्यङ्ग्य यात्रा, क्रमशः पाँचथर जिल्ला सदरमुकाम फिदिम, धनकुटा जिल्लाको धनकुटा, उदयपुर जिल्लाको गाईघाट, सिन्धुली जिल्लाको सिन्धुली र काभ्रेपलाञ्चोक जिल्लाको बनेपामा सम्पन्न गरिएको छ।

### (ख) राष्ट्रिय सतर्कता भित्तो कार्यक्रम

देशका ५ विकास क्षेत्रका मुख्य केन्द्रहरू (पूर्वाञ्चलको इटहरी, मध्यमाञ्चलको पथलैया, पश्चिमाञ्चलको बुटवल, मध्य पश्चिमाञ्चलको कोहलपुर र सुदूर पश्चिमाञ्चलको अत्तरिया) मा रहेका राष्ट्रिय सतर्कता भित्तो शिर्षकको २० फिट लम्बाइ र १५ फिट चौडाइको होर्डिङ बोर्ड मध्ये बुटवलमा रहेको राष्ट्रिय सतर्कता भित्तो बुटवल उपमहानगरपालिकासंगको सहकार्यमा अध्यावधिक गरिएको र १० वटा भित्ते पात्रो छपाइ कार्य सम्पन्न भएको छ ।

**(ग) पत्रकार भेटघाट कार्यक्रम**

केन्द्रबाट भए गरेका काम कारवाही एवं गतिविधी बारेको जानकारी जनसमक्ष पुर्याउने उद्देश्यका साथ विभिन्न समयमा यस केन्द्रबाट पत्रकार भेटघाट कार्यक्रम गर्दै आइरहेको छ । यसै उद्देश्यका साथ आ.ब.०७१।७२ मा केन्द्रले २ पटक पत्रकार भेटघाट कार्यक्रम मार्फत वृहत छलफल गरी केन्द्रको गतिविधि सार्वजनिक गरेको थियो।

**सम्पत्ति विवरणः**

**सम्पत्ति विवरण तथा आयको अनुगमनको विवरण**

(क) आर्थिक बर्ष २०७०।७१ मा प्रकरण (क) बमोजिम सम्पत्ति विवरण बुझाउनु पर्ने दायित्व भएका सार्वजनिक पद धारण गरेको कुल ३,२३,२६३ जना पदाधिकारी मध्ये २,९९,४०४ जना (९२ प्रतिशत) पदाधिकारीहरुले सम्पत्ति विवरण बुझाउनु भएको छ भने १६०८ जना पदाधिकारीहरुले म्याद नाघे पछि सम्पत्ति विवरण बुझाउनु भएको छ र २२,२५१ जना पदाधिकारी तथा कर्मचारीहरुले सम्पत्ति विवरण बुझाउनु भएको छैन।

(ख) आर्थिक बर्ष २०७०।७१ को सम्पत्ति विवरण तोकिएको समय भित्र तोकिएको निकाय समक्ष पेश गरे नगरेको सम्बन्धमा यस केन्द्रबाट अनुगमन गर्दा सम्पत्ति विवरण पेश गर्नु पर्ने दायित्व भएका नेपाल सरकार मन्त्रिपरिषद सदस्य मध्ये १ जना र संविधान सभाका माननीय सभासदहरु मध्ये ५६ जना माननीय पदाधिकारीज्यूहरुले सम्पत्ति विवरण नबुझाएको जानकारी प्राप्त भएको छ । त्यसैगरी ढिला गरी सम्पत्ति विवरण बुझाउनेमा मन्त्रिपरिषद सदस्य मध्ये १३ जना, संविधान सभाका माननीय सभासदहरु मध्ये ३ जना र राष्ट्रपतिबाट नियुक्त वा मनोनित पदाधिकारी मध्ये ५ जना पदाधिकारीज्यूहरु रहनु भएको देखिन्छ।

बेरुजुको स्थितिः

यस केन्द्रको आ.ब. २०५९।६० देखि आ.व. २०६९।७० सम्म केन्द्रको नाममा कायम भएको बेरुजू सवै फछ्यौट भई शून्य रहेको छ।आ.ब .२०७०।७१ मा कायम भएको रु ७३,६६१।- बेरुजू समेत फछ्यौंट भइ बाँकी वेरुजु नरहेको अवस्था छ।

## १३. सार्वजनिक खरिद अनुगमन कार्यालय

गत आर्थिक वर्षमा यस निकाय मार्फत संचालित सार्वजनिक गतिविधिहरुबाट देहाय बमोजिमको उपलब्धि हासिल भएको थियो।

- सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को कार्यान्वयनको प्रभावकारिता बढ्नुका साथै सार्वजनिक खरिद कार्य सम्बन्धी क्षमता अभिबृद्धि हुन थालेको ।
- राय परामर्शको माध्यमबाट सार्वजनिक निकायको खरिद कार्यमा परेका द्विविधा हट्न गई सहजता आएको ।
- सार्वजनिक खरिद सम्बन्धमा नियमित अनुगमनबाट प्रक्रियात्मक सुधार भएको ।

- सार्वजनिक खरिद प्रक्रियामा देखिएको अस्वस्थ प्रतिस्पर्धालाई न्यून गरी खरिद प्रक्रियालाई खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाउन एकल पोर्टलमा आधारित e-GP प्रणालीको विकास गरी संचालनमा ल्याइएको ।
- सार्वजनिक खरिद ऐन, २०६३ को प्रथम संशोधनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मिति २०७१/०६/३० गते संशोधन मस्यौदा पठाइएकोमा २०७१/१२/२९ मा अध्यादेश मार्फत संशोधन भएको ।
- सार्वजनिक खरिद क्षमता अभिबृद्धि आधारभूत तालिम १९० जना कर्मचारीहरुलाई प्रदान गरिएको। साथै e-GP सम्बन्धी क्षमता अभिवृद्धि तालिम ३१० जना कर्मचारीहरुलाई प्रदान गरिएको।
- कार्यालयले अनुगमन अधिकारी अनुशिक्षण विभिन्न निकायका १४५ जना कर्मचारीहरुलाई दिएको।
- सार्वजनिक निकायको सघन खरिद अनुगमन कार्यक्रम ५७ वटा कार्यालयहरुमा सम्पन्न गरिएको।
- सार्वजनिक खरिद गुनासो सम्बन्धी स्थलगत निरीक्षण ४ वटा सरकारी निकायमा सम्पन्न गरिएको र सार्वजनिक खरिद सम्बन्धमा कार्यालयमा दर्ता हुन आएका ५४ वटा गुनासोहरुको सुनुवाई भएको साथै विभिन्न ३८ वटा फर्म/कम्पनीहरुलाई कालो सूची मा राखिएको ।
- विभिन्न २८७ वटा सार्वजनिक निकायहरुलाई www.bolpatra.gov.np मा दर्ता गरिएको ।
- विभिन्न सार्वजनिक निकायहरुलाई खरिद सम्बन्धमा १२५ वटा राय परामर्श उपलब्ध गराईएको।
- मिति २०७२/०१/१२ गते गएको विनाशकारी भूकम्पको कारणले कार्यालयको भवन क्षतिग्रस्त भएको हुँदा बजेट तथा कार्यक्रम रकमान्तर तथा संशोधन गराई ३ वटा अस्थायी टहराहरु निर्माण कार्य सम्पन्न गरिएको ।
- मिति २०७२/०१/१२ को भूकम्पबाट सिर्जित विशेष परिस्थितिमा गरिएको १४ वटा सार्वजनिक निकायहरुको खरिद कार्यको अनुगमन भएको ।

## १४. लोक सेवा आयोग

यस आर्थिक वर्षमा यस आयोगमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएको थियो ।

- मिति २०७१ चैत्र महिनाको अन्तिम बुधबार विज्ञापन हुने रा.प.अनं. द्धितीय श्रेणी, प्राविधिक खरिदार सरहका पदमध्ये विविध सेवा सहायक कम्प्युटर अपरेटर, इन्जि सेवा सिभिल समूह अन्तर्गतका विभिन्न उप समूह र इन्जि सेवा सर्भे समूहका खरिदार सरहका पदमा जम्मा ३६ वटा विज्ञापनमा अनलाइन मार्फत दरखास्त फाराम भर्न सकिने व्यवस्था गरिएको ।
- स्वच्छ, निश्पक्ष, प्रतिस्पर्धी तथा विश्वसनीय ढंगले निजामती सेवा, स्वास्थ्य सेवा तथा व्यवस्थापिका संसद सेवामा रिक्त रहेका विभिन्न सेवा, समूह तथा श्रेणीका पदहरुमा नियुक्तिको लागि सिफारिस गरी निजामती सेवाको सक्षमता अभिबृद्धिमा योगदान पुऱ्याई देशमा सुशासन अभिबृद्धि गर्न सहयोग पुऱ्याएको ।

- निजामती सेवालाई समावेशी बनाई समावेशी राज्यपद्धतिको विकासमा योगदान पुऱ्याउन प्रचलित कानुन बमोजिम निजामती सेवामा पदपूर्ति गरेको । नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीमा समेत समावेशी सिद्धान्त अपनाई जनशक्ति छनौट तथा सिफारिश गर्न सहयोग पुऱ्याएको।
- निजामती सेवा, स्वास्थ्य सेवा तथा व्यवस्थापिका संसद सेवामा कार्यरत कर्मचारीलाई विभागीय सजायका सन्दर्भमा विभागीय सजाय सम्बन्धी परामर्श प्रदान गर्ने गरिएको ।
- विभिन्न सेवाका शर्तका विषयमा विभिन्न निकायबाट परामर्श माग भै आए बमोजिम परामर्श प्रदान गरिएको। यसबाट तत् तत् सेवालाई वैज्ञानिक, समसामयिक तथा वस्तुनिष्ठ बनाउन सहयोग पुगेको।
- सूचना तथा सञ्चारका आधुनिक प्रविधिको प्रयोग गरी लोक सेवा आयोगको छनौट प्रक्रियालाई अझै वस्तुनिष्ट, स्वच्छ, तथा छिटो छरितो बनाउन वस्तुगत उत्तरपुस्तिका परिक्षण गर्न अप्टिकल मार्क रिडर (Optical Mark Reader) को प्रयोग गरिएको ।
- लोक सेवा आयोगका पाठ्यक्रमलाई समसामयिक रुपमा परिमार्जन गरी छनौटमा गुणस्तरीयताकायम गर्न विभिन्न सेवा समूहका पाठ्यक्रमलाई समसामयिक परिमार्जन गरी छनौटमा गुणस्तरीयता कायम गर्न विभिन्न सेवा समूहका पाठ्यक्रमको समय समयमा परिमार्जन गरिएको।
- २०७२।०१।१२ गते आएको महाविनाशकारी भूकम्पका कारण मुलुकमा भएको क्षतिबाट पिडित नागरिकहरुको लागि राहत, पुनस्थापना तथा पुननिर्माण सम्बन्धी कार्य गर्न आयोगका सचिव लगायत अन्य कर्मचारीहरु विभिन्न जिल्लाहरुमा गई कार्य गरेको । भूकम्प पिडितहरुको उद्धारका लागि आयोग पदाधिकारी तथा आयोगका कर्मचारीहरुबाट रु १६ लाख ८३ हजार प्रधानमन्त्री दैवि प्रकोप उद्धार तथा राहतकोषमा जम्मा गरेको ।
- सन् २०१४ अगष्ट २७-२९ मा निजामती सेवामा कर्मचारी छनौट सम्बन्धी कार्यलाई अझ बढी निष्पक्ष, प्रभावकारी, योग्यताप्रणालीमा आधारित गर्न, राज्य पुनसंरचना भई संघीयतातर्फ जान लागेको अवस्था र नेपालको लोक सेवा आयोगको काममा सूचना प्रविधिको प्रयोग सम्बन्धी विषयमा भइरहेको प्रयासलाई सहयोग पुऱ्याउन सार्क मुलुकले यी विषयमा अवलम्बन गरेका राम्रा अभ्यासहरुको विचार आदानप्रदान गर्न सार्कस्तरीय लोक सेवा आयोग/निजामती सेवा आयोगका प्रमुखहरुको कार्यशाला "Functional Modalities of Public Service/Civil Service Commission in SAARC" सम्पन्न भएको।
- आयोगका गतिविधिहरुको बारेमा साप्ताहिक रुपमा बुलेटिन, गोरखापत्रमा सूचना प्रकाशन, प्रत्येक बुधबार राती ९.०० बजेको समाचार पछि रेडियो नेपालद्धारा सूचना प्रकाशन, त्रैमासिक समाचारपत्र प्रकाशन, अर्धवार्षिक रुपमा निजामती सेवा पत्रिका र वार्षिक प्रतिवेदन प्रकाशन गर्दै आएको। आयोग सम्बद्ध विषयवस्तुहरु तथा गतिविधिहरुलाई आयोगको Website- www.psc.gov.np मा अद्यावधिक गर्ने गरिएको। आयोग र मातहतका सबै निकायहरुमा सूचना अधिकारीको व्यवस्था गरिएको। आयोगमा प्रवक्ता, सहायक प्रवक्ताको व्यवस्था गरिएको। यसबाट नागरिकहरु सुसूचित भएका।

- नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जनगुनासो सुनुवाई र समाधानका लागि सञ्चालनमा रहेको हेलो सरकारसँग सम्पर्कमा रहने गरी आयोग सम्बद्ध जनगुनासो सम्बोधनका लागि "हेलो लोक सेवा आयोग" फेसबुक सेवा सञ्चालन गरिएको।
- निजामती सेवा पत्रिका प्रकाशन २ अंक, लोक सेवा आयोग समाचार पत्र प्रकाशन ४ अंक, बुलेटिन ५२ अंक, विज्ञापन संख्या २३७९, कूल विज्ञापित पद खुला तर्फ ६१९५ ( आ.प्र. ५८१, खुला ३०३१ र समावेशी २५८४) र बढुवा तर्फ १७१९, विभिन्न प्राविधिक/अप्राविधिक पदहरुको लागि ११२९ वटा विज्ञापनहरुको लिखित परीक्षा नतिजा प्रकाशन, विभागीय सजायको लागि १६७ परामर्श पठाईएको थियो ।

# परिच्छेद - ५
# आर्थिक र योजना क्षेत्रको निकायगत उपलव्धिहरु

## १. अर्थ मन्त्रालय

यस आर्थिक वर्षमा यस मन्त्रालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएको थियो ।

१. प्रशासन महाशाखा

- मन्त्रालयमा रहेका पुराना कागजहरु धुल्याउने कार्य सम्पन्न गरिएको छ। जिन्सी निरीक्षण कार्य समाप्त गरी प्रतिवेदन तयार गरिएको छ। प्रयोगहीन जिन्सी सामाग्रीहरु लिलाम गरिएको छ र पुस्तकालयको सुदृढीकरण कार्य सम्पन्न गरिएको छ।
- मन्त्रालयको विद्युतीय हाजिर प्रणालीको स्तरोन्नतीको कार्य प्रारम्भ गरिएको छ। मन्त्रालयमा दर्ता,चलानी र पत्र व्यवस्थापनमा स्वचालित प्रणाली सञ्चालन गर्न परीक्षण (Live Testing) को कार्य सुरु भएको छ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट यस मन्त्रालयलाई भएका निर्देशनहरु नियमित रुपमा कार्यान्वयन गरिएको छ।
- निजामती सेवा ऐन (तेश्रो संशोधन) २०७० वमोजिम वढुवा समायोजन भएका कर्मचारीहरुको पदस्थापनाका निमित्त संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरी पदस्थापना गरिएको छ।
- मन्त्रालयमा प्राप्त हुने वैदशिक छात्रवृत्तिलाई व्यवस्थित र पारदर्शी वनाउन मनोनयन निर्देशिकामा आवश्यक परिमार्जन र संशोधन गरी कार्यान्वयनमा ल्याइएको छ।
- मन्त्रालयका गतिविधिहरु सार्वजनिक गर्न रेडियो नेपाल र नेपाल टेलिभिजनबाट नियमित कार्यक्रम सञ्चालन गरिएको छ।
- राजस्व समूहलाई सेवाको रुपमा रुपान्तरण गरी व्यावसायिक सेवाको रुपमा विकास गर्ने सिलसिलामा अवधारणा पत्र तयार गरिएको छ।
- अर्थ मन्त्रालय र अन्तर्गतका निकायमा कायम रहेको वेरुजु फछ्यौट गर्ने सिलसिलामा मन्त्रालयको वेरुजु शुन्य रहेको र मातहतका निकायमा कायम रहेको कूल वेरुजु मध्ये २०७१ आषाढ मसान्तसम्म ५२.५३ % वेरुजु फछ्यौंट भएको छ ।
- मन्त्रालयमा कायम रहेको सूचना प्रविधिलाई व्यवस्थित गर्ने सिलसिलामा सिंहदरवार सचिवालयमा प्रदान गरिएको इन्टरनेट सेवालाई NITC मार्फत वितरण गर्ने व्यवस्था गरिएको छ।
- सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश भएका अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षकको कार्यालय तथा लोक सेवा आयोगको वार्षिक प्रतिवेदनमा उल्लिखित यस मन्त्रालयसंग सम्वन्धित विषयहरु कार्यान्वयन गरिएको छ।
- नेपाल सरकारको राष्ट्रिय पोर्टलमा अर्थ मन्त्रालयको तर्फबाट समावेश गर्नुपर्ने विषयहरु समावेस गर्ने व्यवस्था मिलाइएको छ।
- भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धी एवं राष्ट्रिय कार्ययोजना वमोजिम यस मन्त्रालयका तर्फबाट सम्पादन गर्नुपर्ने कार्यहरु यथासमयमा नै पुरा गरिएको छ।
- मन्त्रालयको दैनिक कार्यसंचालनमा अनलाइन प्रणाली शुरुवात गरिएको छ।

२. राजस्व व्यवस्थापन महाशाखा

- आर्थिक वर्ष २०७१/७२मा आयकरतर्फ १ लाख ७१ हजार ९ सय ६८ नयाँ करदाता दर्ता भई हालसम्म कूल १२ लाख ९० हजार ९ सय ९२ करदाता करको दायरामा आएका छन्। यसमध्ये आयकरको व्यक्तिगत स्थायी लेखा नम्वर (PIT) तर्फ ९२ हजार ९ सय ३६ करदाता दर्ता भई हालसम्ममा यसमा दर्ता हुनेको कूल संख्या ५ लाख २६ हजार ०२ पुगेको छ। त्यस्तै स्थायी लेखा नम्वर (PAN) तर्फ ७९ हजार ३२ करदाता दर्ता भइ हालसम्म यसमा दर्ता हुनेको कूल संख्या ७लाख ६४ हजार ९ सय ९० पुगेको छ ।
- मूल्य अभिवृद्धि करतर्फ चालु आर्थिक वर्षमा२०हजार ४सय ४१ दर्ता भइ हालसम्ममा यसमा दर्ताहुनेको कूल संख्या १लाख ५३ हजार ६ सय १९ पुगेको छ ।
- अन्त:शुल्क (अनुमती) तर्फ आर्थिक वर्ष २०७१/७२मा ४२हजार ६सय ५७ करदाता करको दायरामा रहेका छन् ।
- राजस्व प्रणालीको वर्तमान अवस्थाको विस्तृत अध्ययन गरी आगामी दिनमा राजस्व प्रणालीमा गर्नुपर्ने समग्र सुधारका लागि आवश्यक सिफारिस गर्न गठित उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग बाट विस्तृत प्रतिवेदन प्राप्त भएको छ।
- विवादित र बक्यौता कर फछ्र्यौट गर्न कर फछ्र्यौट आयोग गठन भई सो आयोगले कार्य गरिरहेको छ।
- मुख्य भन्सार कार्यालयहरुबाट सिलवन्दी कन्टेनर मार्फत सामान ढुवानी गर्ने कार्यविधि स्वीकृत भएको छ।
- तातोपानी नाकाबाट हुने तिब्बत निकासीलाई सरलीकरण गर्न त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा शिलछाप लगाई निकासी गर्ने ब्यवस्था कार्यान्वयन गरिएको छ।
- बंगलादेशसँग दोहोरो कर मुक्ति तथा वित्तीय छल निरोध सम्झौताको लागि अन्तिम चरणको वार्ता सम्पन्न भई सम्झौता गर्ने चरणमा पुगेको छ। सिंगापुरसँग दोहोरो कर मुक्ति तथा वित्तीय छल निरोध सम्झौताको लागि प्रथम चरणको वार्ता सम्पन्न भएको छ।
- राजस्व परामर्श समिति अन्तर्गत ९ वटा उपसमितिहरु गठन भई आर्थिक ऐनमा समावेश गर्नु पर्ने विषयहरुको सुझाव प्राप्त गरी राजस्व नीतिमा यथासक्य समावेश गरिएको छ ।
- विभिन्न मन्त्रालयहरु मार्फत संकलन गरिने गैरकरका दरहरु पुनरावलोकन गर्न माग भइ आए अनुसार सहमति प्रदान गरिएको छ ।
- राजस्व छुट सम्बन्धी कार्यविधि संशोधन गरी सामुदायिक र गुठीद्वारा सञ्चालित विद्यालय/महाविद्यालयले आफ्नो वार्षिक कार्यक्रम अनुसार पैठारी गर्ने एउटा बस तथा मिनिवसमा १% भन्सार महशुल लिई बाँकी भन्सार महसुल, मूल्य अभिवृद्धि कर र अन्य कर महशुल छुट दिने ब्यवस्था गरिएको छ।
- राजस्व प्रशासन सुधारलाई अझ प्रभावकारी नेतृत्व प्रदान गर्न राजस्व सचिवको पद सिर्जना भएको छ।
- सबै विभागहरुमा विद्युतीय सूचना प्रणालीको कार्यान्वयन गरी राजस्व संरक्षण र जोखिम न्यूनीकरणमा जोड दिइएको छ।
- राजस्व लेखांकन र सूचना प्रणालीलाई ब्यवस्थित गर्न उपत्यका स्थित राजस्व कार्यालयहरुमा राजस्व ब्यवस्थापन सूचना प्रणाली लागू गरिएको छ।

- विनासकारी भूकम्पपछि विदेशबाट पैठारी हुने उद्धार तथा राहत सामाग्रीलाई करछुट सुविधा दिई शिघ्र जाँचपासको ब्यवस्था मिलाइएको थियो।
- विनासकारी भूकम्प पछि कर महशुल छुट सुविधामा पैठारी भएका उद्धार तथा राहत सामग्रीहरुको विभागगत/कार्यालयगत सूची दैनिक रुपमा मन्त्रालयको वेभसाइटमा सार्वजनिक गरिएको छ।
- राजस्व प्रशासनसँग सम्बन्धित विभाग/कार्यालयहरुको समय समयमा अनुगमन/निरीक्षण गरी आवश्यक निर्देशन दिइएको छ।
- भन्सार प्रक्रिया सरलीकरण सम्बन्धी संशोधित क्योटो अभिसन्धिको पक्ष राष्ट्र बन्ने प्रस्ताव अनुमोदनका लागि मन्त्रिपरिषदबाट स्वीकृत भई ब्यवस्थापिका संसदमा पेश गरिएको छ।

३. आर्थिक नीति विश्लेषण महाशाखाः

- पूँजी वजार विकास, सार्वजनिक ऋण व्यवस्थापन तथा सार्वजनिक-निजी साझेदारीमा परियोजना विकास सम्वन्धमा एशियाली विकास बैंकको सहयोगमा सञ्चालनमा रहेको पूँजी वजार तथा पूर्वाधार क्षमता सहयोग आयोजना (Capital Market and Infrastructure Capacity Support Project) कार्यान्वयनमा रहेको छ। आर्थिक वर्ष २०७१/०७२ मा यस आयोजना अन्तरगत निम्न कार्यहरु सम्पन्न गरिएका छन् ।
- पूँजी वजारको विकास र सार्वजनिक ऋण व्यवस्थापनका लागि छुट्टै संगठन तयार गर्ने क्रममा नेपालको पूँजी वजार विकास र सार्वजनिक ऋण व्यवस्थापन सम्वन्धी मौजुदा व्यवस्थाहरुको मुल्याङ्कन गरी परामर्शदाताबाट ४ वटा प्रतिवेदनहरु प्राप्त भएको छ। परामर्शदाताहरुवाट प्राप्त माथि प्रतिवेदनहरुमा उल्लेख भएका विषय र दिइएका सुझावहरुका वारेमा परामर्शदाता र सम्वन्धीत सरोकारवाला निकायहरु वीच विभिन्न चरणमा छलफल गरिएको छ।
- भौतिक पूर्वाधार विकासमा सार्वजनिक-निजी साझेदारी अभिबृद्धिका लागि उपयुक्त नीति तथा संस्थागत व्यवस्था गर्ने सम्वन्धमा नेपालको मौजुदा कानुन तथा संस्थागत व्यवस्थाहरुको अध्ययन गरी परामर्शदाताहरुले ४ वटा प्रतिवेदनहरु पेश गरेका छन्:-
  परामर्शदाताहरुवाट प्राप्त प्रतिवेदनहरुमा उल्लेख भएका विषय र दिइएका सुझावहरुका वारेमा परामर्शदाता र सम्वन्धित सरोकारवाला निकायहरु वीच विभिन्न चरणमा छलफल आयोजना गरिएको छ ।
- सार्वजनिक-निजी साझेदारीमा संचालन हुनसक्ने प्रदर्शनीय परियोजना तयार गर्ने सन्दर्भमा विभिन्न सरोकार वाला निकायहरुवाट सम्भावित आयोजनाहरुको नाम संकलन गरिएको र प्राप्त भएका आयोजनहरु मध्ये अर्थ सचिवको संयोजकत्वमा रहेको निर्देशक समितिले ५ वटा आयोजनाहरुलाई छनौट गरी अध्ययन गराउने निर्णय गरेको छ।
- सम्पत्ति शुद्धीकरण तथा आतंङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण गर्ने सम्वन्धमा पाँच वर्षे रणनीति तथा कार्ययोजना (२०६८-२०७३) वमोजिम यस अवधिमा सम्पन्न गर्नु पर्न कार्य सम्पादन गरिएका छन् ।
- सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी गर्ने कार्यहरुलाई आपराधिक गर्न र यस्ता क्रियाकलापहरूको निवारणका लागि आवश्यक संस्थागत व्यवस्था गर्न विभिन्न

समयमा जारी भएका अध्यादेशहरु व्यवस्थापिका संसदबाट स्वीकृत भएको र यी अध्यादेशहरुलाई प्रतिस्थापन गर्न पेश भएका निम्न विधेयकहरु संसदबाट पारित भई जारी भएका छन् ।

- सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्) निवारण (दोश्रो संशोधन) ऐन, २०७०
- कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) सम्वन्धी ऐन, २०७०
- पारस्परिक कानूनी सहायता सम्वन्धी ऐन, २०७०
- सुपुर्दगी ऐन , २०७०
- सगठित अपराध सम्वन्धी ऐन, २०७०

- पारस्परिक कानूनी सहायता सम्वन्धी नियमावली, २०७० र कसुरजन्य सम्पत्ति तथा साधनलाई (रोक्का, नियन्त्रण र जफत गर्ने) सम्वन्धी नियमावली, २०७० जारी गरिएको छ।
- पारस्परिक कानूनी सहायताका लागि कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयलाई सक्षम प्राधिकारीको रुपमा तोकिएको छ।
- कुल आन्तरिक ऋणमा छोटो अवधिमा नै भुक्तानी गर्नु पर्ने ट्रेजरी विलको मात्रा अत्यधिक रहेकोले यसलाई क्रमशः कम गर्दै जाने प्रयास गरिएको छ ।
- अन्तर्राष्ट्रिय संस्थाहरुले ठूला पूर्वाधारहरुमा लगानी गर्न स्थानीय मुद्रामा ऋणपत्र जारी गर्ने सम्बन्धी कार्यविधि तयार गरी जारी गरिएको छ। IFC ले यस्तो ऋणपत्र जारी गर्न अनुमतिको लागि प्रस्ताव पेश गरेको र नेपाल सरकार, मन्त्रिपरिषदवाट उक्त संस्थालाई ५० अर्व वरावरको यस्तो ऋणपत्र जारी गर्न स्वीकृती दिने निर्णय भएको छ।
- दातृ निकायहरुले विभिन्न आयोजना सचालन गर्न नेपाल सरकारलाई उपलब्ध गराएको ऋण तथा अनुदान रकम आयोजना संचालन गर्न जिम्मेवारी पाएका निकायहरुलाई उपलब्ध गराउन नेपाल सरकारको निर्णयानुसार विभिन्न निकायहरुसग सहायक ऋण तथा अनुदान संझौता सम्पन्न भएको छ।

४. संस्थान समन्वय महाशाखाः

- नेपाल रेल्वे कम्पनीलाई खारेज गरी सम्पूर्ण कर्मचारीहरुलाई अवकाश दिन भौतिक तथा यातायात व्यवस्था मन्त्रालयमा लेखी पठाइएको छ।
- नेपाल विद्युत प्राधिकरणलाई उत्पादन, प्रसारण र वितरण गरी तीन वटा संरचनामा परिवर्तन गर्ने क्रममा राष्ट्रिय प्रसारण ग्रीड कम्पनी लि. नामको छुट्टै स्वशासित संस्था गठन गर्न रायका लागि प्रबन्ध पत्र र नियमावलीको मस्यौदा प्राप्त भएकोमा सो उपर राय ऊर्जा मन्त्रालयमा पठाइएको छ।
- नेपाल वायु सेवा निगमले थप जहाज भित्र्याउने क्रममा ५ वर्षसम्म निरन्तर चलिरहने तथा २८ वटा अन्तर्राष्ट्रिय वायुसेवाहरुको भूमिस्थ सेवा संचालनका लागि विभिन्न पदमा थप कर्मचारीहरु आवश्यक पर्ने भई सहमतिका लागि लेखी आएको बिषयमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नेपाल वायु सेवा निगमका पदाधिकारीसँग छलफल गरि विभिन्न आर्थिक वर्षहरुमा कामका आधारमा दरबन्दी थप गर्ने सम्बन्धमा लेखी पठाइएको छ।
- काठमाडौंको चोभारमा अन्तर्राष्ट्रिय स्तरको प्रर्दशनीस्थल र काठमाडौं प्रवेश गर्ने ढुवानी साधनहरुलाई व्यवस्थित गर्न हिमाल सिमेन्टको रु.१० करोडको शेयर नेपाल सरकारको नाममा ल्याउन मन्त्रिपरिषदबाट निर्णय भई शेयर कायम गराउनका लागि NIDC Development

Bank, उद्योग/वाणिज्य तथा आपूर्ति मन्त्रालयमा पठाइएको र हिमाल सिमेन्टको जग्गा खरिद गर्ने सम्बन्धमा मन्त्रिपरिषदबाट निर्णय भई उक्त जग्गा नेपाल सरकारको नाममा ल्याइसकिएको छ।

- विभिन्न ७ वटा उद्योगहरुको निजिकरणका लागि गृहकार्य भैरहेको छ।
- नेशनल ट्रेडिङ लि. को दीर्घकालिन व्यवस्थापन एवं संचालनका लागि वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग राय माग भएको छ।
- हाल बन्द अवस्थामा रहेको नेपाल औषधि लिमिटेडलाई आगामी दिनमा सञ्चालन/व्यवस्थापन गर्नसकिने उपयुक्त ढाँचाका बारेमा उद्योग मन्त्रालयसँग छलफल गरी निर्णय हुने प्रक्रियामा रहेको छ।
- सार्वजनिक संस्थानका विभिन्न पदहरुमा नियुक्ति, सुविधा जस्ता कार्यहरुमा अनुचित आर्थिक भार सृजना नहोस् भनि आर्थिक दायित्व वृद्धि गर्नुपर्ने भएमा अर्थ मन्त्रालयको पूर्व स्वीकृती लिएर मात्र निर्णय गर्न सबै संस्थान र सम्बद्ध मन्त्रालयहरुलाई परिपत्र गरिएको छ।
- सार्वजनिक संस्थान अनुगमन चेकलिष्ट तयार गरिरएको छ।
- पाँच वटा क्षेत्रीय स्तरका ग्रामीण विकास बैंकहरुलाई मर्जर गरी एउटै ग्रामीण विकास बैंक र पुनर्बीमा कम्पनी स्थापना भएको छ।
- राष्ट्रिय वाणिज्य बैंकको ३० प्रतिशत शेयर सर्वसाधारणलाई बिक्री गर्ने प्रक्रियाको थालनी गरिएको छ ।
- नेपाल बैंक लिमिटेडको पूँजी वृद्धि गरी नेपाल सरकारको शेयर अंश ६२ प्रतिशत पु-याइएको छ।
- नेपाल दूरसञ्चार कम्पनी लिमिटेडमा रणनीतिक साझेदार नियुक्तिका लागि परामर्शदाता छनौट गरिएको छ।

५. अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाः

- वैदेशिक सहायताको प्रतिवद्धता :- आ.व २०७१/७२ को असार महिनासम्ममा बिभिन्न ३१ वटा परयोजनाहरुको लागि रु ३ खर्व ४१ करोड ८३ लाख बैदेशिक सहायताको प्रतिवद्धता प्राप्त भएको छ । यसमध्ये रू. १ खर्व ३४ अर्व २१ करोड ६२ लाख ऋण र रू. १ खर्व ६६ अर्व २० करोड २० लाख अनुदान सहायता रहेको छ। गत बर्षको यस अवधिमा रु १११ अर्व २० करोड बैदेशिक सहायताको प्रतिवद्धता प्राप्त भएको थियो, जसमध्ये रू ४२ अर्व ३५ करोड ऋण र रू ६८ अर्व ८५ करोड अनुदान सहायता रहेको थियो। दातृ मुलुकहरू तथा संघ संस्थाहरुमा चीन, भारत, जाइका, युसएआइडी ,एडिवि, युरोपियन युनियन, विश्वबैंक, स्वीटजरल्याण्ड, नर्वे, फिनल्याण्ड, डिएफआइडी, ओपेक फण्ड लगायतका द्धिपक्षीय तथा बहुपक्षीय दाताहरु मुख्य छन् ।
- नेपाललाई विकास सहायता प्रदान गर्ने वैदेशिक बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदारहरुका विवरणहरु समावेश भएको दातृ पार्श्वचित्र प्रकाशन भएको छ।
- नेपाल सरकार र स्थानीय रुपमा कार्यरत विकास साझेदारहरु बीच विकास सहायता नीति कार्यान्वयन एवं सहायता परिचालन सम्वन्धमा आइपर्ने समस्याका विषयमा नियमित निरन्तर सम्वाद र समन्वयनको मन्चको रुपमा रहेको स्थानीय दाता बैठक (Local Donor Meeting)

सम्पन्न भयो । सो वैठकमा विकास सहायता नीति २०७१ को कार्यान्वयनका विषयमा छलफल हुनुका साथै वैदेशिक सहायताको उपयोगमा देखिएका मुद्दाहरुको विषयमा छलफल सम्पन्न भएको थियो।

महाभूकम्प पश्चातको पुर्नस्थापना र पुर्नसंरचनाका सम्बन्धमा छलफल गर्न यही मे १५,२०१५ बुधवारका दिन बिकास साझेदारहरुसंग बैठक सम्पन्न गरियो। सो बैठकमा भूकम्पले पुर्‍याएको क्षति, भूकम्पपछिको अर्थतन्त्रको दिशा र महाभूकम्प पश्चातको पुर्नस्थापनामा दातृ राष्ट्रहरुसंग अपेक्षाका बिषयमा छलफल भएको र विकास साझेदार मुलुकका प्रतिनिधिहरुले आफ्नो राष्ट्रको तर्फबाट गर्न सकिने सहयोगको प्रतिबद्धता ब्यक्त गरेका थिए।

- विश्व बैकको सहयोगमा नेपालमा संचालित परियोजनाहरुको कार्यान्वयनको वर्तमान अवस्थाको समीक्षा तथा भावी कार्यदिशा पहिचान गर्ने उद्देश्यका साथ नेपाल सरकार अर्थ मन्त्रालय र नेपालस्थित विश्व वैंकको कार्यालयको संयुक्त आयोजनामा दुइ पटक समीक्षा वैठक सम्पन्न भएको। समीक्षा वैठकमा नेपाल सरकारका विभिन्न मन्त्रालयका पदाधिकारीहरु, विश्ववैकका नेपाल स्थित कार्यालयका राष्ट्रिय व्यवस्थापक लगायत वैकका अन्य अधिकारीहरु एवं आयोजना/ परियोजनाहरुका ब्यवस्थापकहरु लगायतको उपस्थिति रहेको थियो ।
- नेपालमा वैदेशिक सहायता परिचालनाको मुख्य नीतिगत मार्गदर्शनको रुपमा रहेको विकास सहायता नीति २०७१ को कार्यान्वयन कार्ययोजना (Matrix) तयार गरी नीति कार्यान्वयनलाई थप प्रभावकारी बनाउने उद्देश्यले विकास सहायता नीति कार्यान्वयन कार्ययोजनाको तयारी कार्यशाला सम्पन्न भयो।
- नेपाल AIIB को संस्थापक सदस्य भएको छ। सो सम्वन्धी समझदारी पत्रमा अक्टुवर २४, २०१४ मा माननीय अर्थमन्त्री रामशरण महतवाट वेइजिङमा हस्ताक्षर सम्पन्न भएको थियो । २४ राष्ट्र सदस्य रहने उक्त वैक स्थापनाका सम्वन्धमा विभिन्न चरणमा परामर्श बैठकहरु आयोजना भएका थिए। वैंक स्थापनाको मुख्य उद्देश्य एशियाली राष्ट्रहरुमा पूर्वाधारहरुमा लगानीको लागि नपुग पूजी जुटाउन सदस्य राष्ट्रहरुलाई आवश्यक सहायता प्रदान गर्नु रहेको छ। २०१५ को अन्त्यतिर संचालनमा आउने उक्त वैक प्रधान कार्यालय चीनको वेइजिङमा रहने छ।
- विश्व वैंक तथा अन्तराष्ट्रिय मुद्राकोषको संयुक्त वार्षिक वैठकमा वैकका गभर्नरको हैसियतले माननीय अर्थमन्त्रीको नेतृत्वको नेपाली प्रतिनिधिमण्डलले सहभागिता जनाएको थियो । संयुक्त वैठक चरम गरिवीको अन्त्य तथा साझा सम्वृद्धिको प्रवर्धन गर्न नेपाल प्रतिवद्ध रहेको उल्लेख गर्दै राष्ट्रिय प्राथमिकता अनुरुप नेपालले शुरु गरेको आर्थिक सुधारका श्रृखलाहरुमा सहयोग गर्न विश्व वैंक तथा अन्तर्राष्ट्रिय समुदायहरुलाई आग्रह गरिएको थियो। नेपालले भारतसँग माथिल्लो कर्णाली जलविद्युत आयोजनाको ऊर्जा विकास संम्झौता तथा ऊर्जा ब्यापार सम्झौता गरेको पृष्ठभूमिमा नेपालको जलविद्युतमा लगानी खोज्न अन्तराष्ट्रिय समुदायलाई आग्रह गरेको थियो।
- भारतीय आयात निर्यात वैकको सहुलियतपूर्ण ऋण सहायतामा नेपालमा संचालित विकास आयोजनाहरुको संयुक्त प्रगति समीक्षा वैठक भारतको नयाँ दिल्लीमा सम्पन्न भयो। सो वैठकमा कार्यान्वयनमा रहेका आयोजनाहरुको प्रगति समीक्षा हुनुको साथै Line of Credit III अन्तरगत संचालन हुने नयाँ आयोजनाहरुको छनौट गर्ने प्रारम्भिक कार्य सम्पन्न भयो । वैठकमा नेपाल पक्षले प्रस्तुत गरेको सरलीकृत र संक्षिप्त परियोजना कार्यान्वयन चेकलिष्टलाई संयुक्त वैठकले अनुमोदन गरेको थियो।

- नेपालको सह आयोजनामा 7th Aid Management Platform Best Practice Workshop डिसेम्वर १० देखि १२, २०१४ मा काठमाडौंमा सम्पन्न भयो। Development Gateways Foundation मुख्य आयोजक र अर्थ मन्त्रालय सह आयोजक रहेको उक्त Workshop मा AMP प्रयोग गर्ने ११ वटा देशका करिव ३० जना सहभागीहरुको उपस्थिति रहेको थियो ।
- नेपाल चीन संयुक्त आर्थिक तथा ब्यापार समितिको ११ औ वैठक १७ देखि १८ डिमेम्वर २०१४ मा चीनको राजधानी वेइजिङमा सम्पन्न भयो। वैठकमा द्विपक्षीय ब्यापार, आर्थिक तथा प्राविधिक सहायताका विषयमा छलफल भएको थियो। नेपाली पक्षले नेपालका प्राथमिकताका क्षेत्रमा अरु बढी लगानी गर्न चीनलाई आग्रह गर्नुका साथै चीनसँग बढ्दै गएको ब्यापार घाटा कम गर्न नेपालवाट निर्यात हुने वस्तुहरुमा सहुलियत प्रदान गर्न अनुरोध गरेको थियो। चिनिया पक्षले तातोपानी र रसुवागढी भन्सार नाकामा पूर्वाधार सुधार तथा भन्सार कार्यालयहरु खुल्ने समयमा एकरुपता कायम गर्ने लगायतका विषयमा सकरात्मक धारणा ब्यक्त गरेको थियो।
- नेपाल र जर्मन सरकार वीच सरकारी स्तरमा द्विपक्षिय विकास सहायता वार्ता १-२ डिसेम्वर २०१४ मा काठमाडौंमा सम्पन्न भयो । नेपालको मुख्य गरी दिगो आर्थिक विकास तथा ब्यापार, नवीकरणीय उर्जा, तथा स्वास्थ्य क्षेत्रमा जर्मन सरकारले सहायता प्रदान गर्ने समझदारी वैठकमा भएको थियो। यी कार्यक्रमहरु कार्यान्वयनका लागि युरो ४८ मिलियन वरावरको आर्थिक तथा प्राविधिक सहायता प्रदान गर्ने जर्मन पक्षवाट प्रतिवद्धता ब्यक्त समेत भएको थियो ।
- NPPR Action Plan 2014 को पहिलो समीक्षा वैठक अर्थ मन्त्रालयमा सम्पन्न भयो। वैठकमा मुख्य गरी ५ वटा विषयगत टोलीहरू सार्वजनिक वित्तिय ब्यवस्थापन, मानव संसाधन ब्यवस्थापन, सार्वजनिक खरिद, विकास नतिजाका लगि ब्यवस्थापन तथा पारस्पारिक जवाफदेहिताका विषयमा कार्यपत्र प्रस्तुत भएको थियो। वैठकमा विश्व वैंक, एसियाली विकास वैक, वेलायत सरकारको अन्तराष्ट्रिय सहयोग नियोग, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, अष्ट्रेलिया लगायतका विकास साझेदारहरुका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

६. वित्तीयक्षेत्र व्यवस्थापन महाशाखाः

- पाँच ग्रामीण विकास बैंकहरूलाई एक आपसमा गाभी नेपाल ग्रामीण विकास बैंक गठन भएको छ।
- आकस्मिक बीमा कोषलाई नेपाल पुनर्बीमा कम्पनी लिमिटेडमा परिणतगरिएको छ।
- विगत द्वन्दका क्रममा सरकारी स्वामित्वका बैंकहरूबाट ऋण लिई क्षति ब्यहोर्ने शहिद र पिडित व्यक्तिका परिवारलाई राहत सुविधा दिने व्यवस्था मिलाइएको छ।
- बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक, निक्षेप तथा कर्जा सुरक्षण कोषको स्थापना र सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, कर्मचारी सञ्चयकोष ऐनलाई संशोधन गर्न बनेको विधेयक, नेपाल राष्ट्र बैक, २०५८ लाई संसोधन गर्न वनेको विधेयक व्यवस्थापिका संसदमा पेश गरिएको छ।
- युवाहरूलाई व्यवसायिक कृषि कर्जामा प्रदान गरिने व्याज अनुदान सम्बन्धी कार्यविधि, २०७१ तयार गरी कार्यान्वयनमा ल्याइएको छ। कार्यविधिमा विभिन्न निकायहरूबाट प्राप्त सुझावहरूलाई समेत समावेश गरी संशोधन गरिएको छ।

- वित्तीय क्षेत्र विकाश रणनीति तर्जुमा भई माननीय अर्थमन्त्रीज्यूको अध्यक्षतामा भएको Steering Committee बाट स्वीकृत भएको छ।
- बैंक तथा वित्तीय संस्था सम्वन्धी कानुनमा संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७२ स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेश भएको छ।
- बस्तु कारोबार ऐन, २०७१ तर्जुमा गरी तर्जुमा सहमतिका लागि कानुन, न्याय संविधानसभा तथा संसदीय मामिला मन्त्रालय पठाइएको छ।

७. कानुन तथा परामर्श महाशाखाः

- विभिन्न विधेयकहरु, नियमावलीहरु, निर्देशिकाहरु, विनियमावलीहरु, सहायक सम्झौताहरु, महसूल तथा कर छुटका विषयहरुमा कानूनी राय उपलव्ध गराईएको छ।
- राजस्व सम्वन्धी विभिन्न नियम कानुन अन्तर्गत निर्णय भएका विषयहरुमा सूचनाहरु आवश्यक सम्पादन गरी मुद्रण विभागमा प्रकाशनको लागि पठाइएको छ।
- आवश्यकता अनुसार विभिन्न अदातलहरुबाट मन्त्रालय तथा विभिन्न पदाधिकारीसँग माग भएका लिखित जवाफहरु प्रस्ताव मस्यौदा गरी पेश गरिएको छ।
- विभिन्न अदालतबाट भएका निर्देशनात्मक आदेशहरु कार्यान्वयनको व्यवस्थाका लागि सम्वन्धित महाशाखा तथा मातहतका निकायहरुमा अनुरोध गर्ने गरिएको छ।
- घर, जग्गाको मूल्यांकन गर्ने सम्वन्धी विधेयक, २०७१ को मस्यौदा उपर राय प्रतिक्रियाको लागि यस मन्त्रालयको सवै महाशाखा र मातहतका निकायमा अनुरोध गरिएको छ।
- विभिन्न अदालतबाट यस मन्त्रालयका नाउँमा जारी भएका म्याद सूचना लगायतका कागजातहरु सिधै यस महाशाखामा दर्ता गर्ने गराउने व्यवस्था हुने व्यवस्था मिलाईएको छ।
- औद्योगिक व्यवसाय ऐन, २०४९ का व्यवस्था वमोजिम विजयदीप लेवोरेटोरिज लि., ललितपुरले उद्योग सञ्चालन भएको मितिले पाँच वर्षका लागि आयकर छुट पाएकोमा सोही ऐनको व्यवस्था वमोजिम थप दुई वर्षको लागि आयकर छुट माग गरेको तर आयकर ऐन, २०५८ ले उक्त व्यवस्था झिकेकोले आयकर छुट सम्वन्धमा द्विविधा उत्पन्न भएकोले सो सम्वन्धी कानूनी रायका लागि महान्यायाधिवक्ताको कार्यालयमा अनुरोध गरिएको र उक्त कार्यालयबाट सो सम्वन्धमा प्राप्त कानूनी राय पत्र आन्तरिक राजस्व विभागमा पठाइएको छ।
- भूमिसुधार तथा व्यवस्था मन्त्रालयवाट प्रस्ताव गरिएको जग्गा प्राप्ती ऐन, २०६४ लाई संशोधन गर्न तयार गरिएको मस्यौदाको विषय र यस मन्त्रालयवाट तयार गरिएको घर जग्गा मूल्यांकन सम्वन्धी ऐनको विधेयक, २०७१ को मस्यौदामा प्रस्ताव गरिएको आधारभूत विषय समान भएकोले समन्वयात्मकरुपमा मस्यौदा तयार गर्न अनुरोध गरिएको छ।
- व्यवस्थापिका–संसद, सार्वजनिक लेखा समितिले पक्राउ भइ राजस्व अनुसन्धान विभागमा दाखिला भएको सुन सुराकी वापत प्राप्त गरेको रकम र सुराकीको नाम नामेसी सहितको विवरण उपलब्ध गराउन गरेको अनुरोधका सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालयमा राय माग गरिएको र सो कार्यालयबाट प्राप्त कानूनी राय पत्र आवश्यक कारवाहीको लागि राजस्व अनुसन्धान विभागमा पठाएको छ।
- महालेखा नियन्त्रक कार्यालयमा लेखापाल पदमा कार्यरत श्री गोविन्द कोईराला युनिटी लाईफ कम्पनीको सदस्य बने बापत नेपाल सरकारले कारवाही गर्ने क्रममा पक्राउ परी थुनामा रहे पछि

निजामती सेवा ऐन, २०४९ को दफा ६४(१) बमोजिम निलम्वनमा परी ऐ= ऐनको दफा ३०(१) वमोजिम मुद्दाको किनारा नहुँदा सम्मको आधा तलव भुक्तानी हुँदै आएकोमा जिल्ला अदालत, ललितपुरबाट मिति २०७०।१२।७० मा "........संकलित सबुद प्रमाणबाट यी प्रतिवादी कसूरदार देखिन नआएको हुँदा अभियोग दावीबाट सफाई पाउने ठहर्छ ।" भनी फैसला भएको हुँदा निजलाई निलम्वन अवधिको बाँकी आधा तलव भत्ता दिन मिल्ने वा नमिल्ने सम्वन्धमा आवश्यक निर्देशन उपलव्ध गराई दिन यस मन्त्रालय समक्ष महालेखा नियन्त्रक कार्यालयबाट अनुरोध भई आएको सम्वन्धमा महान्यायाधिवक्ताको कार्यालय समक्ष कानूनी राय माग गरिएको र उक्त कार्यालयबाट सो सम्वन्धमा प्राप्त कानूनी राय पत्र आवश्यक कारवाहीको लागि महालेखा नियन्त्रक कार्यालयमा पठाइएको छ।

- नेपाल राष्ट्र बैंक, बालुवाटार, काठमाडौंको जाहेरीले नेपाल सरकार वादी र जिल्ला धनुषा, गोविन्दपुर गा.वि.स., वडा नं. ३ घर भई मध्यमाञ्चल ग्रामीण विकास बैंकका सदस्य एवं प्रवन्ध निर्देशक रामदेव यादव प्रतिवादी रहेको विना इजाजत बैंक सञ्चालन गरी वित्तीय कारोवार गरेको मुद्दामा ललितपुर जिल्ला अदालतबाट सम्वत् २०६७।२०६८ सालको स.वा.फौ. ३०५, ०६६-CR-०२०७, निर्णय नं. २३०, मिति २०७०।१२।१७ को फैसला उपर जिल्ला सरकारी वकिलको कार्यालय, पाटनबाट दायर गरिएको पुनरावेदन पत्रको प्रतिलिपि यस मन्त्रालयको प्रयोजनको लागि पठाई दिन जिल्ला सरकारी वकिलको कार्यालय, पाटन, ललितपुरलाई अनुरोध गरिएको छ।

८. अनुगमन तथा मूल्याङ्कन महाशाखाः

- मा. अर्थमन्त्रीज्यूको अध्यक्षतामा यस मन्त्रालय र अन्तर्गत निकायहरुबाट आर्थिक वर्ष २०७०/७१ मा संचालित आयोजनाहरुको वार्षिक समीक्षा बैठक(MDAC) को आयोजना गरियो।
- मा. अर्थमन्त्रीज्यूको अध्यक्षतामा आ.व. २०७१/७२ को बजेट वक्तव्यमा उल्लेखित नीति तथा कार्यक्रम र ठूला आयोजनाहरुको कार्यान्वयन सम्वन्धी छलफल कार्यक्रमको आयोजना गरियो ।
- मा. अर्थ मन्त्रीज्यूको समुपस्थितिमा चालु आर्थिक वर्ष २०७१/७२ को बजेटको हालसम्मको पूँजीगत खर्चको अवस्था सम्वन्धमा छलफल कार्यक्रमको आयोजना गरियो ।
- मा. अर्थ मन्त्रीज्यूको आव्हानमा देशको वर्तमान आर्थिक स्थिति तथा समसामयिक विषयमा जानकारी दिन पत्रकार सम्मेलनको आयोजना गरियो ।
- अर्थ मन्त्रालय र अन्तर्गतका विभाग तथा कार्यालयहरुको काम कारवाहीलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी सेवा प्रवाहमा पारदर्शिता चुस्तता र छिटो छरितो कायम गर्नका लागि विगुल नामक गुनासो सुनुवाइ कक्ष (Grievance Handling Desk) संचालनमा ल्याइयो ।
- मन्त्रालय स्तरीय विकास समस्या समाधान समितिको बैठक आयोजन गरी आ.ब. २०७१।०७२ को दोस्रो चौमासिक अवधिमा अर्थ मन्त्रालय अन्तर्गत संचालित विकास आयोजनाहरुको प्रगति समीक्षा गरिएको थियो।
- चालू आ.ब. मा संचालित विकास आयोजनाहरुको २०७१ चैत्र सम्मको कार्यान्वयन अवस्था र बजेट खर्चको स्थितिको समीक्षा गर्ने क्रममा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, शिक्षा मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय, कृषि विकास मन्त्रालय तथा उर्जा मन्त्रालय संग सम्बन्धित आयोजनाहरुका सम्बन्धमा

मन्त्रालयका सचिव तथा सम्बन्धित आयोजना प्रमुखहरु संग विशेष अन्तरक्रिया तथा छलफलको आयोजना गरिएको थियो।

- चालु आ.ब.को बजेट कार्यान्वयनलाई तीव्रता दिने सम्बन्धमा अर्थ सचिवको अध्यक्षतामा विभिन्न मन्त्रालयहरुका योजना महाशाखा प्रमुख तथा आयोजना प्रमुखहरुसंग छलफल गरी चालु आ.ब.को बाँकी अवधिमा बजेटको वित्तिय र भौतिक लक्ष्य प्राप्त गर्नका लागि सबै मन्त्रालयहरुलाई निर्देशन जारी गरीएको छ।
- विकास आयोजनाहरुको स्थलगत अनुगमन गर्ने कार्य अन्तर्गत गौतमबुद्ध क्षेत्रीय विमानस्थल लुम्बिनी विकास कोष, को स्थलगत निरीक्षण गरी प्रतिवेदन दिइएको छ।
- मन्त्रालय अन्तर्गतका महाशाखाहरु तथा विभागहरुबाट प्रत्येक महिना सम्पन्न गरिने प्रस्तावित २ बुँदे विशेष कार्यक्रमहरुको प्रस्ताव र समीक्षा बैठक गर्ने कार्यलाई निरन्तरता दिइएको छ।

९. वजेट तथा कार्यक्रम महाशाखा

- आर्थिक सहायता/क्षतिपूर्ति र प्रतिनिधिमण्डल खर्चको विवरण वेबसाईट मा राख्ने कार्यलाई निरन्तरता दिईएको छ ।
- वित्तीय जवाफदेहीता सम्बन्धी कानुनको मस्यौदा तयार भइरहेको छ ।
- वजेट तर्जुमा दिग्दर्शन, २०७२ प्रकाशित गरिएको छ।
- सरकारी गाडीको उपयोगको मापदण्ड र तालीम कार्यक्रममा एकरुपता गराउने विषयको मस्यौदा तयार भएको छ ।
- योगदानमा आधारित निवृतभरण विधेयकको मस्यौदा तयार भइरहेको छ ।
- वजेटको मध्यावधि समीक्षा सम्पन्न गरी प्रकाशन गरिएको छ ।
- सूचना प्रविधिमा आधारित वजेट निर्माण गर्ने कार्यलाई निरन्तरता दिन LMBIS Entry गर्ने व्यबस्थालाई अनिवार्य गरिएको छ ।
- भ्रमण खर्च नियमावली,२०७१ को अन्तिम मस्यौदा तयार भएको छ।
- मिति २०७२/१/१२ को भूकम्पपछि राहत, उद्धार तथा पुनःस्थापनाको कार्यलाई प्रभावकारी तुल्याउन नेपाल सरकार (म.प.) को निर्णयको आधारमा रु. ९ अर्व ५० करोड प्रधानमन्त्री तथा दैवीप्रकोप उद्धार कोषमा निकासा गरिएको छ।
- राष्ट्रिय पुनर्निमाण कोषमा तत्काललाई रु. १० अर्व जम्मा गरी सो कोष संचालन गरिएको छ।
- साउन भदौको बाढीबाट भएको क्षतिग्रस्त सरचनाको पुनर्निमाण र पुनर्स्थापना कार्यको लागि सघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको लागि रु ४१ करोड ३१ लाख, कृषि विकास मन्त्रालयको लागि रु.२८ करोड ९६ लाख, सहरी विकास मन्त्रालयको लागि रु.१० करोड ३८ लाख, शिक्षा मन्त्रालयको लागि रु ११ करोड ९ लाख ५० हजार र सिचाई मन्त्रालयको लागि रु. १८ करोड ४१ लाख थप निकासा उपलब्ध गराइएको छ।
- नेपाल सरकारबाट अनुदानको रुपमा बजेट विनियोजन हुने बोर्ड/ समिति/ कोष/ प्रतिष्ठानको वर्गीकरण र बजेट प्रणालीमा गर्नु पर्ने सुधार सम्बन्धमा गठित कार्यदलको प्रतिवेदनको मस्यौदा तयार गरिएको छ। स्थानीय निकाय तथा बोर्ड /समिति/कोष/ प्रतिष्ठानलाई प्रदान गरिने चालु तथा पूँजीगत अनुदानलाई चालु खर्चको रुपमा मात्र प्रतिवेदन गर्ने गरिएकोले यी निकायहरुबाट भएको पूँजिगत खर्च एकिन हुन नसकी कूल राष्ट्रिय पूँजी लगानीको यथार्थ अवस्थाको वित्तीय

प्रतिवेदन बनाउन कठिनाई भएकोमा कार्यदलको प्रतिवेदन कार्यान्वयन हुन सकेमा सो मा सुधार हुने देखिएको छ ।

- वजेट प्रणालीसंग सम्बन्धित विभिन्न उपप्रणालीहरुको एकीकरण गर्न लागिएको छ। हाल FMIS-BMIS विच तथ्याङ्क आदान प्रदान गर्न सकिने व्यवस्था गरिएको छ।

## २. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

यस आर्थिक वर्षमा यस मन्त्रालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएको थियो ।

- राष्ट्रिय पर्यटन प्रर्वद्धन समिति गठन भै भूकम्प पश्चात पर्यटन पुनरुत्थान र पुननिर्माणको लागि क्रियाशिल रहेको।
- महाकवि लक्ष्मी प्रसाद देवकोटा पुरस्कार, पुष्पलाल राष्ट्रिय पुरस्कार र २०७० सालको राष्ट्रिय प्रतिभा पुरस्कार वितरण गरिएको ।
- नेपाल तिब्बत संयुक्त पर्यटन समन्वय समितिको आठौं बैठकमा सहभागी भएको ।
- नेपाल र भारतबीच पर्यटन सम्वन्धी संयुक्त कार्य समूहको पहिलो बैठक नयाँदिल्लीमा सम्पन्न भएको।
- राष्ट्रिय पर्यटन रणनीति तथा कार्य योजना (२०१५ – २०२४) को सेमिनार UNWTO को समेत सहभागितामा सम्पन्न भएको।
- ७५ वटै जिल्लामा रहेका विभिन्न ११८६ वटा धार्मिक स्थलहरुको संरक्षण तथा निर्माणको लागि ७५ वटा जिल्ला विकास समिति मार्फत सम्वन्धित संस्थाले प्राप्त गर्ने गरी रु. ३३ करोड २७ लाख ५० हजारको अख्तियारी प्रदान गरिएको ।
- आर्थिक वर्ष २०७०/७१ मा प्राप्त गरेको पर्वतारोहण रोयल्टी रकम रु. ३८ करोड ९९ लाख ५ हजार ७ सय ५६ को करिव ३० प्रतिशत रकम विभिन्न १४ जिल्ला (ताप्लेजुङ, संखुवासभा, सोलुखुम्वु, रुकुम, म्याग्दी, रसुवा, सिन्धुपाल्चोक, मुस्ताङ, मनाङ, गोरखा, लमजुङ, कास्की, डोल्पा र दोलखा) हरुमा रु.११ करोड ५० लाख ८२ हजार सम्वन्धित जिल्ला विकास समितिलाई अख्तियारी प्रदान गरिएको ।
- पर्वतीय प्रशिक्षण प्रतिष्ठानबाट साहसिक पर्यटन सीपमूलक तालिम अन्तर्गत स्की तालिम ७ जनालाई विदेशी प्रशिक्षक(फ्रेन्च र स्वीस) बाट भारतको कुलु मनालीमा दिईएको ।
- नेपाल वायुसेवा निगमले २ वटा एयरवस प्राप्त गरी अन्तर्राष्ट्रिय उडान गरिरहेको ।
- नेपाल वायुसेवा निगमले थप १ वटा वाई १२ जहाज प्राप्त गरी आन्तरिक उडान गरिरहेको ।
- दुईवटा आन्तरिक वायुसेवा कम्पनीको इजाजत खारेज गरी धरौटी वापतको रु ४० लाख जफत गरिएको ।
- मनोरन्जनात्मक वायुसेवा अन्तर्गत कास्की, सुनसरी, पाल्पा, सुर्खेत र काठमाण्डौ जिल्लाका विभिन्न स्थानमा ४३ वटा संस्थाहरुलाई मनोरन्जनात्मक वायुसेवाको इजाजतपत्र प्रदान गरिएको।
- नेपाल र ओमान तथा नेपाल र मलेसिया बीचको हवाई सेवा सम्झौता पुनरावलोकन गरिएको।
- मलेसियाको Malindo Air, चीनको Sichuwan Airlines ले नेपालमा उडान संचालन गरीरहेको।

- हवाई सुरक्षा (व्यवस्था)नियमावली, २०४६ लाई समयानुकुल परिमार्जनको लागि नेपाल नागरिक उड्डयन प्राधिकरणसंगको समन्वयमा तयार पारिएको नागरिक उड्डयन सुरक्षा नियमावली, २०७२ को मस्यौदालाई सम्पादनको लागि कानुन तथा संसदीय व्यवस्था मन्त्रालयमा पठाइएको ।
- गैर सैनिक हवाई दुर्घटना जांच सम्बन्धी ४ वटा जाँचवुझसम्वन्धी कार्यहरु गरिएको।
- २०७१ साउन १८ गते भएको फिसटेल एयरको हेलिकप्टरको दुर्घटनाको छानविन, २०७१ फागुन २० गते भएको टर्किस एयरको हवाईजहाजको दुर्घटना सम्वन्धी छानविन र २०७२ जेठ १९ गते भएको माउण्टेन एयरको हेलिकप्टर दुर्घटना सम्वन्धी छानविन सम्पन्न भएको।
- २०७२ असार ७ गते भएको सिम्रिक एयरको हेलिकप्टर दुर्घटना जाँचवुझ सम्वन्धी कार्य अघि बढाइएको।

अन्य कार्यहरुमा

- पर्यटन कार्यालयहरु काँकडभिट्टा, विरगञ्ज, पोखरा र नाम्चेको भवन निर्माण कार्य भैरहेको ।
- पुरातत्व विभाग अन्तरगतका शाखाहरुको भौतिक सुधार गर्ने कार्य भैरहेको ।
- राष्ट्रिय अभिलेखालय भवनको मर्मत कार्य भैरहेको ।
- हस्तलिखित ग्रन्थ र तिव्वतियन ग्रन्थको संरक्षण कार्य भैरहेको ।
- राष्ट्रिय संग्रहालयको व्यावसायिक योजना सहितको गुरुयोजना तयार पार्ने कार्य भैरहेको ।
- कला संग्रहालयमा रहेको वगैचा सुधार कार्य भएको ।
- क्षेत्रीय संग्रहालयहरु सुर्खेत, पोखरा र धनकुटाको भवन सुधार कार्य भैरहेको।
- विभिन्न जातिय संग्रहालयहरुको स्थापना गर्ने कार्य भईरहेको ।
- गोरखा, नुवाकोट, लम्जुंग, दुल्लु, बझांग दरवारहरुको संरक्षण कार्य भैरहेको ।
- प्रयोगशाखाका सामग्रीहरु खरिद गरिएको ।
- प्रतिलिपि अधिकार सम्बन्धी सचेतना अभिवृद्धि गर्न बुलेटिनको प्रकाशन गर्ने कार्य भैरहेको ।
- नारायणहिटी दरवार संग्रहालयमा पुननिर्माणका कार्यहरु भैरहेको ।
- स्मारक संरक्षण तथा दरवार हेरचाहको कार्यालयको लागि विभिन्न सामग्री खरिद कार्य भैरहेको।
- देशका विभिन्न ५ स्थानका १५८ जना महिला, युवा तथा पिछडिएको वर्गलाई होटल तथा लज व्यवस्थापन सम्वन्धी घुम्ती तालिम सञ्चालन गरेको।
- सिप विकास तथा क्षमता विकास तालिम विभिन्न ८ स्थानमा ३६७ जनालाई दिएको ।
- पर्वतीय पर्यटन विषयमा सेवाग्राहीसंग अन्तरक्रिया गरिएको तथा पर्यटक प्रहरी तथा स्थानीय प्रहरीलाई अभिमुखिकरण तालिम संचालन गरिएको।
- नेपाल तिब्बत संयुक्त पर्यटन समन्वय समितिको आठौ बैठकमा सहभागी भएको ।
- पर्यटन सेवा केन्द्रकोहलपुर र बीरगञ्जमा निर्माण सम्पन्न भएको ।
- जनकपुर र रारा मुगुमा निर्माण चालू रहेको सौराहामा प्रारम्भिक कार्य शुरु गरिएको ।
- राष्ट्रिय पर्यटन रणनीतिको मस्यौंदा तयार भएको।
- पदमार्ग तर्फ गत वर्षको क्रमागत १९ वटाको निर्माण सम्पन्न भएको ।
- विभिन्न कार्यालय तथा समितिहरुबाट पूर्वाधारका कार्यक्रमहरुको विगतका कार्यहरुको निरन्तरता र नयाँ कार्यक्रमहरुको सम्झौता गरी ट्रेकिङ ट्रेल निर्माण तथा सुधार सौन्दर्यीकरणका कार्यहरु चालू रहेको।
- लुम्विनीमा आगन्तुक सूचना केन्द्रको निर्माण कार्य भैरहेको ।

- लुम्विनीका स्थानीय जनतालाई जनचेतना अभिवृद्धि, जीवन निर्वाह कार्यक्रम र पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन भैरहेको ।
- पुरातात्विक स्थल संरक्षण सम्वन्धी १२१ वटा कार्यक्रम सम्पन्न भएको ।
- १० वटा कार्यक्रमको बजेट क्षति पुनर्निमाणमा रकमान्तर भएको ।
- महाकाली, सेती, भेरी र राप्ती अञ्चलका वर्गिकृत सम्पदाहरुको पुस्तक प्रकाशन भएको।
- विगतमा रिल प्रविधिमा भएका फोटोहरुको स्क्यान गरी डिजिटाइज्ड गर्ने कार्य सम्पन्न भएको ।
- काठमाडौ ललितपुर र भक्तपुरमा रहेका सम्पदास्थल संरक्षणका ४९ वटा विभिन्न कार्यक्रम मध्ये ४२ वटा सम्पन्न भएको ।
- सवै जिल्लाका विभिन्न ११८६ वटा धार्मिक स्थलहरुको संरक्षण तथा निर्माणको लागि ७५ वटा जिविस मार्फत सम्वन्धित संस्थाले प्राप्त गर्ने गरी रु. ३३ करोड २७ लाख ५० हजारको अख्तियारी प्रदान गरिएको ।
- बृहत्तर जनकपुर विकास परियोजनानको गुरु योजना निर्माण गरिएको।
- माध्यमिकी, पंचायणी र अन्तर्गृही परिक्रमा संचालन तथा व्यवस्थापन गरिएको।
- विवाह पञ्चमी, महाशिवरात्री कार्यक्रम संचालन तथा व्यवस्थापन गरिएको ।
- घोषित संरक्षित क्षेत्रमा भएका अतिक्रमण हटाउने कार्य भैरहेको ।
- तीलगंगा–ताम्रगंगा सडकमा रिटेनिङ वाल एवं पैदलमार्गमा प्रस्तरफलक छाप्ने कार्यको नक्शा र लागत अनुमान तयार भई बोलपत्र आह्वान भएको।
- चार शिवालयदेखि वाग्मतीसम्म ढल निर्माण तथा वातावरण संरक्षण गर्ने कार्य भैरहेको ।
- सार्क सम्मेलनका अतिथिहरुका सम्मानमा सांस्कृतिक कार्यक्रम गरिएको।
- २०७१ पौष २७ र २८ गते वसन्तपुर र संस्थानको हलमा सांस्कृतिक महोत्सव सम्पन्न गरिएको।
- मुनामदन गीतिनाटक १७ दिनसम्म प्रदर्शन गरिएको ।
- नेपाली भाषा, साहित्य, संस्कृति सम्वन्धी विभिन्न अध्ययन अनुसन्धान गर्ने ३५ वटा कार्यहरुमध्ये ३४ वटा कार्यक्रमहरु सम्पन्न भएको र १ वटा कार्यक्रम चालू रहेको।
- पोखराको धम्पुसमा भारतिय र कोरियन कलाकारहरुको सहभागितामा कला कार्यशाला सम्पन्न गरिएको।
- भूकम्प पिडित दोलखाका २० वटा विद्यालयहरुका वालबालिकाहरुलाई चित्रकला प्रशिक्षण कार्यक्रम गरिएको
- परम्परागत मूर्तिकला सम्बन्धमा नेपालगञ्ज र लुम्बिनीमा कार्यशाला सम्पन्न गरिएको ।
- ३ दिने राष्ट्रियस्तरको नाट्य महोत्सव सम्पन्न गरिएको।
- डवली यात्राका विभिन्न श्रृंखलाहरु आयोजना गरिएको।
- जनकपुर र लुम्विनीमा राष्ट्रिय सांस्कृतिक मेला गरिएको।
- पांचथरको रविमा सांस्कृतिक महोत्सव गरिएको।
- भारत र भूटानमा आयोजित सार्क स्तरीय परम्परागत नाचमा आधारित सांस्कृतिक महोत्सवमा सहभागी भएको ।
- दोश्रो अन्तर्राष्ट्रिय विमानस्थल, निजगढ आयोजनाको चार किल्ला तोकी राजपत्रमा निकाल्न मन्त्रिपरिषद्को २०७१/११/२९ गतेको बैठकबाट निर्णय भए अनुसार चार किल्ला तोकिएको।

- फाप्लु विमानस्थल कालोपत्रे गर्ने कार्य सम्पन्न भएको ।
- ताप्लेजुङमा ५०० मी. कालोपत्रे, मा ५०० मी. कालोपत्रे, चौरजहारीमा ५३० मी. कालोपत्रे, रारा (मुगु) मा ५२५ मी. कालोपत्रे भएको र रामेछाप, भोजपुरविमानस्थलको लागि वेश वेशकोर्ष निर्माण कार्य सम्पन्न ।
- सुर्खेतको रामघाट, प्यूठानको चाल्नेटार, तेह्रथुमको चुहानडाडा र पाल्पाको रामपुरको प्रारम्भिक सर्भे कार्य सम्पन्न ।

## ३. वाणिज्य तथा आपूर्ति मन्त्रालय

यस आर्थिक वर्षमा यस मन्त्रालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएको थियो।

- वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागबाट २०७२ जेठ मसान्त सम्म २४४९ पटक बजार अनुगमन भएको। विभिन्न उपभोग्य वस्तुहरुको मूल्य सूची संकलन १२२ वटा तथा ४३ वटा नमूना संकलन गरिएको। ६ वटा उपभोक्ता सचेतना कार्यक्रम सम्पन्न भएको ।
- अन्तर सरकारी समिति तथा उपसमितिको र नेपाल चीन तिब्बत व्यापार सहजिकरण समितिको तयारी बैठकहरु भएको।
- नेपाल बंगलादेशको द्विपक्षीय बैठक आयोजना गरिएको।
- विश्व व्यापार संगठन सम्पर्क विन्दुहरुको बैठक, व्यापार सम्बद्ध बौद्धिक सम्पत्ति अधिकार समन्वय समिति बैठक र व्यापार सहजिकरण आवश्यकता आंकलन कार्यशाला सम्पन्न भएको ।
- अदुवा, अलैंची, उत्पादन वृद्धि र गुणस्तर सुधारका लागि अदुवा तर्फ उन्नत बिउ वितरण तथा सुरक्षित भण्डारका लागि सेलर निर्माण र अलैंची तर्फ भट्टि निर्माण कार्य गरिएको ।
- काठमाण्डौमा अन्तर्राष्ट्रिय व्यापार मेला, हस्तकला मेला, जडिबुटी मेला र ४ विकास क्षेत्रहरुमा क्षेत्रीय व्यापार मेला सम्पन्न गरिएको ।
- सिन्धुपाल्चोकको लार्चामा निर्माणाधिन सुख्खा बन्दरगाहाको ८० प्रतिशत, पुलको ५५ प्रतिशत र सडकको २० प्रतिशत काम सम्पन्न भएको ।
- भैरहवा सुख्खा बन्दरगाहाको यार्ड मर्मत सुधार कार्यको लागि फुटपाथ मर्मत कार्यको ४०% प्रगति भैसकेको ।
- सडक सुरक्षा र भार नियन्त्रण सम्बन्धी अध्ययन गर्न जापानी परामर्शदाता कम्पनी काताहिरा इन्जिनियरिङ्ग इन्टरनेशनल टोकियोसँग डिसेम्बर २०१४ मा सम्झौता सम्पन्न भई कार्य सम्पादन शुरु भएको।
- भन्सार प्रक्रियामा सरलीकरणका लागि नेशनल सिंगल विन्डो र व्यापार सम्बन्धी सूचनाको लागि ट्रेड पोर्टल सम्बन्धी सफ्टवेयर निर्माणका निमित्त परामर्शदाताको छनौट भई कार्य आरम्भ भएको।
- नेपाल व्यापार तथा पारवहन सहजीकरण समितिको बैठक दुई पटक सम्पन्न भएको ।
- कम्पनी ऐन, प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन एवं दामासाही सम्वन्धि ऐनमा परिमार्जन तथा विद्यमान ऋण तथा जमानत ऐनको प्रावधानलाई समयानुकूल बनाउन अध्ययन कार्य भईरहेको।

- नेपालबाट सफ्टवेर वा कुरियरबाट अन्य सामान निर्यात गरेमा अनलाइन भुक्तानी ल्याउन पाइने गरी कानुनी व्यवस्था मिलाउन विभिन्न सरोकारवाला निकायहरुसँग छलफल भएको ।
- व्यापार घाटा न्यूनिकरणमा सहयोग पुग्ने गरी वाणिज्य नीति २०६५ को पुनरावलोकन अन्तिम मस्यौदा तयार भै रायका लागी अर्थ मन्त्रालय र कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयमा पठाईएको तथा NTIS २०१० पुनरावलोकनका लागी विज्ञहरुसँग छलफल भएको।
- वस्तु तथा सेवाको (नियमन र व्यवस्थापन) ऐनको मस्यौदा तयार गरी उद्योग मन्त्रालय, गृह मन्त्रालय र अर्थ मन्त्रालयमा रायको लागि पठाइएको ।
- रसुवामा सुख्खा बन्दरग्राह निर्माणको लागी Topographical Survey गरी प्रतिवेदन प्राप्त भएको र विस्तृत सर्भे को तयारीमा रहेको।
- सिन्धुपाल्चोकको बाह्रबिसेमा अन्तर्राष्ट्रियस्तरको प्रयोगशाला सहितको क्वारेन्टाइन स्थापना गरी नेपाली उत्पादन चीनमा सहज निर्यात गर्ने प्रबन्ध मिलाउन चीन सरकारलाई अनुरोध गरिएको ।
- चोभार स्थित हिमाल सिमेन्ट कारखानाको स्वामित्वमा रहेको ८१६.४ रोपनी जग्गा नेपाल सरकारको नाममा प्राप्त भएको। CFS निर्माणको लागी हालै विश्व बैंकसँग सहकार्य गरी सर्भे डिजाईनको लागी ToR परिमार्जनको क्रममा रहेको।
- नेपालको अमलेखगंज देखि भारतको रक्सौलसम्म पेट्रोलिम पदार्थको पाइपलाइन निर्माण गर्न पेट्रोलियम पाइप निर्माण सम्बन्धी MOU को ड्राफ्ट नेपाल सरकार मन्त्रिपरिषदबाट अनुमोदन भइ नेपाल र भारत सरकारको विच MOU को लागि तयारि अवस्थामा रहेको।
- पेट्रोलियम पदार्थको भण्डारण र कारोबारमा निजी क्षेत्रको सहभागिता हुने गरी तर्जुमा भइरहेको पेट्रोलियम पदार्थ कारोवार ऐनको मस्यौदा तयार भई सरोकारवालाहरुको सुझाव लिने कार्य भइरहेको।
- टैंकरहरुको वर्तमान सिल प्रणालीलाई प्रतिस्थापन गरी आधुनिक लकिङ्ग प्रणालीलाई प्रयोगमा ल्याउनको लागी आवश्यक प्रक्रिया अगाडी बढाईएको।
- आगामी आर्थिक वर्षभित्रै काठमाडौं उपत्यकामा गुडने सरकारी सवारी साधनहरूले प्रयोग गर्ने पेट्रोलियम पदार्थमा १० प्रतिशत इथानोल मिसाउनुपर्ने अनिवार्य व्यवस्था गर्न NAST बाट प्रस्तावना प्राप्त भै अध्ययनको क्रममा रहेको ।
- उपभोक्ता हित तथा बजार अनुगमन गर्ने सिलसिलामा उपत्यका भित्र र उपत्यका बाहिर मूल्य सूची, साईनबोर्ड, लेबल, व्यवसायी दर्ता प्रमाणपत्र राख्न निर्देशन दिईएको ।
- सरसफाई, भ्याट/प्यानको प्रमाण र बिलबिजक लिन/दिन निर्देशन दिईएको।
- म्याद नाघेका वस्तुहरुको बिक्रि वितरण नगर्न निर्देशन दिईएको ।
- उपभोक्ता हित सम्बन्धी श्रव्यदृश्य सामग्री प्रशारण भएको।
- उपभोक्ता हित सम्बन्धी २ वटा अन्तरक्रिया, विद्यालय शिक्षा कार्यक्रम संचालन भएको।
- निरिक्षण अधिकृत तालिम कार्यक्रम सम्पन्न भएको ।

**नेपाल खाद्य संस्थान**

- मिति २०७२ जेठ मसान्त सम्म दुर्गम तथा हिमाली जिल्लाहरुमा ११८७७ मे.टन खाद्यान्न चामल ढुवानी भएको । राष्ट्रिय सुरक्षा भण्डारमा १२६६९ मे.टन खाद्यान्न सञ्चित भएको। सार्क खाद्य सुरक्षा बैठकमा ८००० मे.टन मौज्दात रहेको ।

**साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड**

- कण्ठरोग नियन्त्रण कार्यक्रम सेवामूलक रुपमा दुर्गम तथा आंशिक दुर्गम जिल्लाहरुमा आयोडिनयूक्त नून ढुवानी कार्य गरिरहेको ।
- नेपाल सरकार तथा भारत सरकारको सहयोगमा एलाइन्स नेपालले सन् २००७ मा National Survey Impact Study for Iodine Deficency Disorders (IDD) And Availability of Iodine Salt in Nepal को सर्भेक्षण रिपोर्ट अनुसार गलगाड रोगीहरुको संख्या क्रमशः न्यून हुँदै गएको ।
- आयोडिनयूक्त नूनको उपयोग गर्ने उपभोक्ताहरुको संख्या क्रमशः वृद्धि हुँदै गएको।

**नेपाल आयल निगम लिमिटेड**

- अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा गिरावट आउन थालेकोले निगमको आर्थिक पक्ष सवल हुँदै गएको ।
- २०७१ आश्विन १३ गते देखि स्वाचालित प्रणाली लागू गरी पेट्रोलियम पदार्थको मूल्यमा निरन्तर समायोजन गरिरहेको ।
- २०७१ आश्विन महिना देखि कर्मचारी संचयकोष र नागरिक लगानी कोषको ब्याजमा साबिक १२.५% मा २% कम गरी १०.५% कायम भए बाट निगमलाई वार्षिक ब्याज करिब रु. ४० करोड बचत भएको ।
- रक्सौल अमलेखगञ्ज पाईपलाईन निर्माणका लागि नेपाल सरकार र भारत सरकारका प्रतिनिधि एवं नेपाल आयल निगम र ईण्डियन आयल कर्पोरेशनका प्रतिनिधिहरुबीच छलफल भईरहेको ।
- खाना पकाउने ग्याँसको आयात परिमाणमा वृद्धि गरी आपूर्ति सहज गरिएको।
- २०७१ फागुन मसान्त सम्म ऋण भुक्तानी तर्फ ईण्डियन आयल कर्पोरेशनको पुरानो बक्यौता ५ अर्ब १५ करोड, नागरिक लगानी कोषको ३ अर्ब, कर्मचारी संचयकोषको १ अर्ब र मूल्य स्थिरीकरण कोषमा २ अर्ब ६० करोड व्यवस्थापन गरिएको ।

**नेपाल ईन्टरमोडल यातायात विकास समिति**

- वीरगंज सुख्खा बन्दरगाहा संचालनको लागि हिमालयन टर्मिनल्स प्रा.लि. सँग सम्झौता भएको ।
- काँकडभित्ता सुख्खा बन्दरगाहा निजी क्षेत्रबाट संचालनको लागि पट्टा बहाल सम्बन्धी प्रस्ताव तयार गरी संचालक समितिमा पेश भएको।
- रसुवा सुख्खा बन्दरगाहा सम्बन्धमा प्रस्तावित जग्गाको Topographic Survey को प्रतिवेदन प्राप्त भएको।
- सुदुर पश्चिम क्षेत्रमा सुख्खा बन्दरगाहा निर्माण गर्ने सम्बन्धमा Terms Of Reference (TOR) तयारीको क्रममा रहेको।
- भैरहवा, विराटनगर, काँकडभित्ता सुख्खा बन्दरगाहामा भौतिक पूर्वाधार निर्माणको कार्यहरु शुरु भईरहेको।
- वीरगंज सुख्खा बन्दरगाहामा रेलवे ट्र्याक स्थानान्तरण गर्नका लागि Request for Expression of Interest (REOI) प्रक्रियाबाट ६ वटा कम्पनी छनौट भएको ।

**व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र**

- ललितपुर हस्तकला संघको लागत सहभागितामा मकवानपुर जिल्लामा २५ जनालाई २ महिने तालिम संचालन भएको ।
- सन् २०१५ जनवरी २१ - २३ मा संयुक्त राज्य अमेरिकाको लस भेगासमा Surface 2015 मा केन्द्रीय गलैंचा संघ अन्तर्गतका ४ वटा फर्म/कम्पनीहरुलाई सहभागिता गराई नेपाल साँझ कार्यक्रम सम्पन्न भएको ।
- सन् २०१५ मा चीनको साङघाई सहरमा The 17th Domotex Asia/China Floor 2015 आयोजना भएको, जसमा निजी क्षेत्रका ४ स्टलमा ५ वटा व्यापारिक फर्म/कम्पनीहरुको सहभागिता रहेको।
- भूटान उद्योग वाणिज्य संघले आयोजना गरेको Bhutan International Trade Fair 2014 मा ललितपुर उद्योग वाणिज्य संघको सहकार्यमा ३० वटा स्टल भाडामा दिई ४-८ सेप्टेम्बर, २०१४ मा हस्तकलाका विभिन्न सामग्रीहरुको प्रदर्शनी गरिएको ।
- देशका विभिन्न भागमा विभिन्न संस्थाहरुबाट आयोजना गरिएका मेला मोहोत्सवहरुमा अनुदान सहयोग प्रदान गरिएको ।
- व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको वार्षिक प्रतिवेदन लगायत विभिन्न पुस्तकहरुको प्रकाशन गरिएको ।
- नर्वे, सिंगापुर, न्यूजिल्याण्ड, अस्ट्रेलिया र अमेरिकामा नेपाली कफीको ट्रेडमार्क दर्ता कार्य सम्पन्न भएको ।

**नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड**

- गोदाम, क्लियरिङ/फरवार्डिङ तथा अण्डरटेकिङ सेवा लगायत पारवहन सम्बन्धी सेवा प्रदान गरिरहेको ।

**नेशनल ट्रेडिङ लिमिटेड**

- करिब रु. ३३ लाख बराबरका पुराना सामानहरु बिक्री गरी स्टक क्लियरेन्स गरिएको ।
- नेशनल ट्रेडिङ लिमिटेडको काठमाण्डौ र पोखरामा रहेको आफ्नै जग्गामा पेट्रोल पम्प संचालन गरी करिब २५ लाख रुपैया बराबरको मूनाफा आर्जन गरेको ।
- बजारमा एल.पि. ग्याँसको आपूर्तिलाई सहज बनाउन २०७१ माघ ११ र १२ गते नेशनल ट्रेडिङ लिमिटेडको टेकु स्थित कम्पाउण्डबाट सर्वसाधारण उपभोक्तालाई ग्याँस उपलब्ध गराईएको।

## ४. उद्योग मन्त्रालय

यस आर्थिक वर्षमा यस मन्त्रालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएको थियो ।

- नेपाल मेटल कम्पनीलाई सञ्चालन गर्न पूजी बृद्धिको सहमति दिइएको ।

- नेपाल औषधि लिमिटेडका १२२ जना कर्मचारीलाई स्वैच्छिक अवकास दिइएको।
- नयाँ औद्योगिक व्यवसाय विधेयक संसदमा पेश भएको ।
- विदेशी लगानी नीति, २०७२ जारी भएको।
- स्वदेशी वस्तु उपयोग सम्बन्धी निर्देशिका, २०७१ जारी भएको ।
- विशेष आर्थिक क्षेत्र सम्बन्धी नयाँ विधेयक संसदमा पेश भएको ।
- कम्पनी ऐनको समसामयिक संशोधनको लागि सरोकारवालाहरुको सहमतिको लागि लेखी पठाइएको। अर्थ मन्त्रालयको सहमति प्राप्त भएको ।
- रुग्ण उद्योग घोषणाको लागि ३१ वटा उद्योगहरुबाट दरखास्त परेकोमा १० वटा उद्योगलाई रुग्ण घोषणा गरिएको ।
- रुग्ण उद्योग सम्बन्धी मापदण्ड परिमार्जनको प्रकृयामा रहेको ।
- हवाइ इन्जिनियरिङ्ग सम्वन्धी आविष्कारकर्तालाई रु १५ लाख प्रदान गरिएको ।
- ठूला उद्योग ९२, मझौला ७९ र साना २९१ गरी कुल ४६२ उद्योग दर्ता भएको। कुल पूँजी रु एक खरब ३२ अरब ९१ करोड ४२ लाख ७० हजार लगानी भएको जसबाट २२ हजार पाँच सय ८१ जनालाई प्रत्यक्ष रोजगारी प्राप्त भएको । त्यस्तै कुल ३६८ परियोजनाबाट रु ६७ अर्ब ४२ करोड ७ लाख ८० हजार बराबरको विदेशी लगानी भएको छ ।
- ९ वटा सीप विकास तालिम पाठ्यक्रम तयार गरिएको ।
- उद्यमी विकास कार्यक्रम (उद्यमी तयारी तथा रोजगारी सृजना) तथा उद्योग प्रवर्द्धन कार्यक्रम अन्तर्गत कुल ४५९० जनालाई विभिन्न विषयमा तालिम प्रदान गरिएको।
- २७० जना अपाङ्गता भएका व्यक्ति तथा दलितहरुको लागि सीपमूलक तालिम प्रदान गरिएको साथै ३० जना दृष्टिविहिनहरुका लागि सीपमूलक तालिम प्रदान गरिएको ।
- १८०५४ उद्योग दर्ता भई, १९१३१ जना उद्यमी सिर्जना र ७६८२७ जनालाई रोजगारी प्राप्त भएको।
- साइस्मिक स्टेसन अध्ययन, क्यालिब्रेसन तथा मर्मतको लागि र निर्माणमुखी खनिज अन्वेषणको लागि १७ वटा फिल्ड कार्य सम्पन्न भएको ।
- रसायनिक प्रयोगशालाको AAS मेशिन खरिद गरिएको साथै ३०९ नमूनाको रसायनिक विश्लेषण र १०९१ वटा तत्व निर्धारण गरिएको ।
- प्रयोगशालाको स्तर बृद्धिको लागि ७ वटा वैज्ञानिक उपकरण खरिद गरिएको।
- सफ्टवेयर निर्माण तथा खरिद गरिएको ।
- National Accreditation Board for Testing and Calibration Laboratories सँगको सहकार्यमा गुणस्तर निर्धारण सम्बन्धि विभिन्न कार्यक्रमहरु सञ्चालनमा भएका।
- Humidity calibration प्रयोगशाला थप गरिएको ।
- कार्यालयको E-Filing क्षमता बढाइएको ।
- ४०५२ जनालाई विभिन्न विषयमा तालिम प्रदान गरिएको ।
- १०४० जना उद्यमीहरुलाई उपयुक्त प्रविधि हस्तान्तरण गरिएको ।
- ७११६ जना सहभागीहरुलाई विभिन्न विषयमा सचेतनामुलक कार्यक्रम सम्पन्न गरिएको ।
- विभिन्न विषयमा ९४३ जनालाई तालिम प्रदान गरिएको ।

**१. लघु उद्यम विकास कार्यक्रम (MEDEP)**

- ३३०२ नयाँ उद्यमी सिर्जना गरिएको ।
- ६२३२ जना उद्यमीलाई स्तरोन्नती गरिएको ।
- साझा सुविधा केन्द्र निर्माण गरी ८६५ जना अति गरिव लाभान्वित वनाइएको ।
- १० जिल्लामा विक्री कक्ष निर्माण भएको ।
- २३ जिल्लामा उद्यम विकास रणनीतिक योजना तर्जुमा गरिएको ।

**२. सैनिक सामाग्री उत्पादन निर्देशनालय**

- नेपाली सेनाको लागि आवश्यक एम्युनिशन (७.६२ मि.मि,.५.५६मि.मि र ९ मि.मि.)का साथै आवश्यकता अनुसार हतियारका पाटपुर्जा समेत उत्पादन गरिएको।
- नेपाली सेनाको लागि आवश्यक प्लाष्टिक ह्याण्ड ग्रेनेड तथा प्लाष्टिक ब्लेङ्क एम्युनिशन उत्पादन गरिएको ।
- विभिन्न एम्युनिशन बम तथा प्रोपेलेन्ट उत्पादन गर्ने मेशिनहरु, त्यसक स्पेयर पार्टस्, टुल्स तथा सो मेशिनहरु राख्ने भवनहरु निर्माण गरिएको।

**३. औद्योगिक पूर्वाधार विकास कार्यक्रमः**

**क) विशेष आर्थिक क्षेत्र सम्बन्धीः**

- भैरहवा विशेष आर्थिक क्षेत्र सञ्चालन गर्ने सम्बन्धमा नीजि क्षेत्र समेत रहेको अध्ययन कार्यदले प्रतिवेदन पेश गरेको ।
- भैरहवा विशेष आर्थिक क्षेत्रमा उद्योग स्थापनाको लागि बोलपत्र माग गरिएको
- पाँचखाल विशेष आर्थिक क्षेत्रमा विस्तृत इन्जिनियरिङ प्रारम्भ भएको, बाटो ग्राभेलिङ्ग भएको, बारा विशेष आर्थिक क्षेत्रको लागि कम्पाउन्ड वाल निर्माण र EIA सम्पन्न गरिएको ।

**ख) खानिस्थल पहुँच सडक निर्माण र विद्युत प्रशारण सव स्टेशन निर्माणः**

- खानीमा आधारित भई क्लिङ्कर उत्पादन गर्ने १२ वटा सिमेन्ट उद्योगहरुलाई २६ कि.मि. ट्र्याक खोलिएको, ५१ कि.मि. ग्राभेलिङ्ग कार्य भएको, ७७७५ र.मि. टेवा पर्खाल निर्माण भएको, २०१ वटा कल्भर्ट निर्माण भएको, १२८६८ मिटर नाली निर्माण भएको र ८ वटा उद्योगका लागि विद्युत प्रशारण लाइन विस्तारको कार्य भएको ।

**४. वातावरणीय क्षेत्र सहयोग कार्यक्रम (उर्जा कार्यक्रम समेत)**

- उर्जा गर्ने प्रक्रिया तथा उपकरण सञ्चालन सम्वन्धी वृत्तचित्र निर्माण गरिएको ।
- नेपालमा कम्पोजिट सिमेन्टको सम्भाव्यता अध्ययन गरिएको ।
- उद्योगहरुमा फोहोरलाई उर्जामा रुपान्तरण गर्ने सम्वन्धी सम्भाव्यता अध्ययन गरिएको।

**५. खनिज अन्वेषण तथा विकास आयोजना**

- खनिज प्रशासन तथा सूचना प्रवाह सफ्टवेयर विकास गरिएको ।
- इमाडोल/तीनकुने काठमाडौंमा प्राकृतिक ग्यास अन्वेशण तथा परीक्षण उत्पादन गरिएको ।

- १६ वटा खानी उत्खननको प्रमाण पत्र प्रदान गरिएको ।
- १९ जिल्लामा द्रुत भूकम्पीय पहिरो अध्ययनको फिल्ड कार्य सम्पन्न गरिएको ।

**६. भू-वैज्ञानिक सर्वेक्षण तथा अनुसन्धान आयोजना**

- अर्मला, पोखरा र सिन्धुपाल्चोकमा आकष्मिक पहिरो अध्ययन गरिएको ।
- एउटा निर्माणमुखी खनिज अन्वेषण गरिएको ।

**७. पेट्रोलियम अन्वेषण परियोजना**

- मोरङ बाहुनी गा.वि.स. ९ स्थित ड्रिलिङ क्षेत्रमा तारवार गरिएको ।
- कार्टोग्राफी नक्सा प्रकाशन गरिएको ।
- सुर्खेत, दैलेख र दाङमा सोर्स एण्ड सिल्ड कार्यक्रम सम्पन्न गरिएको ।

**८. औद्योगिक व्यवसाय विकास प्रतिष्ठान**

- २८० जनालाई उद्यमशीलता विकास तालिम प्रदान गरिएको ।
- २२५ जनालाई व्यवस्थापन तालिम र लाइफ मेनेजमेन्ट वर्कसप सम्पन्न गरिएको।
- तीनवर्षे रणनीतिक योजना (२०७२/०७३-०७४/७५) तयार गरिएको ।
- १८ जनालाई क्षमता अभिबृद्धि तालिम प्रदान गरिएको ।

**९. औद्योगिक लगानी प्रवर्द्धन कार्यक्रम**

- विभिन्न व्यवसायमा कार्यरत ५१ जना उत्कृष्ट महिला उद्यमीहरुलाई सम्मान गरिएको ।
- औद्योगिक प्रतिष्ठानहरुको लैंगिक परिक्षण गर्ने कार्य सम्पन्न भएको। औद्यिगिक पूर्वाधार विकास कार्यक्रम (सिमेन्ट उद्योग खानीस्थल पँहुचमार्ग तथा विद्युतीकरण) को वृत्तचित्र निर्माण भएको।

## ५. वन तथा भू-संरक्षण मन्त्रालय

यस आर्थिक वर्षमा यस मन्त्रालय मार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएको थियो ।

- यस अवधिमा वन क्षेत्रको गैरकानूनी अतिक्रमणमध्ये ६३८ सेक्टर अतिक्रमण हटाईएको। कुल वेरुजु मध्ये ४३ करोड ५१ लाख ९४ हजार वेरुजु फछ्र्योट भई ५७.६४% प्रगति हासील भएको। वन तथा भू-संरक्षण क्षेत्रबाट रु.१ अर्व ४३ करोड ५१ लाख ९४ हजार राजश्व संकलन भएको। हेलो सरकार मार्फत ५० वटा जन गुनासाहरु प्राप्त भएकोमा ४६ वटा गुनासोहरु उपर सम्बोधन भएको। यसै गरी यस अवधिमा भौतिक प्रगति ९२ प्रतिशत र वित्तीय प्रगति ८५ प्रतिशत हासील भएको।
- अनुवांशिक श्रोत (पहुँच उपयोग र लाभको वाँडफाँ) विधेयक तर्जुमा सम्वन्धमा सैद्धान्तिक सहमतिको क्रममा कानुन न्याय संविधान सभा तथा संसदीय मामिला मन्त्रालयमा मिति २०७१।१२।२७ मा पठाइएकोमा सैद्धान्तिक सहमति प्राप्त भएको।
- अन्नपूर्ण संरक्षण क्षेत्रको व्यवस्थापनको म्याद थप गर्ने सम्बन्धी सूचना मिति २०७१ साल फागुन २५ गतेको पत्रबाट नेपाल राजपत्रमा सूचना प्रकाशन गरी लागु भएको ।

- राष्ट्रिय प्राणी उद्यान स्थापना गर्ने सम्बन्धी सूचना मिति २०७१ साल चैत्र १६ गतेको पत्रबाट नेपाल राजपत्रमा सूचना प्रकाशन गरी लागु भएको ।
- जिल्ला वन अधिकृत र जिल्ला भू संरक्षण अधिकृतसँग कार्य सम्पादन सम्झौता गरी उपलव्धिमुलक व्यवसायिक र प्राविधिक ज्ञान सिपमा जोड दिन ३५ जिल्ला वन अधिकृत र १७ जिल्ला भू संरक्षण अधिकृतहरुको सम्वन्धित विभागीय प्रमुखसंग मुख्य क्रियाकलापलाई जोड दिने सूचक सहितको कार्य सम्पादन सम्झौता सम्पन्न भएको ।
- भू तथा जलाधार संरक्षण समिति कास्की गठन गर्ने सम्वन्धी प्रस्ताव मन्त्रिपरिषद्वाट २०७१।७।२० मा स्वीकृति भै लागु भैसकेको ।
- तराईका ११ जिल्लाहरुमा वन दशक कार्यक्रम २०७१-८० कार्यान्वयनमा आएको।
- मिति २०७२।१।१२ को विनाशकारी भूकम्पको कारणवाट मृत्यू भएकाहरु मध्ये ६१८ मृतकको दाहसंस्कारको लागि पशुपतिस्थित आर्यघाट दाउरा दिपोवाट पशुपति तथा भक्तपुर घाटको लागि १४२८.७० क्विन्टलको रु. १४ लाख २८ हजार ७ सय को दाउरा निःशुल्क उपलव्ध गराएको ।
- वन क्षेत्रमा रहेको नीतिगत अस्पष्टता हटाउँदै समग्र वन क्षेत्रलाई मार्गदर्शन गर्नका लागि वन जैविक विविधता र जलाधार क्षेत्रको दिगो व्यवस्थापनद्वारा राष्ट्रिय सम्वृद्धिमा योगदान पुऱ्याउने दुरदृष्टिका साथ वन नीति, २०७१ कार्यान्वयनमा ल्याइएको।
- दर्लभ एंव लोपोन्मुख वन्यजन्तु वनस्पति र जैविक विविधताको वासस्थान विस्तार, वनक्षेत्रको संरक्षण र सुरक्षा एंव पर्यापर्यटन प्रवर्द्धन र विकास गर्दै स्थानीय वासिन्दाको जिविकोपार्जनमा सुधार ल्याउन सहयोग पुऱ्याउन पर्सा वन्यजन्तु आरक्षको पूर्वी क्षेत्र १३६.४७ वर्ग कि.मी.थप गरिएको ।
- सामुदायिक वनको स्वीकृत कार्ययोजना बमोजिम वनको दिगो व्यवस्थापनबाट उत्पादन हुने वन पैदावार -काठ, दाउरा) संकलन गरी उपभोक्ता समूहका सदस्यहरुको आवश्यकता अनुसार समन्यायिक रुपमा सरल र र्सवसुलभ किसिमले आपूर्ति गर्न तथा नियमित, पारदर्शी प्रतिष्पर्धी र न्यायोचित वनाउन सामुदायिक वनको काठ दाउरा संकलन तथा विक्री वितरण निर्देशिका, २०७१ मिति २०७१।९।१ मा स्वीकृत भई कार्यान्वयनका आएको ।
- वन विकास गुरुयोजना २०४६ को समयावधि सकिएपश्चात वन क्षेत्रमा रहेको नीतिगत अस्पष्टता हटाउँदै समग्र वन क्षेत्रलाई मागदर्शन गर्नको लागि वन, जैविक विविधता र जलाधार क्षेत्रको दिगो व्यवस्थापनद्वारा स्थानीय र राष्ट्रिय समृद्धिमा योगदान पुर्‍याउने दुरदृष्टिकासाथ वन नीति, २०७१ कार्यान्वयनमा ल्याइएको।
- विनाशकारी भूकम्प पश्चात पुनर्निमाण कार्यमा काठ दाउराको सहज आपूर्ति व्यवस्थाको लागि चुरे क्षेत्रको दीर्घकालिन गुरुयोजना तयार गरी कार्यान्वयनमा नआएसम्म चुरे क्षेत्रको सामुदायिक वनहरुमा रहेका ढलापडा रुखहरुवाट काठदाउरा संकलन गर्ने व्यवस्था गरिएको ।
- दक्षिण एशियाली राष्ट्रहरुको वन्यजन्तु अपराध नियन्त्रण र अपराध अनुसन्धानमा क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ नेपाल सरकार र विश्व वैंक वीच हस्ताक्षर सम्पन्न गरी "Strengthening the institutional capacity of SAWEN (South Asian Wildlife Enforcement Network to combact wildlife crime in South Asia) परियोजना कार्यान्वयनमा आएको ।
- जलवायु परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण तथा अनुकुलनका उपाय अवलम्वन गरी पहाडी क्षेत्रका साना किसानहरुको अनुकुलन क्षमता अभिवृद्धि गर्नका लागि मध्यपश्चिम विकास क्षेत्रका ७ वटा पहाडी जिल्लामा IFAD को सहयोगमा "Adapatation for smallholders in Hilly Areas (ASHA)" परियोजना कार्यान्वयनमा आएको ।

## ६. राष्ट्रिय योजना आयोग

यस आर्थिक वर्षमा यस आयोगमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएको थियो ।

- विपद् व्यवस्थापन सम्बन्धी श्रोत केन्द्र स्थापना भएको,
- तेह्रौं योजनाको तयारी तथा छपाइ सम्बन्धी कार्य सम्पन्न भएको,
- कोलम्बो प्लानको अधिवेशन सम्पन्न भएको,
- नेपाललाई अतिकम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नती गर्ने रणनीतिक योजना तयारी सन्दर्भमा LDC graduation को मन्त्रीस्तरीय बैठक नेपालमा गरिएको,
- केन्द्रीय तथा स्थानीयस्तरमा अनुगमनसम्बन्धी क्षमता अभिबृद्धि तालिम प्रदान गरिएको छ,
- बार्षिक विकास कार्यक्रम भाग-१ र भाग-२ तयारी तथा प्रकाशन भएको,
- सचिवालयको लागि विकास पत्रिकाको एक वटा अंक प्रकाशन भएको,
- मानव संसाधन नीतिको मस्यौदा तर्जुमा गरिएको,
- Post Disaster Need Assessment पुस्तक प्रकासन गरिएको छ ।
- दीगो विकासका लागि प्रकृति संरक्षण सम्बन्धी राष्ट्रिय रणनीति, २०७२ को मस्यौदा तयार गरिएको छ ।
- आ.व. २०७०/७१ देखि शुरु हुने तेह्रौं योजना -२०७०/७१-२०७२/७३) को विस्तृत दस्तावेज तयार भई प्रकाशन भएको ।
- नेपाललाई अति कम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति गर्न रणनीतिक योजना तयार भएको ।
- विकास पत्रिकाको नियमित प्रकाशन गरेको,
- राष्ट्रिय विकास समस्या समाधान समितिको तीन वटा बैठक सम्पन्न भएको,
- छानिएका २० वटा कार्यक्रम/आयोजनाहरुको अनुगमन भएको।
- फर्निचर, मेशिनरी औजार लगायतका सामान खरीद भएको ।
- कर्मचारीको क्षमता अभिवृद्धि तालिमहरु संचालन भएको ।
- MTEF तर्जुमासम्वन्धी कार्य भएको ।
- विभिन्न् आयोजनाहरुको तेस्रो पक्ष मूल्यांकन भएको ।
- राष्ट्रिय योजना आयोगको बार्षिक प्रगति विवरण प्रकाशन भएको ।
- नेपाल टेलिभिजनबाट मासिक रुपमा विकास वहस नामक कार्यक्रम प्रशारण भएको ।
- नतिजामूलक अनुगमन तथा मूल्यांकन प्रणाली लागू भएको ।
- दशौं राष्ट्रिय औद्योगिक गणना, २०६९ तथा विगतका पाँच वटा औद्योगिक गणना तथ्यांकमा आधारित विश्लेषणात्मक प्रतिवेदनको तयारी तथा सार्वजनिकीकरण भएको ।
- औद्योगिक उत्पादनको सूचकांक निर्माण गर्ने, निर्माण सामग्रीहरुको मूल्य सूचकांक निर्माण, मासिक औद्योगिक उत्पादकको मूल्य सर्वेक्षण, मूल्य सूचकांकसम्बन्धी तालिम सञ्चालन, सूचकांक निर्माणको लागि कृषिजन्य वस्तुहरुको मूल्य संकलनका कार्यक्रमहरु सम्पन्न भएको ।
- राष्ट्रिय कृषिगणना, २०६८ को बिभिन्न नतिजाहरु प्रकाशन भएको ।
- बार्षिक तथा त्रैमासिक राष्ट्रिय लेखा अनुमानलाई प्रारम्भिक संशोधित तथा अन्तिम अनुमानको रुपमा तयार गरिएको ।

- विभिन्न क्षेत्रका आर्थिक सर्वेक्षणहरु सम्पन्न भएको ।
- बार्षिक घरपरिवार सर्वेक्षण, २०७१/७२ को स्थलगत तथ्याङ्क कार्य गरिएको ।
- बार्षिक घरपरिवार सर्वेक्षण, २०७०/७१ को प्रतिवेदन तयार ।
- जनसंख्या प्रक्षेपणसम्बन्धी कार्य सम्पन्न भएको ।
- जनसंख्या मोनोग्राफ तयार भई सार्वजनिकीकरण गरिएको ।
- जनसंख्या घडी तयार भएको ।
- सेन्सस इन्फो तयार गरी जिल्लास्तरमा सार्वजनिकीकरण गरिएको।
- जनसंख्या र आर्थिक सामाजिक विवरण झल्कने एटलस् (Atlas) तयार गरेको।

# परिच्छेद - ६
# भौतिक पूर्वाधार क्षेत्रको निकायगत उपलव्धिहरु

## १. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

यस आर्थिक वर्षमा यस मन्त्रालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएको थियो।

- सडक संजाल बिस्तार भई यातायात आगमनमा सहजता भएको छ ।
- सडक संजालसंग जोडिन बांकी जिल्ला सदरमुकामहरु डोल्पा र हुम्लामा सड़क निर्माणको लागि नेपाली सेना र सड़क बिभागबाट उच्चतम प्रयास भैरहेको छ ।
- तेहौं त्रिबर्षीय योजना (०७०/७१-०७१/७२) को लक्ष्य अनुसार ०७१/७२ सम्म नया सड़क निर्माण को लक्ष्य ३००० कि.मि. निर्माण गर्ने मध्ये ६१ प्रतिशत सम्पन्न भएको छ भने सड़क स्तरोंनती तर्फ १८३१ कि.मि. लक्ष्य रहेकोमा ७० प्रतिशत सम्पन्न भएको छ।
- पूर्व –पश्चिम राजमार्गको संभाव्य खण्ड (नारायणघाट-बुटबल र नारायणघाट पूर्ब) एवं पुलहरुलाई चार लेनमा विकसित गर्न को लागी अध्ययनको प्रक्रिया शुरू गरिएको छ।

क) सडक विभाग तर्फः

- सडक विभागको वार्षिक भौतिक प्रगति ७७.०७ % भएको छ भने वार्षिक वित्तिय प्रगति ८०.३४ प्रतिशत प्रगति भएको छ ।
- यस आ.ब.मा ६४८ कि.मी. माटे सडक निर्माण, ४०१ कि.मी. सडक खण्डास्मित र ६०१ कि.मी. सडक कालोपत्रे स्तरमा स्तरोन्नती भएको छ ।
- यस आ.ब.मा सडक विभाग अन्तर्गत करिब ८९०८ कि.मी. सडकको नियमित तथा ६७८० कि.मी. पटके मर्मत संभार भएको छ ।
- यस आ.ब.मा आवधिक मर्मत तर्फ ३५० कि.मी. सडकको आवधिक मर्मत कार्य सम्पन्न भएको छ।
- रणनैतिक र स्थानिय पुल निर्माण तर्फ कुल ७३ वटा पुलहरु सम्पन्न भएको छ। सम्पन्न भएका मुख्य–मुख्य पुलहरु कोठियाघाट पुल (वर्दिया), वेनिघाट पुल (धादिङ्ग, गोरखा), चतरा पुल, कोशी, लेगुवा खोला पुल– लेगुवा अक्कर तुम्लिङ्गटार सडक (धनकुटा), रोधी खोला मार्किचोक–तनहुं (पृथ्वी राजमार्ग) हुन् । त्यस्तै मध्य पहाडी लोकमार्ग तर्फ १३ वटा पुलहरुको निर्माण सम्पन्न भएको छ भने हुलाकी राजमार्ग आयोजना तर्फ ११ वटा पुलहरुको निर्माण सम्पन्न भएको छ।
- बनेपा–सिन्धुली–बर्दिबास सडकको तेश्रो खण्ड नेपालथोक खुर्कोटको ३२ कि.मि. कालोपत्रे सम्पन्न भएको छ र हाल उक्त सडकको पुरै १६० कि.मि. कालोपत्रे सम्पन्न भई यातायात सञ्चालनमा रहेको छ ।
- यस आ.ब.मा पुष्पलाल (मध्य–पहाडी) लोकमार्गको ६० कि.मि. कालोपत्रे (खुर्कोट–घुर्मी खण्ड, गोठलापानी—झुलाघाट खण्ड र वाग्लुङ्ग खण्ड समेत), ३२ कि.मि. ग्राभेल कार्य (जोरसाल — म्याङ्गलुङ्ग खण्ड) सम्पन्न भएको छ । १३ वटा पुलहरुको निर्माण सम्पन्न भएको छ ।

- उत्तर दक्षिण लोकमार्ग अन्तर्गका सडकहरुमा चालु आ.व.को हाल सम्म प्रगति यस प्रकार छ।
  क) **कर्णाली करिडोर** (खुलालु–लैफु–सिमिकोट खण्ड)कालिकोट, बाजुरा, हुम्ला – ९.५ कि.मि. ट्र्याक निर्माण सम्पन्न भई नेपाली सेनालाई हस्तान्तरण भैसकेको। हिल्सा सिमिकोट सडकको: ७.५ कि.मि. ट्र्याक निर्माण सम्पन्न भएको।
  ख) **कोशी करिडोर** १४.५ कि.मि. ट्र्याक निर्माण सम्पन्न भएको।
  ग) **कालीगण्डकी करिडोर सडकः** १४ कि.मि. ट्र्याक निर्माण सम्पन्न भएको।
- काठमाण्डौ उपत्यका सडक विस्तार आयोजना (व.उ.शि.नं. ३३७१४९) अन्तर्गत चालु आ.व.मा कुल २८ कि.मि. सडक विस्तार गर्ने लक्ष्य रहेकोमा चालु आ.व.मा ११ कि.मि. सडकको विस्तार सम्पन्न भएको छ भने सार्कको लागि ३३ कि.मी. सडक कालोपत्रे (Ovelay) गरिएको छ।
- क्षेत्रीय तथा पर्यटकीय महत्वका सडकहरुमा (व.उ.शि.नं. ३३७१२३) १८४ कि.मि. ट्र्याक निर्माण, ८५ कि.मी. ग्राभेल कार्य र १९ कि. मी. कालोपत्रे सडकमा स्तरोन्नती गरिएको छ ।
- देशै भरिका विभिन्न शहरी क्षेत्रभित्रका (व.उ.शि.नं. ३३७१४८) सडकको निर्माण तथा सुधार गर्ने उद्देश्यले विभिन्न सडकहरुको १२९ कि.मि सडक कालोपत्रे सम्पन्न भएको छ।
- एडिवि अन्तगत संचालित उपक्षेत्रिय यातायात अभिवृद्धि आयोजना (व.उ.शि.नं. ३३७३०४) मार्फत चालु आ.व.मा हर्कपुर–ओखलढुङ्गा सडक को २७.५ कि.मि. ओखलढुङ्गा–सल्लेरी सडकको ५१.७५, नेपालगंज–कोहलपुर सडकको ११.५ कि.मि. र चैनपुर–खांदवारी सडकको ४ कि.मि. गरी जम्मा ९४.६५ कि.मि. सडक कालोपत्रे सम्पन्न भएको छ ।
- सुर्खेत –जुम्ला सडकको (व.उ.शि.नं. ३३७१४२) चालु आ.व.मा कुल १४२ कि.मि. सडक कालोपत्रे गर्ने लक्ष्य मध्ये १३७.५ कि.मि. सडक कालोपत्रे सम्पन्न भएको छ।
- यस आ.व.मा सडक विभागको कूल वेरजु ९ अर्व मध्ये ४ अर्व अर्थात ४४ प्रतिशत वेरजु फछ्यौट भएको छ जस मध्ये ७७.८ प्रतिशत मोविलाईजेशन पेश्की, २१.६ प्रतिशत नियमित र ०.६ प्रतिशत असुली रहेको छ। साथै यस आ.व.मा सडक विभाग अन्तगत रु ४ अर्व ७० करोड वेरजु थप भएको छ।

ख) यातायात व्यवस्था विभाग तर्फः

- कोशी, नारायणी, लुम्बिनी र गण्डकीमा सवारी चालक अनुमतिपत्रसँग सम्बन्धित ४ वटा नयाँ कार्यालय स्थापना, कर्णाली अञ्चलको जुम्लामा यातायात व्यवस्था कार्यालय स्थापना, काठमाण्डौको टेकुमा सवारी जाँच कार्यालय स्थापना साथै देशका विभिन्न १६ स्थानमा यातायात व्यवस्था सेवा कार्यालय स्थापना गरी ती कार्यालयहरुबाट कार्य सञ्चालन भैरहेको ।
- सवारी चालक अनुमतिपत्र वितरणको लागि संचालन गरिने प्रयोगात्मक परीक्षा व्यवस्थित गर्ने निर्देशिका, २०६९ बमोजिम यातायात व्यवस्था कार्यालय कर्णालीमा ट्रायल सेन्टरको निर्माण सम्पन्न भएको साथै अन्य कतिपय कार्यालयहरुमा ट्रायल सेन्टर सुधार गरिएको ।
- यातायात व्यवस्था कार्यालय, मेची, लुम्बिनी र महाकालीको भवन निर्माणको कार्य अन्तिम चरणमा पुगेको ।
- यातायात व्यवस्था कार्यालय,बागमती सवारी चालक अनुमतिपत्र, एकान्तकुनाको लेआउट सुधार तथा कार्यालयमा सि.सि.क्यामेरा जडान गरी सेवा प्रवाहमा सहजिकरण गरिएको ।

- नयाँ स्थापना हुने कार्यालयहरू तथा अन्य कार्यालयहरूका लागि मेशिनरी औजार, कम्प्यूटर, फोटोकपी पेपर, प्रिन्टर, फ्याक्स, जेनेरेटर, इन्भर्टर तथा ट्रायल सेन्टरका लागि सी.सी. क्यामेरा खरीद गरिएको ।
- एफ एम रेडियोबाट सडक सुरक्षासँग सम्बन्धित कार्यक्रम सञ्चालन गरिएको ।
- सूचनामूलक पर्चा, पोष्टर निर्माण तथा वितरणका साथै पत्रपत्रिकाबाट सूचना एवं जानकारीमूलक सामाग्री प्रकाशन गरिएको ।
- सडक दूर्घटना न्यूनीकरणका लागि सचेतनामूलक जिंगल, डकुमेन्ट्री निर्माण गरी रेडियो तथा टेलिभिजनबाट प्रसारण गरिएको ।
- सार्वजनिक सवारी साधनहरुमा यात्रुहरुको सुविधाको लागि दशैं, तिहार तथा छठमा देशका विभिन्न स्थानहरुमा नागरिक Help Desk को स्थापना गरी सेवा उपलब्ध गराइएको ।
- ट्राफिक सचेतना तथा व्यवस्थापनलाई सघाउ पुर्याउन ट्राफिक संकेत चिन्ह निर्माण गरिएको ।
- ट्रायलस्थलमा ट्राफिक लाईट तथा सि.सि.टि.भी. क्यामेरा जडान गरिएको ।
- सवारी चालक अनुमतिपत्र र सवारी दर्ता प्रमाणपत्रलाई Smart Card मा रुपान्तरण गर्ने कार्यका लागि आवश्यक भौतिक पूर्वाधारहरू प्राप्त भई मेची, कोशी, सगरमाथा, नारायणी र बागमतीमा जडानका लागि पठाई सकिएको ।
- आर्थिक वर्ष २०७१/७२ मा ५३० वटा लामो दुरीमा सञ्चालन हुने सवारी साधनहरुलाई रात्री रुट इजाजत पत्र प्रदान गरिएको।
- आर्थिक वर्ष २०७१/७२ मा २१९ वटा विभिन्न मोडेलका सवारी साधन दर्ताका लागि यातायात व्यवस्था कार्लायहरूमा लेखि पठाइएको।
- तोकिए भन्दा बढी भारवहन गर्ने मालवाहक सवारी साधन सञ्चालनमा रोक लगाउनका लागि अधिक भारवहन नियन्त्रण निर्देशिका, २०७१ तयार गरी स्वीकृतिका लागि मन्त्रालयमा पठाउनुका साथै अधिक भार वहन गर्ने मालवाहक सवारी साधन सञ्चालन नियन्त्रण गर्नका लागि धादिङको धार्केमा नियमित रुपमा अनुगमन गर्ने व्यवस्था मिलाई बढी भारवहन गर्ने सवारी साधनहरुलाई कारवाही गरिएको ।
- आ.व. २०७१/७२ मा कूल २,३९,५८३ संख्यामा सवारी साधन दर्ता गरिएको ।
- आ.व २०७१/७२ मा कूल ११ अर्ब ३ करोड ८ लाख ३३ हजार ६३० राजश्व संकलन गरिएको।
- आ.व २०७१/७२ मा  ८१,८७२ नयाँ सवारी चालक अनुमतीपत्र वितरण गरिएको ।
- आ.व. २०७१/७२ सम्ममा कूल बेरुजु रु.४८ करोड ८९ लाख २२ हजार बेरुजुमध्ये रु.३५ करोड ९३ लाख ७५ हजार बेरुजु फछ्र्यौट भई ७३.५ प्रतिशत प्रगति भएको।

ग) रेल विभाग तर्फः

- पुर्व पश्चिम रेलमार्गको सिमरा तमसरिया तथा तमसरिया बुटवल खण्डको DPR प्रतिवेदन प्राप्त भएको छ।
- निजगढ हेटौडा भरतपुर रेलमार्गको सम्भाव्यता अध्ययनको परामर्शदाता नियुक्त भएको छ।
- बर्दिबास सिमरा रेलमार्ग खण्डमा मुआब्जा विवाद समाधान गरी निर्माण कार्यमा प्रगति भएको। सोहि खण्डमा पुल निर्माणका लागि समेत ठेकेदार नियुक्त भएको छ।

- EIA स्वीकृति अन्तिम चरणमा रहेको।

## २. सहरी विकास मन्त्रालय

यस आर्थिक वर्षमा यस मन्त्रालय मार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएको थियो।

**खानेपानी तथा सरसफाई क्षेत्र**

- २७९ खानेपानी आयोजनाहरु सम्पन्न भई थप ७४४००० जनसङ्ख्या आधारभूत स्तरको खानेपानी सेवा प्राप्त गरी लाभान्वित भएका छन् ।
- १२ मध्यम तथा उच्च स्तरको खानेपानी आयोजनाहरु सम्पन्न भई थप २१२००० जनसङ्ख्या मध्यम तथा उच्च स्तरको खानेपानी सेवा प्राप्त गरी लाभान्वित भएका छन्
- आ.व. २०७१।७२ मा २९८ गा.वि.स. ५९ नपा र १२ जिल्लाहरु ODF घोषणा भएका छन्। यस सगै कूल १८१४ गा.वि.स ७६ नफा २७ जिल्लाहरु ODF घोषणा भएका छन्। साथै ODF क्षेत्रको दिगोपनाको लागि Post ODF कार्यान्वयनमा ल्याईएको छ।
- ग्रामीण खानेपानी तथा सरसफाई कोष अन्तर्गत १५४ वटा आयोजनाहरु सम्पन्न भई १,३४,३८७ सङ्ख्यामा ग्रामीण खानेपानी सुविधाबाट थप जनसङ्ख्या लाभान्वित भएको छ।
- मेलम्ची खानेपानी प्राप्त भए पछि समानुपातिक पानी वितरणको लागि आवश्यक थोक वितरण प्रणाली सुधार र पानी पोखरी निर्माण कार्य शुरु भई जम्मा २८० कि.मी बिछ्याईसकिएको र ६ वटा पानी पोखरी निर्माण कार्य शुरु भई कार्य भईरहेको छ।
- काठमाडौं उपत्यका मा ढल व्यवस्थापनको लागि काठमाडौ उपत्यका ढल व्यवस्थापन आयोजना शुरु भई ढल प्रशोधन केन्द्रहरुको Conceptual design र नदि किनारमा ढल Interceptor राख्ने कार्यको design भई केहि व्याकेज बोलपत्र प्रकृयामा गईसकेको छ ।
- बागमती क्षेत्र पूर्वाधार विकास आयोजना अन्तर्गत ३९.४ कि.मी ढल निर्माण सम्पन्न भई १५.५ कि.मी सडक समेत निर्माण गरिसकिएको छ भने ३१.२४ कि.मि. नदि नियन्त्रण सम्बन्धी कार्य नियन्त्रण गरी ६.५ कि.मी. नदि तटबन्ध निर्माण भएको छ ।
- यस अवधिमा मेलम्ची खानेपानी आयोजना अन्तर्गत ६.६ कि.मी. सुरुङ्ग निर्माण गरी जम्मा १३.०२ कि.मी. सुरुङ्ग निर्माण कार्य सम्पन्न। चालु आर्थिक वर्षको ९१०० घन मिटर समेत गरी समग्रमा ११४०० घन मिटर कंक्रीट ढलान कार्य सम्पन्न भएको छ साथै पानी प्रशोधन केन्द्रमा यस वर्ष २६% समेत गरी जम्मा ७१% निर्माण कार्य सम्पन्न भएको छ ।

**भवन निर्माण तथा आवास क्षेत्र तर्फ**

- सघन सहरी विकास आयोजना अन्तर्गत यस अवधिमा ३९ जिल्लाहरुमा आवधिक योजना कार्यान्वयन गर्ने कार्य र १० वटा करिडोरहरुको निर्माणको विभिन्न चरणमा रहेको छ। साथै १८ वटा जिल्लाहरुमा विभिन्न पुर्वाधार निर्माणको विभिन्न चरणमा रहेको ।
- मझौला शहर एकीकृत शहरी वातावरणीय सुधार आयोजना अन्तर्गत बुटवल अटोभिलेज को Design तयार भई Bid document ADB द्वारा स्वीकृत भएको र IFB प्रकाशित भई Bid

Evaluation भएकोमा कुनै पनि Bidder Quality नभएकोले Rebidding मा प्रक्रियामा रहेको छ। बुटवल न.पा.को एकीकृत फोहरमैला व्यवस्थापन कार्य (ISWM) ठेक्का सम्झौता भई सम्पन्न भएको छ भने बुटवल न.पा. वडा नं. ९ र १० मा खानेपानी प्रणालीको निर्माण सुधार कार्य को ठेक्का सम्झौता भई सम्पन्न भएको छ। विरगंज उप.म.न.पा.मा एकिकृत फोहरमैला व्यवस्थापन (ISWM) को Re-Bidding प्रक्रियामा रहेको छ भने विरगंज उप.म.न.पा.मा र विराटनगर उप.म.न.पा.मा Sewerage drainage र road lane improvement को सिभिल कार्य शुचारु भएको छ।

- नमूना एकीकृत बस्ती विकास कार्यक्रम (तराई, मधेश, पहाड, हिमाल) अन्तर्गत ३० वटा न.पा. नभएका जिल्ला सदरमुकाहरुको एकीकृत पूर्वाधार विकास निर्माण कार्यको चरणमा रहेको छ भने ४० जिल्लाको ७२ वटा स्थानमा एकीकृत वस्ती विकास निर्माण कार्यको चरणमा रहेको। ८ वटा स्थानमा एकीकृत घनावस्ती कार्यक्रमको निर्माण कार्यको चरणमा रहेको छ।
- शहरी शासकीय क्षमता तथा विकास कार्यक्रम अन्तर्गत MST सम्झौता भई कार्य परिचालनमा रहेको छ। १६ वटै Sub Project परियोजनाहरुको ठेक्का सम्झौता भई निर्माण कार्यको चरणमा रहेको छ भने ६ वटा न.पा.हरुको शहरी नक्सांकन तयार गर्न सम्झौता भई नक्साङ्कन कार्य भैरहेको छ।
- एकीकृत सहरी विकास आयोजना अन्तर्गत नेपालगंज र सिद्धाथनगर न.पा.मा storm drainage & road improvement को ठेक्का सम्झौता भई सिभिल कार्य भइरहेको छ। सिद्धार्थनगर न.पा.मा. Integrated Solid Waste Management (ISWM) को IFB(Tender Notice) जारी भई Bid evaluation हुँदै छ भने धरान न.पा. मा खानेपानीका Bid evaluation सम्पन्न भई ADB बाट सहमति प्राप्त भई ठेक्का सम्झौता भएको छ। जनकपुरमा storm Drainage & Road Improvement Technical Evaluation हुँदै गरेको र जनकपुरमा ISWM को लागि Transitional Plant तयार भई कार्यान्वयनको चरणमा रहेको छ। ISWM को दिर्धकालिन व्यवस्थाको लागि जग्गा खरीदको लागि बजेट निकासाको अनुरोध समेत गरी सकिएको छ।
- काठमाडौं उपत्यका विकास प्राधिकरण मार्फत निर्देशित जग्गा विकास कार्यक्रम अन्तर्गत प्रस्तावित बाटो खोल्ने, पर्खाल सार्ने र लगाउने तथा ग्राभेल गर्ने जम्मा १० कि. मि. सम्पन्न भइसकेको छ। सहरी सडक विस्तार कार्यक्रम अन्तरगत काठमाडौ उपत्यकाको विभिन्न भागमा सडक चौडा गर्ने पर्खाल लगाउने, सार्ने तथा सुधार गर्ने कार्य (क्षतिपूर्ति र योजना तयार समेत) २३.६ कि. मि. सम्पन्न भएको छ।
- सार्वजनिक जमिनको पहिचान गरी फेन्सिङ गर्ने, टेवा पर्खाल लगाउने, सिमा पर्खाल लगाउने, भुइमा ढुग्गा विच्छ्याउने, हरियाली विकास गर्ने कार्यका लागि ११.२ कि. मि. सम्पन्न भइसकेको छ। बाहिरी चक्रपथ विकास आयोजना-पैयाँटारदेखि टोखा महांकाल सम्म ६ कि.मी. DPR तयार भएको छ भने थली डाँछी र खरीपाटी क्षेत्रमा जग्गा विकासका लागि ५१ प्रतिशत जग्गाधनीहरुको सहमति प्राप्त गर्ने प्रक्रियामा रहेको छ। वाहिरी चक्रपथ क्षेत्रमा वातावरणीय, सामाजिक प्रभाव मुल्यांकन गर्ने कार्यको अन्तिम प्रतिवेदन तयार भई स्वीकृतिको क्रममा रहेको।
- गत आ.व.मा निर्माण सम्पन्न ४०५ आवास इकाई समेत हालसम्ममा ५७२९ जनता आवास इकाइको निर्माण सम्पन्न भइसकेको छ भने झण्डै १६०० वटा आवास इकाइ निर्माणाधिन

छन। यसबाट न्युन आय वर्ग तथा विपन्न लक्षित वर्गलाई आवासको व्यवस्था गरी सामाजिक न्याय स्थापना गर्ने दिशामा उल्लेख्य पहलको शुरुवात भएको छ।

## ३. सिंचाइ मन्त्रालय

यस आर्थिक वर्षमा यस मन्त्रालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएको थियो ।

- **मन्त्रालयको समष्टिगत प्रगतिः** वार्षिक विनियोजित बजेट - रु. **१६,१८,०४,०९.५६** हजार, वार्षिक संशोधित बजेट - रु. **१७,५०,४१,०६.५६** हजार, खर्च - रु. **१४,८८,९१,८१.६८** हजार, **वित्तिय प्रगतिः ८५.०६%, कूल भौतिक प्रगतिः ८९.८६ %**
- आ. व. २०७१/०७२ सम्ममा कुल सिंचित क्षेत्रफल १३,७३,४८३ हेक्टर (कृषक कुलो सुधार समेत) पुगेको तथा जलउत्पन्न प्रकोप नियन्त्रण तर्फ हालसम्म ८२८.४ कि.मी. (जनताको तटबन्ध, भारतिय सहयोगमा संचालित नदि नियन्त्रण र अन्य प्रकोप नियन्त्रण समेत गरी) तटबन्ध निर्माण भएको।

| क्र. सं. | विवरण<br>मुख्य मुख्य योजना आयोजना/ कार्यक्रमहरु | प्राप्त उपलब्धी | कैफियत |
|---|---|---|---|
| १. | सिचित क्षेत्र विस्तार | | |
| क) | सतह सिंचाइ आयोजनाहरुबाट | १,५८६ हेक्टर | |
| ख) | भुमिगत सिंचाइ आयोजनाहरुबाट | २०,५०८ हेक्टर | |
| ग) | नयाँ प्रविधिमा आधारित सिंचाइ कार्यक्रम | ५५८ हेक्टर | |
| २. | कृषक कुलो सुधार | २६,४५७ हेक्टर | |
| ३. | विद्ममान सरकार व्यवस्थित सिंचाइ प्रणालीहरुबाट | ३२६,००० हेक्टर | |
| ४. | नदि नियन्त्रणका लागी तटवन्ध निर्माण | २१.४ कि.मि. | |
| ५. | आ. व. २०७१/०७२ सम्ममा कुल सिंचित क्षेत्रफल | १३,७३,४८३ हेक्टर | |
| ६. | आ. व. २०७१/०७२ सम्ममा कुल तटबन्ध निर्माण | ८२८.४ कि.मी. | |

| सि.नं. | निकाय | विनियोजित वजेट | संशोधन पछि कायम भएको वजेट | खर्च भएको वजेट | वित्तिय प्रगति % | भौतिक प्रगति % |
|---|---|---|---|---|---|---|
| १ | सिंचाइ मन्त्रालय | ६,९४,२७.५६ | २,९४,२७.५६ | २,५९,८१.६८ | ८८.२९ | ८४.६७ |
| २ | सिंचाइ विभाग | १२,९१,०६,८८ | १२,९९,७२,१७ | ११,२१,७३,८४ | ८६.३१ | ९०.४८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | जल उत्पन्न प्र.नि. विभाग | २,९४,७६,५७ | ४,२२,४८,२५ | ३,४२,६६,९५ | ८१.११ | ८७.७० |
| ४ | भूमिगत जलस्रोत विकास समिति | २५,२६,३७ | २५,२६,३७ | २१,९१,२१ | ८६.७४ | ९३.० |
| **जम्मा** | | १६,१८,०४,०९.५६ | १७,५०,४१,०६.५६ | १४,८८,९१,८१.६८ | ८५.०६ | ८९.८६ |

## ४. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

यस आर्थिक वर्षमा यस मन्त्रालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएको थियो ।

- नयाँ थप ६१ नगरपालिकाहरु गठन भएको ।
- स्थानीय राजश्व प्रशासन सम्बन्धी नियमावली तयारी चरणमा रहेको ।
- स्थानीय भू-उपयोग योजनाको कार्यविधि तयारीको चरणमा रहेको।

| **क्षेत्र** | **कृयाकलाप** | **इकाई** | **वार्षिक परिमाण** | **आ.व. २०७१/७२ को उपलव्धी परिणाम** |
|---|---|---|---|---|
| सडक | सडक पुल | वटा | ४२७ | १६८ |
| | आकाशे पुल | वटा | २ | १ |
| | नयाँ ट्र्याक खोल्ने | कि.मि | १९०० | १८८३ |
| | सडक कालोपत्रे | कि.मि | ३००० | २७१८ |
| | सडक ढल | कि.मि | २५०० | २४०९५ |
| सिंचाई | नहर मर्मत | मिटर | ३४२५ | ३४७४ |
| | सिंचाई पोखरी निर्माण | घन मिटर | २२५०६ | १८१६६ |
| | कुलो सर्वेक्षण | गोटा | ६८ | ५७ |
| खानेपानी | खानेपानी योजना | वटा | ४३११ | २५६३ |
| | नयाँ ट्युवेल/वेरिङ्ग | गोटा | २४३३ | १७५२ |
| | खानेपानी मेन लाईन विस्तार | कि.मि | २४३३ | १७५२ |
| | घरायसी शौचालय | वटा | १८९३० | ९२४४ |
| | खुला दिशामुक्त कार्यक्रम | पटक | २९५ | २५५ |


| | | | | |
|---|---|---|---|---|
| आवास/ भवन | बाल विकास केन्द्र | वटा | ८८ | ९६ |
| | गा.वि.स. भवन | वटा | ५० | ३३ |
| | वृद्धाश्रम निर्माण | वटा | ५६ | ४७ |
| | स्वास्थ्य उपस्वास्थ्य चौकी | वटा | ११ | ९ |

- समाजमा जेष्ठ नागरिक, एकल महिला, दलित वर्ग, लोपोन्मुख आदिवासी जनजाति एवं अशक्त अपाङ्गता भएका नागरिकहरुको सामाजिक सुरक्षा सम्बन्धी व्यवस्थालाई सुनिश्चित गर्न तथा सहज जीवन यापनाका लागि सहयोग पुर्याउने लक्ष्य लिई सामाजिक विकासका कार्यक्रमहरु संचालन भएका छन्।
- आ.व. २०७१/७२ मा कुल ३ लाख ६४ हजार ६ सय ४५ जन्म दर्ता भएको छ जुन गत वर्ष १० लाख २९ हजार ६ सय ८१ रहेको थियो। सामान्यतया जन्म दर्ता भन्दा मृत्यु दर्ता कम हुने भएतापनि विगतका वर्षहरु देखिनै जन्म दर्ताको तुलनामा मृत्यु दर्ता निकै नै कम देखिन्छ। चालु आर्थिक वर्षमा कुल ५१ हजार ४ सय ५७ मृत्यु दर्ता भएकोमा गत वर्षको पुर्ण अवधीमा यो संख्या १ लाख २१ हजार ८ सय ४९ रहेको थियो । यसबाट मृत्यु दर्ता गर्ने परिपाटी देशभित्र पूर्णरुपमा व्यवस्थित भएको देखिँदैन ।

| क्र.सं. | व्यक्तिगत घटना | विवरण | वि.सं. २०६८ | वि.सं. २०६९ | वि.सं. २०७० | २०७१/७२* |
|---|---|---|---|---|---|---|
| १ | जन्म दर्ता | महिला | २५८०८९ | ३८५५३६ | ४८८८०२ | १७२६२७ |
| | | पुरुष | २९७८५७ | ४२९४८५ | ५४०८७९ | १९२०१८ |
| | | जम्मा | ५५९४४० | ८२२४२९ | १०२९६८१ | ३६४६४५ |
| २ | मृत्यु दर्ता | महिला | ३४०९७ | ४३०४५ | ४८२७० | १७३९४ |
| | | पुरुष | ८५३९६ | ६९८२३ | ७४०८७ | ३४०६३ |
| | | जम्मा | १२०३९४ | ११३३६८ | १२१८४९ | ५१४५७ |
| ३ | विवाह दर्ता | | १७८१९६ | २०८२११ | १३७३१६ | ८४१५६ |
| ४ | सम्बन्ध विच्छेद दर्ता | | ४०७ | ५५७ | ११०४ | ४३८ |
| ५ | बसाइ सराइ दर्ता | | ९०५५८ | ८१९४६ | ९४६१३ | ५२९६७ |
| ६ | वसाइ सरी गएको संख्या | | १५२८१२ | १३७४९९ | १४१८७१ | ८२६८८ |
| | बसाइ सरी आएको संख्या | | १७१५६० | १५८९०१ | १६७०३४ | ११३६०५ |
| | बसाइ सराई गर्ने जम्मा संख्या | | ३२४८८९ | २९६२५१ | ३०८९८१ | १९६१७० |

**स्रोत केन्द्रीय पन्जीकरण विभाग २०७२**

## जन्म तथा मृत्यु दर्ता




## सामाजिक सुरक्षा

आ.व. २०७१/७२ मा जेष्ठ नागरिक ९ लाख ५१ हजार ४ सय १९ जता, विधवा तथा ६० वर्ष माथिका एकल महिला ६ लाख ४८ हजार ५ सय ५३ जना, लोपोन्मुख आदिवासी जनाजाति २० हजार ३ सय ८ जना, पूर्ण अशक्त अपांग २७ हजार २ सय ३ जना, आंशिक अशक्त अपांग ६ हजार ३ सय ७५ र कर्णाली अञ्चल तथा दलित परिवारका ५ वर्ष मुनिका विपन्न दलित परिवारका तथा कर्णाली अञ्चलका बालबालिका ५ लाख ६ हजार ७ सय १८ जना समेत जम्मा २१ लाख ६० हजार ५ सय ७६ जनाले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका छन् । गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने संख्यामा १२ हजार १९ ले कमी आएको छ ।

### सामाजिक सुरक्षा भत्ता वितरण

| लक्षित समूह | मासिक दर (रु) | आर्थिक वर्ष | | |
|---|---|---|---|---|
| | | २०६९/०७० | २०७०/०७१ | २०७१/०७२* |
| | | संख्या | संख्या | संख्या |
| जेष्ठ नागरिक | ५०० | ६६३६९३ | ६५५७३७ | ६८८९३० |
| जेष्ठ नागरिक (दलित) | ५०० | १७०८२५ | २४४६४६ | २३४६३४ |
| जेष्ठ नागरिक (कर्णाली) | ५०० | २९६२६ | २८७९७ | २७८५५ |
| ६० वर्ष माथिका एकल महिला | ५०० | ३६१३५० | ३४११०६ | २३१३५२ |
| ६० वर्ष मुनिका एकल महिला (विधवा) | ५०० | २१९९३३ | ३१३६१३ | ४१७२०१ |
| पुर्ण अपाङ्गता भएका व्यक्ति | १००० | २२१३८ | २५४९२ | २७२०३ |
| आशिंक अपाङ्गता भएका व्यक्ति | ३०० | ६७७४ | ६८६३ | ६३७५ |
| लोपोन्मुख आदिवासी/जनजाती | १००० | १८८२५ | १९२२३ | २०३०८ |
| बलबालिका | २०० | ५५१९१६ | ५३७११८ | ५०६७१८ |
| कुल जम्मा | | २०४५०८० | २१७२५९५ | २१६०५७६ |

## ६. सूचना तथा सञ्चार मन्त्रालय

यस आर्थिक वर्षमा यस मन्त्रालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएको थियो।

- विद्युतीय आमसञ्चार माध्यमहरु टि.भी. १७ वटा, रेडियो तथा एफ.एम. रेडियो ३३२ वटाले २०७२ जेठ १० गते देखि असार १० गते सम्म लोककल्याणकारी विज्ञापन प्रसारण गरेका ।
- रु. २ लाख राशीको राष्ट्रिय पत्रकारिता पुरस्कार—२०७१ श्री धर्मेन्द्र झा, धनुषालाई तथा जनही रु. २ लाख राशीका वरिष्ठ पत्रकार सम्मान—२०७१ वाट वरिष्ठ पत्रकार त्रय (१) श्री कुसुम केशव पराजुली, कास्की (२) श्री तेज प्रकाश पण्डित, तनहुँ र (३) श्री मेघराज शर्मा, पाल्पालाई प्रदान गरिएको ।
- राष्ट्रिय चलचित्र नीति नेपाल सरकारबाट पारित भई कार्यान्वयनमा आएको ।
- ब्रोडब्याण्ड नीति २०७१, नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७१।१२।२९ को निर्णय बमोजिम स्वीकृत भएको ।
- आमसञ्चार नीतिको मस्यौदा तयार भएको। साथै सुरक्षण मुद्रण सम्बन्धी कानुन तर्जुमाका लागि कार्यदल गठन भएको।
- नेपाल टेलिभिजन र रेडियो नेपाललाई गाभी सार्वजनिक प्रसारण संस्था (PSB) बनाउन समिति गठन भई कार्य अगाडि बढाईएको ।
- दूरसञ्चारको क्षेत्रमा पूर्वाधारको सह प्रयोग सम्बन्धी निर्देशिका तयार भई स्वीकृतीको क्रममा रहेको। साथै नेपाल टेलिकममा रणनीतिक साझेदार भित्र्याउने सम्बन्धी कार्य अघि बढेको ।

- राष्ट्रिय प्रसारण नियमावली २०५२ को अनुसूचीमा संशोधन भएको। साथै राष्ट्रिय प्रसारण नियमावली २०५२ र रेडियो सञ्चार-लाईसेन्स नियमावली २०४९ मा समयानुकूल परिमार्जनका लागि समिति गठन भई कार्य भई रहेको।
- रेडियो नेपालको पहुँच जनसंख्याको ८८ प्रतिशत, भौगोलिक आधारमा ७१ प्रतिशत रहेको र रेडियो नेपाल एफ. एम. मा जनसंख्याको आधारमा ४५ प्रतिशत र भौगोलिक आधारमा ३५ प्रतिशत पुगेको ।
- १८ औ सार्क शिखर सम्मेलन सम्बन्धि कार्यक्रमको प्रत्यक्ष प्रसारण गरिएको ।
- संविधान सभामा भएका कार्यक्रमहरुको प्रत्यक्ष प्रसारण गरिएको ।
- रेडियो नेपालको सेवालाई सवै जिल्लामा पुग्ने गरी क्रमशः विस्तार गर्ने कार्यले निरन्तरता पाएको छ।
- दूरसञ्चार क्षेत्रमा विकसित ३ जी र ४ जी लगायतका नविनतम प्रविधिको सञ्चालन प्रारम्भ भएको छ।
- सरकारी सञ्चार माध्यमको रुपमा रहेको नेपाल टेलिभिजन ३ वटा च्यानलहरुबाट प्रसारण भईरहेको। तेश्रो च्यानलको प्रसारण २०७१ कार्तिकबाट शुरु भएको ।
- पूर्वाञ्चलबाट क्षेत्रीय प्रकाशनको लागि बिराटनगरमा जग्गा खरिदको प्रक्रिया अघि बढेको।
- गोरखापत्र संस्थानमा नयाँ प्रेस मेशिन जडान गरी परिक्षण संचालन सम्पन्न भएको।
- १८ औ सार्क सम्मेलन देखि अनलाईन सेवा शुरु भएको ।
- आय आर्जनमा बृद्धि गर्न भौतिक सम्पत्तीहरुको व्यावसायिक उपयोग गर्ने तर्फ गृहकार्य भईरहेको।
- दक्षिण एशियाली राष्ट्रहरुको विविध विषयहरुको संगालो सार्क पुस्तक प्रकाशन गरेको।
- हरेक हप्ता मिट द प्रेस मार्फत सरकारका गतिविधिहरुको सम्प्रेषण हुने गरेको ।
- लैङ्गिक विभेद न्यूनीकरण तथा समावेशी विकास सम्बन्धी टेलिचलचित्र र सामाजिक कुरिती न्यूनीकरण सम्बन्धी बृत्तचित्र निर्माण र प्रसारण नेपाल टेलिभिजन मार्फत भएको ।
- सासेक सूचना राजमार्ग आयोजना मार्फत ३० वटा सामूदायिक सूचना केन्द्र स्थापना र १७० कि.मी. अप्टिकल फाईवर विच्छ्याउने कार्य भईरहेको ।
- रिचिङ दि अनरिच्ड एस.डि.एफ. आई.सि.टि. प्रोजेक्ट मार्फत मूलूकका ५२ जिल्लाका ८१ स्थानमा ५ वटा नमूना भवन -खोटाङ, रामेछाप, स्याङजा, हुम्ला र अछाम जिल्लामा सहित सामूदायिक सूचना केन्द्र स्थापना गर्ने कार्यक्रम रहेकोमा हाल ९१ प्रतिशत काम सम्पन्न भएको।
- मध्य पहाडी लोक मार्ग र सबै जिल्ला सदरमुकामसम्म अप्टिकल फाईवर पुर्‍याउन ग्रामीण दूरसञ्चार विकास कोष RTDF परिचालन बारे अध्ययन कार्य शुरु भएको। साथै अर्विटल स्लट स्थापनाका लागि अध्ययन गर्न कार्यदल गठन भएको ।
- मुद्रण विभागबाट वि.सं. २००८ साल देखि हालसम्म प्रकाशित राजपत्रहरुको विद्युतीय अभिलेखिकरण कार्यक्रम अन्तर्गत हालसम्म २०६७ सालसम्मको अभिलेखीकरण कार्य सम्पन्न भएको।
- पत्रकारहरुको दुर्घटना बीमा (व्यवस्थापन) निर्देशिका २०७० स्वीकृत भई कार्यान्वयनमा आएको।

- द्वन्द पीडित पत्रकार कल्याण कोष-स्थापना र सञ्चालन निर्देशिका, २०७० स्वीकृत भई कार्यान्वयनमा आएको ।
- नेपाल पत्रकार महासंघ जिल्ला शाखा भवन निर्माण अन्तर्गत चालू आ. व. मा ५ वटा जिल्ला शाखाहरु (जाजरकोट, गुल्मी, सुर्खेत, धनकुटा र ताप्लेजुङ्ग) लाई उपलव्ध गराई हालसम्म १६ वटा जिल्ला शाखाहरुले अनुदान प्राप्त गरेका।
- आमसञ्चार प्रशिक्षण प्रतिष्ठान स्थापनाका सन्दर्भमा विस्तृत अध्ययन गरी सुझाव सहितको प्रतिवेदन पेश गर्न गठन भएको कार्यदलले प्रारम्भिक मसौदा तयार गरेको अध्ययन भइरहेको।
- पत्रकारहरुका लागि घरदैलोमा पुगी परिचय पत्र वितरण गर्न घुम्ती शिविर, श्रमजीवी पत्रकार सचेतना कार्यक्रम विभाग, प्रेस काउन्सिल, न्यूनतम पारिश्रमिक निर्धारण समिति र पत्रकार महासंघको संयुक्त आयोजनामा सञ्चालन गरिएको ।
- पत्रकार क्षमता विकासका लागि पत्रकार आदानप्रदान कार्यक्रम मार्फत तराई मधेश, पूर्वकालाई पश्चिम र पश्चिमका पत्रकारलाई पूर्व पुऱ्याई पत्रकारहरुलाई पहाड र पहाड हिमालको पत्रकारहरुलाई तराई मधेशको भूवनोट, साँस्कृति र रहन सहन देखाउने कार्यक्रम सञ्चालन गरेको।
- पत्रकार क्षमता विकास कार्यक्रम अन्तरगत आधारभूत तथा सेवाकालीन पत्रकार तालिम तथा दृष्टिविहिनहरुका लागि रेडियो उद्घोषण तालिम विभिन्न जिल्लाहरुमा सञ्चालन गर्दै आएको छ। साथै पत्रकारिता क्षेत्रमा संचालित तालिमहरुलाई समावेशी बनाइएको।
- हुलाक सेवा विभाग र विभिन्न जिल्ला हुलाक कार्यालयहरुको भवन निर्माण लगायत भौतिक संरचनामा सुधार भईरहेको ।
- ३८ वटा हुलाक कार्यालयहरुमा काउण्टर अटोमेशन सम्पन्न भएको, १९ जिल्लामा काम जारी रहेको। ५९ जिल्लामा हुलाक बचत बैंकको स्तरोन्ती र बचत बैंक मार्फत रेमिटयान्स भित्र्याउने कार्यले निरन्तरता पाईरहेको । ४०१ वटा टेलिसेण्टर हुलाक सेवा विभाग अन्तर्गत सञ्चालनमा रहेको।
- एभरेष्ट म्याराथुन, मनकामना दर्शन, नेपाल जेसीस, बि. पि. कोईराला, टि-ट्वान्टी क्रिकेट लगायतका टिकट प्रकाशन गरी प्रयोगमा ल्याईएको।
- सूचनाको हक प्रवर्द्धनसँग सम्बन्धित राष्ट्रिय स्तरका गोष्ठी सेमिनारहरुको सञ्चालन ।
- सार्वजनिक निकायका प्रमुख र सूचना आधिकारीहरुलाई सूचनाको हक सम्बन्धी अभिमूखीकरण कार्यक्रमको सञ्चालन र प्रशिक्षक प्रशिक्षण कार्यक्रमको सञ्चालन ।
- सूचनाको हक सम्बन्धी बिभिन्न प्रचार सामाग्रीहरु र चेतनामूलक सन्देश आदिको उत्पादन र प्रशिक्षण गरेको ।
- सूचना अधिकारी तोक्ने कार्यमा व्यापकता आ. व. ०७१।७२ को करिव १,७०० को संख्यामा बृद्धि भै यस अवधिमा ४,००० पुगेको छ ।
- सर्वसाधारणमा सूचनाको हकको महत्व बारेमा बोध बढेको छ।
- चलचित्र सम्बन्धी अध्ययन अनुसन्धान एवं विद्वत वृद्धिका लागि प्रोत्साहन गर्न बोर्डबाट छात्रवृत्ती प्रदान गरिएको।

- दोलखा जिल्लाको डाडडुङ्गे डाँडामा अन्तर्राष्ट्रिय स्तरको चलचित्र नगरी निर्माणको लागि जग्गाको भोगाधिकार लिन सम्पादन गर्नुपर्ने सम्भाव्यता अध्ययन र वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी कार्यका लागि परामर्शदाता छनौट गरी उक्त परामर्शदातासंग सम्झौता भएको।

## ७. विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय

- "विज्ञान प्रविधि र आविष्कार : दिगो विकासको आधार" भन्ने नाराका साथ राष्ट्रिय विज्ञान दिवस २०७१, विज्ञान प्रविधि सम्बन्धी प्रदर्शनी सहित विभिन्न कार्यक्रमका साथ सम्पन्न भएको। सो अवसरमा कीर्तिपुरमा निर्मित वि. पि. कोईराला राष्ट्रिय विज्ञान संग्रहालय भवनको सम्माननीय प्रधानमन्त्री श्री सुशील कोइरालाज्यूबाट समुदघाटन भएको।
- प्लाष्टिक झोला (नियमन तथा नियन्त्रण निर्देशिका), २०६८ मा संशोधन गरी नेपालभर ३० माइक्रोनभन्दा पातला झोलाहरुको उत्पादन, आयात, भण्डारण, विक्री वितरण तथा प्रयोगमा रोक लगाउदै नेपाल सरकारको निर्णयनुसार २०७२ साल बैशाख १ गतेदेखि काठमाडौ उपत्यकालाई प्लास्टिक झोला मुक्त क्षेत्र घोषणा भई नियन्त्रणका बिभिन्न कार्यक्रमहरु संचालन हुदै आएका छन्। यस कार्यक्रम अन्तर्गत बैशाख ८ देखि १२ सम्म १८ वटा अनुगमन टोली खटाई उपत्यकाका सवै नगरपालिकाको क्षेत्रभित्र अनुगमन तथा प्रचारात्मक कार्यक्रम गरी अनुगमनको क्रममा उपत्यकाका बिभिन्न स्थानबाट १४.३ क्विण्टल प्लास्टिक झोला नियन्त्रण गरिएको छ।
- पेन्ट (रंङरोगन) मा हुने अत्यन्तै जोखिमपूर्ण रसायनको रुपमा रहेको शिशा (Lead) को मात्रा निर्धारण सम्वन्धी मापदण्डको सूचना मिति २०७१/९/७ मा नेपाल राजपत्रमा प्रकाशन गरिएको।
- नेपाल सरकारले ओजन तहलाई नष्ट गर्ने पदार्थको खपतमा क्रमिक रुपमा न्यूनिकरण गर्दै जाने प्रतिवद्धता जनाए अनुसार हाइड्रोक्लोरोफ्लोरो कार्वन विस्थापन योजना सम्वन्धी सूचना नेपाल राजपत्रमा मिति २०७१/९/७ गते प्रकाशन गरिएको।
- नेपाल पक्ष राष्ट्र भएको वासेल महासंन्धिमा उल्लेखित एस्वेस्टोस प्रतिबन्ध सम्बन्धी सूचना मिति २०७१/९/७ गते नेपाल राजपत्रमा प्रकाशन गरिएको।
- जोखिमपूर्ण (खासगरी अस्पतालजन्य) पदार्थहरुको वातावरण मैत्री तवरले उचित विसर्जन गर्न भष्मिकरण प्रविधि प्रयोग हुने इन्सिनिरेटरको सञ्चालन, सञ्चालनबाट निष्कासन हुने धुँवा र चिम्नीको उचाइ सम्बन्धी मापदण्डको सूचना मिति २०७१/९/७ गते नेपाल राजपत्रमा प्रकाशन गरिएको।
- विद्यमान लोडसेडिङ समस्यालाई कम गर्न र शहरी जनतालाई उज्यालोमा रहन सहज अवस्था समेत हुने गरी शहरी क्षेत्रमा सौर्य उर्जा प्रणालीलाई प्रोत्साहन गर्ने उद्देश्यले "शहरी सौर्यउर्जा प्रणाली अनुदान तथा कर्जा परिचालन निर्देशिका, २०७२" स्वीकृत भएको।
- नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७१/०९/२४ को निर्णय अनुसार पूरक वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी निर्देशिका, २०७१ स्वीकृत ।
- न्यूक्लियर ल को मस्यौदा तयार भएको।
- सूचना प्रविधि पार्क (व्यवस्थापन र संचालन) निर्देशिका, २०७२ मन्त्रिपरिषद्को २०७२/०२/२० को निर्णय अनुसार स्विकृत भई हाल कार्यन्वयनमा रहेको छ।

- वातावरणको अलवा विज्ञान, प्रविधिलाई राष्ट्रिय जीवनको मूलप्रवाहमा ल्याउनको लागि नेपाल सरकार (सम्माननीय प्रधानमन्त्रीज्यू) को मिति २०७१।०६।२७ को निर्णय अनुसार राष्ट्रिय जैविक प्रविधि सल्लाहकार समिति, राष्ट्रिय परमाणु प्रविधि सल्लाहकार समिति, राष्ट्रिय अन्तरिक्ष प्रविधि सल्लाहकार समिति, राष्ट्रिय सुक्ष्म प्रविधि सल्लाहकार समिति र राष्ट्रिय सूचना प्रविधि सल्लाहकार समिति गरी पाँच वटा राष्ट्रिय सल्लाहकार समिति गठन गरी कार्य प्रारम्भ शुरु गरिएको छ।
- काठमाडौं उपत्यकामा प्लाष्टिक झोलाले पारेको नकारात्मक वातावरणीय असरलाई तत्काल नियन्त्रण गर्न आवश्यक देखिएकोले २०७१ साल भदौ ९ गते व्यवस्थापिका संसद, वातावरण संरक्षण समितिबाट काठमाडौं उपत्यकालाई प्लाष्टिक झोला मुक्त क्षेत्र घोषणा गरी कार्यान्वयन गर्न निर्देशन प्राप्त भएकोले नेपाल सरकारले काठमाडौं उपत्यकालाई स्वच्छ ,सफा र प्रदूषण मुक्त बनाउने उद्देश्यले सम्वत २०७२ साल बैशाख १ गतेदेखि लागू हुने गरी चार किल्ला तोकी २०× ३५ इन्च र ४० माइक्रोन मोटाइसम्मका प्लाष्टिक झोलाहरुको आयात, भण्डारण, विक्री वितरण तथा प्रयोग गर्न प्रतिबन्ध लगाएको सूचना मिति २०७१ चैत १८ गतेको नेपाल राजपत्रको खण्ड ६४ संख्या ४५ भाग ५ मा प्रकाशन गरेको छ।
- आर्थिक वर्ष ०७१/०७२ मा जम्मा ४१ वटा प्रस्तावको क्षेत्र निर्धारण र कार्यसूची स्वीकृत भएको र २० वटा प्रस्तावहरुको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गरिएको छ । अन्य प्रस्तावहरू (१७ वटा क्षेत्र निर्धारण र कार्यसूची तथा ३१ वटा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन) स्वीकृतिको लागि आवश्यक प्रक्रियामा रहेका छन्।
- विनाशकारी प्राकृतिक प्रकोपले जनधनको क्षतिका अतिरिक्त प्राकृतिक स्रोत एवं वातावरणमा समेत ठूलो क्षतिपुगेको महसुस गरिएको हुँदा विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयले विश्व वन्यजन्तु कोष (WWF) को प्राविधिक सहयोगमा "Rapid Environmental Assessment for Recovery & Reconstruction after April 2015 Earthquake in Nepal" द्रुत वातावरणीय मूल्याङ्कन सुरु गरिएको छ।
- परमाणु पदार्थको ओसार प्रसार एंव त्यसको सुरक्षित व्यवस्थापन गर्न Nuclear law बनाउनु पर्ने आवश्यक भएको सन्दर्भमा IAEA बाट आएका सुझावहरुलाई समेत विचार गरी मस्यौदा तयार गर्ने कार्य भएको छ। परमाणु ऐन आउन समय लाग्ने भएकोले तत्कालको लागि परमाणु सम्बन्धि कार्यहरु अगाडि बढाउने उद्देश्यले परमाणविक पदार्थको प्रयोगलाई नियमित व्यवस्थित गर्ने सम्बन्धी निर्देशिका, २०७२ स्वीकृति भएको छ।

क. **नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम**

सुदुर र मध्य पश्चिमका १४ जिल्लामा जलवायु परिवर्तनको असरलाई कम गर्न पहिलो बर्ष आ.ब. २०७०।७१ देखि ७० वटा र दोश्रो बर्ष आ. व. २०७१।७२ मा थप ३० वटा गरी कुल १०० वटा स्थानीय अनुकुलन कार्ययोजनाहरु (LAPA) जिल्ला विकास समितिहरु मार्फत कार्यान्वयनमा आएको छ। हाल सम्ममा यी १०० वटा स्थानीय अनुकुलन कार्ययोजनाहरुका १५०० भन्दा बढी अनुकुलनका कृयाकलापहरु सम्पन्न भई २ लाख भन्दा बढि जनसंख्याले प्रत्यक्ष रुपमा लाभ लिएका छन् ।

ख. **विकास आयोजनाहरुमा जलवायु परिवर्तन जोखिम व्यवस्थापन मूलप्रवाहीकरण**

जलवायु परिवर्तन सम्बन्धी प्रचारप्रसार र ज्ञान अभिवृद्धिका लागि साप्ताहिक रेडियो कार्यक्रम “जलवायु परिवर्तन” उज्ज्यालो ९० नेटवर्क सहित १८ रेडियो स्टेसनहरुबाट प्रसारण भईरहको छ।

**मन्त्रालय अन्तर्गत विभाग तथा निकायहरुको उपलब्धिहरु**

क) जल तथा मौसम विज्ञान विभाग

- हवाई उड्डयन प्रयोजनार्थ सिमरा विमानस्थल, मौसमी प्रयोजनका लागि रामपुरमा स्वचालित मौसम मापन केन्द्रका साथै मौसम अवलोकनका लागि विरेन्द्रनगर सुर्खेत र तातोपानी केन्द्र जुम्लामा स्वचालित हावापानी केन्द्रको स्थापना गरिएको छ। यसै गरी सुर्खेतमा ४ वटा र जुम्ला मा १ वटा टेलिमेट्रि केन्द्रको स्थापना गरिएको छ।
- देशभर सञ्चालित बाढी पुर्व सूचना केन्द्रहरुको नविकरण, जलमापन कार्य तथा मर्मत सूधार गरिएको छ।
- तराईका पाँच नदी क्षेत्रका १५ अति महत्वपूर्ण ठाँउहरुमा समुदायमा आधारित पूर्व सूचना प्रणाली जडान गरेको छ। त्यस्तै, ICIMOD संगको सहकार्यमा रातु नदिको ३ महत्वपूर्ण स्थानमा pilot test को रुपमा समुदायमा आधारित बाढी सम्बन्धी पूर्व सूचना प्रणाली जडान गरी संचालनमा आइसकेको छ। त्यस्तै, हिमताल विष्फोटन सम्बन्धी पूर्व सूचना प्रणालीको महत्वपूर्ण अंगको रुपमा नदीको जल मापन गर्ने उपकरणहरु इम्जा दुध कोशी नदी क्षेत्रका १५ वटा महत्वपूर्ण जोखिमयुक्त स्थानहरुमा जडान गरिएकोछ।

ख) सूचना प्रविधि विभाग

- सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ नेपाल सरकार (मन्त्रिपरिषद् ) वाट स्वीकृत।

ग) प्रमाणीकरण नियन्त्रकको कार्यालय

- विद्युतीय हस्ताक्षरको Simulation system निर्माण कार्य सम्पन्न भएको।

घ) राष्ट्रिय सूचना प्रविधि केन्द्र

- GIDC को occupancy लाई ९५% मा पुर्याइएको र मौजुदा spare room मा आवश्यक उपकरण जडान गरी GIDC को क्षमता ५०% ले बृद्धि गरीएको।
- यस केन्द्रले सूचना प्रविधि विकास आयोजना अन्तर्गतको Lot 3 र Lot 4 कार्यान्वयन गरी GIDC मा व्लेड सर्भर जडान गर्ने र २५ भन्दा बढि मन्त्रालय, संवैधानिक निकाय तथा केन्द्रीय निकायहरुमा Video Conferencing को सेवा बिस्तार गरिएको।

ङ) वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

वार्षिक कार्यक्रम अनुसार भएका कार्य प्रगति एवं उपलब्धिहरु

| क्र.सं. | मुख्य कार्यक्रमहरु | लक्ष्य | प्रगति |
|---|---|---|---|
| १ | लघु जलविद्युत (कि. वा.) | ४,००० | ३,३४६ |
| २ | घरेलु सौर्य विद्युत प्रणाली जडान (संख्या) | १२५,००० | १०३,१६१ |
| ३ | सौर्य खानेपानी तथा सिञ्चाई पम्प र संस्थागत सौर्य विद्युत प्रणाली जडान (संख्या) | ७०० | ४१० |

| | | | |
|---|---|---|---|
| ४ | घरायसी वायोग्यास प्लान्ट जडान (संख्या) | ५०,००० | ३०,०७८ |
| ५ | सुधारिएको पानी घट्ट जडान (संख्या) | ७५० | ६४१ |
| ६ | सुधारिएको चुलो जडान (संख्या) | २,६४,००० | ३,१६,२४१ |

केन्द्रद्धारा सञ्चालित कार्यक्रमहरुको सकारात्मक प्रभाव

| क.सं | मुख्य मुख्य कार्यक्रम | सकारात्मक प्रभाव |
|---|---|---|
| १ | लघु जलविद्युत उत्पादन | लघु जलविद्युतवाट ३,३४६ कि.वा. विद्युत उत्पादन भई करिव ३३,४६० घरपरिवारहरुमा विद्युत सेवा उपलव्ध भएको। शिक्षा तथा स्वास्थ्यमा सुधार, स–साना उद्योग व्यवसायको विकास, सूचनाको पहुँचमा वृद्धि, आयतित मट्टीतेलमा कमी आएको। वार्षिक ७,६९६ टन हरीतगृह ग्यांस उत्सर्जन न्यूनीकरण भएको। |
| २ | घरेलु सौर्य विद्युत प्रणाली जडान | विद्युत सेवा नपुगेका ठाँउहरुका १०३,१६१ घरपरिवारहरुलाई सौर्य ऊर्जावाट विद्युत सेवा उपलव्ध भई शिक्षा तथा स्वास्थ्यमा सुधार भएको, सूचनाको पहुँचमा वृद्धि, आयतित मट्टीतेलमा कमी आएको। १०,३१६ टन हरीतगृह ग्यांस उत्सर्जन न्यूनीकरण भएको। |
| ३ | घरायसी वायोग्यास जडान | विभिन्न जिल्लाहरुमा ३०,०७८ घरपरिवारहरुलाई वायोग्यासवाट खाना पकाउने इन्धन उपलव्ध भएको। यसबाट स्वास्थ्य तथा वातावरण संरक्षण हुनुको साथै महिला र वालवालिकाको कार्यवोझमा कमी आएको। वायोग्यास लेदो मलवाट कृषि उत्पादनमा वृद्धि गर्न सहयोग पुगेको। वार्षिक ९०,२३४ टन हरीतगृह ग्यांस उत्सर्जन न्यूनीकरण भएको। |

# परिच्छेद - ७

# सामाजिक विकास क्षेत्रको निकायगत उपलव्धिहरु

## १. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

यस आर्थिक वर्षमा यस मन्त्रालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएको थियो ।

- महिलाहरूको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि ऐन, नियम, निर्देशिका कार्ययोजना निर्माण भई सोको ७५ वटै जिल्लामा विभिन्न कार्यक्रमहरू मार्फत सम्बोधन भएको ।
- संविधान, आवधिक योजना तथा सरकारको न्यूनतम साझा कार्यक्रमबाट प्रतिबद्धता जनाएअनुरूप राज्यका सबै संरचना र तहहरूमा महिलाहरूको प्रतिनिधित्व बढाउने गरी देशव्यापीरूपमा कार्यक्रमहरू संचालन गरिएको ।
- महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) कार्यान्वयनका लागि राष्ट्रिय कार्ययोजना, २०६० कार्यान्वयनमा आई अन्तरराष्ट्रिय प्रतिबद्धता पूरा गर्ने अग्रसरता देखाइएको।
- जबरजस्ती श्रममा लगाउने, मानव बेचबिखन तथा ओसार पसार र वैदेशिक रोजगारीमा नेपाली महिलाहरूको सुरक्षाका सम्बन्धमा नेपालले आफ्नोस्तर अगाडी बढाउन प्रयास गरेको।
- UNCRPD लाई नेपालले स्वीकार गरी तदनुरूप नीतिगत, कानूनी र प्रकृयागत रूपमा सुधार आएको।
- अपाङ्गता भएका व्यक्तिहरूका लागि ७५ जिल्लामा समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम संचालन भएबाट उनीहरूप्रतिको सामाजिक सोचमा सकारात्मक परिवर्तन आएको।
- अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यक सहायक सामग्री निःशुल्क रूपमा उपलव्ध गराउन साझेदारीमा उत्पादन र वितरण कार्यक्रम संचालन गरिएको ।
- अपाङ्गता भएका व्यक्तिहरूको सहज आवगमन र पहुँचयुक्त वातावरण सिर्जना गर्न भौतिक संरचना तथा संचार सेवा निर्देशिका, २०६९ कार्यान्वयनमा ल्याइएको।
- सरोकार संस्थामार्फत अपाङ्गता भएका महिलाहरूलाई शिक्षा, स्वास्थ्य र बसोबाससहितको आवासीय कार्यक्रम संचालन भएको।
- अपाङ्गता भएका व्यक्तिहरूका लागि आ.व. २०७०/७१ देखि भत्ता उपलव्ध गराउने व्यवस्था भएको।
- संयुक्त राष्ट्रसंघको बालअधिकार सम्बन्धी महासन्धि (UNCHRPD), १९८९ लाई नेपालले सन १९९० को १४ सेप्टेम्बरमा अनुमोदन गरेपछि बालबालिकाको अधिकार संरक्षण र सम्बर्द्धनको लागि विभिन्न कार्यक्रमहरू संचालन भई अधिकारप्रति सचेतना बढ्दै गएको।
- राष्ट्रिय बाल नीति, २०६९ कार्यान्वयनमा आएको, बालबालिकासम्बन्धी दसवर्षे राष्ट्रिय कार्ययोजना लागू भएको ।
- ७५ वटै जिल्लाका महिला विकास कार्यालयहरूमा बालबालिका सम्बन्धी कार्य गर्ने व्यवस्था मिलाइएको।

- जेष्ठ नागरिकहरूको अधिकार संरक्षण गरी जीवनयापनलाई सम्मानपूर्ण बनाउन जेष्ठ नागरिक ऐन, २०६३ र नियमावली, २०६५ कार्यान्वयनमा रहेको।
- केन्द्रदेखि जिल्लातहसम्म ज्येष्ठ नागरिक कल्याण समिति गठन भई यसबाट समन्वयात्मक कार्यहरू सम्पादन भइरहेको।
- सार्वजनिक सेवामा जेष्ठ नागरिकहरूलाई सुविधा दिन यातायातका साधनमा सीट आरक्षण तथा भाडामा सहुलियत प्रदान गर्ने कार्य भइरहेको।
- जेष्ठ नागरिकहरूका लागि सहज वातावरण बनाउन दिवा सेवा केन्द्रहरू संचालन भई उनीहरूको सीप हस्तान्तरण गर्ने कार्यक्रम संचालन भइरहेको|
- जेष्ठ नागरिक उपचार कार्यक्रम संचालन भएका स्थानहरूको जीवनस्तरमा सुधार भई औसत आयुमा वृद्धि भएको।
- बालबालिका उपर हुने हिंसाविरुद्धमा सार्क स्तरमा ऐक्यबद्धता जनाइ बालबालिका उपर हुने हिंसा न्यूनिकरणमा योगदान पुगेको।
- अन्तर्राष्ट्रियस्तरमा बालअधिकारको क्षेत्रमा गरिएको प्रतिबद्धता अनुरुप राष्ट्रियस्तरदेखि स्थानीयस्तरसम्म नीतिगत संरचनागत र कार्यक्रमगत व्यवस्थापन र वयस्कहरूमा आएको सचेतनाको वृद्धिद्वारा बालअधिकारको उपभोगको लागि सकारात्मक वातावरण सिर्जना भएको |
- वेसहारा, असहाय ज्येष्ठ नागरिकहरूको संरक्षणका लागि मन्त्रालयको आर्थिक सहयोगबाट पूर्वाञ्चल विकास क्षेत्रमा विश्रान्ती मन्दिर मूलघाट, धनकुटा, मध्यमाञ्चल विकास क्षेत्रमा समाज कल्याण केन्द्र वृद्धाश्रम पशुपति, पश्चिमाञ्चल विकास क्षेत्रमा पश्चिमाञ्चल वृद्धाश्रम पोखरा, मध्य पश्चिमाञ्चल विकास क्षेत्रमा भेरी वृद्ध तथा असहाय सेवा केन्द्र बाँके तथा वृद्धाश्रम सुदूरपश्चिमाञ्चल विकास क्षेत्रमा महिला तथा वृद्ध सेवा केन्द्र कंचनपुर संचालन गरी असहाय ज्येष्ठ नागरिकहरूलाई सम्मानपूर्वक जीवनयापन गर्न सहयोग प्रदान गरिएको ।
- ज्येष्ठ नागरिकहरुको सामाजिक सुरक्षामा सहयोग गर्ने अभिप्रायले विविध कार्यक्रम संचालन गर्न विभिन्न गैरसरकारी संस्थाहरूलाई चालु तथा पूँजीगत अनुदान उपलब्ध गराएको।
- ३० जिल्लामा ४८ वटा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र संचालन गरिएको।
- ७५ जिल्लाका १५० विद्यालयमा अन्तर पुस्ता सीप हस्तान्तरण कार्यक्रम संचालन भएको।
- केन्द्रीय ज्येष्ठ नागरिक कल्याण कोषको रकम खर्च गर्ने सम्बन्धी प्रक्रिया एवं मापदण्ड, २०७२ तयार भएको।
- मन्त्रालय र अन्तर्गत संचालित कार्यक्रमहरूको अनुगमनलाई व्यवस्थित गर्न अनुगमन निर्देशिका निर्माण भएको ।
- मन्त्रालयका प्रगति र उपलब्धिहरुलाई संस्थागत गर्न प्रथम पटक वार्षिक प्रगति प्रतिवेदन प्रकाशन भएको ।
- महिला विकास कार्यक्रमको विस्तार गरी सबै गाउँ विकास समितिमा पुर्याईएको, लक्षित समूह अन्तर्गत ९३७०० जनाको सहभागिता भएको ।
- अपाङ्गता भएका पूर्ण अशक्त व्यक्तिहरूका लागि पुनर्स्थापना केन्द्र सञ्चालनमा ल्याइएको।
- अपाङ्गता भएका व्यक्तिहरूका लागि ५ विकास क्षेत्रमा रा.प. अनंकित स्तरको लोकसेवा तयारी कक्षा सञ्चालन गरिएको ।

- ७५ जिल्लाहरूमा सि.बि.आर. (समुदायमा आधारित पुरास्थापना) कार्यक्रम र हेल्पडेक्स सञ्चालन गरिएको।
- UNCRPD को कार्यान्वयनका लागि अपाङ्ग भएका व्यक्तिहरुद्वारा सञ्चालित संस्थाहरूलाई विभिन्न कार्यक्रम संचालन गर्न अनुदान उपलब्ध गराइएको।
- महिला माथि हुने सवैखाले विभेद तथा लैङ्गिक हिंसा अन्त्य गर्ने उद्देश्यका साथ संचालित विभिन्न कार्यक्रमहरुबाट लैङ्गिक समानता कायम गर्न योगदान पुगेको ।
- मंगला साहना दीर्घकालीन पुनर्स्थापना केन्द्र काठमाडौंमा स्थापना भई संचालनको कार्य अगाडी बढेको।
- अपांग संरक्षण तथा कल्याण ऐन, २०३९ को सट्टामा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन, २०७१ निर्माण गर्ने सिलसिलामा कानुनको मस्यौदा तयार गरी कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको ।
- समाज कल्याण ऐन, २०३९ को सट्टामा नयाँ समाज कल्याण ऐन निर्माण गर्ने सिलसिलामा प्रारम्भिक मस्यौदा तयार भई विभिन्न मन्त्रालयबाट सुझाव प्राप्त भएको।
- सामाजिक कुरीति (कसुर र सजाय) नियन्त्रण ऐन, २०७२ निर्माण गर्न कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय र नेपाल सरकार, मन्त्रिपरिषदबाट सैद्धान्तिक स्वीकृति प्राप्त भई प्रारम्भिक मस्यौदा तयार भएको ।
- महिला मन्त्रालय सम्बद्ध कानुन एवं कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ का सम्बन्धमा इलाम, पाँचथर, डडेलधुरा, डोटी, सोलुखुम्बु र काभ्रेपलान्चोक गरी कूल ६ वटा जिल्लामा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको ।
- जोखिमपूर्ण अवस्थामा रहेका कतिपय बालबालिकाको उद्धार, राहत, मनोविमर्श, पारिवारिक पुनर्मिलन र पुनर्स्थापना गरिएको।
- द्वन्द प्रभावित र सडक बालबालिकाको उद्धार, संरक्षण, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापनाका लागि अध्ययन र लेखाजोखा गर्ने कार्य भईरहेको। विकासका साझेदारको सहयोगमा बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्यकम सञ्चालन गरी ७५ वटै जिल्लामा थप बालअधिकार प्रवर्द्धन गर्न सहयोग।
- सञ्चार माध्यमबाट बालबालिकासम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाको प्रचारप्रसार गरी सचेतना अभिवृद्धि गरिएको। बालबालिकाको अवस्था सुधार गर्न आवासीय बालगृह र कार्यकमको अनुगमन गरिएको।
- राष्ट्रिय बालअधिकार सूचना श्रोत केन्द स्थापना गरी सञ्चालनमा ल्याइएको। साथै बालबालिकासम्बन्धी राष्टिय प्रतिवेदन, २०७१ प्रकाशनमा ल्याईएको।
- नयाँ संविधानमा बालबालिका सम्बन्धी ऐनको मस्यौदा,देवानी संहिता, फौजदारी संहितामा बालबालिकाको विषय उचित रुपले सम्बोधन हुन संबिधानसभाका सभासदलगायत व्यवस्थापिका संसद्को सम्बन्धित समितिससँग पैरवी तथा समन्वय गरिएको।
- बालअधिकार र बालबालिकासम्बन्धी कार्यकमको प्रभावकारी कार्यान्वयनका निमित्त २६ जिल्लाका बालकल्याण समितिका पदाधिकारी, राजनीतिक दलका प्रतिनिधी तथा पदाधिकारी जिल्लास्थित सरकारी तथा गैरसरकारी निकायका कार्यालय प्रमुख र नागरिक समाजका व्यक्तित्वहरुसंग समन्वयात्मक अभिमूखीकरण गरिएको।

- सशस्त्र द्वन्दबाट बढी प्रभावित २० जिल्लाका बालबालिकाको तथ्याङ्क संकलन गरिएको र सो का लागि ती जिल्लाका जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति,महिला तथा बालबालिका कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला शिक्षा कार्यालय, विभिन्न निकायका प्रमुख तथा प्रतिनिधिसँग समन्वय गरिएको।
- महिला विकास कार्यक्रमको कार्यान्वयनबाट ग्रामीण विपन्न महिलाहरूको सशक्तीकरण हुन सहयोग पुग्नुका साथै संस्थागत सहभागिताको माध्यमबाट नेतृत्व विकास र दिगोपनामा सहजता आएको।
- महिला समूह/समितिको सकृयताबाट समाजमा लैंगिक हिंसाका घटनाहरूमा कमी हुन सहयोग पुगेको।
- विद्यालयविमुख किशोरीहरूको जीवनोपयोगी सीप सशक्तीकरणका कार्यक्रम सञ्चालन गरी जोखिम न्यूनीकरणमा सघाउ पुगेको।
- १०४ जना अभिभावकविहीन बालबालिकाहरू नेपाल सरकारद्वारा संचालित बाल कल्याण गृहको संचालन र संरक्षणमा रहेको
- कानुनसँग विवादमा परेका बालबालिकाहरूलाई सही आचरण र अनुशासन सिकाई बालअधिकारको दृष्टिबाट सेवा सुविधा प्रदान गर्न बाल सुधार गृह संचालन गरिएको। मोरंग, भक्तपुर र कास्कीमा रहेका वालसुधारगृहहरूले २२० जना बालबालिकाहरूलाई सेवा पुर्‍याईएको।
- नेपाल बालसंगठन (बाल मन्दिर) को आश्रयमा रहेका बालबालिकाहरुको लागि बजेट उपलब्ध गराईएको।
- द्वन्दबाट प्रभावित ३० जना बालबालिकालाई मासिक १२०० का दरले पुनर्स्थापन खर्च उपलब्ध गराईएको।
- सिंहदरबार परिसरमा निजामती कर्मचारीको शिशुहरूका लागि दिवा शिशु स्याहार केन्द्र संचालन गरिएको, हाल केन्द्रमा ६० जना शिशु रहेका।
- बाल बालिका ऐन,२०४८ को परिमार्जन गर्ने कार्य भइरहेको ।
- बाल विवाह अन्त्यको लागि राष्ट्रिय रणनीतिको मस्यौदा तयार भएको।
- किशोर किशोरी तथा बालबालिकाको सहभागिता सम्बन्धी कार्यविधिको मस्यौदा तयार भएको ।
- नेपाल टेलिभिजन र रेडियो नेपालबाट ज्येष्ठ नागरिक सरोकारका विषय सम्बन्धी कार्यक्रम संचालन गरिएको ।
- ७५ जिल्लाका सरोकारवालाहरूलाई वृद्धावस्था व्यवस्थापन सम्बन्धी तालिम ५ दिने र २ दिनको समीक्षा गोष्ठी ५ विकास क्षेत्र मा सम्पन्न गरिएको।
- संकल्प नेपाल काठमाण्डौद्वारा इन्द्रायणी गा.वि.स. मा जे.पी.प्रतिष्ठानद्वारा लप्सिफेदी गा.वि.स. मा ज्येष्ठ नागरिक ग्राम निर्माणको कार्य भइरहेको ।
- लोकसेवा आयोगबाट लिइने राजपत्र अनंकित तह तथा राजपत्रांकित तृतीय श्रेणीको मूल परीक्षामा सहभागी हुने महिला उम्मेदवारहरूलाई प्रदान गरिदैं आएको तयारी कक्षाको प्रभाव मूल्याङ्कन गरी प्रतिवेदन पेश भएको ।
- नेपाल सरकारद्वारा संचालित बालकल्याण गृहहरुको व्यवस्थापन सुधारका लागि मोरङ्ग, राजविराज, बुटवल र विरगंजमा संयुक्त अनुगमनद्वारा अध्ययन गरी प्रतिवेदन पेश गरिएको।
- मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित तथ्याङ्कहरू संकलन तथा अद्यावधिक गरी Social Statistics पुस्तिका प्रकाशन गरिएको।

- अनुदान वितरण निर्देशिका पुनर्स्थापना केन्द्र सञ्चालन मापदण्ड/कार्यविधि, सहायक सामग्री उत्पादन तथा वितरण निर्देशिकाको अन्तिम मस्यौदा तयार भएको।
- नेपाल टेलिभिजन र रेडियो नेपालबाट अपाङ्गता सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन भएको ।
- एकल महिला सुरक्षा कोषको स्थापना तथा परिचालनबाट ७५ वटै जिल्लाका सामाजिक तथा आर्थिक दृष्टिकोणबाट विपन्न महिलाले राहत तथा अन्य सेवा प्राप्त गरेको ।
- अन्तर्राष्ट्रिय महिला दिवस मनाइएको। यसबाट चेतना अभिवृद्धि भई लैङ्गिक समानता तथा महिला सशक्तीकरण कायम गर्न सहयोग पुगेको ।
- २५ जना लैङ्गिक सम्पर्क व्यक्तिहरूको क्षमता अभिवृद्धि गर्न दुई दिने तालिम दिईएको।
- लैङ्गिक सम्पर्क व्यक्तिहरूको बैठकबाट विभिन्न मन्त्रालय र निकाय बीच समन्वय कायम गर्न सहज भएको ।
- ५० जना महिला विकास अधिकृतहरुलाई नीति तथा कानूनी विषयमा अनुशिक्षण प्रदान गरिएको | सोबाट उनीहरुको कार्यसम्पादनमा प्रभावकारिता आएको।
- जोखिमपूर्ण अवस्थामा रहेका बालक २५६२ र बालिका २१०६ गरी ४६६८ जना बालबालिकाको आपतकालीन खोजतलास तथा उद्धार गरी राहत, मनोविमर्श, पारिवारिक पुनर्मिलन लगायत संस्थागत संरक्षण गरिएको।
- अनाथ बालक ६६ र बालिका ५६ गरी १२२ जनालाई उपचार, पालनपोषण तथा शैक्षिक व्यवस्थापनका लागि आर्थिक सहयोग दिइएको ।
- ४७३ वटा बालगृहहरुको अनुगमन गरी पृष्ठपोषण दिइएको ।
- ११५ वटा बालअधिकार हननका घटनाहरुको समन्वयात्मक अनुगमन गरी घटना व्यवस्थापनमा सहयोग पुर्‍याईएको ।
- राष्ट्रिय बालदिवस, बालअधिकार दिवस र बालश्रम विरुद्धको अन्तर्राष्टिय दिवस सरोकारवालाको सहभागितामा मनाईएको। विभिन्न समन्वय बैठकमार्फत बालबालिकाको अधिकार संरक्षण गर्न मद्दत पुगेको।
- विकासका साझेदारहरुको सहयोगमा ७५ वटै जिल्लामा बालअधिकार **संरक्षण तथा सम्वर्द्धन कार्यक्रम** सञ्चालन भई बालसंरक्षण र बाल सहभागितामा अभिवृद्धि गर्न सहयोग पुगेको।
- महिला विकास कार्यक्रम ७५ जिल्लाका ३२५९ गाविसमा विस्तार भएको।
- १३०७२ समूह गठन, १५८३ समिति गठन गरी ६६०९४ जना समूह सदस्यलाई अनुशिक्षण प्रदान गरिएको।
- महिला सशक्तीकरण तथा आयआर्जनसम्बन्धी सीप विकास तालिम १७५३७ जनालाई प्रदान गरिएको। त्यसैगरी ११०७२ जनाले क्षमता विकास तालिम प्राप्त गरेको ।
- किशोरी विकास कार्यक्रमअन्तर्गत ४४२१ जनालाई जीवनोपयोगी तालिम तथा ४३६४ जना किशोरीलाई सीप विकास तालिम प्रदान गरिएको ।
- ३ जिल्लामा सञ्चालित मुक्त कम्लरी सशक्तीकरण कार्यक्रमअन्तर्गत ३६ समूह गठन भई १८० जनालाई अनुशिक्षण तथा सीप विकास तालिम प्रदान गरिएको ।
- घरेलु हिंसाबाट पीडितहरूका लागि सञ्चालनमा रहेका १७ जिल्लाका १०४ सामुदायिक सेवाकेन्द्रबाट अल्पकालीन आश्रयसहितको सेवा उपलब्ध गराइएको।

- मानव बेचबिखन तथा ओसारपसारविरूद्ध गठित सबै ७५ जिल्लाका जिल्ला समितिबाट मानव बेचबिखन तथा ओसारपसारविरूद्ध सचेतनाका कार्यक्रमहरू सञ्चालन भएको।
- १४ जिल्लाका महिला तथा बालबालिका कार्यालयको भवन निर्माण कार्य भईरहेको।
- लोक सेवा आयोगबाट लिइने नेपाल प्रशासन सेवा राजपत्रांकित तृतिय श्रेणीतर्फ महिला उम्मेदवार ६०२ जना र १५ जिल्लामा राजपत्र अनंकित तर्फ ९६५ जना महिला उम्मेदवारको लागि लोकसेवा तयारी कक्षा संचालन गरिएको | साथै ५ जिल्लामा अपांगता भएका व्यक्तिहरुका लागि राजपत्र अनंकिततर्फ १६५ जना समेत गरि जम्मा १७३२ जना तयारी कक्षामा सामेल गराईएको।
- विपत व्यवस्थापन संरक्षण विषयगत क्षेत्रको नेतृत्वदायी निकायको रूपमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र जिल्लामा महिला तथा बालबालिका कार्यालयहरुले कार्य गर्दै आएका छन्। भूकम्प प्रभावित १४ जिल्लाका ७४४२ जना सुत्केरी, गर्भवतीका लागि 'Dignity Kit', ४३०४ बालबालिकाका लागी 'Children Kit' ३१३७ जना नानीहरुका लागि 'Baby Kit', र ७७२० जना सुत्केरी, अपांगता भएका तथा ज्येष्ठ नागरिकका लागी 'Blanket' वितरण गरिएको।
- महिला तथा बालबालिका विभाग र ७५ बटै जिल्लाका महिला तथा बालबालिका कार्यालयको संगठन संरचना र दरबन्दी पुनरावलोकन गरी जनशक्ति ब्यवस्थापन गर्ने कार्य गरिएको, जसमध्ये विभागमा ५१ र ७५ जिल्ला कार्यालयका १४१३ दरबन्दी कायम भएको छ।
- ७५ जिल्लाका महिला तथा बालबालिका कार्यालयबाट बालबालिकाको बिषय हेर्नका लागि प्रशासन सेवा, सामान्य प्रशासन समूहमा रहने गरी २२ जिल्लामा बालसंरक्षण अधिकृत र ५३ जिल्लामा एक/एक जना बालसंरक्षण निरीक्षकको दरबन्दी सिर्जना भई पदपूर्ति हुने कार्य भैरहेको।
- अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुको परियोजना सहजीकरण समितिको वैठक ८४ पटक बसी अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको कार्यक्रमलाई सरकारको प्राथमिकता क्षेत्रमा परिचालन गर्ने गरी ४८ अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुलाई साधारण सम्झौताका लागि र ५९ अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुसंहरुलाई कार्यक्रम सम्झौताका लागि समाज कल्याण परिषदमा सिफारिश गरिएको।

## २. शिक्षा मन्त्रालय

यस आर्थिक वर्षमा यस मन्त्रालय मार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएको थियो ।

- उच्च शिक्षा विधेयक र वीरगंज विश्वविद्यालय विधेयक मन्त्रिपरिषद्मा पेश गरिएको ।
- राजर्षिजनक विश्वविद्यालय, नेपालगंज विश्वविद्यालय र खुल्ला विश्वविद्यालय विधेयक संसदमा पेश गरिएको।
- मेडिकल कलेज पूर्वाधार निर्माण विकास समिति गठन आदेश २०७१ जारी गरिएको।
- विदेशी शिक्षण संस्थाको सम्बन्धमा नेपालमा उच्च शिक्षा संचालन गर्ने निर्देशिका २०५९ संशोधन गरिएको।
- शिक्षा ऐनको संशोधित विधयक मन्त्रिपरिषद्मा पेश गर्ने तयारी भइरहेको।

- उच्च शिक्षा नीति पारित गरिएको।
- राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०६३ परिमार्जन गरिएको।
- कक्षा ६ देखी ८ मा नयाँ पाठ्यक्रम अनुसार पाठ्य पुस्तक तयार गरी लागु गरिएको।
- माध्यमिक तहको प्राविधिक तथा व्यवसायिक शिक्षा तर्फ ५ विषयका पाठ्यक्रम तयार गरी लागु गरिएको।
- बालविकास केन्द्रको न्यूनतम मापदण्ड विकास गरी कार्यान्वयनका लागि अभिमुखीकरण प्रारम्भ गरिएको।
- साक्षरतामा विद्यार्थीहरुको सहभागिता गराउन सामाजिक र जनसंख्या विषयमा प्रयोगात्मक अंकको व्यवस्था गरिएको।
- साक्षरता कार्यक्रम अन्तरगत १०१९ गाविस, ३५ नपा, तथा २० जिल्लाहरुले साक्षर घोषणा गर्नुको साथै १३ लाख ५४ हजार ७ सय ३४ जना साक्षर भएको।
- प्राविधिक तथा व्यवसायिक धारका विद्यालयहरुवाट एस.एल.सी परीक्षामा सहभागी ३२५० परीक्षार्थीहरुको उपलब्धिको मुल्याङ्कन अक्षारंक पद्धतिबाट भएको।
- ८५७ वटा माध्यमिक विद्यालयहरुमा एक विद्यालय एक पुस्तकालय तथा एक विज्ञान प्रयोगशालाको व्यवस्था गरिएको।
- कम दुरीमा रहेका २०० वटा विद्यालयहरुको शिक्षक दरवन्दी मिलान गरी एक अर्कामा गाभिएको।
- ४४२९८ शिक्षकहरुलाई पेशागत तालिम र ९१०० नयाँ भएका हुने शिक्षकहरुलाई सेवा प्रवेश तालिम प्रदान गरिएको।
- २५९४० जनालाई नतिजामा आधारित र ५००० जनालाई भौचरमा आधारित छोटो अवधिको तालिम प्रदान गरिएको।
- उच्च शिक्षामा पहुँच १७ प्रतिशतको पुऱ्याइएको।
- छात्रवृत्ती सम्बन्धी नियमावली २०६० संशोधन भई सम्बन्धित विश्वविद्यालयहरुले तयार गर्ने योग्यताक्रमको आधारमा साधारण तथा आरक्षण तर्फको छात्रवृत्ती प्रदान गरिने व्यवस्था कार्यान्वयन गरिएको।

## ४. श्रम तथा रोजगार मन्त्रालय

यस आर्थिक वर्षमा यस मन्त्रालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएको थियो ।

- फ्रि टिकट, फ्रि भीषा पद्धति कार्यान्वयन गरी गराई कामदारको लागत र ठगी कम गराइएको।
- G2G प्रक्रियाबाट ईजरायलमा नेपाली कामदार पठाउने सम्बन्धमा समझदारी-पत्रमा हस्ताक्षर सम्पन्न।
- एकीकृत सामाजिक सुरक्षा ऐन तर्जुमाका गरी स्वीकृतिका लागि व्यवस्थापिक संसदमा विधेयक प्रस्तुत गरिएको।
- श्रम ऐनको मस्यौदा विधेयक सरोकारवालाको सहमतिमा तयार गरी व्यवस्थापिका संसदमा प्रस्तुत गर्नका लागि मन्त्रिपरिषद्मा निर्णयका लागि पठाइएको ।

- राष्ट्रिय रोजगार नीति, २०७१ मिति २०७१/११/१५ मा स्वीकृत भई छपाई तथा प्रचार प्रसार कार्य सम्पन्न भएको ।
- सबै सरोकारवालाहरूको आवश्यकता परिपूर्ति हुने किसिमको र सबैले उपयोग गरी नेपाली कामदारलाई पारदर्शी, प्रभावकारी र शिघ्र सेवा दिन सक्ने बनाउन UFEIMS तयार गर्ने कार्य अघि बढाइएको।
- वैदेशिक रोजगार ऐनको संशोधन मस्यौदा तयार भइरहेको ।
- श्रम कुटनीति प्रवर्द्धनका लागि ४ वटा देश मलेसिया, कुवेत, साउदीअरव र ओमनसँग श्रम सम्झौताको मस्यौदा तयार गरी सम्बन्धीत देशमा पठाइएको। पाइलट प्रोग्राम अन्तर्गत केयरगीभरका रूपमा नेपाली कामदार ईजरायल पठाउन दुई देशबीच समझदारीपत्रमा हस्ताक्षर भएको र कोरियासँग भएको श्रम सम्झौता नवीकरण गर्न सम्पूर्ण तयारी सम्पन्न भएको।
- सीप तथा प्रबिधि हस्तान्तरणसहित रोजगार सिर्जनाका लागि वस्तुगत अनुदान दिन सीप विकास तथा तालीम केन्द्रलाई अख्तियारीसहित रकम पठाइएको। यसबाट ७७ जनालाई वस्तुगत अनुदान उपलब्ध गराई स्वरोजगारी प्रवर्द्धन गरिएको।
- वैदेशिक रोजगार नीति,२०६८ को राष्ट्रिय रणनीतिक कार्ययोजना स्वीकृत भएको ।
- घरेलु कामदार पठाउने सम्बन्धी निर्देशिका, २०७२ परिमार्जन भएको ।
- विदेशमा अलपत्र परेर फर्किएका ५५१ जनालाई आर्थिक सहयोग प्रदान गरिएको ।
- मन्त्रालय र मातहतका निकायको बेरुजु ४८.७५ प्रतिशत फछ्र्यौट गरिएको ।

**क. श्रम विभाग, श्रम कार्यालयहरू र रोजगार सूचना केन्द्रः**

- श्रम विवाद समाधानका लागि त्रिपक्षीय संयन्त्रको विकास र २३३ वटा श्रम विवाद समाधान गरिएको।
- उद्योग प्रतिष्ठान निरीक्षण १,०७० पटक भएको।
- नेपालमा कार्यरत १२३३ जना विदेशी कामदारलाई श्रम स्वीकृति प्रदान र ५५९ जनालाई नवीकरण गरिएको। साथै, ट्रेड यूनियन संघ ११ वटा दर्ता र २८ वटा नवीकरण भएको ।
- ट्रेड यूनियन महासंघ २ वटा नवीकरण भएको साथै प्रतिष्ठान स्तरका १९३ वटा ट्रेड यूनियनहरू नयाँ दर्ता र ३८८ वटा नवीकरण भएको ।
- बेरोजगारहरूको लगत अनलाईन दर्ता तथा विनिमय सेवाको लागि पहल भएको । आ.व.०७१/७२ मा ८,६९१ र हालसम्म जम्मा ८३,४४४ जना बेरोजगारहरूको लगत संकलन भएको।
- श्रम कार्यालय, रोजगार सूचना केन्द्र र व्यावसायिक तथा सीप विकास तालीम केन्द्रहरुः हेटौंडा, धनगढी, नेपालगन्ज, बुटवलमा एउटै भवनबाट सञ्चालन गर्नेगरी एकद्वार संयुक्त सेवा भवन (single door joint service building) को निर्माण कार्य भइरहेको ।

**ख. व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी अयोजनाः**

- उद्योग प्रतिष्ठानको कार्यस्थल वातावरणको अनुगमन तथा मुल्याङ्कन ६० पटक गरी कार्यस्थलको वातावरण सुधारमा सहयोग पुऱ्याएको ।

- Boiler सुरक्षित संचालनको लागि Boiler Safety and its Operation Management विषयमा ७ दिने तालीम ५० जनालाई दिएको। प्रतिष्ठानहरूमा Boiler निरीक्षण ३६७ पटक गरी प्रतिष्ठानको Boiler सञ्चालन सुरक्षामा सहयोग पुगेको ।
- उद्योग प्रतिष्ठानका कर्मचारीहरूलाई व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी १४ दिने तालीम ४८ जनालाई दिई सुरक्षाका उपायहरू अपनाउन प्रेरित गराइएको ।
- OSH सप्ताहमा ७०० जनाभन्दा बढीको सहभागिता गराई जनचेतना अभिवृद्धि भएको ।
- सुपरभाइजर तथा त्यसभन्दा माथिका तहका कामदार, कर्मचारी एवं रोजगारदाताहरूलाई कार्यस्थलमा खतराको पहिचान तथा जोखिमको मूल्यांकन (HIRA) गर्ने ज्ञान र सीप ५१ जनालाई सिकाइको ।
- नारायणघाट, वीरगञ्ज र ईलाममा ७७ जनालाई व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य विषयक सामाजिक साझेदारहरूका लागि ३ दिने सहजकर्ता प्रशिक्षण प्रदान गरिएको ।
- हेटौंडामा आपतकालीन तथा प्राथमिक उपचार विषयक ३ दिने तालीम २५ जनालाई दिइएको।
- प्रतिष्ठानमा कार्यरत कामदार कर्मचारीहरूका लागि प्रयोगात्मक तथा सैद्धान्तिक पद्धतिद्वारा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी अद्यावधिक ज्ञान दिई उद्योग प्रतिष्ठानहरूमा विद्यमान खतराका स्रोतहरूको पहिचान र त्यस्ता खतरा र जोखिमले गर्दा हुनसक्ने व्यवसायजन्य रोग र दुर्घटनाहरूबाट कामदारहरूलाई स्वस्थ्य र सुरक्षित राख्ने तथा उद्योगको उत्पादकत्वमा पर्ने प्रतिकूल असरको रोकथाम तथा नियन्त्रणका उपायहरूको बारेमा सम्बन्धीत उद्योग प्रतिष्ठानहरूमै आवश्यक सल्लाह तथा सुझाव दिन सक्ने दक्ष जनशक्ति उत्पादन गरिएको ।
- हेटौंडा र पोखरामा सञ्चालित स्वास्थ्य सिविरमा ३५० जनाभन्दा बढी कामदारहरूको स्वास्थ्य परीक्षण गरिएको ।
- ६० वटा उद्योगहरूमा उद्योग प्रतिष्ठानमा विद्यमान हानिकारक तत्वको नमूना संकलन र विश्लेषण भई कार्यस्थल वातावरणमा सुधार भएको ।
- रसायन सुरक्षासम्बन्धी वृत्तचित्र निर्माण गरिएको।

## ग. वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार न्यायाधिकरणः

- वैदेशिक रोजगार विभागमा वैदेशिक रोजगारीमा भएका अनियमितता सम्बन्धी २६७९ उजुरी परेकामध्ये ६६३ वटा उजुरीहरू फरफारक भएका र १६६ वटा उजुरीहरू वैदेशिक रोजगार न्यायाधिकरणमा दायर गरिएको। वैदेशिक रोजगार न्यायाधिकरणबाट आ.व.०७१/०७२ मा कुल ४१९ मुद्दामध्ये २१३ वटा फछ्यौंट भएको।
- परेका उजुरी फस्यौंट भइ ठगीमा परेका कामदारलाई रू १२ करोड ३५ लाखको बिगो रकम क्षतिपूर्ति भराइएको ।
- आ.व.०७१/०७२ मा वैदेशिक रोजगारीमा जान १२,५१,५३३ जनालाई पूर्वस्वीकृति दिइएको ।
- श्रम स्वीकृति नलिई वैदेशिक रोजगारीमा गई फर्किएका नेपाली कामदारहरूलाई वैधानिकीकरण गरी पुनः वैदेशिक रोजगारीमा जान व्यक्तिगत रूपमा २९,८७२ जनालाई अन्तिम श्रम स्वीकृति

दिइएको। विदेश गई फर्किएका र पुनः वैदेशिक रोजगारीमा जान २०,८८८ जनालाई व्यक्तिगत रूपमा पुनःश्रम स्वीकृति दिइएको। व्यक्तिगत र संस्थागत गरी कुल ५,१२,८८७ जनालाई वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति प्रदान गरिएको ।

**घ. व्यावसायिक तथा सीप विकास तालीम केन्द्रः**

- १३ वटा विषयको पुरानो तालीम पाठ्ययक्रमलाई समसामयिक परिमार्जन र संशोधन गरिएको।
- भूकम्प प्रभावित पाँच जिल्लाः सिन्धुपाल्चोक, दोलखा, धादिंग, नुवाकोट र गोरखामा रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत पुननिर्माणका लागि प्लम्बिंग, इलेक्ट्रिसियन, डकर्मी, सिकर्मी, टाइल मार्वल फिटिंग विषयको तीन महिने तालीम ३५३ जनालाई प्रदान गरिएको ।
- प्रत्येक विषयको तालीममा उत्कृष्ट भएका वस्तुगत सहायता माग गर्ने १ जनाका दरले कुल ७७ जनालाई वस्तुगत सहायता वितरण गरिएको ।
- आधारभूत सीप विकास तालीम ६५१३ जनालाई, आवासीय महिला सीप विकास तालीम १४३ जनालाई, सीप अभिवृद्धि (अपग्रेडिंग) तालीम ४६९ जनालाई, वैदेशिक एवम् युवा स्वरोजगार सम्बन्धी विशेष सीप विकास तालीम ८,७५४ जनालाई, ईपीएस तालीम ५२६२ जनालाई, वैदेशिक रोजगार अभिमुखीकरण प्रशिक्षक प्रशिक्षण (TOT) तालीम २५ जनालाई प्रदान गरिएको। विभिन्न विषयका व्यावसायिक सीपमूलक तालीम कुल १५,८७९ जनालाई प्रदान गरिएको।

**ङ. वैदेशिक रोजगार प्रवर्द्धन वोर्डः**

- मृतक कामदारका १००३ जना हकवालालाई आर्थिक सहायता ३ लाखका दरले प्रदान गरिएको साथै अंगभंग भएका कामदारलाई आर्थिक सहायता १८१ जनालाई प्रदान गरिएको।
- कामदारको शव काठमाडौंदेखि सम्बन्धीत जिल्लामा पुऱ्याउन आर्थिक सहायता ५९४ जनालाई प्रदान गरिएको।
- वैदेशिक रोजगारमा गई मृत्यु भएका कामदारका बालबच्चालाई छात्रवृत्ति प्रदान गर्नेसम्बन्धी कार्यविधि स्वीकृत भएको।
- अभिमुखीकरण तालीमको रकम ९०२ जना महिला कामदारलाई फिर्ता भुक्तानी प्रदान गरिएको।
- पाँचवटै विकास क्षेत्रमा ५ वटा विषयमा वैदेशिक रोजगार सम्बन्धी सीपमूलक तालीम ३३३८ जनालाई प्रदान।
- वैदेशिक रोजगार सम्बन्धी सीपमूलक तालीमका ९ वटा पाठ्यक्रम तथा दिग्दर्शन निर्माण तथा परिमार्जन गरिएको ।
- लैंगिक हिंसा तथा बिचल्लीमा परी वैदेशिक रोजगारीबाट फर्किएका २० जना महिलाहरूलाई उद्यमशीलता तालीम प्रदान।
- वैदेशिक रोजगारमा जानेहरूका लागि आवश्यक जानकारीका लागि स्टिकर, पर्चा, प्रवास डायरी ७५००० वटा, क्यालेण्डर ३००० वटा छपाइ गरी वितरण गर्ने तथा विभिन्न संचारमाध्यमहरूबाट प्रचारप्रसार कार्यलाई निरन्तरता ।
- रोजगारीका नयाँ गन्तव्यको पहिचान र प्रवर्द्धनका लागि उच्चस्तरीय समिति गठन भई कार्य भइरहेको।

- वैदेशिक रोजगारीमा जाने युवाहरूको सीपको अवस्था सम्बन्धमा अध्ययन सम्पन्न ।
- वैदेशिक रोजगार सम्बन्धी अभिमुखीकरण तालीमहरूको विस्तार। २४ जिल्ला र ५८ गाविसमा अभिमुखिकरण कार्यक्रम सञ्चालन ।
- प्रत्येक शुक्रबार साँझ ७:४० मा 'सात समुद्र पारी' नामक जनचेतनामूलक रेडियो कार्यक्रम रेडियो नेपालबाट ५२ पटक प्रसारण ।

**च. रोजगार प्रवर्द्धन कार्यक्रमः**

रोजगार प्रवर्द्धन कार्यक्रम ILO, SDC तथा नेपाल सरकारको वित्तीय लगानीमा संचालित छ । यस कार्यक्रम अन्तर्गत प्राप्त उपलब्धीहरू देहाय अनुसार छन्:-

- १० वटा सूचना तथा परामर्श केन्द्रमार्फत ९२,४५८ जनालाई वैदेशिक रोजगारी सम्वन्धी सूचना तथा परामर्श प्रदान।
- राहदानी विभागमा स्थापित सूचना केन्द्र र अन्य विभिन्न क्रियाकलापहरू मार्फत् विभिन्न जिल्लाबाट काठमाडौंमा आएका १०,६१८ जना संभावित आप्रवासी कामदारहरूलाई विभिन्न सूचनाहरू प्रदान भएको।
- २८० वटा समुहमा अभिमुखिकरण कार्यक्रम मार्फत ६,८७० जनालाई वैदेशिक रोजगारीका विषयमा जानकारी प्रदान भएको ।
- ६३ वटा विद्यालयमा ३,४१७ जना विद्यार्थीहरूलाई वैदेशिक रोजगारीका विषयमा अभिमुखिकरण गरिएको।
- वैदेशिक रोजगारीमा जान तयार ६५ जिल्लाका १,००१ जना युवाहरूलाई वैदेशिक रोजगारीका लागि विभिन्न विषयमा सीपमूलक तालीम प्रदान गरिएको ।
- वैदेशिक रोजगारीका क्रममा पीडित १,११९ जना व्यक्तिहरूलाई निःशुल्क कानुनी सहयोग प्रदान गरिएको।
- ६ जिल्लामा ब्यक्तिगत तथा समूहगतरूपमा वैदेशिक रोजगारीमा संलग्न परिवारका १,५४३ जना (विशेषगरी महिला सदस्यहरूलाई) मनोपरामर्श सेवा प्रदान गरिएको ।
- वैदेशिक रोजगारीबाट पीडित भई फर्किएका तथा अन्य गरी ३८१ जना महिला कामदारलाई छोटो समयको आवास, स्वास्थ्य तथा मनोसामाजिक परामर्श प्रदान गरिएको ।
- वैदेशिक रोजगारीका सन्दर्भमा गन्तव्य देशमा समस्यामा परेका ५५१ जना आप्रवासी कामदार वा तिनका परिवारलाई सहयोग प्रदान गरिएको ।
- विभिन्न परियोजनाका ५२९ जना सामाजिक परिचालकहरूलाई वैदेशिक रोजगारी सम्बन्धी विभिन्न जानकारी प्रदान गरिएको ।
- २८० वटा समूहमा आवद्ध ६,८७० जनालाई वैदेशिक रोजगारीका विषयमा जानकारी प्रदान गरिएको ।
- ३१५ वटा सडक नाटक मार्फत २० हजारभन्दा बढी ब्यक्तिहरूमाझ वैदेशिक रोजगारीको सूचना पुऱ्याइएको ।
- १८ वटा स्थानीय एफ.एम. रेडियोबाट नेपाली तथा अन्य स्थानीय भाषामा रेडियो कार्यक्रम र सार्वजनिक सूचनाहरू प्रसारण भएको ।

- नवनियुक्त ६ श्रम सहचारीसहित ३७ सरकारी कर्मचारीलाई १२ दिने क्षमता अभिवृद्धि तालीम सञ्चालन गरिएको ।

**छ. बालश्रम निवारण तथा बालश्रम सुधार आयोजनाः**

- श्रव्यदृश्य कार्यक्रम अन्तर्गत विभिन्न आम संचारका माध्यममार्फत जनचेतना कार्यक्रम प्रसारण गरिएको ।
- बालश्रम सुधार अनुगमन १० वटा श्रम कार्यालयबाट ११५ पटक गरिएको ।
- बालबालिका विकास तथा पुनर्स्थापना कोष र बालश्रम निवारण कोषबाट ५ वटा शिशु स्याहार केन्द्रहरू संचालन भएको। शिशुस्याहार केन्द्रमा रहेका बालबालिकालाई पोशाक, पुस्तक, कापी, कलम वितरण भएको।

**ज. सामाजिक सुरक्षा कोषः**

- ४ वटा सामाजिक सुरक्षा योजनाः मातृत्व संरक्षण, कार्यस्थल दुर्घटना, बिरामी, औषधोपचार सम्बन्धी कार्यविधिको मस्यौदा तयारी भएको।
- सामाजिक सुरक्षा योजनाको रणनीति तयारी भएको साथै एकीकृत सामाजिक सुरक्षा ऐनको मस्यौदा विधेयक व्यवस्थापिका संसदमा प्रस्तुत गरिएको ।
- सामाजिक सुरक्षा योजनामा योगदान गर्ने कामदार कर्मचारीहरूको तथ्याङ्क राख्नको लागि सफ्टवेयर निर्माण भएको।

## ५. युवा तथा खेलकुद मन्त्रालय

यस आर्थिक वर्षमा यस मन्त्रालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएको थियो ।

- यस मन्त्रालयको आ.ब. २०७१।०७२ को राष्ट्रिय युवा परिचालन कार्यक्रम ब.उ.शि.नं. ३४३१०१ तर्फको भौतिक प्रगति ९३.६३ र वित्तिय प्रगति ८३.८ प्रतिशत रहेको छ ।
- खेलकुद विकास कार्यक्रम ब.उ.शि.नं. ३४३१०२ अन्तर्गत भौतिक प्रगति ९१.७७ प्रतिशत रहेको छ भने वित्तिय प्रगति ८०.२७ प्रतिशत रहेको छ ।
- राष्ट्रिय खेलकुद परिषद तर्फको पूर्वाधार तर्फको भौतिक प्रगति ८७.९० प्रतिशत र वित्तिय प्रगति ८०.४७ प्रतिशत रहेको छ भने कार्यक्रम तर्फको भौतिक प्रगति ८७.३७ प्रतिशत र वित्तिय प्रगति ९२.३७ प्रतिशत रहेको छ ।
- राष्ट्रिय युवा परिचालन तर्फ स्थानीय युवा साझेदारी कार्यक्रम सञ्चालन भई ५ करोड ९३ लाख रकम निकासा भई जिल्लाहरूमा ४२४ वटा सरकारी एवं गैरसरकारी संस्था मार्फत करिव १२८० युवाहरू लाभान्वित भएको।
- बाह्य युवा अनुभव अदान प्रदान कार्यक्रम अन्तर्गत ४९ जना युवाहरूले भारतको विभिन्न स्थानमा भ्रमण अवलोकन भएको र ४९ जना चीनिया युवाहरूलाई नेपालको विभिन्न स्थानहरूको भ्रमण अवलोकन गराईएको।
- युवा सूचना केन्द्र, रेडियो नेपाल, नेपाल टेलिभिजन मार्फत युवाहरूलाई सचेतनामूलक सन्देश, जानकारीहरू गराईएको।

- युवाहरूको आवश्यकतामा आधारित छोटा तथा लामो अवधिका तालिमहरू सञ्चालन गरि युवा सक्षमता विकास गरिएको।
- अपाङ्ग युवाका लागि सामग्री सहयोग गरिएको, युवा प्रतिभाहरूको खोजी र सम्मान गरिएको।
- किशोर किशोरीहरूको विकास तथा सहभागिता सम्बन्धी कार्यक्रम सञ्चालन भएको ।
- जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन गरी खेलकुदको विकासमा विद्यार्थीहरू परिचालन भएको।
- पारा खेलकुद कार्यक्रम सञ्चालन भई पृथक रूपमा सक्षम व्यक्तिहरूको लागि खेलकुदको कार्यक्रम सम्पन्न भएको।
- खेलकुदका प्रतिभाहरूलाई सम्मान गरिएको, खेलकुदमा प्रतिबन्धित औषधिको सेवन विरूध्दको सचेतना कार्यक्रम ३ विकास क्षेत्रमा सम्पन्न भएको, मा.वि.स्तरीय छात्र।छात्रा क्रिकेट तथा फुटबल प्रतियोगिता सम्पन्न भएको, परम्परागत खेलको अनुसन्धान कार्य भएको, ४५ जिल्लामा अनुगमन कार्य भएको ।
- स्थानीय युवा साझेदारी कार्यक्रम सञ्चालनका लागि जिल्लागत युवाको जनसंख्या, र निर्वाचन क्षेत्रको आधारमा आधारमा एक जिल्लामा ५ देखि ९ वटा सम्म कार्यक्रम पर्ने गरी जिल्लागत कार्यक्रम संख्या निर्धारण गरिएको ।
- ५७ जिल्लामा जिल्ला विकास समिति मार्फत सञ्चालन गरिने स्थानीय युवा साझेदारी कार्यक्रमकालागि जम्मा रु. ४ करोड ३३ लाख र १८ जिल्लामा जिल्ला खेलकुद विकास समिति (युवा सूचना केन्द्र) मार्फत सञ्चालन गरिने उक्त कार्यक्रमलाई रु. १ करोड ६० लाख रकम रा.खे.प. मार्फत निकासा भई कार्यक्रम सम्पन्न भएको ।
- उक्त स्थानीय युवा साझेदारी कार्यक्रम सञ्चालन गर्ने क्रममा असार मसान्त सम्ममा ७३ जिल्लाहरुमा कार्यक्रम भएको तर ४४ जिल्ला मार्फत विवरण प्राप्त भएको र बाँकी जिल्लाहरूबाट प्रगति विवरण प्राप्त हुने क्रममा रहेको ।
- युवा सूचना केन्द्र सञ्चालन, सुदृढीकरण तथा जनशक्ति व्यवस्थापन कार्यक्रम अन्तर्गत ५१ जिल्लाका युवा सूचना केन्द्रहरु र २० जिल्लाका सुदृढीकरण गरिएका युवा सूचना केन्द्रहरुका लागि क्रमशः रु. ५० हजार र ७५ हजारका दरले रकम निकासा पठाई कार्य सम्पन्न भएको ।
- छानिएका १० युवा सूचना केन्द्रहरुको पूर्वाधार विकासकालागि प्रति केन्द्र रु. २ लाखका दरले रकम निकासा पठाइ पूर्वाधार व्यवस्थापन गरिएको ।
- छानिएका १० युवा सूचना केन्द्रहरुमा प्राविधिक सहायक स्तरको जनशक्ति छनौट गरी करारमा कामकाज लगाईएको ।
- हेटौडा, विराटनगर र नेपालगञ्ज गरी ३ स्थानमा ७५ वटै युवा सूचना केन्द्रका कर्मचारीहरूलाई अभिमुखीकरण तालिम सम्पन्न भएको ।
- काठमाडौं उपत्यकाको एउटा युवा सूचना केन्द्रलाई नमूनाको रुपमा विकास गरी प्रदर्शन योग्य बनाउने क्रममा मन्त्रालय परिसर भित्र केन्द्रिय युवा सूचना केन्द्रको स्थापना गरि सञ्चालनमा ल्याइएको। उक्त कार्यको लागि १ जना प्राविधिक सहायकको नियुक्ती समेत भएको र निरन्तर कार्य भैरहेको।
- युवा सञ्चार रेडियो कार्यक्रम २०७१ कार्तिक देखि २०७२ असार मसान्तसम्म प्रत्येक मंगलबार विहान ८:१५ बजेदेखि ८:३५ सम्म रेडियो नेपालबाट युवा सञ्चार रेडियो कार्यक्रम प्रसारण गरी

कार्यक्रम सम्पन्न भएको ।साथै नेपाल टेलिभिजन मार्फत युवा लक्षित २ वटा विषयवस्तुहरूमा १ मिनेटको भिडियो सन्देश २०७१ कार्तिक देखि २०७१ माघ सम्म २६ पटक प्रसारण गरिएको।

- ४५ जिल्लामा विभिन्न सीपमूलक तालिमको विषयमा घरेलु तथा साना उद्योग विकास समिति मार्फत १००३ जना युवाहरूलाई तालिम दिईएको ।
- अपाङ्गता भएका २०० जना युवाहरुले व्हील चेयर, वैशाखी, कृत्रिम खुट्टा, सेतो छडी र अर्थोपेडिक जुत्ता सहयोग सामाग्रि प्राप्त गरेको ।
- त्रिभुवन विश्वविद्यालयबाट सिफारिस भई आएका ५ वटा सोध कार्य सम्पन्न गरेवापत ५ जना शारीरिक शिक्षाका विद्यार्थीहरूलाई जनही रू.३५ हजारका दरले सहयोग गरी कार्यक्रम सम्पन्न भएको।
- युवा प्रतिभा सम्मानका लागि ७ व्यक्ति र २ संस्था गरि जम्मा ९ वटा विधामा पुरस्कार अन्तर्राष्ट्रिय युवा दिवस, अगष्ट १२ को अवसरका प्रदान गरिने ।
- युवा परिषद् विधेयक तयार गरि स्विकृतिका लागि व्यवस्थापिका संसदबाट पारित भई स्वीकृतिको चरणमा रहेको ।
- युवा प्रतिभा तथा उद्यमीहरुको खोजी र तिनको कार्यलाई प्रोत्साहन गर्न युवा प्रतिभाको खोजि तथा प्रोत्साहन सम्बन्धी कार्यविधि, २०७१ स्विकृत भई सोही बमोजिम ३८ जना प्रतिभावान युवा तथा उद्यमीहरूलाई छनौट गरी जनही ५० हजार नगद सहित प्रसंशा पत्र प्रदान गरी
- यस कार्यक्रम अन्तर्गत २४० जना मास्टर प्रशिक्षक प्रशिक्षण सम्पन्न भएको साथै ६ जिल्ला (धनुषा, सप्तरी, मुगु, अछाम, हुम्ला र बाजुरा) मा २४०० जना किशोरकिशोरीहरूले तालिम प्राप्त गरेका ।
- रसुवा, मनाङ, मुस्ताङ्ग र म्याग्दी बाहेकका ७१ जिल्लामा जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न भएको ।
- ५ वटै विकास क्षेत्रमा क्षेत्र स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न भएको ।
- केन्द्र स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न भएको ।
- पारा खेलकुद कार्यक्रम अन्तर्गत नेत्रहिन क्रिकेट प्रतियोगिता, वहिरा क्रिकेट प्रतियोगिता र वहिरा एथलेटिक्स प्रतियोगिता लगायतका प्रतियोगिताहरु सम्पन्न भएको।
- राष्ट्रिय खेलकुद परिषदमा आवद्ध भएका तर नियमित अनुदान नपाउने पारा खेलकुदका संस्थाहरुले खेलकुद प्रतियोगिता सञ्चालनको लागि राखेप मार्फत रु. १० लाख रकम निकासा कार्यक्रम सम्पन्न भएको।
- खेलकुदका राष्ट्रिय प्रतिभा सम्मानका लागि विभिन्न ११ जना खेलकर्मीहरूलाई पुरस्कार प्रदान गर्न सिफारिस गरिएको र उक्त पुरस्कार युवा दिवसको अवसरमा प्रदान गरिने ।
- खेलाडी, खेल प्रशिक्षक, खेल शिक्षक, खेलपत्रकार लगायत सम्बद्ध सरोकारहरुलाई खेलकुदमा प्रतिबन्धित औषधि सेवन विरुद्धको एक दिवसीय सचेतना कार्यक्रम ३ विकास क्षेत्रमा सञ्चालन गरिएको।
- मन्त्रालयका २ जना पदाधिकारीबाट बैदेशिक खेलकुद प्रतियोगितामा सहभागिता जनाइएको।
- नेपालको विभिन्न भूभागमा प्रचलित एवं लोकप्रिय परम्परागत खेलकुदको संरक्षण, प्रोत्साहन एवं विकास गर्ने हेतुले सञ्चालित परम्परागत खेलको अध्ययन कार्य सम्पन्न भई सो को अध्ययन प्रतिबेदन प्राप्त भएको ।

- यस अवधिमा विभिन्न ४५ जिल्लामा सञ्चालित खेलकुद लगायतका जिल्लामा सञ्चालित कार्यक्रमहरुको अनुगमन गरिएको।
- **"स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद"** भन्ने खेलकुदको मूल नारालाई साकार पार्नका लागि राष्ट्रिय खेलकुद परिषदबाट खेलकुदको पूर्वाधार निर्माण तथा सुधार, राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रतियोगिताहरुको आयोजना तथा सोमा सहभागिता, खेलाडीहरुलाई नियमित रुपमा प्रशिक्षण प्रदान र प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन हुँदै आएको छ । खेलाडीहरुलाई आजीवन भत्ता, वीमा तथा दुर्घटनामा परेका खेलाडीको उपचारमा सहयोग पुऱ्याउने जस्ता कार्यहरुसमेत राष्ट्रिय खेलकुद परिषद्बाट सञ्चालन हुँदै आएको छ ।

## ६. सहकारी तथा गरिबी निवारण मन्त्रालय

यस आर्थिक वर्षमा यस मन्त्रालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएको थियो ।

- मन्त्रालयको आफ्नो भवन नभएको हुँदा ट्रश निर्माणको कार्य सम्पन्न भएको हुँदा मन्त्रालयको लागि स्थान अभाव हुन नदिने प्रयास भएको छ ।
- सहकारी र गरिबी निवारणको क्षेत्रको लागि तेह्रौ योजना तथा मध्यकालिन खर्च संरचना तयार गरी राष्ट्रिय योजना आयोगमा उपलब्ध गराईएकोले मन्त्रालयको कार्यक्षेत्र स्पष्ट गर्ने कार्य भएको छ ।
- सहकारी नीति २०६९, को कार्यान्वयनको लागि कार्ययोजनाको तयार गरिएको छ भने मन्त्रालय र मातहतका निकायहरुको क्षमता विकास र सहकारी क्षेत्रका संघ संस्थाहरुको कार्य र प्रकृयाको पुनरावलोकनसम्बन्धी प्रतिवेदन तयार गरिएको छ ।
- सहकारी क्षेत्रमा कार्यान्वयन गर्नु पर्ने कार्यक्रम र आयोजनाहरुको प्रारम्भिक सूची तयार भईसके पनि विस्तृत डिजाईन र सम्भाव्यता अध्ययन हुने क्रममा रहेको छ।
- सहकारी क्षेत्रको लागि विश्वविद्यालय, उच्च माध्यमिक र विद्यालय स्तरीय पाठ्यक्रम तयार गरिएको छ ।
- सहकारी प्रचार प्रसारका लागि उदाहरणीय सहकारीहरु मध्ये इलामको ईको चिया सहकारी संस्था लिमिटेड र झापा जिल्लाको साना कृषि सहकारी संस्था लिमिटेड सम्बन्धि वृतचित्र निर्माण गर्ने कार्य सम्पन्न भएको छ ।
- सहकारी संस्थाहरुको लागि बचत तथा ऋण सुरक्षणको लागि कार्यविधि तयार गरी स्वीकृतीको क्रममा रहेको, सहकारी ऋण तथा बचत गर्ने संस्थाहरुको लागि सहकारी सूचना केन्द्रको निर्देशिका समेत तयार गरी हाल संचालन कार्यविधि तयार गर्ने प्रकृयामा रहेको छ ।
- नीति कार्यक्रम बजेट तयारीको लागि सहकारी अभियानका अभियन्ताहरुसंग विभिन्न समयमा गोष्ठी अन्तरक्रियाहरु संचालन गरिएको छ ।
- नयाँ सहकारी ऐनको मस्यौदा तयार भै स्वीकृतीको प्रकृयामा रहेको छ ।
- राष्ट्रिय गरिबी निवारण नीतिको प्राविधिक समितिको प्रतिवेदन प्राप्त भै मन्त्रालय तर्फबाट अन्तिम मस्यौदा तयार पार्ने कार्य भै रहेको छ ।

- सन् २०१३ मा सार्कस्तरीय गरिबी निवारणसम्बन्धी क्षेत्रीय सम्मेलनको निर्णयहरु मध्ये सन् २००५ देखि २०१२ सम्मको सार्क विकास लक्ष्यको २२ वटा सूचकहरुको राष्ट्रिय प्रगति प्रतिवेदन तयार गरिएको छ भने सोही निर्णयको लागि लमजुङको नमूना घले गाउँको प्रोफाईल तयारी गरी सार्क सचिवालयमा पठाईएको छ ।
- सहकारी र गरिबी निवारणसम्बन्धी व्यवस्थापन सुचना प्रणाली (COPOMIS) को सफ्टवेयर तयार भएको छ भने मातहतका ३८ सहकारी प्रशिक्षण डिभिजन कार्यालय/डिभिजन सहकारी कार्यालयहरुमा लागू गर्न पूर्वाधार तयार गर्न सूचना प्रविधिसम्बन्धी कम्प्युटर, फोटोकपी, फ्याक्स, स्क्यानर, यूपिएस, प्रिन्टर, प्रोजेक्टर, ल्यापटप तथा नेटवर्किंगको कार्य सम्पन्न भैसकेको छ । त्यस्तै प्रतिवेदन प्रविष्टी गर्ने फर्म तथा ढाँचा अन्तिम रुपमा स्वीकृत गरी सो को सफ्टवेयर तयार भएको छ।
- राष्ट्रिय सहकारी नीति, २०६९ को व्यवस्थाअनुसार केन्द्रीय सहकारी प्रशिक्षण केन्द्रलाई राष्ट्रिय सहकारी प्रतिष्ठानको रुपमा विकास गर्न चिनिया सरकारका स्थानीय अधिकारीहरुसंग छलफल गरी चीन सरकारको लगानीमा Turnkey Project को रुपमा सो केन्द्रको भौतिक पूर्वाधार विकासको लागि अर्थ मन्त्रालय मार्फत नेपालस्थित चिनियाँ दूताबासमा अनुरोध भै लगानीको लागि वातावरण तयार गरिएको छ ।
- सहकारी संघसंस्थाहरुको असल अभ्यास (Best Practice) र कमजोर (Weaknesses) पक्षहरुको बारेमा सहकारी पत्रकार समाजलाई जानकारी गराउने र सही विवरणहरु साधारण जनमानसलाई सम्प्रेषण गर्ने कार्य प्रभावकारी बनाउनको लागि विभिन्न जिल्लाहरुको स्थलगत अध्ययन अवलोकन गराउने कार्यसम्पन्न भई विद्युतीय, छापा र अनलाइन माध्यममा प्रचारप्रसार भएको र अवलोकन प्रतिवेदन समेत प्राप्त भइसकेको छ ।
- सहकारी बचत निक्षेप सुरक्षण तथा ऋण सुरक्षण कार्यविधि,२०७१ र सहकारी ऋण लगानी सुचना इकाईको कार्यविधि, २०७१ तयारीका प्रारम्भिक कार्यहरु सम्पन्न भएको छ ।
- १५ वटा सहकारी संघसंस्थाका पदाधिकारी तथा कर्मचारीहरूले सहकारी प्रशिक्षण केन्द्रमा प्राप्त गरेको तालिम प्रभावकारिताको अनुगमन गरी सोको प्रतिवेदन समेत तयार भएको।
- मन्त्रालय र अन्तर्गत निकायका पदाधिकारीहरुको उपस्थितिमा चालु आ.व.मा स्वीकृत कार्यक्रमहरुको कार्यान्वयन अवस्था र आगामी आ.व.को बजेट तथा कार्यक्रम तयारीसम्बन्धी छलफल तथा वैठकहरु सम्पन्न भएको छ ।
- २९ वटा सहकारी प्रशिक्षण डिभिजन कार्यालय /डिभिजन सहकारी कार्यालयहरुको अनुगमनको प्रतिवेदन तयारीको कार्य सम्पन्न भएको,
- आ. व. २०७०/७१ को बार्षिक प्रगति प्रतिवेदन छपाई तथा वितरणको कार्य सम्पन्न भएको,
- अन्तराष्ट्रिय सहकारी दिवस सहकारी तथा गरिबी निवारण मन्त्रालय र राष्ट्रिय सहकारी संघको संयुक्त आयोजनामा मनाइयो भने अन्तर्राष्ट्रिय गरिबी निवारण दिवस (१६ अक्टोवर) संयुक्त राष्ट्र संघ विकास कार्यक्रम तथा मन्त्रालयको संयुक्त तत्वावधानमा विशेष कार्यक्रम गरी संयुक्त रूपमा मनाइयो ।

## ७. नेपाल ट्रष्टको कार्यालय

यस आर्थिक वर्षमा यस कार्यालयमार्फत् संचालित सार्वजनिक गतिविधिहरूबाट देहाय बमोजिमको उपलव्धिहरु हासिल भएको थियो ।

- ट्रष्टको स्वामित्वमा रहेको पुराना ऐतिहासिक दरबार तथा साँस्कृतिक सम्पदाहरूको संरक्षण र सम्बर्धनबाट पर्यटन क्षेत्रमा योगदान पुगेको।
- गोकर्ण फरेष्ट रिसोर्ट तथा गल्फ क्षेत्रको विकासबाट राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रलाई आकर्षण गरी पर्यटन प्रवर्द्धनका साथ आर्थिक सामाजिक क्षेत्रमा योगदान पुगेको ।
- काठमाडौं प्लाजा कमलादी, बिजनेस पार्क टेकू, लाजिम्पाट स्थित स्टान्डर्ड चार्टर्ड बैंक लगायतका ट्रष्टको स्वामित्वमा रहेका भवन आदिबाट राष्ट्रको आर्थिक कृयाकलापमा सहयोगी भूमिका निर्वाह गरेको।
- चुलिवन धनकुटा, नागार्जुन, थान्सिङ्ग बगैंचा, दियालो बंगला परिसर, गोकर्ण जङ्गल, रत्न मन्दिर परिसरको हरियाली क्षेत्रको संरक्षणले वातावरण संरक्षणमा योगदान पुगेको ।
- शिक्षा तथा स्वास्थ्यमा योगदान गर्न हेतु ट्रष्ट कोष वृद्धि हुँदै गएको।
- ट्रष्टको स्वामित्वमा आउने अवस्थाका जग्गा, नगद, शेयर लगायत प्राप्त हुने क्रम जारी रहेको र ट्रष्ट कोषमा थपिंदै गएको।
- तत्कालिन राजपरिवारको नाममा रहेको अचल सम्पत्ति (जग्गा/जमिन) खोजविनको क्रममा ७ वटा जिल्ला—ललितपुर, सिन्धुपाल्चोक, कास्की, चितवन, मकवानपुर, पाल्पा र धनुषामा सघन सम्पत्ति खोजविन कार्यक्रम सम्पन्न गरिएको। ललितपुर जिल्लामा ८-१०-३-० रोपनी र कास्की जिल्लामा ७-६-३-० रोपनी जग्गा ट्रष्टको स्वामित्वमा आउन सक्ने अवस्था रहेको प्रारम्भिक खोजविनबाट पत्ता लागेको। ललितपुर गोदामचौर स्थित जग्गाको लालपुर्जा मन्त्रिपरिषद्को निर्णय बमोजिम नेपाल ट्रष्टको नाममा ल्याई सकिएको, कास्की पोखरा स्थित जग्गाको लालपुर्जा ल्याउने प्रक्रिया अगाडि बढाइएको।
- यसैगरी आर्थिक वर्ष ०७०/०७१ को वार्षिक कार्यक्रम अन्तर्गतको सघन सम्पत्ति खोजविन अभियान बाट पत्ता लगाइएको नुवाकोट थान्सिङ्ग स्थित १७२-२-०-० रोपनी र धादिङ्ग छत्रेदेउराली स्थित १५१०१-११-२-१ रोपनी जग्गाको लालपुर्जा नेपाल ट्रष्टको नाममा ल्याइएको।
- साथै सिन्धुपाल्चोक को थाङ्गपाल्धाप स्थित २७-१३-१-१ रोपनी र काठमाडौं को ठमेल स्थित ०-७-०-२ रोपनी जग्गाको लालपुर्जा मन्त्रिपरिषद्को निर्णय बमोजिम कार्यालयको नाममा ल्याउने प्रक्रिया अघि बढाइएको।
- नेपाल ट्रष्ट ऐनमा उल्लेख भए बमोजिम २०६४, कास्कीको पोखरास्थित रत्नमन्दिर परिसर, हिमा गृह परिसर तथा रत्न चोकस्थित जग्गा र धनकुटाको चुलिवनस्थित जग्गाको व्यापक र सर्वोत्तम सार्वजनिक लाभ हुने गरी उपयोग गर्ने विषयमा जिल्लाका सरोकारवालाहरुसँग अन्तरक्रिया/छलफल गरिएको र उक्त जग्गाहरु सदुपयोग गर्नआवश्यक कारवाही अघि बढाइएको ।
- गोकर्णस्थित गोकर्ण फरेस्ट रिसोर्ट रहेको जग्गामा बाउन्डरी वाल पुनर्निर्माण गरिएको।

- कास्की पोखराको रत्नमन्दिर लगायतका भवनहरुको मर्मत सम्भार—जस्ता फेर्ने, रङ्गरोगन गर्ने लगायतका संरक्षणका कार्य सम्पन्न गरिएको। साथै खुल्ला जमिनमा बाउन्डरी वाल निर्माण गरिएको।
- हेटौंडास्थित कान्ति इश्वरी गृहको पर्खाल पुनर्निर्माण गरिएको, इकाई कार्यालयको शौचालय पुनर्निर्माण गरिएको।
- नुवाकोट थानसिंह बगैंचामा फेन्सिङ्ग कार्य सम्पन्न गरिएको।
- चितवन दियालो बंगलामा स्टील गेट तथा झ्याल निर्माण कार्य सम्पन्न गरिएको, साथै मुख्य भवन तथा अन्य भवनहरुमा धमिरा नियन्त्रणको कार्य सम्पन्न गरिएको।
- काठमाडौं ताहाचल स्थित गरिबी निवारण कोषको कार्यालय भवन मर्मत गरिएको।
- नेपाल ट्रष्टको प्रचार प्रसार सम्बन्धी कार्यहरु गरिएको।
- यस आ.व. मा ट्रस्टको नाममा रहेको सम्पत्ति को भाडा, लिज, शेयर लाभांस, बैंक ब्याज बाट करिब रु. ७ करोड ५२ लाख ३९ हजार ८ सय ३९ आम्दानी गरिएको र ट्रष्ट कोषमा जम्मा भएको।

# परिच्छेद - ८
# सार्वजनिक सक्रियताको भावी कार्यदिशा

वर्तमान सरकारले शान्ति, संविधान, सुशासन र समृद्धिलाई प्रमुख एजेण्डा बनाएकोमा नेपालको संविधान २०७२ यहि असोज ३ गते जारी भएको सन्दर्भमा विगत एक दशक देखि निरन्तरित शान्ति प्रकृयाले समेत तार्किक निचोड हासिल गर्न सफल भएको छ। यसर्थ आगामी शासकिय प्रबन्धमा सुशासन र समृद्धि प्रमुख एजेण्डाका रुपमा रहनेछन्। विभिन्न शोधहरुबाट के प्रमाणित भएको छ भने सुशासन विना कुनै पनि राज्यले आर्थिक सामाजिक विकासका लक्ष्यहरु हासील गर्न सक्दैन। यसर्थ समृद्धि प्रासिका लागि सुशासनको प्रत्याभूति आधारभूत तत्वको रुपमा रहेको हुन्छ। अझै पनि २०% भन्दा बढी जनता गरिवीको रेखामुनी रहेको वर्तमान अवस्थामा गरिवी न्यूनीकरणका लागि मानवीय विकास र मानवीय विकासका लागि सुशासनको प्रत्याभूति अनिवार्य हुन्छ। विकास एवं सार्वजनिक सेवा प्रवाहका सबै चरणहरुमा जनताको सहभागिता र अपनत्व, जवाफदेही शासकीय प्रणाली, खुला र पारदर्शि शासन व्यवस्था र कानुनको शासनमा आधारित राज्यपद्धतिले समता, समावेशीकरण, जनताको वहुआयामिक विकास र जिम्मेवार एवं प्रभावकारी सरकारको स्थापनामा सेवा पुऱ्याउँदै अधिकारमा आधारित मानव अधिकारको रक्षा गर्दछ। साथै राष्ट्र र सामूहिक हित प्रति प्रतिवद्ध रहने राष्ट्रप्रेमी एवं कर्तब्यनिष्ठ जनसमुदायको निर्माणमा सघाउ पुऱ्याउँछ। सुशासित राज्यमा जनसमुदायहरु केवल आफ्ना अधिकारमा मात्र ध्यान नदिइ समग्र समाजको उन्नतिका लागि बैयक्तिक तहमा आफुले गर्नुपर्ने कर्तव्य प्रति पनि उत्तिकै सचेत रहन्छन्।

सरकारको मात्र सकृयता र सार्वजनिक क्षेत्रको सुधारले मात्र सुशासनका समष्टिगत लक्ष्यहरु हासील हुन सक्दैनन्। यसका लागि निजी क्षेत्र, नागरिक समाज एवं अन्तर्राष्ट्रिय साझेदार संस्थाहरु पनि उत्तिकै पारदर्शि, जिम्मेवार, जवाफदेही र जनमुखि हुन आवश्यक पर्दछ। यद्यपि सुशासन स्थापनाका बहुपक्षिय पात्रहरु मध्ये सरकारको भूमिका सबैभन्दा महत्वपूर्ण हुन्छ। सरकारले आफ्नो नेतृत्वदायी, समन्वयकारी, सहजकर्ता र उत्प्रेरक भूमिकाको माध्यमद्वारा जनजिम्मेवारी, पारदर्शिता र जवाफदेहिताको एउटा नमूना मोडल प्रस्तुत गरी बाँकी पात्रहरुलाई सुशासन प्रासिको मूल कार्यदिशामा समाहित गर्न सक्छ। साझेदारीको प्रकृयाद्वारा एक्लै गर्न नसकिने कामहरुलाई फछ्र्यौट गर्न सक्छ।

तसर्थ संघिय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी भएको नवीन परिवेशमा संघीयता सम्बन्धि संवैधानिक व्यवस्थाको कार्यान्वयन, समावेशीकरणसँग सम्बन्धित आयोगहरुको संस्थागत व्यवस्थापन र सुदृढिकरण, स्थानीयतहका जिल्ला समन्वय समिति, नगरपालिका र गाउँपालिकाहरुको पुनर्संरचना एवं सुदृढिकरण, मौलिकहकहरुको कार्यान्वयनसंगै आगामी दिनमा सरकारका शासकीय कृयाकलापहरुलाई अझ बढी प्रभावकारी बनाउन देहाए बमोजिमका कार्यहरु अगाडी बढाउने सोच रहेको छ।

## १. संघीयता कार्यन्वयन र विद्यमान कानूनहरुको संशोधन एवं नयाँ कानूनहरुको निर्माण

हालै नेपालको संविधान जारी भई मुलुकले संघीयतालाई अवलम्वन गरेको सन्दर्भमा नेपाल सरकारका निकायले संघीयतालाई कार्यान्वयन गर्न तह अनुकूल आवश्यक तयारी कार्य गर्नुपर्ने अपरिहार्य हुन्छ। संविधानले तोकेको ३ (तीन) तहको कार्यसूची र सहवर्ती अधिकार बमोजिम आ-आफ्नो जनशक्ति, श्रोत र संगठनको विवरणलाई संघीय ढाँचामा मिलान गर्नको लागि आवश्यक योजना तर्जुमा गर्नुपर्ने हुन्छ। संघीयता कार्यान्वयन गर्दा हाल रहेका केहि संरचना र दरवन्दीहरु फाजिलमा रहन सक्ने संभावनालाई दृष्टिगत गरी त्यस्ता संरचना एवं दरवन्दीहरुलाई सात वटा प्रदेशमा बैज्ञानिक ढंगले वितरण गर्नुपर्ने हुन्छ। साथै हाल संघीय निजामती सेवामा कार्यरत कर्मचारीहरुलाई उपयुक्त उत्प्रेरणा सहित प्रादेशिक सरकारहरुमा पठाउनुपर्ने हुन्छ। त्यसका लागि प्रदेशहरुको सामर्थ्य र आवश्यकता वीचको सन्तुलनलाई विश्लेषण गरी दरवन्दीहरु वितरण गर्नुपर्ने हुन्छ। साथै नेपालको संविधानको धारा ३०४ ले संविधानसँग बाझिएको कानून यो संविधान बमोजिमको संघीय संसदको पहिलो अधिवेशन बसेको मितिले एक वर्ष पछि बाझिएको हदसम्म स्वतः अमान्य हुने व्यवस्था गरेको सन्दर्भमा सम्बन्धित क्षेत्रगत निकायले विद्यमान कानूनहरुलाई नविन संवैधानिक व्यवस्था बमोजिम संशोधन गर्ने वा आवश्यकता हेरी नयाँ कानूनहरुको निर्माण गर्नुपर्छ जसले संविधानको कार्यान्वयनलाई पूर्ण सहयोग गरोस्। विशेष गरी संघ, प्रदेश र स्थानीय तहका एकल एवं साझा अधिकारका सूचीहरु बमोजिम राजश्व तथा खर्च सम्बन्धी व्यवस्थालाई परिमार्जन गर्नुपर्ने हुन्छ। साथै संविधानले व्यवस्था गरेका राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग, मुस्लिम आयोगहरुको गठनलाई आवश्यक साधन स्रोत सहित स्थापना, संचालन, सुदृढिकरण र सवलिकरण गर्नु सार्वजनिक सकृयताको महत्वपूर्ण भावी कार्यदिशा हो। यस सन्दर्भमा संविधानका नविनतम प्रावधानहरुलाई कार्यान्वयन गर्न निम्न क्षेत्रहरुमा सुधारको आगामी कार्यदिशा केन्द्रीत रहनेछ।

### १.१ नीतिगत सुधार

नेपालको संविधानका प्रावधान कार्यान्वयन गर्न गराउन सम्बन्धित मन्त्रालय/निकायहरुले संविधान अनुरुप आ-आफ्नो कार्यक्षेत्र अन्तर्गत नीतिगत सुधारका क्षेत्र पहिल्याउदै नयाँ नीति जारी गरी सो नीति अनुरुप कार्ययोजना तयार गरिनेछ।

### १.२ नयाँ कानूनको निर्माण

नेपालको संविधानसंग वाझिने कानून एक वर्ष पश्चात स्वतः निस्प्रभावी हुने हुदाँ नयाँ कानून निर्माण गर्ने, आ-आफ्ना निकाय र मातहत निकायहरुसँग सम्बन्धित विषयहरुको कानूनलाई संविधानको प्रावधान अनुरुप मिलान गर्नु पर्नेछ । यसका लागि प्राथमिकताका क्षेत्रहरु पहिचान गरी यथासम्भव कानूनको निर्माण एवं प्रचलित कानूनमा आवश्यक संसोधन गरिनेछ ।

### १.३ निकायगत जिम्मेवारी

नेपालको संविधान अनुरुप मन्त्रालय/केन्द्र/आयोग/सचिवालयहरुमध्ये सात निकायहरुको कार्य विश्लेषण (Functional Analysis) गरी सकिएको र पाँच निकायहरुको कार्यविश्लेषण हुदै गरेको अवस्था छ । सवै निकायहरुको कार्य विश्लेषण अनुरुप मन्त्रालय/केन्द्र/आयोग/सचिवालयको कार्यलाई संघीय संरचनाको ढाँचा अनुरुप जिम्मेवारी तोकी निकायगत कार्यलाई कार्यान्वयन गर्न समयसीमा तोकिनेछ।

### १.४ निकायगत संगठनात्मक पुनःसंरचना

नेपालको संविधानमा भएको तीन तहको संघीय संरचना एवं कार्यमुखी र सहवर्ती अधिकार बमोजिम निकायगत नयाँ संगठनात्मक संरचना प्रस्ताव गरिनेछ। प्रस्तावित संरचना स्वीकृत गरी कार्यान्वयन आरम्भ गरिनेछ ।

### १.५ जनशक्ति तथा क्षमता विकास योजना

केन्द्र, प्रदेश र स्थानीय तहमा रहेको आ-आफ्नो जनशक्ति, स्रोत र सम्पत्तिको विवरणको प्रोफाइल (Profile) तयार गरी प्रस्तावित नीति, कानून र संरचना बमोजिम आवश्यक जनशक्ति योजना तयार गरी जनशक्ति र साधनको उचित व्यवस्थापन गरी सवै तहका क्रियाकलापलाई सुनिश्चितता एवं निरन्तरता प्रदान गरिनेछ ।

## २. सार्वजनिक सेवा प्रवाहमा सुधार

अहिले उपलब्ध सार्वजनिक वस्तु तथा सेवाको प्रवाहबाट आमजनमानस सन्तुष्ट हुन नसकिरहेको अवस्थामा सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरिय एवं जनअपेक्षित तुल्याउनु पर्ने हुन्छ। सार्वजनिक निकायहरुद्वारा सहज, सरल, छिटोछरितो तथा पारदर्शिढंगले सेवा सुविधा प्रदान गरी सेवा प्रदायकप्रतिको जनधारणामा परिवर्तन ल्याइ लोकतन्त्रको जगलाई अझ दरिलो बनाउन आगामी दिनमा सेवा प्रदायकहरु थप जिम्मेवार र उत्तरदायी बन्नु जरुरी छ। कार्यस्थलमा कर्मचारी व्यवस्थापन, उपस्थिति र क्रियाशीलतामा जोड दिइनेछ। उपर्युक्त विषयलाई केन्द्रमा राखी निम्न विषयहरुलाई प्राथमिकतामा राखिनेछ ।

### २.१ जनता केन्द्रित सेवा केन्द्रहरुको स्थापना

स्थानीय तहमा सेवा केन्द्रको आवश्यकता र औचित्य एवं कार्यविश्लेषण अनुसार सेवा केन्द्रको स्थापना तथा पुनःसंरचना गरिनेछ । सेवा प्रवाहलाई स्थानीयकरण गर्दै सेवाप्रवाहमा जनताको पहुँचलाई सहज र सुनिश्चित गरिनेछ। साथै त्यस्ता सेवा प्रदायक निकायहरुलाई एकीकृत सेवा केन्द्रको रुपमा स्थापना गरी सेवामुखी बनाईनेछ ।

### २.२ सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग

सूचना प्रविधिको अधिक प्रयोगवाट ई-गभर्नेन्स (E-Governance) लाई प्रभावकारी बनाउन जोड दिने र त्यस्ता सार्वजनिक निकायहरुको नेतृत्वदायी क्षमता विकास गर्दै सेवा प्रवाह सुदृढीकरण गरी आर्थिक विकासमा टेवा पुर्‍याईनेछ। यसैगरी सार्वजनिक सेवा प्रवाह गर्ने निकायहरुमा दैनिक कार्यसञ्चालनको

गर्दा कार्य प्रकृया छोट्याइनेछ।न्यूनतम कागजहरु (Less Paper) को प्रयोग गर्ने गरी कार्यालयहरुलाई थप व्यवस्थित गरिनेछ।

### २.३ एकीकृत तथ्याङ्क (Unified Data Base System) को ब्यवस्था

जनतालाई कस्तो सेवाको आवश्यकता छ र जनचाहना के छ सो को पहिचान तथ्यगत आधार एवं प्राथमिकताको विश्लेषण गरी जनताको चाहना र आवश्यकता अनुरुपका क्षेत्रहरुमा सेवा प्रवाह गरिनेछ। यसको लागि एकिकृत तथ्याङ्क प्रणालीलाई व्यवस्थित गरिनेछ ।

### २.४ बहुशिपयुक्त कर्मचारी व्यवस्था

स्थानीय तहका सेवा प्रदायक सार्वजनिक निकायहरुमा सेवाग्राहीसंग प्रत्यक्ष रुपमा संलग्न रही कार्य गर्नको लागि वहुशिपयुक्त कर्मचारी (Multi skilled Staff) को व्यवस्था क्रमशः मिलाईनेछ।

### २.५ क्षतिपुर्ति सहितको सेवा प्रवाह

सेवा प्रवाहमा गुनासो व्यवस्थापनको व्यवस्था गरी निश्चित क्षेत्रमा क्षतिपुर्ति सहितको सेवाप्रवाह उपलब्ध गराइनेछ। साथै सेवा प्रवाह प्राप्त गर्न लाग्ने शुल्क आवश्यक कागजात जस्ता विषयमा सरलीकरण गरी अत्यावश्यक वस्तुहरुको आपूर्ति व्यवस्था सहज बनाउदै लगिनेछ। हरेक केन्द्रीय निकायहरुले क्षतिपूर्ति मापदण्ड वनाई मातहतका कार्यस्थलहरुमा कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।

### २.६ सेवा प्रवाहमा निजी क्षेत्रको भूमिका

सबै प्रकारका सेवाहरु सरकारी निकायहरुबाट मात्रै उपलब्ध गराउन सम्भव हुदैन। त्यसैले के कस्ता सेवाहरु निजी क्षेत्रवाट उपलब्ध गराउन उपयुक्त हुने सो को विश्लेषण गरी निजी क्षेत्रलाई समेत सार्वजनिक सेवा प्रवाहमा सहभागी गराइनेछ। निजी क्षेत्रको सामाजिक दायित्व निर्वाहमा समेत जोड दिइनेछ। निजीक्षेत्रवाट भैरहेका सेवा व्यवस्थाको सहजीकरण र नियमन सम्बन्धित निकायवाट गर्ने व्यवस्था मिलाईनेछ ।

### २.७ अत्यावश्यक वस्तुको वैकल्पिक व्यवस्था

भूकम्प पछिको समय र अन्य सामान्य अवस्थामा वैकल्पिक ढुवानीको उपयुक्त व्यवस्थाको अभावको कारण राजधानी लगायत मुलुकका विभिन्न स्थानमा अत्यावश्यक वस्तुको तत्कालै व्यवस्था हुन नसकेको अवस्थालाई ध्यानमा राखी विभिन्न वैकल्पिक बाटोको व्यवस्था लगायत अत्यावश्यक वस्तुको आवश्यक भण्डारण र वितरणको उपयुक्त व्यवस्था मिलाईनेछ।यसको लागि जिम्मेवार प्रत्येक निकायले कार्य योजना वनाई कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ ।

### २.८ सेवा प्रवाह सन्तुष्टि मापन

सार्वजनिक निकायहरुले प्रदान गर्ने सेवा प्रवाहप्रति सर्वसाधारण जनताको सन्तुष्टि मापन गर्न क्षेत्रगत सेवा प्रवाह सर्भेक्षण गरिनेछ । सर्भेक्षणका आधारमा सुधार गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउदै लगिनेछ ।

### २.९ स्वेतपत्र जारी गर्ने

सार्वजनिक सेवा प्रवाह गर्ने सबै मन्त्रालय/निकायहरुले आ-आफ्नो मन्त्रालय र अन्तर्गतका निकायहरुबाट प्रदान गरिने सार्वजनिक सेवाहरुको स्वेतपत्र तयार गरी जारी गर्नुपर्नेछ। यसरी जारी गरिएको स्वेतपत्रका आधारमा पहिचान हुने सेवाको न्यूनता र गुणस्तरमा सुधार गर्ने व्यवस्था मिलाईनेछ। यसका आधारमा समेत सम्बन्धित मन्त्रालयहरुको कार्यसम्पादनको मूल्यांकन गरिनेछ ।

### २.१० स्थितिपत्र जारी गर्ने

सार्वजनिक संस्थानहरुले प्रवाह गर्ने सेवाको प्रावधान, उत्पादन र वितरणको कानूनी, नीतिगत एवं कार्यविधिगत व्यवस्थाका आधारमा सेवाको मात्रा एवं गुणस्तर सहितको स्थितिपत्र जारी गर्ने व्यवस्था मिलाईनेछ। यसको आधारमा सेवामा प्रभावकारीता ल्याउन प्रत्येक मन्त्रालय/निकायले छुट्टै सुधार कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्नेछ। यस्तो कार्ययोजनाको सम्बन्धित माननीय मन्त्रीज्यूको नेतृत्वमा चौमासिक समीक्षा गरी सार्वजनिक गर्ने व्यवस्था गरिने छ ।

## ३. विकास व्यवस्थापन र आवधिक योजनाका लक्ष्यहरुको प्राप्ती

नेपाल जस्तो विकासोन्मुख राष्ट्रमा सार्वजनिक सकृयता र शासकीय सुधारको मुख्य ध्येय नै दिगो तथा फराकिलो आर्थिक वृद्धिको माध्यमद्वारा गरिवी न्यूनिकरणमा यथेष्ट योगदान पुऱ्याई समतामूलक समाजको निर्माण गर्नु नै रहेको हुन्छ। विकास निर्माणका कृयाकलापहरुमा नतिजामुखि व्यवस्थापन, सामुदायिक सहभागिता, पारदर्शिता र साधनश्रोतको महत्तम प्रयोगद्वारा विकासको प्रतिफललाई जनताको घर दैलो सम्म पुऱ्याउनुपर्ने हुन्छ। यसका लागि सार्वजनिक खरिद प्रकृयामा रहेका अवरोधहरुलाई विधापिकि संशोधनको प्रकृयाद्वारा हटाउँदै लैजाने, कार्यसम्पादनस्तरमा सुधार गर्ने, आयोजना प्रमुखसँग कार्यसम्पादन करार गर्ने, प्रति इकाइ लागतको प्रभावकारिताको अनुगमन एवं मूल्याङ्कन गर्ने र गुणस्तर परिक्षणलाई जोड दिने जस्ता शासकीय सुधारका उपकरणहरुको उपयोगलाई संस्थागत गर्नुपर्ने हुन्छ। विकास व्यवस्थापनमा देहायका मार्गदर्शनलाई समेत अवलम्बन गरिनेछ।

### ३.१ आयोजना बैंकको निर्माण

विषयगत मन्त्रालय/निकायहरुबाट विकास आयोजनाहरुको बैंक रोष्टर (Roaster) तयार गरिनेछ। अर्थ मन्त्रालयमा सबै निकायको सहभागितामा आयोजना बैंक निर्माण गरी रोष्टरभित्र परेका आयोजनाहरुलाई प्राथमिकतामा राखी कार्यसञ्चालन गरिने व्यवस्था मिलाईनेछ।

### ३.२ विकास आयोजनाहरुको छनौट तथा संचालन

आयोजनाहरुको छनौट विकासका दृष्टिले पछाडि परेको क्षेत्रलाई प्राथमिकता दिदै सन्तुलित, वातावरण अनुकूल, गुणस्तरीय तथा दीगो रुपमा भौतिक पूर्वाधारको विकासलाई केन्द्रमा राखी गरिनेछ। साथै विकास कार्यहरुको छनौट एवं संचालन गर्दा जनसहभागितामूलक कार्य प्रकृया अपनाई स्थानीय निकायहरुसंग अनिवार्य समन्वय गर्ने र त्यस्ता कार्यमा स्थानीय जनताको अपनत्वलाई स्थापित

गराइनेछ। केन्द्रवाट स-साना योजनामा खर्च गर्ने र निर्देशित गर्ने पद्धतिको अन्त्य गरी स्थानीय तहमा सुम्पनेछ ।

### ३.३ विकास आयोजनाहरुको तर्जुमा र कार्यान्वयन

सार्वजनिक वित्तीय व्यवस्थापनमा समयानुकूल सुधार गरी विकास आयोजनाहरुको तर्जुमा र कार्यान्वयनलाई थप प्रभावकारी वनाइनेछ। पूँजीगत खर्च अभिवृद्धि गर्न आवश्यक उपायहरु अवलम्बन गरी विषयगत प्राथमिकताका क्षेत्रहरुको पहिचान गरी विकास कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गरिनेछ। कार्यक्रमहरुको पहिचान तथा स्पष्ट आधारहरु तयार गरी तिनीहरुको कार्यान्वयनमा विशेष जोड दिइनेछ। आयोजना कार्यान्वयनमा गुणस्तर र प्राविधिक जवाफदेहिता सुनिश्चित गरिनेछ।

### ३.४. विकास आयोजनाहरुको कार्यान्वयन

आर्थिक वर्ष २०७२/०७३ बजेट कार्यान्वयन वर्ष घोषणा भएकोले सो अनुरुप कार्य गर्न तथा पुँजिगत खर्च अभिवृद्धि गरी विषयगत क्षेत्रहरुको पहिँचान गर्दै कार्यसञ्चालन गर्न Calendar Operating Procedure (COP) बनाई कार्यान्वयन गरिनेछ। उपभोक्ता समितिलाई सहजीकरण, नियमन र जवाफदेही बनाई विकास निर्माणका योजनाहरु कार्यान्वयन गरिनेछ ।

### ३.५ दिगो विकास एजेण्डा, २०३०

हालै संयुक्त राष्ट्र संघवाट घोषणा गरिएको दीगो विकासको एजेण्डा, २०३० लाई मनन गर्दै विकास प्रकृयामा दीगो विकासलाई आन्तरिकीकरण गरिनेछ। गरिवी न्यूनीकरण र सामाजिक सुरक्षाका कार्यक्रमहरुलाई थप प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ ।

### ३.६ आयोजना र वजेटको खाडल कम गर्ने

आयोजनाको समग्रताको अवधारणा (Holistic Approach) अनुरुप आयोजनाको लागि आवश्यक वजेटको व्यवस्था गरिनेछ । साथै आयोजना र बजेट बिचको खाडल (Gap) लाई कम गरिनेछ। कार्यान्वयन क्षमता र बजेटको उपलब्धताका आधारमा आयोजना कार्यान्वयन गर्ने गरी आयोजनाको संख्या पुनरावलोकन गरी कार्यान्वयनमा विशेष जोड दिइनेछ । यसै गरी अनुत्पादक र साना-साना आयोजनाहरुमा वजेट विनियोजन गर्ने कार्यलाई निरुत्साहित गरिनेछ ।

## ४. विपद् व्यवस्थापन र पुनःनिर्माण योजना

वैशाख १२ गते आएको विनासकारी भूकम्प र त्यस पछि आएका पराकम्पनवाट ठुलो संख्यामा सार्वजनिक, सामुदायीक तथा निजी संरचनाहरु क्षति भएका थिए । यसरी क्षति भएका व्यक्तिगत घर, गोठ, धनसार, सरकारी भवन (कार्यालय/सेवा केन्द्र), सार्वजनिक प्रयोगका संरचनाहरु ९विद्यालय, अस्पताल, स्थास्थ्य केन्द्र, सामुदायिक भवन० सांस्कृतिक मठमन्दिर, सांस्कृतिक धरोहर, दरबार तथा भौतिक पूर्वाधार (सडक, पुल, खानेपानी, सिचाई) जस्ता संरचनाहरुको पुनःनिर्माण कार्यलाई विल्ड, व्याक, वेटर (Build, Back, Better) को अवधारणा अनुरुप नेपालको पुनःनिर्माण र नवनिर्माणको

थालनीलाई एउटा उपयुक्त अवसरको रुपमा लिदै पुनःनिर्माण कार्यलाई देहाय वमोजिम अगाडि बढाइनेछ ।

### ४.१ पुनःनिर्माण योजना

राष्ट्रिय योजना आयोगले तयार गरेको भूकम्प पश्चातको आवश्यकताको पहिचान (PDNA) तथा प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयवाट तयार गरीएको विपद् पश्चातको एकिकृत कार्ययोजना २०७२ ले निर्दिष्ट गरे बमोजिम सम्बन्धित निकायहरुबाट आआफ्नो पुनःनिर्माण कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ।

### ४.२ सेवा प्रदायक कार्यलयहरुको सघनीकरण (Intensification)

भूकम्पको कारणबाट ध्वस्त भएका सरकारी कार्यालयहरुको पुनःनिर्माण गरी सुचारु गर्नुपर्ने आवश्यकता रहेकोछ। यसका लागि दीर्घकालीन सोचका साथ सेवा प्रदायक सार्वजनिक निकायहरुको सघनीकरण गर्ने गरी पुनःनिर्माण गरिनेछ। संघीय ढाँचामा सेवा प्रदायक निकायहरु राख्दा विद्यमान सेवा प्रवाह विन्दु भन्दा टाढा नहुने गरी राखिनेछ ।संघीयताको सङक्रमणकालीन व्यवस्थामा सेवा प्रवाहको निरन्तरतालाई विशेष ध्यान दिइनेछ ।

### ४.३ एकीकृत वस्ति विकास

एकीकृत योजना बनाएर सबै प्रकारका सेवा सुविधाहरुको उपलब्धता सहित बस्ती विकास गर्नुपर्ने हुदा समन्वयात्मक रुपमा पुनर्निर्माणका कार्यहरु अगाडि बढाईनेछ।साथै भूकम्प प्रभावित क्षेत्रहरुमा आवश्यक पूर्वाधारहरुको विकास गरी एकीकृत वस्ति विकास गर्ने कार्यलाई अभियानको रुपमा अघि बढाइनेछ ।

### ४.४ विल्ड, ब्याक, वेटर (Build Back Better)

हाम्रो पुनःनिर्माण पुनः अव्यवस्थित र अर्को प्रकोपलाई निम्त्याउने किसिमको हुनुहुँदैन। अतः पुनःनिर्माण कार्य गर्दा बिल्ड, ब्याक, वेटर (Build Back Better) को अवधारणालाई विशेष ध्यान दिएर पुनःनिर्माण कार्य गरिनेछ।पुनःनिर्माणको लागि भवन संहिताको प्रभावकारी कार्यान्वयन गर्नुका साथै आवश्यकता अनुसार नयाँ निर्माण संहिता बनाई कडाइका साथ लागु गरिनेछ।

## ५. अनुगमन र मूल्याङ्कन

प्रस्तुत गरिएका उल्लेखित कार्यदिशाहरु समावेश गरी तयार गरिएको "तत्काल कार्ययोजना" लाई नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७२।०८।२४ बाट स्वीकृत भई हाल कार्यान्वयनको चरणमा रहेको छ। उक्त कार्ययोजनाको कार्यान्वयनलाई सफल र प्रभावकारी बनाउन अनुगमन र मूल्याङ्कनको व्यवस्था गरिएको छ।